# इस्लामीक नैतिकताका आधारभूत सिद्धान्त र स्थापित मतहरु

أصول الأخلاق الإسلامية

النسخة النيبالية

लेखक:
डाक्टर खालिद बिन हामिद अल हाज़्मी
भू.पु. प्रोफेसर - इस्लामी विश्वविद्यालय मदिना मुनव्वरा

अनुवादक:
मुहम्मद अबु बकर नदवी
गोरखा, नेपाल

# इस्लामीक नैतिकताका आधारभूत सिद्धान्त र स्थापित मतहरु

लेखक:

डाक्टर खालिद बिन हामिद अल हाज्मी

भू.पु. प्रोफेसर

इस्लामी विश्वविद्यालय मदिना मुनव्वरा

अनुवादक:

मुहम्मद अबु बकर नदवी

गोरखा, नेपाल

بسم الله الرحمن الرحيم

## भूमिका

नबी करीम सल्लल्लहु अलैही वसल्लमको आगमन लामो अन्तराल पछि भएको थियो। उहाँ शान्तिका दुत हुनुहुन्थ्यो । अल्लाह तआलाले उहाँको माध्यमबाट अज्ञानताको अध्यारो र आस्थाको विचलनलाई टाढा गर्नु भयो । साथै अज्ञानताले गराउने हरेक अनैतिक क्रियाकलापलाई पनि टाढा गराउनु भयो। उनिहरु बिच मादक पदार्थ सेवन, जुवा , तास, अन्धविश्वास , शकुन निकाल्नु ,काबाको बिना कपडा नाङ्गो भएर परिक्रमा गर्नु,खान्दानी वैरभाव,बदला लिनु,छोरीलाई लज्जाको कारण जिउँदै गाडिदिनु, पालनपोषणको डरले सन्तानको हत्या गरिदिनु,अश्लीलता(बेपर्दा),वंशमा गर्व गर्ने जस्ता कयौं अरु अनैतिक व्यबहारको रजगज थियो।

उनिहरु मध्य जो इस्लाम धर्ममा प्रवेश गरे इस्लामले उनिहरुको हैसियतलाई प्रतिष्ठित बनाइदियो। हरेक मामिलाहरुको नेतृत्व उनिहरुले प्राप्त गरे। जब सहाबाले नेतृत्व प्राप्त गरे उनिहरुमा उच्च नैतिकता,गुणले भरिपुर्णता, सच्चाई, इन्साफ ,वफादारी, कर्तव्यबोध, करुणा, बहादुरी र दीनको अनुषरणमा त्यो स्थान र हैसियत प्राप्त गरे जो अरुले कल्पना गर्न सक्दैनन्। अल्लाह तआलाले उनिहरुलाई लक्षित गरेर कुरआन मजीदमा आयत अवतरण गर्नु भयो। जसको तिलावत कयामत सम्म गरिनेछ।

अल्लाह तआला उनिहरुको नैतिकता सम्बन्धि कुरआनमा सुरह अल फतहमा भन्नू हुन्छ।

{مُّحَمَّدٌ رَّسُولُ اللَّهِ وَالَّذِينَ مَعَهُ أَشِدَّاءُ عَلَى الْكُفَّارِ رُحَمَاءُ بَيْنَهُمْ تَرَاهُمْ رُكَّعًا سُجَّدًا يَبْتَغُونَ فَضْلاً مِّنَ اللَّهِ وَرِضْوَانًا سِيمَاهُمْ فِي وُجُوهِهِم مِّنْ أَثَرِ السُّجُودِ ذَلِكَ مَثَلُهُمْ فِي التَّوْرَاةِ وَمَثَلُهُمْ فِي الإِنجِيلِ كَزَرْعٍ أَخْرَجَ شَطْأَهُ فَآزَرَهُ فَاسْتَغْلَظَ فَاسْتَوَى عَلَى سُوقِهِ يُعْجِبُ الزُّرَّاعَ لِيَغِيظَ بِهِمُ الْكُفَّارَ وَعَدَ اللَّهُ الَّذِينَ آمَنُوا وَعَمِلُوا الصَّالِحَاتِ مِنْهُم مَّغْفِرَةً وَأَجْرًا عَظِيمًا}[الفتح:29]

मुहम्मद (स.) अल्लाहका रसूल हुन्, र उनीसँग भएका (सहाबी) हरू काफिरहरूविरुद्ध कठोर छन्, तर आपसमा भने अति स्नेही छन्। तिमीले उनीहरूलाई सधैं रूकूअ्, सज्दा र अल्लाहको वरदान तथा प्रसन्नताको खोजीमा व्यस्त पाउनेछौ। सज्दाको प्रभाव उनीहरूको मुहारमा धप्प बलेको छ, जसबाट उनीहरू अलग्गै चिनिन्छन्। यो हो उनीहरूको उदाहरण तौरातमा। र, इञ्जीलमा उनीहरूको उदाहरण यसरी दिइएको छ मानौ एउटा खेती छ जसले पहिले आफ्नो अंकुर निकाल्यो, फेरि त्यसलाई दृढ तुल्यायो। फेरि त्यो मोटो भयो। फेरि आफ्नो डाँठमाथि सीधा खडा भयो। जसले कृषकहरूलाई प्रसन्न तुल्यायो (आस्थावान– हरूलाई यो उदाहरण यस कारणले दिइयो कि) यसले

काफिरहरूलाई क्रोधित तुल्याओस् । अल्लाहले उनीहरूमध्ये आस्थावान तथा सत्कर्मीहरूसित क्षमादान तथा महान प्रतिदानको वाचा गरेका छन् ।

अल्लाह तआला उनिहरुको निस्वार्थ,प्राथमिकता र त्यागलाई मन पराएर कुरआनमा भन्नुहुन्छ :

{وَالَّذِينَ تَبَوَّؤُوا الدَّارَ وَالْإِيمَانَ مِن قَبْلِهِمْ يُحِبُّونَ مَنْ هَاجَرَ إِلَيْهِمْ وَلاَ يَجِدُونَ فِي صُدُورِهِمْ حَاجَةً مِّمَّا أُوتُوا وَيُؤْثِرُونَ عَلَى أَنفُسِهِمْ وَلَوْ كَانَ بِهِمْ خَصَاصَةٌ وَمَن يُوقَ شُحَّ نَفْسِهِ فَأُوْلَئِكَ هُمُ الْمُفْلِحُونَ}[الحشر:9]

र (तिनीहरूका लागि पनि) जसले यस सहरमा बसोबास गर्दछन र इमानमा उनीहरूभन्दा पहिले आफ्नो ठाउँ बनाइसकेका छन्, र आफूतर्फ हिजरत गरी आउनेहरूलाई माया गर्छन् र जेजति उनीहरूलाई प्रदान गरियो त्यसप्रति आफ्नो हृदयमा संकोच महसूस गर्दैनन् । बरु आफु अभाव ग्रस्त भएतापनि, स्वयंमाथि उनीहरूलाई प्राथमिकता दिन्छन् । वास्तविकता के छ भने जुन व्यक्तिहरू आफ्नो हृदयको कृपणताबाट मुक्त गरिएका छन् उनीहरू नै सफल छन् ।

अल्लाह तआला उनिहरुको प्रशंसा गर्दै भन्नुहुन्छ

{لَقَدْ رَضِيَ اللَّهُ عَنِ الْمُؤْمِنِينَ إِذْ يُبَايِعُونَكَ تَحْتَ الشَّجَرَةِ فَعَلِمَ مَا فِي قُلُوبِهِمْ فَأَنزَلَ السَّكِينَةَ عَلَيْهِمْ وَأَثَابَهُمْ فَتْحًا قَرِيبًا}[الفتح:18]

निश्चय नै अल्लाह आस्थावानहरूसित त्यस समय अति प्रसन्न भए जब उनीहरू वृक्षमुनि तिम्रो हातमा 'बैअत्' गर्दै थिए । र, अल्लाह त्यसबारे अवगत थिए जुन् उनीहरूको मनमा थियो । र, उनले उनीहरूमाथि शान्ति अवतरण गरे, अनि उनीहरूलाई निकट भविष्यमा प्राप्त हुने विजय थप प्रदान गरे ।

तलका अनुच्छेद देखि तपाईं सहाबाहरु नैतिकताको कुन बिन्दुमा पुग्नु भएका थिए सजिलै सङ्ग अनुमान लगाउन सक्नुहुन्छ । एक जना व्यक्ति जसले गुनाह ( पाप ) गरेको कसैले देखेको छैन फेरि पनि ऊ आफ्नो गुनाहको गम्भीरता महसुस गरेर आएर भन्छ। या रसूलुल्लाह म बाट जिना भयो । दोश्रो महिला भन्छिन् मैले जिना गरे मलाई पाक गरिदिनुस र अर्को तेस्रो आएर भन्छ मैले चोरी गरे

यहीँ धार्मिक व्यवस्थाको माध्यमबाट उनीहरूले पुरै विश्वमा आफ्नो प्रभाव पारे । उनिहरुले यस्ता राष्ट्र माथी विजय प्राप्त गरे जसलाई उनिहरुले चिनेका समेत थिएनन्। उनीहरूले त्यसता साम्राज्यलाई निरीह बनाए जो सङ्ग उनिहरु स्वयम एउटा समय डराउथे। उनिहरुको झण्डाको प्रभुत्व यहीँ धार्मिक व्यवस्थाको अनुकरणले भएको थियो ।

फेरि जब इस्लामिक सोसाइटीमा विचलनको प्रवेश भयो। उनिहरुमा नैतिक खराबीहरू फैलियो कमजोरी र कायरताले उनीहरूमा बास पायो। अश्लीलता,जाड,रक्सी,तास र अन्य खराब बानीहरू र उनिहरुमा फैलियो अनि मुस्लिम उम्मा कमजोर भयो । उनिहरु माथी विभिन्न राष्ट्रहरूले आक्रमण गरिदिए, उनिहरुको जमीनमा अरुकै साम्राज्य स्थापना भयो। उनिहरुको आपसी सम्बन्ध कमजोर भयो । किनकि उनिहरु आफ्नो मालिकको दीन सङ्ग विचलित भए ।

नैतिक विचलनले व्यक्तिमा धेरै नराम्रो प्रभाव पार्छ। जुन उम्माको धार्मिक आधार, आर्थिक संरचना, सैन्य बल, सामाजिक सम्बन्ध र यसको स्वास्थ्य र आत्मबलसम्म फैलिएको हुन्छ । जसको विस्तृत विवरण पुस्तकमा अगाडी बयान गर्नेछौं। अल्लाहको कृपा र अनुग्रह रहि रह्यो भने हामी नैतिक विचलनहरू र प्रशिक्षण अगुवाहरू बारे पनि बयान गर्नेछौं । साथै ती सामाजिक प्रशिक्षणिक जिम्मेवारी पनि उल्लेख गर्नेछौं जुन समाज,व्यक्ति,सरकार र अन्य सम्बन्धित संस्थाहरू माथी जरुरी हुन्छ ।

## पहिलो अध्याय

## नैतिक खराबीहरु : परिभाषा, परिचय र सिद्धान्तहरू

### विषय १: नैतिक खराबीको परिभाषा

नैतिकता भनेको व्यक्तिमा भएको राम्रो वा खराब गुणहरूको नाम हो जसद्वारा उसले अरूसँग व्यवहार गर्दछ। (फतह अल बारी २/३२१)

मानिसको बाह्य रूप सृष्टिको कार्यकारी हो र यसको आन्तरिक संरचनालाई नैतिकता भनिन्छ। जुन वास्तवमा उसको व्यक्तिवको सार पनि हो। जसमा विशेष विशेषताहरू हुन्छन् जसमा राम्रो र खराब दुवै हुन्छन् । अर्थात् नैतिकता मानिसको असल वा खराब दुवै पक्षको नाम हो। (अल आदाब अस-सरई इब्न मफ्लह २/ २०५) जो उसको बाह्य सृष्टि सङ्गै उसको भित्री अस्तित्वको दर्पण हो ।

तसर्थ नैतिक खराबीको निम्नानुसार परिभाषित गर्न सकिन्छ: "चरित्र र कार्यमा संलग्न प्रत्येक खराब गुण,मौखिक, व्यावहारिक होस् वा वैचारिक त्यो नैतिक खराबी हो"।

केही नैतिक खराबीहरू हात, कान र आँखा जस्ता शरीरका अंगहरूबाट हुन्छन् भने केही खराबीहरू मुख वा औंलाहरू चलाउँदा हुन्छन्। जबकि केही खराबीहरू हृदयको विश्वाससँग सम्बन्धित हुन्छन्। उदाहरणका लागि कुनै व्यक्तिले अल्लाहको आदेशको अवज्ञा गर्दछ,उसले शरीयतको आदेश निर्देशलाई मन पराउदैन,शरियतको अन्त्यको कामना गर्छ,अनैतिकता वा भ्रष्ट व्यवहार गर्छ, अश्लीलता र अहिंसालाई बढावा दिन्छ, अल्लाहका दूतका साथीप्रति आफ्नो हृदयमा द्वेष राख्छ, वा यसैगरी अल्लाह तआला बाहेक अरू पनि लाभ र हानिको मालिक छ भनेर आस्था राख्नु ।

## दोस्रो अध्याय

## खराब व्यवहारको सिद्धान्त

खराब व्यवहारको सिद्धान्त निर्धारणमा विद्वानहरू बीच मतभेद छ। तसर्थ इमाम इब्न कय्यिम भन्छन्: यसका सिद्धान्तहरू चार चीजमा आधारित छन्:

अशिक्षा ,दमन, मनोकांक्षा र क्रोध (मदारिज अस-सालिकीन २/३२१)

इमाम इब्न हज्म भन्नुहुन्छ नैतिक खराबीका सिद्धान्तहरू जसमा हरेक नराम्रा गुणहरु जोडिएका छन ती चार हुन्। दमन, अज्ञानता, कायरता र कंजूसी । (अल अख्लाक व अस सिराह ५९)

एउटा चिन्तन मनले काम लिने व्यक्तिको लागि नैतिक खराबीको मूल कारण अज्ञानता, कामवासना र लोभ हो भनेर सजिलै प्रष्ट हुन्छ। साथै सबै खाले नैतिक खराबीको पछाडी अज्ञानता र अव्यवस्थित व्यवहार रहन्छ भनेर। एउटा अज्ञानी व्यक्ति आफ्नो अशिक्षाको कारण खराबलाई सुन्दर, सुन्दरलाई असुन्दर, पूर्णतालाई अपुर्ण र अपूर्णतालाई पूर्णता मान्छ । (मदारिज अस-सालिकीन २/३२१ ) जहाँसम्म कामवासनाको कुरा छ जसलाई हामी मनोकांक्षाको रूपमा जान्दछौं। यस मार्फत ईच्छित गुनाहहरु हुने गर्छन् । जस्तै: व्यभिचार, छल, घमण्ड र अहंकार आदि। क्रोध, जसलाई रक्षात्मक शक्ति भनिन्छ, यस मार्फत रक्षात्मक पापहरू हुने गर्छन् । जस्तैः कुटपिट, हत्या, श्राप र क्रूरता आदि। इमाम लेस इमाम मुजाहिदबाट वर्णन गर्दै भन्नुहुन्छ : इच्छा र क्रोध पापको जरा र आधार हो। ( अल ईमान इब्न तैमी २९) जसको विवरण यस प्रकार रहेको छ"

१-अज्ञानता: यो ज्ञानको उल्टो शब्द हो। अर्थात् ज्ञान बिना कुनै काम गर्नु अज्ञानता हो।( लिसान अल अरब इब्न मन्जूर ११/ १२९-१३० ) अज्ञानता, लाभ र हानिको ज्ञानको जानकारीमा मात्र सीमित छैन। यसको दायरामा ज्ञान अनुसार काम नगर्नु पनि समावेश छ र यो पनि अज्ञानताको एउटा कडी हो। किनभने केही पैगम्बरहरूको अनुयायीहरुलाई अज्ञानीहरूको लाइनमा उभ्याइयो । उभ्याउनुको एउटै कारण थियो उनीहरूले आफ्नो नबीको पुष्टि त गरे तर जब उनीहरूको सामु अल्लाहको दावत पुग्यो र उनिहरुलाई यसको बारेमा थाहा भयो त्यसपछि उनीहरूले दावतलाई स्वीकार गर्न अस्वीकार गरे।

सैयदना नूह अलैही अस सलामले आफ्ना समुदाय सङ्ग भन्नुभयो । अल्लाह तआला सुरह हूदमा भन्नुहुन्छ।ल

{وَيَا قَوْمِ لا أَسْأَلُكُمْ عَلَيْهِ مَالاً إِنْ أَجْرِيَ إِلاَّ عَلَى اللهِ وَمَآ أَنَاْ بِطَارِدِ الَّذِينَ آمَنُواْ إِنَّهُم مُّلاَقُو رَبِّهِمْ وَلَـكِنِّيَ أَرَاكُمْ قَوْمًا تَجْهَلُونَ}[هود:29]

र, हे मेरा समुदायका मानिसहरू हो ! म (यसको प्रतिफलमा) तिमीहरूबाट कुनै धन माग्दिन । मेरो पारिश्रमिक केवल अल्लाहको जिम्मामा रहेको छ, र म आस्थावानहरूलाई निष्कासन पनि गर्दिन । उनीहरू आफ्ना पालनकर्तासित भेट्नेवाला छन् । तर म तिमीहरूलाई अज्ञानी समूह भएको देख्दछु ।

त्यसै गरी सैयदना लुत अलैही अस सलामले आफ्ना उम्मा सङ्ग भन्नुभयो । अल्लाह तआला कुरआनमा मजीदमा यस घटनालाई यसरी भन्नुहुन्छ ।

{أَئِنَّكُمْ لَتَأْتُونَ الرِّجَالَ شَهْوَةً مِّن دُونِ النِّسَاء بَلْ أَنتُمْ قَوْمٌ تَجْهَلُونَ}[النمل:55]

के तिमीहरू यौनतृष्णा मेटाउन महिलाको साटो पुरुषतर्फ जाने गर्छौ ? वास्तवमा तिमीहरू निकृष्ट अज्ञानी समूदाय हौ ।

माथी उल्लेखित आयतहरु बाट थाहा हुन्छ ती समुदायले हकलाई अस्विकार गेरेर त्यसलाई धुत्कारेर र अभद्र व्यबहारको अनुकरणले उनिहरुलाई अज्ञानीको लाइनमा लेराइदियो। अज्ञानता व्यवहारिक अस्तव्यस्तताको मुख्य कारण हो। किनकि अज्ञानी व्यक्तिले असल आचरणको महानता र श्रेष्ठतालाई आफू माथी बोझ बुझेर छोडिदिन्छ र नीच कार्यहरूमा आनन्द महसुस गर्छ । जसको अन्त्य पिडादायीक र पश्चाताप बाहेक केही छैन। उसले यी कार्यहरू किन गरिरहेको हुन्छ भने उसलाई सौतानले यसैलाई सजिलो र हल्का बनाएर प्रस्तुत गरिरहेको हुन्छ।

तसर्थ अज्ञानी व्यक्तिले आफ्नो सुबिधाको लागि मृत्यु र विनाशको साधन भए पनि त्यसलाई सहज र सामान्य ठान्दछ। कुनै कुरामा लोक परलोकको सफलता छ भने पनि त्यसलाई भारी बुझ्छ। यहीँ कारण तपाई देख्न सक्नुहुन्छ जो व्यक्ति आफ्नो इच्छा पुर्तिको लागि व्यभिचारतालाई सामान्य ठान्छ । आफ्नो क्रोधलाई शान्ति पुऱ्याउन मुमीनको हत्या गर्छ र पश्चिमा सभ्यताको प्रवाहमा रहन्छ । यस्तै मानिसहरुको अनुसरण भैरहेको छ र उनिहरुलाई आदर्श मानी रहेका छन । उनीहरू कति अनैतिक र सामाजिक रूपमा कति पतन भएका छन् र त्यसको अन्जाम के हुनेवाला छ भन्नेतर्फ उनीहरुको कुनै ध्यान गएको छैन।

त्यसकारण यस प्रकारको दुराचारी व्यबहारको उन्मूलनको लागि शरियतको ज्ञान भन्दा राम्रो अरू कुनै स्रोत हुन सक्दैन। यहीँ तर्फ इसारा गर्दै इमाम इब्न हज्मले भनेका छन: असल आचरणलाई अवलम्बन गर्नमा ज्ञानको ठूलो भूमिका हुन्छ । फेरि यसले उसलाई चरित्र र असल कार्यमा ल्याउँछ। यसरी उसलाई खराब लक्षणहरूको कुरूपताको बारेमा थाहा हुन्छ त्यसपछि ऊ त्यसबाट टाढा रहन्छ । उसले राम्रो प्रशंसा सुन्छ र मन पराउँछ जसकारण उसको हृदयमा अन्य कुराहरूको लागि आकर्षण पैदा हुन्छ र जब उसले खराब प्रशंसा सुन्छ ऊ त्यसबाट टाढा भाग्छ। माथी उल्लेखित कुराको सारांश के हो भने राम्रो चरित्रमा ज्ञानको भूमिका हुन्छ र खराब चरित्रमा अज्ञानताको अहम् भुमिका हुन्छ।( अल अख्लाक व अस सिराह १५)

**इच्छा शक्ति :** इच्छा शक्ति भनेको आकर्षक शक्ति हो जो असलमा इच्छा मनोकांक्षाको सार हो।

**मनोकांक्षा**: यो खराब कर्मको जरा हो। यो असल कार्यको लागी बाधा र बुद्धिको शत्रु हो। किनकि यसले दुष्टतालाई जन्म दिन्छ र अनैतिक,क्षुद्रता र दुष्टताको लागि मार्ग प्रशस्त गर्दछ।( अदब अद-दुन्या व अद-दीन मा वरदी ) इच्छा शक्तिले मानिसलाई निच क्रियाकलापको खाल्डोमा पुऱ्याइदिन्छ। इमाम इब्न अल जौजी यसबारे भन्नुहुन्छ। इच्छाशक्ति, परिणाम देखी बेखबर बनाएर वर्तमान आनन्दको निमन्त्रणा दिन्छ र वासनालाई तत्काल पुरव गर्न प्रोत्साहित गर्छ। यधपी यसले संसारमा दुख पिडा निम्त्याउछ भने प्रलोकमा सुख सुबिधा बाट वन्चित गर्छ । (जम-अल हवा) प्रष्ट होस् जो कोहि वासनाको लतमा पर्दैन त्यसले आफूलाई त्यो संतुष्टीबाट बचाउछ जसको पछाडी केवल पीडा रहेको छ। र ऊ त्यो वासना देखी जोगिन्छ जसको पछि केवल प्रस्तचाप बाहेक केही रहँदैन।

अल्लाह तआलाले मनोकांक्षाको अनुकरणिहरुको निन्दा गर्नु भएको छ भने आफूलाई यसता गतिविधि बाट टाढा राख्नेहरूको प्रशंसा गर्नु भएको छ। अल्लाह तआला सुरह नाजिआतमा भन्नुहुन्छ

{وَأَمَّا مَنْ خَافَ مَقَامَ رَبِّهِ وَنَهَى النَّفْسَ عَنِ الْهَوَى}{فَإِنَّ الْجَنَّةَ هِيَ الْمَأْوَى}[النازعات:40-41]

र जो आफ्ना पालनकर्तासामु उपस्थित हुन डराएको हुनेछ, र आफ्नो मनलाई कुअभिलाषाबाट बचाएको हुनेछ। स्वर्ग नै (उसको) बासस्थान हुनेछ ।

सुरह स्वादमा भन्नू हुन्छ

{يَادَاوُودُ إِنَّا جَعَلْنَاكَ خَلِيفَةً فِي الأَرْضِ فَاحْكُم بَيْنَ النَّاسِ بِالْحَقِّ وَلاَ تَتَّبِعِ الْهَوَى فَيُضِلَّكَ عَن سَبِيلِ اللَّهِ إِنَّ الَّذِينَ يَضِلُّونَ عَن سَبِيلِ اللَّهِ لَهُمْ عَذَابٌ شَدِيدٌ بِمَا نَسُوا يَوْمَ الْحِسَابِ} [ص:26]

हे दाऊद ! हामीले तिमीलाई धर्तीमा ‘खलीफा’ (नायब) बनायौं । अतः मानिसहरूबीच सत्यकासाथ निर्णय गर्ने गर र मनोकाङ्क्षाको अनुसरण नगर, नत्र यसले तिमीलाई अल्लाहको मार्गबाट भडकाउनेछ । निश्चय नै जुन मानिसहरू अल्लाहको मार्गबाट विचलित हुन्छन् तिनीहरूले हिसाब–किताबको दिनलाई बिर्सिदिएको कारणले तिनीहरूकालागि कठोर यातना छ ।

अल्लाह तआला सुरह कहफमा भन्नुहुन्छ

{وَلاَ تُطِعْ مَنْ أَغْفَلْنَا قَلْبَهُ عَن ذِكْرِنَا وَاتَّبَعَ هَوَاهُ وَكَانَ أَمْرُهُ فُرُطًا}[الكهف:28]

र तिमी कुनै पनि यस्तो व्यक्तिको आज्ञापालन नगर जसको हृदयलाई हामीले हाम्रे स्मरणबाट विस्मृत तुल्याएका छौं, र जो आफ्नो कुअभिलाषाको अनुसरण गर्छ अनि जसको कार्यले सीमाहरूलाई नाघेको छ ।

सुरह कससमा भन्नुहुन्छ

{فَإِن لَّمْ يَسْتَجِيبُوا لَكَ فَاعْلَمْ أَنَّمَا يَتَّبِعُونَ أَهْوَاءهُمْ وَمَنْ أَضَلُّ مِمَّنِ اتَّبَعَ هَوَاهُ بِغَيْرِ هُدًى مِّنَ اللَّهِ إِنَّ اللَّهَ لاَ يَهْدِي الْقَوْمَ الظَّالِمِينَ}[القصص:50]

र, त्यो व्यक्तिभन्दा बढी पथभ्रष्ट अरू को हुन सक्छ जो अल्लाहको मार्गदर्शन छोडी आफ्नै मनोकांक्षाको पछि लाग्छ ? वास्तवमा अल्लाह अत्याचारी व्यक्तिहरूलाई मार्ग देखाउँदैनन् ।

अल्लाह तआलाले इच्छाशक्ति देखि रोक्दै र इन्साफ कायम गर्न असमर्थ हुनुमा यसको प्रभावलाई प्रष्ट पार्दै सुरह निसामा भन्नू हुन्छ ।

{ فَلاَ تَتَّبِعُواْ الْهَوَى أَن تَعْدِلُواْ }[النساء:135]

अतः तिमीहरू आकांक्षाको अनुपालनमा न्यायको मार्गबाट नहट ।

अर्थात्,इच्छाशक्ति,पूर्वाग्रह,प्रतिसोध र घृणाले तपाईंलाई आफ्नो मामिलामा निष्पक्ष हुनबाट नरोकोस। हरेक परिस्थितिमा न्याय स्थापित गर्नुहोस् । ( तफ्सीर अल कुरआन अल अजीम इब्न कसीर १/५७८) यो अल्लाह तआलाको वासना विरुद्ध निषेध र चेतावनी हो किनकि यो क्रूरता र अन्याय हो।

न्याय: नैतिक मूल्यको मुल आधार हो र अन्याय खराब कर्मको आधार हो। जो व्यक्ति जनताको अधिकार घटाउँछ, नापतौलमा कमि गर्छ,अरुको छोरीलाई बलात्कार गर्छ त्यसताले कहिल्यै न्याय गर्दैन । त्यसैगरी जो जनता सङ्ग झुटो बोल्छ उसले सत्य नपुऱ्याएर अन्याय गऱ्यो।

अल्लाह तआलाले त्यसता व्यक्तिको प्रशंसा गर्नु भएको छ जसले आफ्नो इच्छाशक्तिको बिरोध गऱ्यो। तिनिहरुको लागी अल्लाहले स्वर्गको वाचा गर्नु भएको छ। सुरह नाजिआतमा अल्लाह भन्नुहुन्छ

{وَأَمَّا مَنْ خَافَ مَقَامَ رَبِّهِ وَنَهَى النَّفْسَ عَنِ الْهَوَى}{فَإِنَّ الْجَنَّةَ هِيَ الْمَأْوَى}[النازعات:40-41]

र जो आफ्ना पालनकर्तासामु उपस्थित हुन डराएको हुनेछ, र आफ्नो मनलाई कुअभिलाषाबाट बचाएको हुनेछ, स्वर्ग नै (उसको) बासस्थान हुनेछ ।

### ३-रक्षा शक्ति-

रक्षात्मक शक्तिले क्रोधित शक्ति बुझाउँछ जसले रक्षात्मक गुनाह निम्त्याउँछ। "क्रोध: रगत कलेजोको उत्तेजना र जोशको नाम हो चाहे यो पीडादायी चीजबाट रक्षात्मक अवस्थामा वा कसैसँग बदला लिँदा उत्पन्न होस् " ( जामे अल उलूम व अल हकम इब्न रज्ब अल हन्बली )।

क्रोध मानव स्वभावको अन्तर्निहित विशेषता हो यदि यो भएन भने भावना हराउँदै जान्छ। उसलाई धार्मिक अभिमान र नैतिक सम्मान तर्फ प्रेरित हुन सक्दैन हुँदैन। उसको वीरताको अन्त्य हुन्छ र ऊ कायर बन्छ। यस बाट थाहा हुन्छ कि क्रोध एउटा दुईधारे हतियार हो। इमाम इब्न कय्यिम जौजियाह भन्छन्: क्रोध एउटा सीमा हो। यो आफ्नो सीमामा प्रशंसनीय बहादुरी र त्रुटिहरु सङ्ग टाढा राख्ने एउटा माध्यम हो। तर जब यसले सीमा नाघ्छ उसले आफ्नो अगाडिको व्यक्ति माथी दमन गर्छ साथै ऊ पछाडि पर्यो भने कायर बन्छ र खराब आचरण देखी बच्दैन। ( अल फवाइद इब्न कैय्यीम १५३)

यो क्रोधित शक्ति खराब नैतिकताको आधार तब बन्छ जब मानिस आफ्नो निर्धारित सीमा भन्दा बाहिर जान्छ। त्यसैले क्रोधको अवस्थामा उसको नसा फुल्न थाल्छ र ऊ गर्जन्छ र वर्षन थाल्छ । यदि ऊ यस माथी काबु गर्न देखी असमर्थ भयो भने उसले नराम्रो बोल्न थाल्छ, उसको हात गलत ठाउँमा जान्छ, ऊ आफ्नो निर्णयमा क्रूरताको सिकार हुन्छ, उसले यस्तो कुरा गर्न थाल्छ जुन कुरा उसले आफैले बुझेको हुदैन र संयम भएको बेला यस्ता कुरा गर्न रुचाउदैन।

यसैगरी त्यसता कार्यलाई अन्जाम दिन्छ जसले पछि पछुतो र लज्जित तुल्याउछ। क्रोध, हत्या, गाली गलोच, कुटपिट र सबै प्रकारका नराम्रा कार्यको मूल हो।

"क्रोध त्यो शक्ति हो जसले व्यक्तिलाई अहंकार, द्वेष, ईर्ष्या, विद्रोह र मूर्खता तर्फ प्रेरित गर्दछ" (मदारिज अस-सालिकीन इब्न कैयीम २/३२२)। र यी सबै गुणहरू नैतिक खराबीहरूमा गनिन्छन्। एउटा हदीसमा उल्लेख भएको छ । एक जना सहाबीले पैगम्बर सल्लल्लाहु अलैही वसल्लम सङ्ग मलाई केहि वसीयत गरिदिनु भनेर अनुरोध गरे, उहाँले भन्नुभयो: रिस नगर! ती सहबीले आफ्ना शब्दहरू धेरै पटक दोहोर्याए तर उहाँले एउटै जवाफ दिनु भयो नरिसाउ: "रिसाउनु हुँदैन!" ( सहिह बुखारी हदीस नम्बर ३११३ ) र उहाँले भन्नुभयो: "साहसी त्यो होइन जसले कसैलाई पछारिदिन्छ, वास्तविक बहादुर त्यो हो जो क्रोधको समयमा आफूलाई नियन्त्रणमा राख्छ। ( सहिह बुखारी हदीस नम्बर ३११३ ) र हज्रत अलीले भनेका छन् : "रिसले आगो हुनुको सट्टा आफूलाई गम्भीर राख्नु वास्तविक बहादुरी हो" ( अदब अद दुनियाँ व अद दीन २५२ )।

## तेस्रो विषय: नैतिक विचलनका नियमहरु

"कुनै वस्तुलाई कानुन मातहत ल्याउनु वा निश्चित दायरा भित्र कैद गर्नुलाई नियम वा सिद्धान्त भनिन्छ" ( मीन इहदाफ अत- तरबी अल-इस्लामी खालिद अल हाजिमी ४२ )। नैतिक खराबीको सिद्धान्तले गलत व्यवहारको सीमिततालाई जनाउँछ। तसर्थ जब कुनै व्यक्तिले आफ्नो नैतिकतामा यी सिद्धान्तहरू वा यी मध्ये केहीलाई पूर्ण रूपमा बेवास्ता गर्दछ भने उसमा राम्रो चरित्र र कार्यहरू भएता पनि ऊ सत्यबाट टाढा हुन्छ। यी कुराहरु निम्न सिद्धान्तको प्रकाशमा अझै स्पष्ट हुनेछ।

### १- नैतिक सिमाहरुको महत्त्व ( सहि तरिका ):

यसको मतलब नैतिक व्यवहार किताब र सुन्नत दिशानिर्देश अनुरूप होस् । नैतिकताको अध्यायमा यसको आधारभूत सिद्धान्त भनेको केवल तिनै नैतिकताहरूलाई स्वीकार गर्नु हो जसमा इस्लामिक शिक्षाको महर प्रमाणित छ। जबकि खराब नैतिकताको सम्बन्धमा असल नैतिकताबाट टाढा रहनु र खराब नैतिकतालाऊ अपनाउनु हो । अर्को शब्दमा भन्नुपर्दा असल आचारण विपरीत नैतिकता अपनाउनु, वा त्यसमा धेरथोर गर्ने कार्यलाई खराब नैतिकता भनिन्छ। थप विवरणहरू निम्नानुसार रहेका छन्।

उच्च नैतिकता विपरीत अनैतिकता अपनाउनु, छोटकरीमा भन्नुपर्दा अरुलाई आफूबाट जोगाउनुको सट्टा अरुलाई दुःख दिनु,उदारताको सट्टा निष्ठुरता र क्रूरता देखाउनु,सहिष्णुताको सट्टा असहिष्णुता हुनु, इँटको जवाफ ढुङ्गाले दिनु, विनोदमुद्रामा भेट गर्नुको सट्टा क्रोधित भएर भेट्नु र मायाको सट्टा घृणा देखाउनु। यसलाई यी सब्द देखि अझै स्पष्ट

रुपमा बुझ्नुहोस्। सत्यको सट्टा झुट, विश्वासको सट्टा विश्वासघात, दयाको सट्टा दमन, धैर्यको सट्टा हतार र पवित्रताको सट्टा दुष्टता लाई अपनाउनु ।

असल आचारणको सिमा नाघेर त्यसलाई बेवास्ता गर्नु यो पनि खराब नैतिकता भित्र पर्छ । उदाहरणका लागि आतिथ्यमा सिमा भन्दा धेरै गर्नु फजुल खर्च गर्नु र हैसियत भन्दा धेरै खर्च गर्नु फजुलखर्ची हो। यसैगरी हैसियत भन्दा थोरै को आतिथ्य गर्नु कन्जुस्याइँ हो। इमाम मावरदी भन्नुहुन्छ: "असल आचरणको सीमा तोकिएको र स्थानहरु निश्चित छन्। त्यसैले यदि कोही सीमा नाघ्छ भने उसलाई अपमानित र स्थानबाट अगाडि बढ्छ भने त्यो निन्दनीय मानिनेछ" ( अदब अद-दुनियाँ व अद-दीन१६३)।

सहि सिद्धान्तको सार भनेको मुस्तफा सल्लल्लाहु अलैही वसल्लमको तरिकालाई जस्ताको त्यस्तै अपनाउनु हो । किनकि उहाँको नैतिकतामा कुनै प्रकारको कमि छैन। अल्लाह तआलाले उहाँलाई नैतिकताको सबैभन्दा उदाहरणीय आइडल भन्नुभएको छ। अल्लाहले उहाँलाई अद्भुत गुण दिनुभएको थियो।

सुरह नूनमा अल्लाह भन्नुहुन्छ

{وَإِنَّكَ لَعَلَى خُلُقٍ عَظِيمٍ}[القلم:4]

र (हे नबी!) निश्चय नै तिमी नैतिकताको उच्च शिखरमा छौ ।

अल्लाह तआला नबीको मन्हज ( तरिका) लाई भन्दै त्यसको अनुसरण बारे सुरह हस्रमा भन्नुहुन्छ

{ وَمَا آتَاكُمُ الرَّسُولُ فَخُذُوهُ وَمَا نَهَاكُمْ عَنْهُ فَانْتَهُوا وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ شَدِيدُ الْعِقَابِ}[الحشر:7]

रसूलले तिमीहरूलाई जेजति प्रदान गर्छन् त्यसलाई ग्रहण गर र जुन कुराबाट उनले तिमीहरूलाई रोक्छन् त्यसबाट रोकिने गर, र अल्लाहको भय गर । निस्सन्देह अल्लाह कठोर दण्डदाता हुन् ।

हजूरले आफ्नो तरिकालाई पछयाउने बारे भन्नुभयो: जसले हाम्रो शरियाको छाप नभएको काम गर्छ उसको त्यो काम अस्वीकार्य छ ( सहीह मुस्लिम १३५३/१३६६ । थप अगाडि भन्नुभयो: जसले हाम्रो शरियामा नयाँ कार्यको प्रवेश गरायो जसको कुनै प्रमाण छैन त्यो अस्वीकार्य छ( सहीह बुखारी हदीद नम्बर २६९८ )।

**२- नैतिक सिद्धान्तहरु:**

कुनै पनि कार्य मुस्तफा सल्लल्लहु अलैही वसल्लमको कार्य अनुसार छ र त्यो नैतिक दुष्टताको दायराबाट टाढा देखिन्छ भने पनि यो स्वीकार्य हुनको लागि त्यसको पछाडिको कारण अल्लाहको आज्ञाकारिता र इमानदारीको नियत हुन जरुरी छ। तमयसको पछाडि ति कारणहरु हुनुहुँदैन जसले यसलाई नैतिक खराबीको वर्गमा प्रवेश गरिदिन्छ। किनकि व्यक्तिले कहिलेकाहीँ उच्च चरित्र देखाउँछ तर उसको उद्देश्य अर्कै हुन्छ। उसको सोच देख्ने सुन्नेले उसलाई मुजाहिद,आलिम र चरीत्रवान व्यक्ति भनोस भन्ने हुन्छ जसको कारण यी सबै कर्म र कार्य बेकार हुन्छन र यसलाई

नैतिक खराबीको श्रेणीमा पुऱ्याइदिन्छ। हुजूर सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "कयामतको दिन सबैभन्दा पहिला त्यसको फैसला हुनेछ जसलाई सहादत प्राप्त भएको थियो।" उसलाई अल्लहको सामुन्ने ल्याइनेछ र त्यसपछि अल्लाह तआला उसलाई आफ्नो उपकारहरु गिन्ती गराउनेछन्, उसले तिनीहरूलाई स्वीकार गर्नेछ। अनि अल्लाह सोध्नेछन : तिमिले यी मध्य के गऱ्यौं ? उसले जवाफ दिनेछ मैले तपाईंको  बाटोमा शहीद नभएसम्म जिहाद गरें। अल्लाह तआला भन्नुहुनेछ: तिमीले सहीद भनी पाउछौं भन्ने नियतले जिहाद गर्यौ जो तिमिलाई दुनियाँमा भनियो। त्यसपछि उसलाई उसको अनुहार तर्फबाट घिसारेर नर्कमा फालिदिने फैसला हुनेछ। अर्को एउटा व्यक्ति जसले कुरआन पढेर पढाएको हुनेछ,उसलाई ल्याइनेछ र अल्लाहले उसलाई आफ्नो उपकारहरु पहिचान गराउनेछन्, उसले तिनिहरुलाई स्वीकार गर्नेछ। तब अल्लाह तआला सोध्नेछ: त्यसो भए तिमिले के गऱ्यौं ?  उसले भन्नेछ: मैले ज्ञान हासिल गरें, अरूलाई पढाएँ र तपाईंको लागि कुरआन पढेँ। तिमिले यो सबै कारी भन्नियोस भने मनसायले गरेका थियौ,जो तिमिलाई दुनियाँमा भनियो।  त्यसपछि  उसलाई आफ्नो अनुहार तर्फबाट घिसार्दै नर्कमा फालिदिने आदेस हुन्छ। अर्को एउटा व्यक्ति  जसलाई अल्लाहले धन सम्पत्ति दिएर सम्पन्न बनाउनु भएको हुनेछ। उसलाई ल्याइनेछ तब अल्लाह आफ्नो उसलाई आफ्नो उपकारको पहिचान गराउनु हुनेछ, उसले तिनीहरुलाई स्वीकार गर्नेछ। तब अल्लाहले सोध्नेछन तिमीले के काम गर्यौ?  उसले जवाफमा भन्नेछ मैले तपाईंले खर्च गर भनेको कुनै बाटो छोडेको छैन , मैले यो सबै तपाईंको खुशी प्राप्तिको लागी गरेको थिए । अल्लाह तआला भन्नुहुनेछ: तिमी झूट बोल्दैछौ, यो सबै तिमिले उदार भनि पाउछौं भनेर गरेका थियौं जुन तिमिलाई दुनियाँमा भनियो।

त्यसपछि उसलाई पनि आफ्नो अनुहार तर्फबाट घिसार्दै नर्कमा फालिदिने आदेस हुनेछ (सहीह मुस्लिम ३/१५३१ )।

त्यसकारण सुन्नत पछयाउन निस्वार्थ ( एख्लास) हुन पनि धेरै जरुरी छ। रसूलुल्लाह भन्नू हुन्छ "सबै कार्यहरूको आधार नियत माथि छ,हरेकलाई उसको नियत बमोजिम दिइएने छ। जसको हिज्रत अल्लाह र रसूलको लागी हुनेछ उसको हिज्रतलाई अल्लाह र रसूल लागी भनेर सामेल गरिनेछ, र जो कोही सांसारिक कामको लागि वा निकाह गर्न हिज्रत गर्नेछ उसको हिज्रालाई त्यहीँ उद्देश्य अनुरूप मानिनेछ"(सहीह बुखारी १/ १३)।

## अध्याय दुई:

## नैतिक खराबीका किसिमहरु

नैतिक खराबी आफ्नो प्रकृति, उत्पत्ति, गम्भीरता र दण्डमा विविध छन् र यति धैरै छन् कि यिनीहरूलाई एउटा पुस्तकमा समावेश गर्न गाह्रो छ। त्यसैले यहाँ केही निम्न सिद्धान्तहरूको रूपरेखा बमोजिम केही नमुना प्रस्तुत गर्न उपयुक्त छ र तिनीहरु यस प्रकार रहेका छन।

- शाब्दिक खराबीहरू
- श्रवण र दृष्टि कमजोरी
- कर्म र कृयाका खराबीहरू
- हृदयी खराबीहरु

**पहिलो बहस**

## शाब्दिक खराबीहरू

यसले व्यक्तिको मुखबाट निस्कने दुष्टतालाई जनाउँछ: नबी सल्लल्लाहु अलैही वसल्लम भन्नुहुन्छ " व्यक्ति एउटा शब्द बोल्छ र यस बारे केही सोच्दैन (उसले कुन प्रकारको शब्द प्रयोग गरेको छ जसमा कुफ्र र असभ्यताको सम्भावना छ छैन भनेर )।" जुन शब्दको कारण ऊ नर्कको खाडलमा ( पूर्व देखी पश्चिम बराबर दुरि भएको नर्कको खाडलमा) खस्छ " ( ३/१८७ हदीस नम्बर ६३७७ ) अर्को ठाउँमा उहाँले भनेका छन: "मानिसहरूलाई उनीहरूको मुखको खेतीको कारणले अनुहार वा नाकको बलमा नरक तर्फ तानिनेछ। ( ५/१५ हदीस नम्बर १६१६) मानिसले बोलेको हरेक शब्दमा नेकि वा बुराइ लेखिन्छ । अल्लाह सुरह काफमा भन्नुहुन्छ:

{مَا يَلْفِظُ مِن قَوْلٍ إِلاَّ لَدَيْهِ رَقِيبٌ عَتِيدٌ}[ق:18]

(मानिसले) मुखबाट कुनै शब्द निकाल्न पनि पाएका हुँदैन तर त्यसनजिक एउटा निरीक्षक तैनात हुन्छ ।

भाषाको शाब्दिक विकृतिहरू धैरै छन् जसमध्ये केही प्रमुखहरू निम्न हुन्:

**चुक्ली :**

**चुक्लीको अर्थ**

चुक्लीको शाब्दिक अर्थ: व्यक्तिले आफू बाहेक अरू व्यक्तिको बिनाकारण केहि उल्लेख गर्नु (रागिब असफहानी मुफ्रदात फि गरिब अल कुरआन)।

परिभाषित अर्थ: पैगम्बर सल्लल्लाहु अलैही वसल्लको सुन्नतमा यसको व्याख्या गरिएको छ र हदीसका किताबमा यस बारे हदीसहरु वर्णन भएका छन् । "तिमीहरु लाई थाहा छ चुक्ली भनेको के हो? सहाबाले भने अल्लाह र अल्लाहका रसूललाइ यसबारे धैरै थाहा होला ।" उहाँले भन्नुभयो: आफ्नो भाइलाई मन नपर्ने कुराले उसलाई याद गर्नु । यदि भाईमा भनिरहेको कुरा छ भने पनि भनेर सोधियो ? उहाँले जवाफ दिनुभयो तिमिले भनिरहेको कुरा छ भने चुक्ली र उसमा नभएको कुरा भनिरहेका छौ भबे त्यो अपवाद हो ( मुस्लिम३/२००१ ७/२५८९ )

चुक्लीको अर्थ: कुनै व्यक्तिलाई मन नपर्ने कुराले याद गर्नु । चाहे त्यो उसको शरीर, धर्म, संसार, आत्म, नैतिकता, धन, सन्तान, पत्नी, नोकर, आचरण, खुशी, आक्रोश वा अन्य कुनै कुनै पनि कुरा सङ्ग सम्बन्ध होस् । चाहे त्यो शब्दद्वारा उल्लेख होस् वा मुख अथवा इसारा द्वारा।

**चुक्लीका कारणहरु:**

१- चुक्लीको कारण व्यक्ति प्रति घृणा र द्वेष हो। चुक्ली गरेर हृदयलाई सन्तुष्ट बनाइन्छ। चुक्लिको मार्फत उसको मान सम्मान प्रतिष्ठालाई होच्याइन्छ र उसलाई अपमानित स्थानमा पुऱ्याइन्छ। इमाम अल-गजालीले यसतर्फ इसारा गर्दै भन्नुभएको छ। चुक्लिको पहिलो उदेश्य आफ्नो क्रोधलाई चुक्ली मार्फत शीतल पार्नु हो। जब क्रोध बढ्छ अरुको कुरा काटेर हृदयलाई राहत पुऱ्याइन्छ। त्यसैले धार्मिक भावना नभएको खण्डमा जिब्रो स्वाभाविक रूपमा अगाडी हुन्छ।

२- कहिलेकाहीँ चुक्ली गर्नुको कारण खराब साथीको संगत, व्यक्ति विषेशबाट सहानुभूति प्राप्त गर्नु र आफ्नो अरुचिलाई चुक्ली मार्फत कसैबाट टाढा रहन चाहनु पनि हो।

अल-इह्याका लेखकले साथीहरूको पक्षपात संगत, साथीहरूको चापलूसी र कुराकानीमा मद्दत गर्ने पिशुनताको कारणहरू उल्लेख गरेका छन्। त्यसैले जब मानिसहरू सम्मान उल्लेख गरेर मजाक गर्छन्,ऊ उनीहरूको आलोचना गर्छ र बैठकबाट उठ्छ तब उनिहरु उसलाई लाई गलत रूपमा हेर्छ भनेर तिनीहरूको मद्दत गर्छ र यसलाई राम्रो सभ्यता मान्छ।

३- गाली गर्नुको उद्देश्य अरुको कमि कमजोरी उजागर गरेर आफूलाई ठुलो देखाउनु हो। उदाहरणको लागि ऊ अज्ञानी छ, उसको समझ कमजोर छ वा बोली व्यबहार राम्रो छैन।

**चुक्लीका बेफाइदाहरू:**

१- चुक्ली गर्ने व्यक्तिले एउटा हराम कार्य गरिरहेको हुन्छ। शरियतले यो कार्य गर्ने व्यक्तिलाई आफ्नो मृत भाइको मासु खाने बराबर भनेर तुलना गर्दै सुरह अल-हुजरातमा अल्लाह तआला भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِّنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ وَلَا تَجَسَّسُوا وَلَا يَغْتَب بَّعْضُكُم بَعْضًا أَيُحِبُّ أَحَدُكُمْ أَن يَأْكُلَ لَحْمَ أَخِيهِ مَيْتًا فَكَرِهْتُمُوهُ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ تَوَّابٌ رَّحِيمٌ}[الحجرات:12]

हे आस्थावानहरू हो ! अधिकांश अनुमानहरु बाट बच्ने गर। किनभने केही अनुमान पाप हुन्छन्, र जासूसी नगर। र, तिमीहरूमध्ये कसैले कसैको चुक्ली नलगाओस्। के तिमीहरूमध्ये कोही आफ्नो मृत भाइको मासु खान रूचाउँछ ? तिमीहरू त्यसलाई अवश्य घृणा गर्छौ। र, अल्लाहको भय राख। निस्सन्देह अल्लाह प्रायश्चित स्वीकारकर्ता तथा परम दयालु छन्।

जुजाज भन्नुहुन्छ : यसको व्याख्या यो हो कि कुनै व्यक्तिको अनुपस्थितीमा दुष्टताको साथ याद गर्नु भनेको उसको गोस्त खानु बराबर हो जबकि ऊ जिउदो छैन र उसलाई यसको आभास समेत छैन। अबू याला भन्नुहुन्छ : यो

चुक्लीको हराम हुनुमा एक प्रकारको ताकेता हो । किनभने मुसलमानको मासु खानु हराम छ। यसलाई आत्माले प्राकृतिक रूपमा घृणा गर्छ त्यसैले चुक्लीलाई पनि घृणामा त्यस्तै हुनु पर्ने हो।

२- चुक्लिको दण्ड धेरै पीडादायी र यस माथीको पकड बडो कठोर छ। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ: जब मलाई स्वर्गारोहणमा ( मेराज ) लगियो। तब म त्यस्ता मानिसहरूको छेउबाट गुज्रिए जसको नङ्ग्रा तामाको थिए। उनीहरू त्यसले आफ्नो अनुहार र छाती चिथरी रहेका थिए । मैले जिब्रइल सङ्ग भने यिनिहरु को हुन? उहाँले जवाफ दिए: यी ती मानिसहरू हुन् जो एक आपसमा मानिसहरूको चुक्ली गर्थे र उनीहरूको इज्जतको पछि लागेका हुन्थे ।

३- चुक्ली आस्थावानहरूको पहिचान होइन। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "हे ती मानिसहरू! जसले मुखले ईमान कबोल गऱ्यो र ईमान हृदय सम्म पुगेन । मुस्लिमहरूको चुक्ली नगर र लुकेका कुराहरुको पछाडी न लाग। जो कोहि मानिसहरूको गोप्य कुराहरूको पछि लाग्छ, अल्लाह तआला उसको गोप्य कुराहरुको पछि लाग्नु हुन्छ । र अल्लाह जसको गोप्य कुराहरूको पछि लाग्छ अल्लाहले उसलाई आफ्नो घरमा अपमानित गरिदिन्छ।"

**केहि उपयोही उपयाहरु :**

चुक्ली निर्मम पार्न केहि उपयोगी उपायहरु छन्:

१-चुक्ली गर्ने व्यक्तिलाई अल्लाहको दण्ड,उसको कठोरता र कठिनाइहरू सामना गर्न असमर्थ छौ र चुक्ली अल्लाहको असन्तुष्टि निम्त्याउँने एउटा महत्त्वपूर्ण कारण हो भन्ने आभास हुनुपर्छ ।

२- जब कुनै व्यक्तिले कसैको चुक्ली गर्ने इरादा गर्छ भने उसलाई ती कुराहरु आफू तिर फर्केर आउन सक्छन भन्ने आभास हुनुपर्छ। उसलाई हेक्का रहनु पर्छ चुक्ली गर्नु भनेको आफ्नो मृत भाइको मासु खानु बराबर हो । जसरी जिउदो भाइको गोस्त खान सकिँदैन मृत भाइको गोस्त कसरी खान सकिन्छ भनेर सोच्नु।

३- गलत संगतबाट र त्यसता मानिस बाट टाढा बस्नु पर्छ जो अरुको चुक्लीबाट आनन्द लिन्छ। धार्मिक र असल साथिको संगत गर्नुस जो धर्म कर्म गर्न मद्दत गर्छ।

४- उसलाई याद रहोस् मुस्लिमको विशेषता भनेको अन्य मुस्लिमहरू उसको मुख र हातबाट सुरक्षित रहनु र जुन कुरा देखि अल्लाहले निषेध गर्नु भएको छ ती कार्य देखी टाढा रहनु हो । हदीस शरीफमा उल्लेख छ रसूलुल्लाहले भन्नुभयो: " वास्तवमा मुसलमान त्यो हो जसको मुख र हात देखी अन्य मुस्लिमहरू सुरक्षित रहन्छन् । आप्रवासी (मुहाजिर ) त्यो व्यक्ति हो जो अल्लाहले निषेध गरेका कुराहरु बाट टाढा रहन्छ।"

५- निश्चित रूपमा उसलाई थाहा होस् कि मानिसहरूले गर्ने उसको प्रशंसा, घृणा वा प्रतिस्पर्धा राख्छ उसको खराबीले उसलाई यदि अल्लाहले लेखेको छैन भने कुनै फाइदा वा घाटा गर्दैन र उसलाई यसले अरू कुनै ठाउँमा पुऱ्याउदैन, बरु मानिसहरूमा उसप्रति घृणा र तिरस्कार उत्पन्न हुने कारण बन्छ। किनभने मानिसहरूलाई थाहा हुन्छ कि जसरी यो व्यक्तिले अरूको चुक्लि गर्छ हाम्रो पनि तिनीहरूको सामुन्ने चुक्ली गर्छ भनेर, उसको आनी-बानी सबै बिच सामान्य हुन जान्छ। अनि मानिसहरू ऊ देखि सजग भएर डराउँछन् र उसमा भएको पाखण्डको गुण तर्फ इसारा गर्छन् ।

६- अभिभावक, संरक्षकलाई घर, विद्यालय र सबै सामाजिक संस्थाहरूमा इस्लामिक आचारसंहिता अनुसार काम गर्न आवश्यक छ। जो कोहि कसैको चुक्ली गर्छ भने उसको कुनै कुरा नसुनी त्यसको निरुत्साहित गर्न जरुरी छ। उसको कुरा प्रति अनिच्छुक र यस प्रकारको अपराधको दुष्टता र गम्भीरतालाई जाहेर गर्नुपर्छ। अल्लाहका रसूलले भनेका छन : "जसले आफ्नो भाइको सम्मानको रक्षा गर्छ,अल्लाहले पुनरुत्थानको दिनमा उसको रक्षा गर्नुहुनेछ।"

**चुक्ली:**

**शाब्दिक अर्थ:** चुक्ली वा पोल लगाउने, छुल्याहा;छुसी

अल्लाह तआला सुरह कलममा भन्नुहुन्छ

{هَمَّازٍ مَّشَّاء بِنَمِيم}[القلم:11]

अनुवाद ;अति व्यङ्ग्य गर्ने, ज्यादै चुक्ली लगाउने

**परिभाषित अर्थ :**

चुक्लीखोर : यसले एक आपसमा भड्काउने र लडाउने काम गर्छ। ताकी व्यक्तिहरु एक आपसमा भड्केर हृदयमा रिस राग राखोस।

उलमाहरु भन्छन्– चुक्लीखोर मानिसको एक अर्काको भनाइलाई दुराचार फैलाउन प्रयोग गर्छन् । चुक्ली नैतिक भ्रष्टता र आत्मीय कमजोरीको उपज हो। किनभने यो मित्रतापछि शत्रुता, प्रेमपछि घृणा र मेलमिलापपछि वियोगको उत्पत्ति हो। यो चुक्लीखोरको लागि पीडादायी र मानिसहरूको अनिच्छाको माध्यम बन्छ।

**चुक्लीका कारणहरू:**

१- चुक्लीको एउटा कारण ईर्ष्या हो। उदाहरणका लागि एउटा चक्लीखोर व्यक्ति साथीको मित्रता देखि जल्छ र दुवै बीच दुराचार हाल्ने प्रयास गर्छ। उनीहरूबीच शंकाको बीउ छर्छ र फलस्वरूप उनीहरू बीच एक आपसमा झगडाको सिर्जना हुन्छ।

२- कहिलेकाहीं चुक्ली आत्मा र गलत मिजास साथै मानिसको गोप्य राजको पछाडी लाग्नुले उत्पन्न हुन्छ। यद्यपि यो एक अवांछनीय र खराब बानी हो। जुन बिरामी आत्मा र गलत मिजास जो अरुको राज र कष्ट दिन उत्साहित हुन्छ।

**चुक्लीका हानीहरु:**

१- अल्लाहका दुतले चुक्लीखोरको बारेमा भनेका छन : "चुक्लीखोर स्वर्गमा प्रवेश गर्नेछैन।" इमाम नव्वीले यसबारे यसो भनेका छन।

पहिलो: उसलाई हरामको ज्ञान् हुदाहुदै बिना व्याख्या सम्भवतमालाई मानौं।

दोस्रो: ऊ सफल व्यक्तिहरू सङ्ग जन्नतमा प्रवेश गर्नेछैन।

२-उसले कबरको अजाब देखि उन्मुक्ति पाउनेछैन। इब्न अब्बासबाट वर्णन गरिएको छ उनी भन्छन्: " रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लम दुई चिहानबाट गुज्रनुभयो अनि उहाँले भन्नुभयो: यी दुवैलाई अजाब भैरहेको छ। यि दुईलाई कुनै ठुलो कारणले अजाब भैरहेको हैन। दुई मध्य एक चुक्ली र अर्को पिसाबको छिटा देखि जोगिन्थेन। अनि उहाँले एउटा हरियो काठको टुक्रा लिएर त्यसलाई दुई टुक्रा बनाएर चिहान माथी गाडिदिनुभयो र भन्नुभयो : हुन सक्छ यो सुक्खा नभएसम्म तिनीहरूलाई सजायमा केही राहत होस।"

३- हुजूरले मानिसहरू मध्य सबैभन्दा खराब व्यक्ति चुक्लीखोरलाई भन्नुभएको छ र साथै त्यस्ता व्यक्तिलाई दुई मुखे भनेर चित्रण गर्नुभएको छ। जो एक रुप लिएर एउटा समुहमा आउछ भने अर्को रुप लिएर अर्को समुह तिर जान्छ। अल्लाहको रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "तिमीहरू मध्ये सबैभन्दा खराब दुई रुपि व्यक्ति हो,जो एउटा रुप लिएर एउटा समुहमा जान्छ र अर्को रूप लिएर दोस्रो समुहमा जान्छ।"

४- इमाम कुरतुबी भन्नुहुन्छ : दुई रुपि अनुहार भएको व्यक्ति सबैभन्दा खराब व्यक्ति हो। किनभने उसको अवस्था एउटा कपटीको जस्तो हुन्छ। उसले झूट र असत्यको मार्फत चाटुकारिता गरिरहेको हुन्छ। मानिसहरूमा बिरोधाभाष सिर्जना गरिरहेको हुन्छ। इमाम नव्वी भन्नुहुन्छ: " त्यो एउटा यस्तो व्यक्ति हो जो हरेक समुहलाई खुसी हुने कुरा गर्छ। र त्यो समुहलाई लाग्छ यो हाम्रो समुहको व्यक्ति हो र विपरीत समुहको विरुद्धमा छ भन्ने भान हुन्छ। यद्यपि उसको हरेक कार्यमा कपट हुन्छ र ऊ दुवै समूहको रहस्य जान्ने प्रयास गर्छ।"

त्यसैगरी यो समुहबीचको सामाजिक सम्बन्ध तोड्ने, परिवार र साथीभाइबीचको साइनो तोड्ने र मानिसहरूबीच घृणा र वैमनस्य ( शत्रुता ) फैलाउने माध्यम हो।

५- यसको अतिरिक्त चुक्लीखोरको लागि कडा यातनाको धम्की छ । जुन माथी हदीसहरूमा उल्लेख गरिएको छ। यसले व्यक्तिलाई आफ्नो समाज देखि बहिष्कृत बनाउँछ, साथीभाइ र आफन्तहरूमा नराम्रो बनाउछ र जो मानिस उसको तरिकामा छैन ऊ सङ्ग बच्छन।

जसको सामुन्ने चुक्लीखोर गरिन्छ उस माथी छ वटा जिम्मेवारीहरू छन्:

१- यसता कुराको पुष्टि नगर्नुस् किनभने चुक्लीखोर एउटा फासिक ( विकृत ) हो।

२- उसलाई त्यसबाट रोक्नुस् उसलाई सम्झाउनुस र उसको कामलाई खराब सम्झनुहोस्।

३- अल्लाहको निम्ति ऊ सङ्ग घृणा गर्नुस्।

४- आफ्नो अनुपस्थित भाइ माथी शंका नगर्नुस्।

५-उसको अगाडि के भन्यौं भनेर जिज्ञासु नबन्नुस्।

६- आफूले जुन कुराबाट चुक्लीखोरलाई मनाही गरेको छ त्यसबाट आफूपनी रोकिनुस। यदि त्यसो नगरे उसमा र आफूमा केही फरक रहदैन ।

**यसको समाधानको लागी केही उपयोगी उपायहरू:**

सुधारका लागि केही प्रशिक्षणिक दिशानिर्देशहरू निम्नानुसार छन्:

१- मानिसले चुक्लीखोरको अवस्थालाई सम्झेर यस बारेमा इस्लामिक निर्देशनहरूलाई याद गरोस् । जस्तै चुक्लीखोरको दण्डको बारेमा सोच्ने र अल्लाहका दुतले भनेका कुरा हरुको स्मरण गर्ने।

२- जसको अगाडी चुक्ली गर्छ उसलाई यस् देखी मनाही गरेर उसलाई सल्लाह र मार्गनिर्देशन गर्दै नबी सल्लल्लाहु अलैही वसल्लमको यसबारेमा आएका हदीसहरु स्मरण गराउने र यसले मानिसमा पढ्ने परिणाम देखि अवगत गराउने।

४- आफ्नो मुस्लिम भाइको लागि त्यही इच्छाउने जुन आफूलाई मन पर्छ। आफैले आफ्नो आत्मा सङ्ग सोध्ने के उसलाई आफ्नो कसैले चुक्ली गरेको मन पर्छ? ठिक त्यसैगरी अन्य मानिसहरूलाई पनि मन पर्दैन होला भनेर सचेत हुने। अल्लाहका अन्तिम दुतले भन्नू भएका छन: " तिनिहरु तब सम्म पुर्ण रुपमा मुस्लिम हुन सक्दैनौं जब सम्म आफ्नो भाइको लागि त्यही मन पराउदैनौ जुन तिमी आफ्नो लागी मन पराउछौ।

४- मस्जिद, सञ्चारमाध्यम र विभिन्न संस्थाहरूको व्यक्ति र समाजलाई चुक्लीखोर बाट हुने नोक्सानीलाई स्पष्ट पार्न भुमिका तोक्ने ।

५-धैर्यताले सुसज्जित हुनुस् र आत्मालाई चुक्लीखोरको व्यबहार देखि बचाउनुस्।

**झुट**

**शब्दिक अर्थ :**

झूट सत्यको विपरीत हो।

**परिभाषित अर्थ:**

इमाम सनआनि भन्छन्: झूट त्यसलाई भनिन्छ जो घटनाको विपरीत हुन्छ ।

झूट भनेको घटनाको विपरीत कुनै कुरा व्यक्त गर्नु हो।

**झूट बोल्नुको कारण:**

झूट बोल्नु पर्ने कारण र झुटोलाई विभिन्न समस्याहरूमा पुऱ्याउने कारणहरू। मावरदीले ती मध्ये केही उल्लेख गरेका छन र मुहम्मद अहमद जद अल-मौलाले उहाँबाट उद्धृत गरेका छन । झूटका कारणहरू निम्न हुन्:

१- मानिसले काल्पनिक लाभ प्राप्त गर्न वा अनुमानित हानि टाढा गर्न झुट बोल्छ, उसले यसो आफैलाई धोका दिएर र आफ्नो इच्छाको पछि लागेर गर्छ । यसरी ऊ जुन चिजको अपेक्षा गर्छ त्यस देखी टाढा र जुन चिज देखी डराउछ त्यो नजिक हुन्छ।

२- मानिस कहिलेकाहीँ सत्यमा रोचक र मनोरञ्जनात्मक कुरा भेट्दैन अनि उसले आफ्नो कुरालाई रोचक बनाउन झूट बोल्छ।

३- मानिस कहिलेकाहीँ आफ्नो शत्रुलाई चोट पुर्याउन झूट बोल्छ । उस तर्फ गलत कार्य जोडिदिन्छ जुन कुराको उसको कुनै सम्बन्ध हुदैन ।

४- झूटको नशा उसको अगाडि जम्मा भइरहन्छ यहाँ सम्मकी ऊ झुट देखी सन्तुष्ट हुन्छ अनि फेरि झूट उसको बानी बन्छ र उसको आत्मा यसैको अनुसरण गर्छ।

५- मानिस कहिलेकाहीँ झूट बोल्छ र त्यो झुटलाइ लुकाउन र नखुलाउन अरु कयौं झुट बोल्न बाध्य हुन्छ ।

६-सम्भवत शरीयतको गलत बुझाइ र दिनको ज्ञानको कमी यसको मुख्य कारण हो। त्यसैले धार्मिक ( असल) व्यक्तिले झूटको लागि कुनै विकल्प पाउँदैन।

७-मानिस कहिलेकाहीँ आफ्नो महानताको दर्शाउन झुट बोल्छ। ऊ आफूलाई उच्च स्थानमा राख्नको लागि झुट बोल्छ।

झूट बोल्नुका अरु कारण पनि छन् कोही तालिम र पालनपोषणका कारण झुट बोल्छन्। किनकि उसले आफ्नो परिवार, समाज र आफ्ना सन्तान सङ्ग सबै मामिलामा झूटको प्रयोग भएको देख्छ, अनि उसले झुटलाई राम्रो मान्छ। ऊ झुट मार्फत आफूबाट हानि दुर गरेर लाभ हासिल गर्ने भ्रममा झुटको सहारा लिन्छ र उसलाई यो सबै झुटमा लेखिदैछ भनेर अनजान हुन्छ । एकै समयमा उनीहरूले उसलाई एकअर्काको नक्कल गर्ने र नराम्रो प्रभावको माध्यमबाट खराब बानीको आदि बनाइदिन्छन।

यही कारणले अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले व्यक्तिलाई आफ्नो छोरा सङ्ग झूट बोल्न देखी मनाही गर्नु भएको छ। अब्दुल्लाह बिन उमर भन्नुहुन्छ: म सानो छँदा रसूल सल्लल्लाहु अलैहि वसल्लम हाम्रो घर आउनु भयो। उहाँ भन्नुहुन्छ म खेल्न बाहिर निस्किए। आमाले भन्नुभयो अब्दुल्ला यता आँऊ म तिमीलाई केही दिन्छु। रसूलुल्लाहले भन्नुभयो: के दिन चाहनुहुन्छ? मेरी आमाले भनिन् म उसलाई खजूर दिन चाहन्छु । अनि अल्लाहका दूतले भन्नुभयो: यदि तिमिले त्यसो गर्नुहुन्थेन भने तिमी विरुद्ध झुट लेखिन्थो।

**झुट बोल्नुका बेफाइदाहरू:**

१- यो पाखण्डको चिनारी मध्ये एक हो। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "पाखण्डीको तीन चिनारी छन्: जब ऊ बोल्छ उसले झुट बोल्छ, जब ऊ वाचा गर्छ उसले तोडिदिन्छ र जब ऊ सम्झौता गर्छ उसले धोका दिन्छ।"

२- झूट एउटा माध्यम र बाटो हो जसले खराबी तर्फ लैजान्छ र खराबीले नरकमा लैजान्छ। रसूलुल्लाहले भन्नुभयो : "झूटले खराबीमा र खराबीले नरकमा पुऱ्याउँछ। मानिस बराबर झूट बोलिरहन्छ यहाँसम्म कि अल्लाहको सामुन्ने ऊ झूटो लेखिन्छ "

३- मानिसको लागी धैरै बोल्नु र हरेक सुनेको कुरा बयान गर्नु प्रिय कार्य बन्छ। जबकि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले यस देखी मनाही गरेका छन । मानिसको लागी पापी हुनको लागी हरेक सुनेको कुरा गर्दै हिन्नु काफी छ।

४-झूट खराबीको आधार हो, समाचारलाई विकृत गर्नको लागि प्रमाण हो। किनभने बोलीनै व्यक्तिलाई असल र खराब देखी भिन्न गर्छ। यहीँ कारणले झूट बोल्ने मानिस पशुभन्दा पनि खराब हुन्छ र यो उत्पातको बाटो हो। आजको समयमा संसारमा मुल समस्या निम्त्याउने भनेको सत्यको अभाव र झूटको फैलावट हो। शब्दमा झूट, कार्यमा झूट, नियतमा झूट, अभिव्यक्तिमा झूट सत्य कतै छैन।

५-परिवार,साथीभाइ र समाजका सबै मानिसमा यस झुटका कारणले वाणी र कर्मको सत्यतामा शंका र उपशंका उत्पन्न हुन्छ, यसले मानिसमा शंका उपशंका सिर्जना गर्छ र एक आपसमा अन्तर ल्याउँछ ।

**झुट छोडाउने केही उपयोगी उपायहरू :**

झूट छोडाउने केही उपयोगी उपायहरू जुन तल उल्लेख गरिदैछ।

१- मानिसहरुलाई दुई फरिस्ताहरु जसले मनुष्यले गर्ने हरेक सत्कर्म र कूकर्म लेखी रहेका छन भन्ने आभास हर पल होस् र भोलि कयामतको दिन सबैको हिसाब दिनु छ भन्ने हेक्का रहोस् । अल्लाह सुरह काफमा भन्नुहुन्छ:

-{إِذْ يَتَلَقَّى الْمُتَلَقِّيَانِ عَنِ الْيَمِينِ وَعَنِ الشِّمَالِ قَعِيدٌ} {مَا يَلْفِظُ مِن قَوْلٍ إِلاَّ لَدَيْهِ رَقِيبٌ عَتِيدٌ}[ق: 17-18]

र, याद राख दुईजना लेखनदास त्यसका दायाँ र बायाँ बसी हरेक कुरा लेखिरहेका छन् । (मानिसले) मुखबाट कुनै शब्द निकाल्न पनि पाएका हुँदैन तर त्यसनजिक एउटा निरीक्षक तैनात हुन्छ ।

२- अभिभावक र शिक्षकहरूले आफ्नो कुराकानीमा सत्य बोल्नुपर्छ, आफ्ना सन्तानसङ्ग गरेको वाचा पूरा गर्नुपर्छ, ताकि बच्चाहरूमा झूटको आदत नपरोस् र उनिहरुमा यो बानीको विकास नहोस्। यदि यसो गरियो भने आमाबुबा शिक्षकहरु बाट उनीहरूको विश्वास गुम्छ। कहिलेकाहीं उनिहरु आफ्नो दैनिक व्यवहारमा आफ्ना दाजुभाइ र साथी भाइ सङ्ग यहीँ झुटको व्यबहार गर्छन् र पछि उनिहरु हुर्किएपछि उनिहरुमा यहीँ झुट बोल्ने बानी बस्छ।

३-सत्यको सवाब थाहा हुनु, सत्यले असल कर्म तर्फ डोऱ्याउँछ, असल कर्मले स्वर्ग पुऱ्याउँछ। यो एउटा यस्तो चिजहो जसले वचन,कार्य, नियत र कारकमा सत्यतालाई अपनाउन प्रोत्साहन गर्छ। रसूलुल्लाहले भन्नुभयो– मानिस निरन्तर सत्य बोल्छ र सत्यको खोजी गर्छ । यहाँ सम्मकी अल्लाहको सामुन्ने सिद्दिक लेखिन्छ। अल्लाह तआला सुरह तौबामा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ اتَّقُواْ اللهَ وَكُونُواْ مَعَ الصَّادِقِينَ}[التوبة:119]

हे आस्थावानहरू हो ! अल्लाहको भय राख र सत्यनिष्ठ मानिसहरूसँग बस्नेगर ।

त्यसैगरी सत्यता पैगम्बरहरूको विशेषता हो। अल्लाह तआलाले इब्राहिम अलैही अस-सलामको प्रशंसा गर्दै सुरह मर्यममा भन्नुहुन्छ:

{وَاذْكُرْ فِي الْكِتَابِ إِبْرَاهِيمَ إِنَّهُ كَانَ صِدِّيقًا نَّبِيًّا}[مريم:41]

र, यस ग्रन्थमा इब्राहीमको वृतान्त बयान गर । निस्सन्देह उनी सत्यनिष्ठ सन्देष्टा थिए ।

५- घर परिवार, शिक्षक,अगुवा र विभिन्न शैक्षिक तथा सामाजिक संस्थाहरूले झुटले व्यक्ति र समाजमा पार्ने हानी नोक्सानीलाई प्रष्ट पार्न आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।

**श्राप र गाली गलोच:**

**श्राप र गाली गलोचको अर्थ:**

श्राप: क्रोधको कारणले श्राप गर्नु यो परलोकमा अल्लाहको दण्ड र यस संसारमा उहाँको दयाँ र अनुग्रहको अन्त्य गर्ने कारण हो। साथै यो एउटा मानवले अर्को मानवलाई श्राप दिनु हो।

गाली गलोच: गाली गर्नु र श्राप दिनु त्यो खराब बानी हो जसलाई इस्लामले उचित ठान्दैन र त्यसता क्रियाकलाप सङ्ग होशियार र यस्ता विरुद्धमा उभिन भन्छ।

किनभने यसले घृणा र शत्रुता निम्त्याउँछ र कहिलेकाहीँ यसले मानिसलाई दुर्व्यवहार सम्म पुऱ्याउछ। यो पिडा र बापत ( आरोप )सम्म पुऱ्याउने ढोका मध्य एउटा ढोका हो। गाली गलोच र श्रापले अर्को मानिसलाई दुख पुऱ्याइन्छ। अल्लाह तआला सुरह अहजाबमा भन्नुहुन्छ :

{وَالَّذِينَ يُؤْذُونَ الْمُؤْمِنِينَ وَالْمُؤْمِنَاتِ بِغَيْرِ مَا اكْتَسَبُوا فَقَدِ احْتَمَلُوا بُهْتَانًا وَإِثْمًا مُّبِينًا}[الأحزاب:58]

र, ती मानिसहरू जो आस्थावान पुरुष र महिलाहरूलाई उनीहरूको कुनै कसूर विना कष्ट दिन्छन्, तिनीहरू एउटा ठूलो लाञ्छना र खुल्लमखुल्ला पापको बिपत्ति आफ्ना टाउकोमाथि बोक्छन।

**श्रापका कारणहरु:**

१-गाली र श्रापको माध्यमले आत्मा सन्तुष्टि प्राप्त गर्नु हो। कसै प्रती घृणाले ऊ गाली दिन्छ र नकारात्मकताको कारण उसलाई खराब गुण देखि जोडिदिन्छ। ऊ अज्ञानतामा वा जानाजान श्राप दिन्छ। यसबाट ऊ उसलाई चोट पुर्याउन चाहन्छ। इमाम गजाली यसलाई आफ्ना यी शब्दहरूमा वर्णन गर्नुहुन्छ : "अश्लीलताको मुख्य कारण पीडा पुऱ्याउनु मनसाय हो। यसको बानी पापी र नीच किसिमका मानिसहरूको संगतले लाग्छ "।

२- यसको कारण कहिलेकाहीँ अत्यधिक क्रोध हुनु हो। यस्तो अवस्थामा मानिस आफ्नो कुराको कुनै नतिजालाई विचार नगरी त्यतिकै एकहोरो बोली रहन्छ।

३- गाली र श्राप दिनु कहिलेकाहीं पापी र नीच किसिमका मानिसहरूको संगतको कारण हुन्छ। यी खराब बानीहरू हुन् जसलाई तपाईले प्रायः युवा,वृद्धहरू, सडक, बजार र मानिसहरू भेला हुने ठाउँहरूमा सुन्नुहुन्छ।

**श्राप गर्नुका बेफाइदाहरू:**

१- गाली गर्नु गाली गर्नेको हकमा गुनाह मानिन्छ। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "मुस्लिमलाई गाली गर्नु फुस्क हो र उससँग लड्नु कुफ्र हो।" इमाम नव्वी यसको व्याख्या गर्दै भन्नुहुन्छ: " मुस्लिमलाई नाजायज रूपमा दुर्व्यवहार गर्नु इजमाई ( निर्विरोध ) रुपमा हराम हो। जसले पैगम्बरले निषेध गरेको कुरा गर्छ त्यो फासिक हो।

२- श्राप र यसको खराबी धेरै ठूलो छ। रसूलुल्लाहले भन्नुभयो: "एउटा ईमानवालालाई श्राप दिनु उसको हत्या सरह हो" यो हदीसले मुस्लिमलाई श्राप दिनु हराम हो भनेर प्रमाणित गर्छ र यसमा कुनै मतभेद छैन। इमाम अबु हामीद अल-गजाली र अन्य भन्छन्: मुस्लिम वा जनावरलाई श्राप दिनु जायज छैन, यसमा फासिक गैर फासिक बीच कुनै फरक छैन। त्यसरी नै गैर मुस्लिम मरेका वा जिवित माथी पनि श्राप गर्ने अनुमति छैन। तर जसको बारेमा हामीलाई थाहा छ कि तिनीहरूको मृत्यु कुफ्रको अवस्थामा भएको थियो। जस्तै अबु लहब र अबु जहल आदि।

यिनीहरुको समुह प्रति श्राप दिन अनुमति छ। जस्तै: अल्लाहको काफिर, यहुदी र नसारा हरू माथी श्राप होस्। जहाँसम्म हुजूरको भनाइ छ। "एउटा ईमानवालालाई श्राप दिनु भनेको उसलाई मार्नु सरह हो" जाहिरी रूपमा दुवै हराममा समान छन्, यद्यपि हत्या अधिक गम्भीर छ, इमाम अब्दुल्ला बिन माजरीले यसलाई अपनाएका छन्। यि भनाइ बाहेक अन्य भनाइहरू धेरै उपयुक्त छैनन्।

३- श्राप दिनेहरू पुनरुत्थानको दिन सिफारिसी हुनेछैनन्। जबकि मुमीनहरु दण्ड योग्य भाइहरूको लागि सिफारिस गर्नेछन्। अल्लाहका दुतले भन्नुभयो: "पुनरुत्थानको दिन श्राप दिनेहरू सिफारिसी न साक्षी हुनेछन्।"

हदीसको सार यो हो कि तिनीहरू पुनरुत्थानको दिनमा सिफारिस गर्नेछैनन। जबकि मुमीनले दण्ड योग्य भाइहरूको लागि सिफारिस गर्नेछन र साक्षी नहुने सन्दर्भमा तीनवटा भनाइहरू छन्:

१- सबैभन्दा सही र प्रसिद्ध भनाइ: तिनीहरू न्यायको दिनमा नबीहरुले पुऱ्याएको सन्देशको साक्षी हुनेछैनन् जुन तिनीहरूका दूतहरूले उनीहरू सामु पुऱ्याए।

२-तिनीहरू संसारमा साक्षी बन्न सक्दैनन्, अर्थात् तिनीहरूको पापको कारण उनिहरूको गवाही स्वीकार्य हुदैन।

३- तिनीहरूले सहादत प्राप्त गर्न सक्दैनन्, अर्थात् अल्लाहको बाटोमा विरता प्राप्त गर्नेछैनन।

४- यदि दुव्र्यवहार भएको व्यक्ति गालीको योग्य छैन भने यो उसै तर्फ फिर्ता आउँछ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: कसैले पनि कसैलाई श्राप वा गाली गलोच नगर। यदि ऊ त्यसको भागिदार छैन भने त्यो चिज उसैतर्फ फिर्ता आउँछ। रसूलुल्लाहले भन्नुभयो : "जब व्यक्तिले कसैलाई श्राप दिन्छ श्राप आकाश तर्फ जान्छ। आकाशको ढोका उसको सामुन्ने बन्द गरिन्छ त्यसपछि पृथ्वीमा ओर्लन्छ जहाँ उसको लागि ढोकाहरू बन्द हुन्छन्, त्यसपछि दायाँ-बायाँ घुम्छ जब उसले कुनै बाटो भेटाउदैन र श्राप दिइएको व्यक्ति यसको योग्य छैन भने श्राल

गर्ने तर्फ फर्कन्छ।  श्रापको विषयको गम्भीरता र यसको नीचताको कारण जनावरहरूलाई समेत श्राप दिन मनाही गरिएको छ।

सहीह मुस्लिममा एउटा अध्याय छ: "जानवरहरूलाई श्राप दिन देखी मनाही" र इमाम मुस्लिमले हजरत इमरान बिन हुसैनको रिवायतलाई उल्लेख गर्नुभएको छ।: "अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लम एउटा यात्रामा थिए। अन्सारकी एक महिला ऊँटमा सवार थिइन र ऊ विरक्त भइन । उनले ऊंटलाई श्राप दिइन जसलाई अल्लाहका रसूलले त्यसलाई सुन्नु भयो अनि उहाँले भन्नुभयो: "उस माथी राखिएको सबै सामान तल गर, किनकि उसलाई श्राप दिइएको छ। हज्रत इम्रान भन्नुहुन्छ: मानौं कि त्यसलाई म मानिसहरूको बीचमा हिँडिरहेको देख्छु  र उसको अगाडि कोही आउँदैन।

**समाधानको लागी केही उपायहरु:**

श्रापको समस्या देखि समाधानका यहाँ केही उपयोगी उपायहरु बयान गरिदैछन्:

१- मानिसले श्रापको गुनाह र त्यसको परिणाम माथि विचार गर्नुपर्छ । यदि श्रापले बाटो भेटाएन भने श्राप आफै तर्फ फर्किन्छ । यसैगरी यस अध्यायमा बयान भएका हदीस माथी चिन्तन गर्नुस जस तर्फ माथी इसारा गरिसकिएको छ।

२- अल्लाहका रसूलले पशुलाई समेत श्राप दिन मनाही गर्नु भएको छ । हुजूरले त्यो महिलाको ऊँटलाई मुक्त गरिदिनु भयो जसलाई उसले श्राप दिएकी थिइन्। यसरी एउटा मुस्लिमले आफ्नो मुस्लिम भाइलाई गाली र श्राप गर्नु हुँदैन।

३- श्राप र गाली गलोच गर्नेहरुको हैसियत ज्ञानी मानिसहरूको सामुन्ने कस्तो हुन्छ भनेर सोच्नुस। यदि चिन्तन गरियो भने उसलाई आफ्नो गलतीको आभास हुनेछ र त्यसलाई आफ्नो मुख देखि निकाल्नुमा लज्जाबोद लाग्नेछ ।

४- व्यक्तिले यो दुर्व्यवहारको कारणमाथी विचार गर्नुपर्छ र यसको उपचार कारणको विपरीत चिजले गर्नुपर्छ। यदि उसको यो बानी गलत बानीको कारण हो भने सहि बानीले र गलत संगतले हो भने सहि साथिको चुनावले परिवर्तन गर्नु पर्छ।

५- व्यक्तिले मानिससँग आफ्नो नियत, षड्यन्त्र र इरादालाई सच्याउनुपर्छ।  अल्लाहबाट इनाम र दयाको आशामा क्रोधित,षडयन्त्रकारी र ईर्ष्यालू हुनु हुदैन । यसले उसलाई गाली र श्राप नगर्न मद्दत गर्नेछ।

**शिर्क र बिदअतका शब्दहरू:**

शिर्क: धर्मको सम्बन्धमा मानवको शिर्क दुई प्रकारका छन्।

शिर्क अकबर: यो अल्लाहसँग उसको प्रभुत्व, ईश्वरत्व वा उसको अरु गुणहरूमा अरु कसैलाई सामेल गर्नु ।

शिर्क असगर: यो कपट हो, हदीस शरीफमा वर्णन गरिएको छ। "म तिमीहरु प्रती सबैभन्दा धेरै शिर्क असगरसँग डराउँछु। उहाँसङ्ग यो भनेको के हो भनेर सोधियो, उहाँले भन्नुभयो यो कपट हो"।

बिदअत: यस्तो कुराहरु पेश गर्नु जसमा शरिअतको पालना हुदैन ।

केही उदाहरणहरू निम्नानुसार छन्:

१- अल्लाह बाहेक अरूको कसम खानु।

मानिसले दुई किसिमले कसम खान्छन या त अल्लाहको नामको र उहाँका गुणहरूद्वारा र यसमा कुनै आपत्ति छैन। अल्लाह बाहेक अरूको कसम खानु र यस कसमको सम्बन्धमा अल्लाहका रसूलले भन्नुभएको छ: यदि कसैले अल्लाह बाहेक अरू कसैको कसम खान्छ भने उसले शिर्क वा कुफ्र गऱ्यो । यो हदीसले अल्लाह बाहेक अरूको कसम खानु शिर्क हो भनेर प्रमाणीकरण गर्छ र अरु कसैको नाममा कसम खानुको गम्भीरता तर्फ इसारा गर्छ। जस्तो कि कसैको कुनै महान व्यक्ति वा पैगम्बरहरूको कसम खानु वास्तवमा अल्लाह बाहेक अरु कसैको कसम खानु जायज छैन। किनकि कसमले कसम खाएको व्यक्तिको सम्मान दर्शाउछ अल्लाह बाहेक अरू कसैको आराधना (ताजिम) हुन सक्दैन । मुस्लिम समुदाय माथी आफ्नो सन्तानको प्रशिक्षण अल्लाहलाई मनपर्ने चिजहरुलाई अगाडी राखेर दिन जरुरी छ न कि आफूलाई मन पर्ने कुराहरु ।

**२- "अल्लाह र तिमी जे चाहान्छौ" भन्नु:**

शाब्दिक खराबीहरू मध्ये एउटा मुसलमानले यो भन्नु "जो अल्लाह र तिमिले चाहान्छौ" यसरी उसले प्राणीहरूको इच्छालाई सृष्टिकर्ताको इच्छासँग जोडिदिन्छ र यसमा शिर्क छ। किनभने पैगम्बर मुहम्मद सल्लल्लाहु अलैही वसल्लम देखि वर्णन छ: एउटा यहुदी पैगम्बर सल्लल्लाहु अलैही वसल्लमको सेवामा आयो र भन्यो: तिमीहरु शिर्क गर्छौ। तपाईहरु भन्नुहुन्छ: "अल्लाह र तिमिले जे चाहानुहुन्छ" र तिमी भन्छौं "काबाको कसम" रसूलुल्लाहले साथीहरूलाई आदेश दिनुभयो र भन्नुभयो, "यदि तिमिहरू कसम खान चाहान्छौ भने काबाको रबको कसम भन र यो पनि भन्न सक्छौ:"अल्लाह जे चाहानु भयो र फेरि तिमिले जे चाह्यौ।

अमर बिन शर्जील बाट वर्णन छ उहाँ अब्दुल्लाह देखी वर्णन गर्नुहुन्छ : मैले अल्लाहको रसूलसङ्ग सोधें: अल्लाहको नजरमा सबैभन्दा ठूलो पाप के हो? उहाँले भन्नुभयो: "अल्लाहसँग कसैलाई साझेदार बनाउनु जबकि अल्लाहले तिमिलाई सृष्टि गरेका हुन।" यो हदीस शिर्कको गम्भीरता प्रति एउटा प्रमाण हो। पहिलो हदीस अल्लाहले र तिमीले जे इच्छा गऱ्यौं भन्नू शिर्क को प्रमाण हो " मानिसले अल्लाहको जे इच्छा र फेरि तिम्रो इच्छा भन्नू भन्दा जे अल्लाहले इच्छा गर्नु भयो भन्नु उत्तम हो । वल्लाहु अअलम

**अल्लाहको वचनको खिल्ली उडाउनु**

सबैभन्दा घृणित मौखिक खराबीहरू मध्ये ती शब्दहरूको उच्चारण गर्नु जसमा अल्लाहको वचनको खिल्ली हुन्छ। अल्लाह तआला यस्ता पाखण्डी र अल्लाहको वचनको खिल्ली उडाउँनेलाई लक्षित गेरर सुरह तौबामा भन्नुहुन्छ ।

{وَلَئِن سَأَلْتَهُمْ لَيَقُولُنَّ إِنَّمَا كُنَّا نَخُوضُ وَنَلْعَبُ قُلْ أَبِاللَّهِ وَآيَاتِهِ وَرَسُولِهِ كُنتُمْ تَسْتَهْزِئُونَ}[التوبة:65]

र, यदि तिमीले तिनीहरूलाई (के कुरा गर्दै थियौ भनी) सोध्यौ भने तिनीहरूले स्पष्ट रूपमा भन्नेछन्– हामी त्यसै गफसफ र ख्याल ठट्टा गर्दै थियौं । [ ] भनिदेऊ– के तिमीहरू अल्लाह, उनका आयतहरू र उनका रसूलको ठट्टा गर्दै थियौ ?

तफसीरको किताबमा उल्लेख छ कि पाखण्डीहरूको एउटा समूहले मुस्लिम र उनीहरूको धर्मलाई खिल्ली उडाउदै भने : हामीले यसता पढ्नेवाला (यसबाट रसूलुल्लाह र उहाँका साथीको संज्ञा लिरहेका थिए ) पेटको इच्छा राख्ने वाला, झूटा र भेटको समय कायरता देखाउनेवाला देखेनौ । तिनीहरु रसूलुल्लाह सामु माफी माग्दै र भन्दै आए हामी त केवल मजाक र खेल ठट्टा गर्दै थिए । सुरह अल तौबामा अल्लाह भन्नुहुन्छ ।

{أَبِاللَّهِ وَآيَاتِهِ وَرَسُولِهِ كُنتُمْ تَسْتَهْزِئُونَ}[التوبة:65]

अनुवाद: के तिमीहरू अल्लाह, उनका आयतहरू र उनका रसूलको ठट्टा गर्दै थियौ ?

तसर्थ अल्लाह र उहाँको दुतको मजाक उडाउनु भनेको धर्मबाट निष्कासन र कुफ्र हो। किनकि धर्मको असल अल्लाह र उहाँका दुतको श्रद्धामा आधारित छ र तिनीहरूमध्ये कुनै पनि कुराको मजाक उडाउनु यो असलको इन्कारी हो।

एउटा मुसलमानलाई अल्लाह, उहाँका दुत र उहाँको धर्मको मजाक बनाउने व्यबहार देखी टाढा रहनुपर्छ।

**४- समयलाई गाली दिनु :**

समयलाई गाली र श्राप गर्नु नैतिक खराबीहरू मध्ये एक हो। किनभने नबी सल्लल्लाहु अलैही वसल्लम सङ्ग वर्णन छ।अल्लाह तआला भन्नुहुन्छ: आदमको छोराहरु मलाई दुख दिन्छन, जब उसले समयलाई गाली गर्छ।"म नै त्यो समय हुँ र म नै रातलाई दिनमा र दिनलाई रातमा परिवर्तन मिलाउँछु । अर्को हदीसमा छ: "समयलाई गाली नदेउ, अल्लाहनै समय हुन"

उहाँ जमाना हुनुहुन्छ यस आधारमा कि उहाँ वेदनालाई अन्जाम दिनुहुन्छ ।

म नै जमाना हुँ अर्थात् म नै जमानालाई तल माथि गर्ने रब हुँ र यसमा उहाँ वास्तवमा हुनुहुन्छ । अल्लाह तआला हामीलाई यो हदीस कुदुसीमा भन्नुहुन्छ, "आदमको छोराहरु कहिलेकाहीँ अल्लाहलाई मन नपर्ने कार्य गर्छन। यसमा जमानालाई गाली दिनु र दुःखको श्रेय उहाँ तर्फ संबंधित गर्नु हो । किनभने अल्लाह युगको मालिक हुनुहुन्छ, उहाँनै यसलाई चलाउनु हुन्छ र उहाँ यसैमा जाहेर हुनुहुन्छ त जमानालाई गाली गर्नु उसको मालिकलाई गाली गर्नु सरह हो । "अल्लाहका दुतले जमानालाई गाली गर्न देखी यो भन्दै मनाही गर्नुभएको छ। अल्लाह तआलानै युगको पूर्ण

मालिक हो र उहाँनै यसलाई चलाउनु हुन्छ र वहाँ यसमा जाहेर हुनुहुन्छ । यसको ताकेता हदीसे कुदुसी देखि पनि हुन्छ।

**५- हावालाई गाली दिनु :**

वास्तवमा इस्लाम असल आचरणको आदेश दिन्छ र खराब आचरण देखी रोक्छ। यहीँ कारण अल्लाहका दुतले हावालाई गाली र श्राप गर्न देखि निषेध गर्नु भएको छ। यो यस कारण कि हावा पनि अल्लाहको सृष्टि मध्य एक हो र हावा अल्लाह तआलाको आदेशले चल्छ, रोकिन्छ , फाइदा वा हानि गर्छ। त्यसैले यसलाई गाली दिनु उसको मालिकलाई गाली दिनु हो।

अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम ले भन्नुभयो: "तिमीहरू हावालाई गाली नगर। जब तिमीहरूले कुनै अप्रिय चीज देख्छौ भने भन: हे अल्लाह! हामी यो हावाको राम्रो र यसमा भएको राम्रो र आदेश भएका मध्य राम्रो चीजहरू माग्छौं र यस हावाको खराबी र आदेश भएका खराबीबाट शरण माग्छौं।

हे मुस्लिमहरु इस्लामको उच्च र महान शिक्षा माथि विचार गर। यसले मुस्लिमलाई अल्लाहका सृष्टिहरूसँग राम्रो शब्दको प्रयोग गर्न र खराब शब्द देखि टाढा रहन सिकाउँछ। एउटा मुमीनको लागि आफ्ना शब्दहरूलाई नैतिक खराबीबाट शुद्ध पार्न जरुरी छ। आफ्नो मालिक अल्लाह तआला,नबी सल्लल्लहु अलैही वसल्लम र सबै सृष्टिहरुको असल आचरण माथी प्रशिक्षण गर ।

**ती माध्यमहरु जसको कारण शिर्क र बिदअतका (नयाँ व्यवधान) शब्दहरूको प्रयोगको कारणहरू बन्छन :**

१-वातावरण- मानिसको यस्तो वातावरणमा जन्मनु र हुर्किनु जहाँ धेरै बिदअतको रजगज छ । ऊ त्यो वातावरण देखी प्रभावित भएर त्यसैको सिको गर्छ र उसको आफ्नो बोलचालीमा यी शब्दहरु सामान्य हुन्छन। जस्तैः केही मानिसहरुको भन्नु नबीको कसम, मेरो इज्जतको कसम मेरो सन्तानको प्राणको कसम ।

२- शैतानले मानिसलाई केही खराब शब्दहरू आकर्षक बनाएर पेश गर्नु।

३- निश्चित केहि गैर-शरयी शब्दहरूले आवश्यकता वा कष्टलाई टाढा गरिदिन्छ भनेर विश्वास राख्नु।

४- उलमाको भेषमा भएका अशिक्षितलाई पछयाउँनु, जो शिर्क र बिदअतका शब्दहरु प्रयोग गर्छन्।

५- अन्य धर्मसँग प्रभावित हुनु ।

**यसको विनाशहरु :**

शिर्क अकबर कर्महरूलाई नष्ट गर्ने कार्य हो। अल्लाह तआला सुरह जुमरमा भन्नुहुन्छ ।

{وَلَقَدْ أُوحِيَ إِلَيْكَ وَإِلَى الَّذِينَ مِنْ قَبْلِكَ لَئِنْ أَشْرَكْتَ لَيَحْبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ الْخَاسِرِينَ}[الزمر:65]
(हे नबी स.!) तिमीतर्फ र तिमीभन्दा पहिलेका (नबीहरू) तर्फ यही वह्य गरिएको थियो कि यदि तिमीले साझेदार ठहर गर्यौ भने तिम्रो कर्म खेर जानेछ र तिमी अवश्य नै घाटा बेहोर्नेहरूमध्ये हुनेछौ।,

२- जो कोहि अल्लाह तआला सङ्ग अरु कसैलाई साझी गर्छ र बिना तौबा (पश्चात्ताप ) उसको मृत्यु हुन्छ भने अल्लाह तआला उसको मग्फिरत ( मोक्ष ) गर्ने छैनन्। अल्लाह तआलस सुरह निसामा भन्नुहुन्छ:

{إِنَّ اللهَ لاَ يَغْفِرُ أَن يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَلِكَ لِمَن يَشَاء وَمَن يُشْرِكْ بِاللهِ فَقَدِ افْتَرَى إِثْمًا عَظِيمًا}[النساء:48]
आफूसित कसैलाई साझेदार बनाउने कार्य (शिर्क) लाई अल्लाहले कदापि क्षमा गर्ने छैनन् तर यसबाहेकका अन्य पाप जसको लागि चाहनेछन् क्षमा गर्नेछन्। जसले अल्लाहसित (कसैलाई) साझेदार बनायो उसले वास्तवमा एउटा ठूलो पापको संरचना गर्यो।

३- शिर्कले अल्लाहको अजाबलाई अनिवार्य गर्छ। अल्लाहका दुतले भन्नुभएको छ। जसको मृत्यु शिर्कको अवस्थामा हुन्छ त्यसतो व्यक्ति नरकमा जानेछ।

शिर्क मानिसको हृदयलाई माध्यमको सिलसिलामा सृष्टिकर्ताको सट्टा सृष्टिसङ्ग जोडिदिन्छ। जसको माध्यमबाट ऊ असलको आशा र खराब देखी टाढा हुने इरादा राख्छ।

४- शिर्कले मानवको नैतिकतालाई तल झाडिदिन्छ। जसले गर्दा मानिस प्राणीको अगाडि अपमानित भएर झुक्छ। जस्तो कि प्राणी आफ्नो सृष्टिकर्ताको अगाडि अपमानित हुन्छ।

५- शिर्कले मानिसको बुद्धिलाई कम गरिदिन्छ र यसको माध्यमले ऊ कमजोरी र अपमानमा पुग्छ। किनभने उसको हृदय भलाइको चाहना र शिर्कलाई टाढा गर्न ढुङ्गा, रूख र जनावरहरूसँग जोडिएको हुन्छ। ती चिज देखि डराउछ र त्यसमा आशा र माया राख्छ जो प्राणीहुन अल्लाहको इरादा बिना हानी नोक्सानी पुर्‍याउन देखि असमर्थ छन।

अल्लाह तआला सुरह हजमा भन्नुहुन्छ :

{يَاأَيُّهَا النَّاسُ ضُرِبَ مَثَلٌ فَاسْتَمِعُوا لَهُ إِنَّ الَّذِينَ تَدْعُونَ مِن دُونِ اللهِ لَن يَخْلُقُوا ذُبَابًا وَلَوِ اجْتَمَعُوا لَهُ وَإِن يَسْلُبْهُمُ الذُّبَابُ شَيْئًا لاَّ يَسْتَنقِذُوهُ مِنْهُ ضَعُفَ الطَّالِبُ وَالْمَطْلُوبُ}[الحج:73]
हे मानव हो ! एउटा उदाहरण बयान गरिन्छ यसलाई ध्यानपूर्वक सुन। अल्लाहलाई छोडी तिमीहरू जसलाई पुकार्छौ, तिनीहरूले एउटा झिङ्गासम्म सृष्टि गर्न सक्दैनन्, चाहे त्यसकोनिम्ति तिनीहरू सबै एकजुट नै किन नहोऊन्। र, कुनै झिङ्गाले तिनीहरूको कुनै वस्तु खोसेर लगेमा तिनीहरूले त्यसबाट त्यो वस्तु पनि छुटाउन सक्दैनन्। सहायता माग्नेवाला पनि दुर्बल र जोसित सहायता मागिन्छ त्यो पनि दुर्बल !

**समाधानका केही उपायहरु:**

समाधानका केही उपायहरूयस प्रकार छन्:

१-तौहीदलाई जान्नु र त्यसमा कटिबद्ध हुनु। किनभने अज्ञानता दुवै प्रकारको शिर्कमा पर्ने मुल आधार हो। शिक्षा, अध्यन, प्रश्न गरेर र विद्वानको संगतबाट प्राप्त हुन्छ।

२- मानिस एकेश्वरवादको ( तौहीदको ) त्यो स्थान देखि जानकार होस जसलाई यदि उसले प्राप्त गर्‍यो भने स्वर्गमा प्रवेश गर्नेछ। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले अल्लाह सङ्ग यस्तो अवस्थामा भेट्यो जहाँ उसले अल्लाहसँग कसैलाई साझी बनाएको छैन भने उसको स्वर्गमा प्रवेश हुनेछ। जसले अल्लाह सङ्ग यस्तो अवस्थामा भेट्यो जहाँ उसले अल्लाह सङ्ग अरुलाई साझी बनाएको छ भने उसको नरकमा प्रवेश हुनेछ ।

३- शिर्क र बिदअतका शब्दहरु केवल तौहीदको वास्तविकताबाट अनजान भएका अज्ञानीहरूले मात्र बोल्छन भनेर जानकार हुनु र मुस्लिमलाई आफू अज्ञानीहरूमध्ये भएकोमा लज्जाबोद गर्नुपर्दछ।

४-असल व्यबहारको चरीत्र हुनु जसले वचन र कर्मद्वारा एकेश्वरवादको वास्तविकतालाई समर्थन गरोस् ,किनभने मानिसहरूलाई सधैं यस्तै व्यबहारको आवश्यकता हुन्छ। जब मूशा अलैही अस सलामको समुदायले आफ्नो नबी सङ्ग समुद्र पार गरे अनि जब तिनीहरूले मुर्ती पुजकलाई पुजामा मग्न पाए तब तिनीहरूले मुसा अलैही अस सलाम सङ्ग त्यसैको माग गरे। तर मूसा अलैही अस सलाम असल तरिका प्रस्तुत गर्दै आएका थिए उहाँले तिनीहरूलाई मनाही गर्नु भयो र यसको वास्तविकतालाई स्पष्ट पार्नु भयो । अल्लाह भन्नुहुनछ:

{وَجَاوَزْنَا بِبَنِي إِسْرَآئِيلَ الْبَحْرَ فَأَتَوْاْ عَلَى قَوْمٍ يَعْكُفُونَ عَلَى أَصْنَامٍ لَّهُمْ قَالُواْ يَامُوسَى اجْعَل لَّنَا إِلَـهًا كَمَا لَهُمْ آلِهَةٌ قَالَ إِنَّكُمْ قَوْمٌ تَجْهَلُونَ}[الأعراف:138]

अनि, हामीले इस्राईलका सन्तानहरूलाई समुद्र पार गरायौं । र, तिनीहरू यस्तो समुदायका मानिसहरूकहाँ आए जो आफ्ना केही मूर्तीहरूसमक्ष बसेका थिए । तिनीहरूले भने– हे मूसा यिनीहरूका उपास्यहरूझैं हाम्रोलागि पनि एउटा उपास्य बनाइदेऊ । मूसाले भने– वास्तवमा तिमीहरू अति अज्ञानी मानिस रहेछौ ।

{إِنَّ هَـؤُلاء مُتَبَّرٌ مَّا هُمْ فِيهِ وَبَاطِلٌ مَّا كَانُواْ يَعْمَلُونَ}[الأعراف:139]

निस्सन्देह तिनीहरू जुन कार्यहरूमा लिप्त छन् त्यो नष्ट हुनेछ र तिनीहरूले गरिरहेका कार्यहरू नितान्त असत्य छन् ।

५- त्यसता शिक्षण संस्था र विधीहरु उपलब्ध होस जहाँ पुस्तालाई सही ईमान र सही शब्दहरूमा तालिम दिने व्यवस्था उपलब्ध होस् ।

## दोस्रो विषय:

### श्रव्य एवं दृश्यका खराबीहरु:

निस्सन्देह सुनाइ र हेराई धेरै ठूलो वरदान मध्य हो र यी दुवै ज्ञानको माध्यम हुन्। मानिस आफ्नो आँखाले अल्लाहका निशानीहरू र यस संसारका दृश्यहरुको अवलोकन गर्छ। आफ्नो श्रवणद्वारा वाक्य, शब्द र आवाज सुन्छ र समझ,ज्ञान् र सदुपदेश प्राप्त गर्दछ। तर यी वरदानहरु को सहि उपयोग को लागी मान्छे को जिम्मेदारी पनि धेरै महत्त्वपूर्ण छ। एउटा मुमीनले आफ्नो श्रवण र दृश्यको प्रयोग केवल अल्लाहको प्रसन्नताको लागि प्रयोग गर्नुपर्छ ।

यसलाई हराम चिजमा प्रयोग गर्नु नैतिक बेइमानी हो। जसको व्याख्या तल गरिदैछ।

**गीत संगीत सुन्नु:**

उज्फ भनेको संगीत वाद्ययन्त्रसँग खेल्नु हो, यो तब्ला र अन्य यस्तै बजाउने सामाग्री हो।

आजिफ (संगीतकार) त्यो व्यक्ति जसले संगीत वाद्ययंत्र बजाउँछ र गाउँछ ( लिसान अल-अरब इब्न मन्जूर ९/३)।

अल्लामा कुरतुबीले अल्लामा जौहरीबाट उद्धृत गरेका छन् कि मुआजिफ संगीत हो, यो रमिते सामाग्री हो। अर्को भनाइ अनुसार यसको अर्थ रमिते खेलकुदको आवाजहरू हुन। दिम्यातीको नोटमा भनिएको छ,मआजिफ तब्ला र अन्य यस्तै बजाउने यन्त्र हुन । संगीत र हरेक खेल तमासामा यो शब्द लागु हुन्छ ( इब्न हजर फतह अल बारी १०/५५)।

गीत संगीतको हुक्म:

अल्लाह तआला सुरह लुक्मानमा भन्नुहुन्छ:

{وَمِنَ النَّاسِ مَن يَشْتَرِى لَهْوَ الْحَدِيثِ لِيُضِلَّ عَن سَبِيلِ اللَّهِ بِغَيْرِ عِلْمٍ وَيَتَّخِذَهَا هُزُوًا أُولَٰئِكَ لَهُمْ عَذَابٌ مُّهِينٌ}[القمان:6]

अनि, मानिसहरूमध्ये यस्ता पनि छन् जो बहलाउने कुरालाई किन्ने गर्छन् ताकि ज्ञान बिना नै अल्लाहको मार्गबाट रोकून् र यी आयतहरूको खिल्ली उडाऊन् । यस्ता मानिसहरूकालागि अपमानजनक यातना रहेको छ ।

लहवल हदीसको अर्थ बेखबर गर्ने वस्तु, इब्न मसुद, इब्न अब्बास र अन्यका अनुसार संगीत हो र संगीत किताब र सुन्नतले निषेध गरेको छ।

अल्लामा कुरतुबी भन्छन् ( अल कुर्तुबी अल जामे लिअह्काम अल-कुरआन१३/२४ ): यो आयत ती तीन श्लोकहरू मध्ये एक हो जसबाट उलमाहरूले संगीतको अनिच्छा र हरामको तर्क गरेका छन्, दोस्रो आयत सुरह अन-नज्म

{وَأَنْتُمْ سَامِدُونَ}[النجم:61]

बरु तिमीहरू अहङ्कारी भई खेल कूदमा मग्न छौ ।

"समद" हमीरी भाषामा यसको अर्थ संगीत हो।

तेस्रो आयत सुरह इस्रा

{وَاسْتَفْزِزْ مَنِ اسْتَطَعْتَ مِنْهُمْ بِصَوْتِكَ }[الإسراء:64]

अनि, तिनीहरूमध्ये ज–जसलाई तिमी बहकाउन सक्छौ आफ्नो आवाजले बहकाऊ ।

इमाम मुजाहिद भन्छन्: यो आयतले संगीत र भजनलाई जनाउँछ।

पैगम्बरले भन्नुभयो: "मेरो उम्मामा निश्चित रूपमा केही यस्ता मानिसहरू हुनेछन् जसले व्यभिचार, रेशम, रक्सी र संगीतलाई हलाल भन्नेछन।" ( सहीह अल-बुखारी३/१३ हदीस नम्बर ५५९०९)

कुरआनका यी आयतहरु, रसूलुल्लाहका हदीस र यसमा उलमाको बुझाइले यस अध्यायमा इस्लामको मान्यतालाई स्पष्ट गर्छ।

अश्लीलता रहित संगीतहरू सुन्नु, जसरी अरबहरू आफ्ना कविता वाचन गर्थे त्यसको हुकम फरक छ। इमाम कुर्तुबी भन्नुहुन्छ जुन गीत हिट हुन्छ, जो आत्मालाई क्रियाशिल गर्छ र हृदयलाऊ मनोकांक्षा र अश्लीलता तर्फ पप्रेरित गर्छ। जुन कवितामा महिलाहरूको उल्लेख हुन्छ,उनिहरुको गुणको बखान हुन्छ,मदिरा र निषेधित वस्तुको बयान हुन्छ त्यसको हराम हुनुमा कुनै मतभेद छैन, किनभने यो खेल तमासा र निन्दनीय संगीत हो। तर ईद,विवाह र पर्व जस्ता खुशीका अवसरहरूमा यी चीज रहित कवित भने सुन्न सकिन्छ । जस्तैः खाडल खन्ने समयमा कविता वाचन गर्नु वा सलमा बिन अल-अकूको हदी पढ्नु र कठिन कार्यहरू गर्दा शक्ति प्राप्त गर्न कविता वाचन गर्ने अनुमति छ। आजका सुफीहरूले युवा केअटिहरु सँग सुन्न आविष्कार गरेका संगीतयन्त्र सुन्नको लागी हराम छ। ( कुतुबी अल-जामे लिअहकाम अल-कुरआन १३/३८ )

**कारणहरु:**

संगीत सुन्नुको धेरै कारणहरू छन्, यदि कसैले तिनीहरूलाई अपनाउँछ भने त्यो व्यक्ति असफल हुन्छ र यदि कसैले तिनीहरूलाई त्याग्छ भने त्यो व्यक्ति सफल हुन्छ। केही प्रमुख कारणहरू यस प्रकार छन्:

१- खराब मानिसहरूले सुरिलो आवाजका धनिहरुलाई संगीतको लागि आफ्नो स्वर प्रयोग गर्न प्रोत्साहन गर्नु र धन र प्रसिद्धिको प्रलोभन दिनु।

२- संगीतको माध्यमबाट प्रशिध्दीको चाहना राख्नु र इच्छामा लिप्त हुनुलाई मन पराउँनु।

३- जुन परिवेशमा मानिसको पालनपोषण हुन्छ, त्यो घर,मदर्सा,गाउँ र शहर जे पनि हुन सक्छ। यदि त्यो वातावरणले संगीत सुन्न र प्रयोग गर्न प्रोत्साहन गर्छ भने मानिसमा त्यसप्रति माया र सुन्नेको चाहना बढ्छ ।

४- संगीतकार र संगीत रुचाउनेहरूको संगतले व्यक्तिलाई उनीहरूको नक्कल गर्न बाध्य बनाउँछ।

५- यस सम्बन्धमा मानिसको शरियाका नियमहरू देखी अज्ञानता , केहि शरियाका ज्ञानसँग सम्बन्धित व्यक्तिहरू संगीत सुन्नुलाई धार्मिक ग्रन्थहरूको अनावश्यक व्याख्या  गरेर जायज ठहराउँछन।

**सांगीतका बेफाइदाहरु:**

सङ्गीतको प्रकोप र विपत्तिहरू व्यक्ति, समाज र परिवारको लागि संसार र परलोक दुवै ठाउँमा अत्यन्तै भयावह छ। जसलाई तल व्याख्या गरिदैछ ।

१- यसले मानिसलाई अल्लाहको जप बाट रोक्छ, किनकि यो यसको माध्यम हो। अल्लाह तआला सुरह लुक्मानमा भन्नुहुन्छ:

{وَمِنَ النَّاسِ مَن يَشْتَرِي لَهْوَ الْحَدِيثِ لِيُضِلَّ عَن سَبِيلِ اللَّهِ بِغَيْرِ عِلْمٍ وَيَتَّخِذَهَا هُزُوًا أُولَٰئِكَ لَهُمْ عَذَابٌ مُّهِينٌ}[لقمان:6]

अनि, मानिसहरूमध्ये यस्ता पनि छन् जो बहलाउने कुरालाई किन्ने गर्छन् ताकि ज्ञान बिना नै अल्लाहको मार्गबाट रोकून् र यी आयतहरूको खिल्ली उडाऊन् । यस्ता मानिसहरूकालागि अपमानजनक यातना रहेको छ ।

इब्न अल-कैयीम भन्छन्: तपाई जस कसैलाई पनि संगीत र उसको उपकरणहरू सुन्नमा व्यस्त देख्नुहुन्छ। ऊ वास्तवमा शैक्षिक र व्यावहारिक रूपमा मार्गदर्शनको मार्गबाट विचलित भएको हुन्छ । उसलाई संगीत सुन्नुमा जति रुचि हुन्छ कुरआन सुन्नमा हुदैन ( इब्न अल कैयीम १/२८४  ) ।

२- संगीतले हृदयमा अश्लीलता पैदा गर्छ, इब्न अल-कैयीम भन्नुहुन्छ: यो शैतानको कुरआन हो र रहमानको दयाको लागि बाधा हो। यसको माध्यमबाट दुष्ट प्रेमीले आफ्नो प्रेमीलाई चोट पुऱ्याउँछ र यसद्वारा शैतान असत्य आत्माहरुलाई धोका दिन्छ र यसैलाई असल को रूपमा प्रस्तुत गर्छ ( पूर्व सन्दर्भ १/२५९ ) ।

३- संगीतमा व्यस्त हुनेको सहादतलाई अस्वीकार गरिन्छ। अल्लामा कुरतुबी भन्नुहुन्छ: सधैं संगीतमा व्यस्त रहनु यस्तो मूर्खता हो जसद्वारा सहादतलाई अस्वीकार गरिन्छ, तर यदि ऊ सधैं व्यस्त रहदैन भने यो अस्वीकार गरिनेछैन ( कुतुबी अल-जामे लिअहकाम अल-कुरआन १३/३८ )।

४- संगीतको कारण हृदयमा पाखण्ड बढ्छ, इमाम अहमदका छोरा अब्दुल्लाह भन्छन्: मैले आफ्नो बुबासङ्ग संगीतको बारेमा सोधेँ, उहाँले भन्नुभयो: संगीतले मनमा पाखण्ड पैदा गर्छ मलाई यो मन पर्दैन। त्यसपछि उहाँले इमाम मालिकको भनाई नकल गर्दै भनेः हाम्रोमा यो खराब मानिसहरू द्वारा गर्छन् (इब्न अल कैयीम १/२४८)।

५- यसैगरी यसको एउटा दुर्गुण भनेको यसबाट प्राप्त हुने सबै कुरा हराम हुन्छ, यसबाट पुण्य प्राप्त गरेको अमान्य,यस मार्फत कमाएको धन र माल खानु अमान्य छ जस्तै लाश वा रगतको कमाइ खानु अमान्य छ। कोहि व्यक्ति संगीतमा पैसा खर्च गर्छन् त्यो खर्च गर्नु हराम हो( पूर्व सन्दर्भ १/२५९)।

६- यसैगरी यसले विनम्रतालाई कम गर्छ र वासना बढाउँछ । यजीद बिन वलीद भन्नुभयो: हे बनी उमैयाह! संगीतबाट सावधान बस यसले विनम्रता घटाउँछ, वासना बढाउँछ र ईखलाई नष्ट गर्छ ( पूर्व सन्दर्भ १/२४६ )।

७- यो मनोकांक्षाको स्रोत हो ,व्यभिचारको लागि यसले मार्ग प्रशस्त गर्दछ र बुद्धिलाई यसले ढाक्छ। कयौ स्वतन्त्र महिलाहरू संगीतको लतको कारण अनैतिक भएका छन, भने कयौं स्वतन्त्र पुरुषहरू दास बनेका छन,कयौं धनी गरिब भएका छन र कयौं जानकारहरु यस सङ्ग परिचीत भए पछि उनिहरु माथी दुख देखी ग्रसित हुन थाले बर्सिन ( पूर्व सन्दर्भ १/२६३ )।

**समाधानका केही उपयोगी उपायहरू :**

१-कुरआनको धेरै भन्दा धेरै तिलावत र मनन गर्नु, यो मुमीनहरूको लागि सन्तुष्टि हो, यो सबै प्रकारको डर विरुद्धको आश्वासन हो र दुख कष्ट देखी सुख र खुशी हो।

अल्लाह तआलक सुरह रअदमा भन्नुहुन्छ:

{الَّذِينَ آمَنُواْ وَتَطْمَئِنُّ قُلُوبُهُم بِذِكْرِ اللّهِ أَلاَ بِذِكْرِ اللّهِ تَطْمَئِنُّ الْقُلُوبُ}[الرعد:28]

ती व्यक्तिहरू जो ईमान ल्याउँने हुन् र जसको हृदयले अल्लाहको स्मरणबाट सन्तुष्टि प्राप्त गर्छन् । र, जानिराख अल्लाहको स्मरणबाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन् ।

२- सांगीतिक ठाउँ र सांगीतिक मानिसहरूबाट टाढा रहनु, किनभने प्रेमले समानतालाई चाहान्छ।

३- यस्तो ज्ञानको अध्यनमा व्यस्त हुनु जसले बुद्धिको विकास र त्यसमा नूर बढाउछ।

४- घर,मदर्सा र सबै संस्थामा सही इस्लामिक प्रशिक्षण गर्नु।

५- मस्जिदको मेम्बर र मिडिया मार्फत जनतालाई यसको विशेषतालाई उजागर गर्ने।

## जासुसी :

### जासुसीको शाब्दिक अर्थ:

गोप्य चीजहरूको पछि लाग्नु, प्राय यो खराब चीजहरूको लागि प्रयोग गरिन्छ। यो पनि भनिएको छ कि गल्ती कमि कमजोरीलाई खोज्नु जासुसी हो र जासूस त्यो हो जो जिज्ञासामा लिप्त हुन्छ ( लिसान अल-अरब इब्न मन्जूर ६/ ३८)।

### परिभाषित अर्थ:

मानिसहरूको जिज्ञासु हुनु भनेको उनिहरुको गल्तीहरूलाई पछयाउनु हो,जब उनिहरु एकान्तमा हुन्छन, उनीहरूलाई हेरेर जबकी उनिहरुलाई यसको आभास समेत नहोस्,वा उनीहरूले थाहा नपाउने गरि कुरा सुन्नु अथवा कुनै पनि मामिला र गोप्य डाटाहरु उनिहरुको अनुमती बिनै प्राप्त गर्नु र जानकारी संकलन गर्नु ( अब्द अर रहमान अल मैदानी अल अख्लाक अल इस्लामिया व अस्ससहा२/२३९)।

मुसलमानको पछाडी जिज्ञासामा लिप्त हुनु, उनिहरुको कमि कमजोरीलाई पछयाउँनु, उनीहरूको हरेक चाल र कार्यको चियो गर्नु,त्यो गुनाह मध्य एक हो जसलाई इस्लामले मनाही गरेको छ। अल्लाह तआला सुरह अल हुजुरातमा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِّنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ وَلَا تَجَسَّسُوا وَلَا يَغْتَب بَّعْضُكُم بَعْضًا أَيُحِبُّ أَحَدُكُمْ أَن يَأْكُلَ لَحْمَ أَخِيهِ مَيْتًا فَكَرِهْتُمُوهُ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ تَوَّابٌ رَّحِيمٌ}[الحجرات:12]

हे आस्थावानहरू हो ! अधिकांश अनुमानहरु बाट बच्ने गर । किनभने केही अनुमान पाप हुन्छन्, र जासूसी नगर । र, तिमीहरूमध्ये कसैले कसैको चुक्ली नलगाओस् । के तिमीहरूमध्ये कोही आफ्नो मृत भाइको मासु खान रूचाउँछ ? तिमीहरू त्यसलाई अवश्य घृणा गर्छौ। र, अल्लाहको भय राख । निस्सन्देह अल्लाह प्रायश्चित स्वीकारकर्ता तथा परम दयालु छन् ।

**जिज्ञासा**: को अर्थ खोज्नु र यसैबाट जासुस रहेको छ अर्थात, राजहरू खोज्ने मानिस। तहस्सुको अर्थो हो त्यो व्यक्ति जसले इन्द्रिय अनुभुती मार्फत थाहाँ गर्छ (कुर्तुबी लि अहकाम अल-कुरआन १६/२१८)

रसूलुल्लाहले भन्नुभयो: हे ती जनमानसहरु जसले आफ्नो मुखले इस्लाम ल्याए तर ईमान उनीहरुको हृदयमा प्रवेश गरेन!मुस्लिमहरूलाई दुख नदेउ उनीहरूलाई लज्जित नगर र उनिहरुको गोप्य राजको पछाडी नलाग। जो व्यक्ति आफ्नो मुस्लिम भाईको गोप्य राजको पछाडी लाग्छ, अल्लाह तआला उसको राजको पछि लाग्नु हुन्छ र जसको पछाडी अल्लाह लाग्नु हुन्छ अल्लाह उसलाई उसको सवारीमा पनि अपमानित गर्दिन्छन (अबू दाऊद अस सुनन ५/१९५-१९६ हदीस नम्बर ४८८० तिर्मिजी अल-जामे४/३३१-३३२ हदीस नम्बर २०३२)।

थप अर्को हदीसमा भन्नुहुन्छ : शंकाबाट सावधान रहनुहोस् किनकि शंका सबैभन्दा ठूलो झूट हो। जिज्ञासु,क्रोध, ईर्ष्या र द्वेष नगर्नुहोस् । आफ्नो भाइको पछाडि कुरा काट्ने नगर , सबै भाइ-भाइ बनेर बस।( पूर्व सन्दर्भ )

कतिपय मानिसहरु यस्ता हुन्छन् जब उनिहरुले चियो गर्न ढोका झ्यालमा सानो दुलो भेटाउछन अनि उनीहरुको गाठो खुल्छ । उनिहरु मुस्लिमहरुको त्रुटीको पिछा गर्छन,यो कार्य गरेर प्राप्त हुन पाप देखी अनजान भएर आनन्दित हुन्छन् । हुजूर सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: " जो व्यक्ति कसैको घरमा बिना अनुमति चियाउछ उसको आँखा फोडिदेउ,यसको दियत न बदला हुनेछ (नसई ८/१६ हदीस नम्बर ४८६० इमाम अल बानीले हदीस हसन सही भन्नुभएको छ)।

इब्न शिहाब वर्णन गर्नु हुन्छ,उहाँलाई सहल बिन अल-साअदीले उनलाई भने: एउटा व्यक्तिले अल्लाहको रसूलको ढोकाको प्वाल बाट चियो गऱ्यो । त्यो समय उहाँको हातमा एउटा काइयो थियो, जसले उहाँ आफ्नो कपाल कोर्नु हुन्थ्यो । जब उहाँको त्यो व्यक्ति सङ्ग भेटे भन्नुभयो: यदि तिमिले हेरिरहेको मलाई थाहा हुन्थ्यो भने म तिम्रो आँखा फोडिदिन्थे। थप उहाँले भन्नुभयो: "दृश्यको कारणलेनै अनुमति निर्धारण गरिएको हो" ( सहीह बुखारी ४/२७४ हदीस नम्बर ६९०१ सहीह मुस्लिम ३/१६९८ हदीस नम्बर ४०/२१५६)।

इमाम नव्वी भन्छन्: यस हदीसको सार भनेको चियो गरेको स्थानमा यदि कुनै महरम महिला छैन भने , हल्का चिजले आँखामा प्रहार गर्ने अनुमति छ। हल्का वस्तुको प्रहारले आँखा फुट्यो भने कुनै दियत छैन। (सहीह मुस्लिम मअ सरह अन नव्वी १४/१३८

**जिज्ञासाका प्रकारहरू:**

शत्रुको तयारी, उनीहरूको सङ्ख्या र उनीहरूको विजयको सम्भावनालाई कम गर्न उनीहरूको जासुसी गर्नु।

दोस्रो: संदिग्ध व्यक्तिहरूमा सरकारी जासूसी गर्नु, जसका इस्लाममा नियमहरू छन् (तजस्सुस बारे जान्न चाहनुहुन्छ भने हेर्नुस अत तजस्सुस व अह्कामुहु फि सरयी अल-इस्लामी मुहम्मद राकान दगमी )।

तेस्रो प्रकार: मानिसहरू एक-अर्काको बारेमा जिज्ञासु हुनु, यहाँ यसैको बहस छ।

**जासुसीका प्रकोपहरू:**

१- जो कोहि जासुसी गर्छ उसले हराम कार्य गर्छ र अल्लाहले निषेध गरेको काम गरिरहेको हुन्छ: अल्लाह तआला सुरह हुजुरातमा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِّنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ وَلاَ تَجَسَّسُوا وَلاَ يَغْتَب بَّعْضُكُم بَعْضًا أَيُحِبُّ أَحَدُكُمْ أَن يَأْكُلَ لَحْمَ أَخِيهِ مَيْتًا فَكَرِهْتُمُوهُ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ تَوَّابٌ رَّحِيمٌ}[الحجرات:12]

हे आस्थावानहरू हो ! अधिकांश अनुमानहरु बाट बच्ने गर । किनभने केही अनुमान पाप हुन्छन्, र जासूसी नगर । र, तिमीहरूमध्ये कसैले कसैको चुक्ली नलगाओस् । के तिमीहरूमध्ये कोही आफ्नो मृत भाइको मासु खान रूचाउँछ ? तिमीहरू त्यसलाई अवश्य घृणा गर्छौ। र, अल्लाहको भय राख । निस्सन्देह अल्लाह प्रायश्चित स्वीकारकर्ता तथा परम दयालु छन् ।

२- मुस्लिमहरूको जासुसीको कारण एउटा व्यक्तिले आफूलाई यस्तो अपमानको योग्य बनाउँछ जसद्वारा अल्लाह उसलाई अपमानित गर्छब यदि ऊ सवारीमा छ भने पनि । रसूलुल्लाहले भन्नुभयो: " जो आफ्नो मुस्लिम भाइको गल्तीको पछि लाग्छ, अल्लाह उसको पछि लाग्नुहुन्छ र जब अल्लाह उसको पछी लाग्नुहुन्छ अल्लाह उसलाई सवारीमा पनि अपमानित गर्दिनु हुन्छ।"( पूर्व सन्दर्भ)

३- जासुसी गर्ने र गरि पाउने बीच वैरभाव, द्वेष र शत्रुता बढ्छ।

४- जसलाई मुस्लिमहरूको गल्तीको बारेमा जानकारी हुन्छ, ऊ त्यसमा संलग्न हुन्छ र खराब काममा संलग्न भएर आफ्नो लागि समस्या सिर्जना गर्छ।

५- जासुस व्यक्तिले समाजको घृणा र डर आफ्नो लागि कमाउँछ र मानिसहरू ऊ सङ्ग उसले प्राप्त गरेको गोप्य राजहरु खोलिदिन्छ भनेर त्रसित रहन्छन्।

**समाधानका केही उपयोगी उपायहरू:**

१- परिवार र सामाजिक संस्थाहरूले मुस्लिमहरूको कमि कमजोरीको जासुसीको गम्भीरतालाई स्पष्ट पार्नु पर्छ र यो पनि भन्नु पर्छ कि जासुसीले घृणा, द्वेष र दुरी निम्त्याउँछ र रहस्यको खुलासाले समाजमा सामाजिक अराजकता फैलिन्छ।

२-जुन व्यक्तिको आत्माले जासुसीको लागि लोभ्याउछ, उसले अल्लाहको दण्ड र उहाँका रसूलको यो वचनलाई याद गर्नुपर्छ चाहे ऊ सवारिमानै किन नहोस्।

३- उसले आफ्नो अगाडि इस्लामिक नैतिकलाई राख्नुपर्छ ताकि उसले आफ्नो लागि मनपर्ने कुरा मुस्लिमहरूका लागि मन परायोस र आफूलाई मन नपर्ने कुराहरू मन नपरायोस। किनभने यो ईमानको पूर्णता हो: एउटा मुमीन पूर्ण मुमीन तब सम्म हुन सक्दैन जबसम्म उसले आफ्नो भाइको लागि त्यहीँ मन पराउदैन जुन उसले आफ्नो लागि मन पराउँछ । तसर्थ उसले निरन्तर यसको कल्पना गर्नुपर्छ र आफ्नो मामिलामा लागू गर्नुपर्छ।

४- उसलाई हेक्का रहोस् केही व्यक्तिको हृदय जासुसी भन्दा माथी हुन्छ। मानिसको गल्तीहरु देख्दा पनि त्यसलाई खासै महत्व दिदैनन् र आँखा चिम्लिन्छन् ।

उर्वा बिन अल वर्द भन्छन्: ( उर्वा बिन अलवर्द दीवान उर्वा बिन अल-वर्द वस-समउल)

मेरो छिमेकीको घर, हावाले देखाउँदा, घर नछोपियसम्म म टाढा त्यता हेर्दिन।

नस्र बिन शद्दाद जो एक जाहिली कवि हुन् उनी भन्छन्:

जब मेरा छिमेकी मेरो अगाडि देखा पर्छन म आफ्नो आँखालाई तल गर्छु जब सम्म मेरो छिमेकी आफ्नो घरको नजिक पुग्दैनन । त्यो व्यक्तिबारे के धारणा छ जो मानिसको कमिको पछि लागिरहन्छ जबकी ऊ मुसलमान हो। जसलाई जाहिलियाका बुद्धिमानी मानिसले समेत रुचाएका छैनन।

**अल्लाहले निषेध गरेको कुराहरुलाई हेर्नु:**

**शाब्दिक अर्थ:**

दृष्टि: आँखाको भावना र केहि चिजलाई देख्नु ( अन्तर बिन सद्दाद असार अन्तर अल-अबसी तक्दीम व सरह मुहम्मद अब्द अल-मुनअम खफाजी ८६।

हराम: हलालको विपरीत शब्द हो ( लिसान अल-अरब इब्न मन्जूर ५/२१५) ।

हराम त्यो हो जसलाई अल्लाहको आदेश वा अन्य कुनै अवरोध को कारणले निषेध गरिएको छ( अस फहानी अल-मुफ्रदात फि गरीब अल-कुरआन ११४ ।

**परिभाषित अर्थ:**

अल्लाहको निषेधित चीजहरूलाई मनन गर्ने आँखा।

हेर्नुको धेरै कारण हुन सक्छ जसमध्ये मुख्य निम्नानुसार हुन:

१- कुनै चिजलाई जान्ने चाहत र उसको गुण, परिभाषा, मात्रा, रंग र परिणाम देखी जानकार हुनको लागी।

२-हेरिएको वस्तु देखेर आनन्दित हुन।

३-जसलाई हेरिरहेको छ उसको मायालाई आफू तिर आकर्षित गर्न र उसको हृदयलाई विश्वस्त बताउने प्रयास गर्न।

४- आफ्नो सौन्दर्य वा कुरूपताको कारणले हेर्ने व्यक्तिको दृस्टीलाई आकर्षित गर्न।

**हराम चीजहरू हेर्नुको बेफाइदाहरु:**

दृष्टि अल्लाह तआलाको वरदान हो, जब कुनै व्यक्तिले यसलाई नाजायज र हराम चीजहरूमा प्रयोग गर्छ,यो उसको लागि आफत विपत्ति र हानि निम्त्याउँने कारण बन्छ । ती हानिहरू निम्न हुन्:

१- हराम हेराई,अल्लाहको विपत्ति र उसको उपकारको कृतघ्नता हो, जसलाई अल्लाह तआलाले झुकाउन आदेश दिनुभएको छ:

सूरह अल-नूरमा अल्लाह भन्नुहुन्छ:

{قُل لِّلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ وَيَحْفَظُوا فُرُوجَهُمْ ذَلِكَ أَزْكَى لَهُمْ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا يَصْنَعُونَ}[النور:30]

(हे सन्देष्टा!) मोमिन पुरुषहरूलाई आफ्ना दृष्टिहरूलाई नियन्त्रित राख्न तथा आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्न आदेश देऊ । यो उनीहरूकालागि विशुद्ध तरिका हो । उनीहरूले गर्ने गरेका कार्यहरूसित अल्लाह अवगत छन् ।

२- नजर एउटा खतरनाक माध्यम र हराम कार्य गराउने एउटा यन्त्र हो, त्यसैले पुरुषले महिला वा महिलाले गैर-महरम पुरुषलाई हेर्दा दुष्टता उत्पन्न हुन्छ र वासना तर्फ प्रेरित गर्छ । अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो नजर राक्षसको विषालु तीर मध्य एउटा हो ( हाकिम अल-मुस्तद्रक ४/३१४ उहाँले यसलाई हसन सही भन्नुभएको छ र इमाम जहबीले समर्थन गर्नु भएको छ ।

३- हराम नजरले चिन्ता र असन्तुष्टि उत्पन्न गर्छ । कयौं दील यस्ता दील छन जो सन्तुष्ट हुन्छन र दुष्टताबाट टाढा रहन्छन। हराम वस्तुलाई प्रत्यक्ष, टेलिभिजन र पत्रपत्रिकाबाट हेर्दा सन्तुष्टिको सट्टा दुष्टता र चिन्ता उत्पन्न हुन्छ।

४- हराम वस्तुहरु हेर्नु भनेको अल्लाहको अवज्ञा, दुनियाँ र आखिरतमा लाभदायक कुराहरूबाट मनलाई विचलित पार्नु हो । हराम नजरले कयौंलाई अल्लाहको उपासना र पैगम्बरको सुन्नत स्थापना गर्नबाट रोकेको छ वा उसलाई जीविका र कर्म बाट बेवास्ता गरिदिएको छ।

५- हराम नजर हृदय रोग र असल कर्म र इरादालाई कमजोर बनाउँने माध्यम बन्छ।

**समाधानका केही पद्धतिहरु:**

हराम चीजहरू हेर्ने व्यक्तिलाई सुधार गर्न उपचारात्मक केही उपयोगी विधिहरू निम्नानुसार छन्:

१- मानिसलाई ज्ञात होस् अल्लाहले मानिसलाई हेर्न दुई आँखाहरू प्रदान गरेको छ। जसको माध्यमबाट मानिसले अल्लाहले वैध गर्नु भएका चीजहरूबाट लाभ उठाउँछ, उपकारको अधिकार यो हो कि मानिसले अल्लाहको कृतज्ञता गरोस् र उसको उपकारको अस्वीकार नगरोस् । अल्लाहको कृतज्ञता भनेको अल्लाहले निषेध गरेको कुराबाट टाढा रहनु र हृदय र आफ्नो बोलीलाई अल्लाहको प्रशंसामा संलग्न राख्नु कि उहाँले दृष्टि जस्तो महत्त्वपूर्ण आशीर्वादबाट उसलाई वञ्चित राखेको छैन ।

२- मानिसले आफ्नो अंगहरूको बारेमा जिम्मेवारीबोध गरोस्, त्यसमा दृष्टि पनि छ। अल्लाह तआला सुरह अल-इस्रामा भन्नुहुन्छ:

{وَلاَ تَقْفُ مَا لَيْسَ لَكَ بِهِ عِلْمٌ إِنَّ السَّمْعَ وَالْبَصَرَ وَالْفُؤَادَ كُلُّ أُولـئِكَ كَانَ عَنْهُ مَسْؤُولا}[الإسراء:36]

अनि, ज्ञान नभएको कुराको पछि नलाग किनभने कान, आँखा र हृदयका बारेमा सोधिनेछ ।

३- नजर झुकाउनुको धेरै राम्रा परिणामहरू छन्। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "नजर शैतानको विषादी तीरहरू मध्ये एक हो, जसले यसलाई अल्लाहको डरले त्याग्छ, अल्लाहले उसलाई यस्तो ईमान दिनुहुनेछ जसको मिठासपन उसले हृदयमा महसुस गर्नेछ "( पूर्व सन्दर्भ)।

जो व्यक्ति आफ्नो आँखालाई निषेधित चीजहरूबाट झुकाउछ , अल्लाह तआला उसको हृदय र आँखामा नूर प्रदान गरिदिनु हुन्छ। यस्तो व्यक्तिले ती चीजहरू देख्छ जुन निषेधित चीजहरूबाट आफ्नो आँखाको सुरक्षा नगर्नेले देख्न सक्दैन। ( इब्न कैयीम अल-जौजी १/६१६०)

४-" दृष्टि ज्ञानको माध्यम हो र मानिस यसैबाट ज्ञान र लाभ प्राप्त गरेर दीन दुनियाँमा लाभान्वित हुन्छ भनेर जानकार हुनु। त्यसैले यसलाई हराम वस्तुहरुमा प्रयोग गर्नु हुँदैन।

५- हराम चिज तर्फ प्रेरित गर्ने वस्तु देखि टाढा रहनु पर्छ । जस्तै: बजार, जमघट, पत्रपत्रिका, टेलिभिजन र सोसल मिडियामा तस्विर हेर्ने जस्ता कार्य।

## तेस्रो विषय:

## कर्म र कार्यको खराबीहरू

व्यवहारिक खराबी भन्नाले त्यो शारीरिक नैतिक पतन हो जसलाई श्रम र प्रयासबाट अन्जाम दिइन्छ। जस्तै: व्यभिचार, चोरी, अश्लीलता र लागूपदार्थको प्रयोग। यस्ता गम्भीर खराबीहरु धेरै हुनाले यसको गम्भीरता र खतरालाई तल उल्लेख गरिदै छ:

### शिर्किया( साझी ) कार्यहरू:

मौखिक दुष्कर्महरूको उल्लेखबाट शिर्क के हो भनेर स्पष्ट भैसकेको छ, यसको कारण र उपचार के हो भनेर स्पष्ट भैसकेको कारण हामी यहाँ केवल सिर्कका केही प्रकारहरु उल्लेख गर्नेछौं जुन निम्नानुसार छन्:

### १- अल्लाह बाहेक अरूको लागि जबह गर्नु ( बलि गर्नु ):

अनैतिकताको सबैभन्दा खराब कार्य भनेको  सेवकले आफ्नो रबको सामुन्ने अनैतिकता दर्शाउनु हो। उदाहरणको लागि जुन उपसना अल्लाहको लागी विशेष छन तिनलाई अल्लाह बाहेक अरूको लागि गर्नु।  जस्तै: अल्लाह बाहेक अरूको लागि जबह गर्नु जो कि सिर्क हो। अल्लाह तआला सुरह अनआममा भन्नुहुन्छ:

{لَا شَرِيكَ لَهُ وَبِذَلِكَ أُمِرْتُ وَأَنَا أَوَّلُ الْمُسْلِمِينَ}[الأنعام:163]

उनको कोही साझेदार छैन। र, मलाई यही आदेश प्राप्त भएकोछ। र, सर्वप्रथम आत्मसमर्पण गर्ने मै हुँ।

यो आयत अल्लाह बाहेक अरूको नाममा रगत बगाउन जायज छैन र अल्लाह बाहेकको नाममा जबह गर्ने अनुमति छैन भनेर प्रमाणित गर्छ।

कतिपय व्यक्तिलाई उनीहरूको बाल्यकालदेखि नै दानवहरुको हानीबाट बच्न र लाभ प्राप्त गर्न रगत बगाउने गरिन्छ भनेर सिकाइन्छ,जबकी यसो गर्नु हराम हो। एउटा मुस्लिमलाई आफ्नो र आफ्नो सन्तानको तालिम तौहीद बमोजिम गर्न जरुरी छ। उसलाई शुद्ध तौहिदमा तालिम दिनुपर्छ र आफ्नो परिवारका सदस्यहरूलाई पनि सिकाउनुस् र शिक्षित गर्नुस्, ताकि तिनीहरू यस संसार र परलोकमा सफल हुन सकून्।

### २- ताबीज (जन्तर) झुन्डियाउनु :

यो नैतिक भ्रष्टता तौहीदको विरुद्ध हो कि एउटा व्यक्तिको हृदय ताबीजमा संलग्न छ। एउटा व्यक्ति, जनावर वा सवारी साधन आदिमा यसलाई भुत प्रेत देखि रक्षा हुन्छ र आई पर्ने  समस्य देखी बचाउछ भनेर झुण्ड्याउछ भने नबी

सल्लल्लाहु अलैही वसल्लमले भन्नुभएको छ: नबी सल्लल्लाहु अलैही वसल्लमले मुस्लिम उम्मालाई खबरदार गर्दै भन्नुभएको छ:

झारफुक, ताबीज, जादु र टुना शिर्क हो (अहमद १/३८१ यो हदीसलाई इमाम हाकिमले सहीह भन्नुभएको छ र इमाम जहबीले समर्थन गर्नु भएको छ)।

ताबीज भन्नाले त्यो ढुङ्गा र त्यस्तै वस्तुहरू जो खराब नजर देखी बचाउछ भनेर बच्चाहरूको शरीरमा झुण्ड्याइन्छ।

टुना: भन्नाले महिलालाई पतिको नजरमा प्रिय बनी पाउ र पतिलाई पत्नीको नजरमा प्रिय बनाउने उद्देश्यले प्रयोग गरिने कुरालाई बुझाउँछ। ( मोहनी )

झारफुक: यसको शरीयतमा अनुमती तीन शर्तहरूका साथ जायज छ:

१- अल्लाहको कलाम र उसको नाम र गुणहरु मार्फत होस। अथवा दुवा इस्तिग्फारको शब्द होस।

२- अरबी भाषामा र अर्थ स्पष्ट होस्।

३- यसले फाइदा घाटा पुऱ्याउछ भन्ने विश्वास नहोस् वास्तवमा अल्लाहको चाहतले फाइदा हुन्छ ( मुहम्मद अल करआवी अल-जदीद फि सरह किताब अत-तौहीद९१)

**३- पुर्खाहरूको चिहानमा अतिशयोक्ति गर्नु:**

सम्मानको उद्देश्यले चिहान तर्फको यात्रा गर्नु शिर्क हो। चाहे त्यो चिहानको परिक्रमा गर्न होस् वा त्यहाँ मस्जिद बनाउने उदेश्यले होस् अथवा ती चिहानहरूमा गाडिएकाहरूबाट सहायता माग्ने रूपमा होस् यो सबै किसिम हराम छन्। किनभने यी सबै उपासनाका रूपहरू हुन् र अल्लाह बाहेक अरू कसैको लागि उपासनाको रूप जायज छैन। जस्तो कि सहिह हदीसमा उल्लेख गरिएको छ: रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो : हे अल्लाह मेरो चिहानलाई मुर्ति बन्न नदिनु, कहिँ त्यसको उपासनाको आरम्भ नहोस। त्यो उम्मा माथी अल्लाहको क्रोध नाजिल भयो जसले आफ्नो नबीको चिहानलाई मस्जिदमा परिणत गरे (मुअत्ता मालिक ८५)।

माथिको हदीसले स्पष्ट हुन्छ स्वयम रसूलुल्लाहले दुवा गर्नुभयो र भन्नुभयो: हे अल्लाह मेरो चिहानलाई मूर्ति घर बन्न नदिनुस कहिँ मानिस तपाईंलाई छोडेर मेरो उपासना गर्न थाल्नेछन। यो मामिला हुजूरको चिहानको बारेमा छ जबकि उहाँको व्यक्तित्व यस संसारमा सबैभन्दा पउत्कृष्ट रहेको थियो। अब अरुको चिहानलाई के भन्नु हुन्छ ? यही कारण एउटा मुसलमानलाई अल्लाहको मात्र उपासना गर्नु अनिवार्य छ जस्तो कि आदेश छ र आफूलाई शुद्ध तौहिदमा अभ्यस्त बनाउनु पर्छ।

**यौन विचलन र पथ भ्रष्टता ( गुमराही)**

**यौन विचलनको अर्थ**

यौन विचलनहरू जसमा प्रायः आम मानिसहरूले शिकार हुन्छन्, जस्तै व्यभिचार, समलिङ्गीता र लवातित यी सबैलाई इस्लामले धेरै पहिले जाहिलिया युगमानै निषेध गरेर समाप्त गरिदिएको थियो ।

थप व्याख्यामा जानु अघि यसको परिभाषा गरिदिन उपयुक्त देखिन्छ।

**व्यभिचार**

व्यभिचारको परिभाषा भनेको निकाह वा वैवाहिक सम्बन्ध बिनै कुनै पुरुष महिलाले यौनसम्पर्क गर्नु श्रीमती र बानिदिलाई छाडेर ( अल-मौदुदी तफ्सीर सुरह नुर ३८)

व्यभिचार पुरुष महिलाको बिना निकाह योन सम्पर्क स्थापना गर्नु वा पुरुषले आफ्नो गोप्य भागलाई हलाल नभएको स्थानमा प्रवेश गराउनु भनेर परिभाषित गर्न सकिन्छ ( अस-सनकिती अल-अस्फहानी तफ्सीर सुरह नूर २५)

लवातित- यो अरबी शब्द लात को मस्दर हो जसको अर्थ लुतका उम्माले गरेको खराब कार्य हो - अरबीमा लुत त्यो समयमा प्रयोग गरिन्छ जब कुनै व्यक्तिले लुतका समुदायले गरेको कार्य गर्छ ( रागिब अल-अस्फहानी लिमुफरदात फि गरीब अल-कुरआन४५६)

**अस-सिहाक**

अस-सिहक- माहिलो कपडालाई भनिन्छ, र सुहक अर्थात दूरी (अल-फिरोजाबादी अल-कामस अल-मुहीत३/२४४) परिभाषित अर्थ: यस्तो संभोग जसमा प्रवेश हुँदैन (सैयद साबिक फिकह अस-सुन्नह २/४२६ )।

यौन विचलनको कारणहरु ; यौन विचलन निम्त्याउने केही मुख्य कारणहरु तल उल्लेख गरिदैछ ।

**१- अतिशयोक्ति र भ्रम -** धेरै मानिसहरूलाई यौन सम्बन्ध धेरै व्यक्ति सङ्ग राख्दा धेरै आनन्द प्राप्त हुन्छ भन्ने भ्रम हुन्छ। जबकि वास्तवमा यसले वास्तविक आनन्द देखी धेरै टाढा राख्छ ,जो केवल निकाहको माध्यम बाट प्राप्त हुन्छ। किनकि यसमा सुरक्षा, शुद्धता र विश्वासको तत्व हुन्छ र यो अरुको सहभागिता देखी खाली हुन्छ।

यिनै गलत अवधारणाहरूलाई उल्लेख गर्दै अल्लामा इब्न अल-जौजीले भनेका छन जब हृदयको धड्कन नियन्त्रणमा हुँदैन, यसले एउटा भ्रम सिर्जना गर्छ र जब ऊ अल्लाहतिर फर्किंदैन यो इच्छा र मनोकांक्षाको रुपमा देखा पर्छ।

**२-मिडिया कभरेजमा असहिष्णुता:**

पत्रपत्रिका,टेलिभिजन,म्याग्जिन ,मिडिया र साहित्यिक स्रोतहरू पनि यौन उत्तेजनालाई उत्तेजित गर्ने र अश्लीलतालाई बढावा दिने कुराहरूमा प्रमुख छन् । जसले महिला र पुरुषको प्रलोभनात्मक छविहरू र कामुकीकरणको विज्ञापन

गर्छ। त्यसै गरी त्यसता लेख  र प्रेम कथाहरु प्रकाशन गर्छन् जसमा केवल प्रकाशकहरू आफ्नो व्यवसायीक फाइदा हुन्छ ।

यहीँ कुरालाई मौलाना मौदुदीले साहित्य, चित्र, चलचित्र, नाटक, नृत्य, पत्रपत्रिका, साप्ताहिक पत्रिका, कथा र नग्न तस्विर छाप्ने म्याग्जिननैबयोन उत्तेजना र अराजकताको मुख्य कारण र स्रोत रहेको औल्याउँनु भएको छ। यदि तपाइँ यी कुरा माथी नजर राख्नुहुन्छ भने तपाईले यसमा मुस्लिम राष्ट्रहरु पनि पछाडी नरहेको पाउनु हुनेछ, जहाँका महिलाहरु सुन्दरता दर्शाउन अनेकौं चिजको प्रयोग गर्छन् ताकि दर्शकलाई आफू तर्फ आकर्षक गर्न सकियोस् । यसको कारण भनेको ती विज्ञापन हो जसमा महिला पुरुषको विशेष उत्पादनहरूलाई प्रवर्द्धन गर्छन् र जसले  ममहिला पुरुषको कामुकतालाई उत्तेजित र भड्काउछ।

### ३-अश्लीलता र नग्नता-

यौन उत्तेजनालाई बढावा दिने कारण मध्य एउटा महिलाको नाङ्गोपना,उनीहरुको घरबाट निस्कदा धेरै सौन्दर्य,सिँगार र वासना लगाएर आफ्नो सौन्दर्यलाई झल्काउदै निस्कनु पनि हो । जसले गर्दा पुरुष महिलाको मिलन र अपरिचित सङ्ग एकान्तवासको घटना पेश आउँछ र यो नै सैतानको असली ढोका हो । यहीँ कारण इस्लामले अपरिचित महिला पुरुषको एकान्तवास देखि मनाही गरेको छ। रसूलुल्लाहले भन्नुभयो:

(لا يخلُوَنَّ رجلٌ بامرأة إلا ومعها ذو محرم، ولا تسافر المرأة إلا مع ذي محرم)، فقام رجل فقال: يا رسول الله، إن امرأتي خرجت حاجَّةً، وإني اكتُتِبْتُ في غزوة كذا وكذا، قال: ((انطلق فحُجَّ مع امرأتك))؛ متفق علي

पैगम्बर ﷺ ले भन्नु भयो, “एउटा पुरुषले कुनै महिलासँग महरम नभएसम्म एक्लै बस्नु हुँदैन, र महिलाले महरमसँग बाहेक यात्रा गर्नु हुँदैन”। तब एकजना पुरुष उठे र भने: हे ईश्वरका दूत ﷺ, “मेरी श्रीमती हज गर्न निस्किदै छे , र म भने एउटा लडाईमा जानका  लागि भर्ती भएको छु” पैगम्बर ﷺ ले भन्नुभयो, “जानुहोस् र आफ्नी पत्नीसँग हज गर्नुहोस्”।[बुखारी र मुस्लिम]

जस्तो कि महिलाका लागि रोजगारीको ढोकाले महिला  पुरुषबीच घुलमिल,आँखा मिलाउनु बोल्नु र मुस्कुराउन सहज भएको छ ।  फलस्वरूप प्रलोभनका ढोकाहरू खोलिसकेका छन् र उत्पात्को आगो प्रज्वलित भैसकेको छ । यसरी नैतिक मूल्य मान्यतालाई पतनले यसरी घेरिएको छ कि हाल हिजाबको इन्कार र अवज्ञा सामान्य भएको छ।

### ४. गायन र संगीत

गायन र संगीत पनि मनोकांक्षा जगाउने एउटा प्रमुख कारण हो।  भनिन्छ संगीत, मादक पदार्थ भन्दा पनि अधिक मानव मनमा प्रभावकारी हुन्छ ,जसले आत्मालाई छरपष्ट गर्छ र मानव मनमा व्यभिचार, लवातित र अनैतिकतालाई सुन्दर बनाएर मानव बुद्धि सामुन्ने पेश गर्छ। किनभने धन र संगीतले  व्यभिचारको बाटो प्रशस्त गर्छ र त्यो नै अश्लीलमा संलग्न हुनुको ठुलो कारण हो ( इब्न तैमिया अल-फतावा १/४१७)  कति युवाहरू सङ्गीतका कारण

बागी भएका छन र कति स्वतन्त्र युवा संगीतको कारण बच्चा पुस्ताका गुलाम बनेका छन् ( इब्न कैयीम अल-जौजिया १/२६५) ।

**५-विवाहमा ढिलाइ:**

व्यभिचार र लवातित तर्फ आकर्षकको एउटा कारण विवाहमा कठिनाइ वा विवाहमा वाहियात किसिमको सर्तको पालना गर्नु पनि हो। जस्तैः निश्चित वजीफाको हुनु वा यस्तो गुण अथवा यस्तो सौन्दर्य हुनु जसको प्राप्ति कठिन छ। जस कारण समय खेर जान थाल्छ र युवा भ्रमको पछि दौडन थाल्छन। यहाँ सम्मकी अवसर समाप्त हुन्छ र सतित्व शुद्धचरित्रले वासना र मनोकांक्षाको अगाडि भरोसाको दम तोडिदिन्छ। त्यसपछि उनीहरू हराममा फस्छन् र युवा वर्गले भ्रष्ट उपद्रवको बाटो रोज्छन। यही कारण इस्लामले सम्बन्ध छनौटको मापदण्ड निर्धारण गरेको छ। रसूलुल्लाहले भन्नुभयो: "जब तिम्रो सामुन्ने कुनै व्यक्तिको ( निकाहको ) संदेशआउँछ जसको धार्मिकता र नैतिकताबाट तिमी सन्तुष्ट छौ भने ऊ सङ्ग निकाह गर। यदि तिमीले यसो गरेनौ भने जमिनमा अशान्ति फैलिने छ। मानिसहरूले भने: हे अल्लाहका रसूल! यदि त्यसमा केही छ भने ? उहाँले यसैलाई तीन पटक भन्नुभयो:

"जब तिम्रो सामुन्ने कोहि व्यक्तिको संदेश आउँछ जसको धार्मिकता र नैतिकताबाट तिमी सन्तुष्ट छौ भने ऊ सङ्ग निकाह गर (तिर्मिजी ३/ ३९५ हदीस नम्बर १०८५ अबू ईसा तिर्मिजीले भन्नुभयो यो हदीस हसन गरीब हो, अल्बानी भन्नुहुन्छ यो हदीस हसन सहीह हो सुनन तिर्मिजी हदीस नम्बर ८६६-१०९८)

अर्को ठाउँमा, अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "महिलाहरू सङ्ग चार चीज हेरेर निकाह गरिन्छ: उनीहरुको धन सम्पत्ति , उनीहरुको वंश, उनीहरुको सुन्दरता र उनीहरुको धार्मिकता। तिमिहरु धर्मी नारी छनोट गर सफल हुनेछौं तिम्रो हातको सत्यनाश होस"

**६- पति/पत्नीबीच बेवास्ता:**

पतिको अनुपस्थिति वा सांसारिक मामिलामाको व्यस्तताले श्रीमतीलाई ध्यान नदिनु पनि यौन विचलनको प्रमुख कारण हो। यसैगरी पत्नीको आफ्नो पति तर्फ ध्यान नदिनु पनि एउटा कारण हो। जसको कारणले सन्तुष्टिको लागि दुई मध्य एक वा दुवै अरु तर्फ आकर्षित हुन्छन र त्यसपछि नैतिक पतन, आक्रामकता र अश्लीलता फैलन्छ।

यही कारण इस्लामले सम्बन्ध छनौटको मापदण्ड निर्धारण गरेको छ। रसूलुल्लाहले भन्नुभयो: "जब तिम्रो सामुन्ने कुनै व्यक्तिको संदेशआउँछ जसको धार्मिकता र नैतिकताबाट तिमी सन्तुष्ट छौ भने ऊ सङ्ग निकाह गर। यदि तिमीले यसो गरेनौ भने जमिनमा अशान्ति फैलिने छ। मानिसहरूले भने: हे अल्लाहका रसूल! यदि त्यसमा केही छ भने ? उहाँले यसैलाई तीन पटक भन्नुभयो:

"जब तिम्रो सामुन्ने कोहि व्यक्तिको संदेश आउँछ जसको धार्मिकता र नैतिकताबाट तिमी सन्तुष्ट छौ भने ऊ सङ्ग निकाह गर (तिर्मिजी ३/ ३९५ हदीस नम्बर १०८५ अबू ईसा तिर्मिजीले भन्नुभयो यो हदीस हसन गरीब हो, अल्बानी भन्नुहुन्छ यो हदीस हसन सहीह हो सुनन तिर्मिजी हदीस नम्बर ८६६-१०९८)

अर्को ठाउँमा, अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "महिलाहरू सङ्ग चार चीज हेरेर निकाह गरिन्छ: उनीहरुको धन सम्पत्ति , उनीहरुको वंश, उनीहरुको सुन्दरता र उनीहरुको धार्मिकता। तिमिहरु धर्मी नारी छनोट गरेत सफल हुनेछौं तिम्रो हातको सत्यनाश होस"

**७-गलत परबस्ती पालनपोषण :**

त्यसैगरी यौन विचलनको एउटा प्रमुख कारण गलत र अव्यवस्थित पालनपोषण पनि हो। वास्तवमा अल्लाह तआलाले हरेक मानवलाई यौन शक्ति प्रदान गरेको छन ताकि मानवले आफ्नो इच्छालाई सहि तरिकाले पूरा गर्न सकुन् र मानव जातिको अस्तित्वको लागि सामग्री उपलब्ध होस् । तर केही व्यक्तिहरु यसको विपरित आफ्नो मनोकांक्षालाई सन्तुष्ट पार्न लज्जाको पर्खाल पार गरेर हरामको सहारा लिन्छन् भने कोही यो भन्दा बाहिर गएर लवातित जस्तो निच कार्यमा फस्छन।

यो यौन भावना मानिसको हृदयमा उत्पन्न हुने सबै भावनाहरू भन्दा धेरै गम्भीर छ ( मुहम्मद कुतुब अल-मादी व अल-इन्सान २१०) जसको समाधान इस्लामिक तालिमद्वारा गरिएको छ । यदि त्यो आत्मा इस्लामिक शिक्षा र अनुशासनले सुसज्जित हुन्थेन भने सबै सिमानालाई लत्याएर त्यो एउटा आवारा बाख्रा जस्तै हुन्थ्यो, जो हरेक बोट बिरुवालाई च्यात्छ, हरेक रुखलाई खान्छ र जहाँ जान मन लाग्छ बिना कुनै रोकटोक जान्छ। यी तिनै मानिसहरु हुन जसको प्रशिक्षण इस्लामी शिक्षा, नियम, सिद्धान्त र तालिमबाट निर्देशित हुदैन र तिनीहरूको अवस्था ठ्याक्कै त्यस्तै हुन्छ जस्तो सैयद कुतुबले भनेका छन: आधुनिक संसार मनोवैज्ञानिक आवेगको दमनले कुण्ठित भएको छ र स्वतन्त्रताका सबै सीमाहरूलाई कुल्चीदिएको छ, जस कारण युवा पुस्ताले आफ्नो इच्छालाई बिना डर छाती तानेर अन्जाम दिन्छन, उनिहरुलाई कुनै प्रकारको आफ्नो पापको विवेक, समाज,दीन धर्म कुनै माध्यमले हुदैन ( पूर्व सन्दर्भ ) ।

अल्लामा मौदुदी भन्नुहुन्छ: महिलाको स्वतन्त्रताको भित्री समर्थन यति गहिरो छ कि उनीहरुको अवस्थालाई समेत नराम्रो मानिंदैन । अभिभावकको गलत परबस्ती र कमजोर प्रशिक्षणले महिलाहरुले यस्तो स्वतन्त्रता हासिल गरेका छन जुन स्वतन्त्रता तीस चालीस वर्षका पुरुषलाई समेत छैन (अबुल आला मौदुदी अल-हिजाब१२८)।

**यौन दुर्व्यवहारका बेफाइदाहरू:**

१- यसले व्यक्तिलाई पाप र सजायको योग्य बनाउँछ। अल्लाह तआलाले व्यभिचारको तुलना शिर्क र हत्यासँग गर्नुभएको छ: अल्लाह सुरह अल-फुरकानमा भन्नुहुन्छ :

{وَالَّذِينَ لاَ يَدْعُونَ مَعَ اللَّهِ إِلَهًا آخَرَ وَلاَ يَقْتُلُونَ النَّفْسَ الَّتِي حَرَّمَ اللَّهُ إِلاَّ بِالْحَقِّ وَلاَ يَزْنُونَ وَمَن يَفْعَلْ ذَلِكَ يَلْقَ أَثَامًا}[الفرقان:68]

र, जसले अल्लाहका साथ अन्य कसैलाई उपास्य भन्दैनन् अल्लाहले वर्जित गरेका कुनै जीवको अनाहक हत्या गर्दैनन्, न व्यभिचार गर्छन् । र, जसले यस्ता कार्यहरू गर्छ उसले आफ्नो पापको दण्ड भोग्नेछ ।

व्यभिचारता एउटा ठूलो उपद्रव हो र यो सरासर सम्पूर्ण संसारको व्यवस्था हित विपरीत छ। जस्तै वंश,निजी अंग र पवित्रताको संरक्षण विपरीत छ, त्यसैले पनि यो हत्या सरह ठूलो पाप मध्ये एक हो।

विवाहित व्यभिचारीको दण्ड बिना कुनै दया र मायाको कोर्रा हान्नु हो। अल्लाह तआला सुरह नूरमा भन्नुहुन्छ:

{الزَّانِيَةُ وَالزَّانِي فَاجْلِدُوا كُلَّ وَاحِدٍ مِّنْهُمَا مِئَةَ جَلْدَةٍ وَلاَ تَأْخُذْكُم بِهِمَا رَأْفَةٌ فِي دِينِ اللَّهِ إِن كُنتُمْ تُؤْمِنُونَ بِاللَّهِ وَالْيَوْمِ الآخِرِ وَلْيَشْهَدْ عَذَابَهُمَا طَائِفَةٌ مِّنَ الْمُؤْمِنِينَ}[النور:2]

व्यभिचारि महिला तथा पुरुष दुवैमध्ये प्रत्येकलाई सय कोर्रा लगाऊ । र, यदि तिमीहरू अल्लाह तथा अन्तिम दिनमाथि ईमान राख्छौ भने अल्लाहको विधान लागू गर्दा दुवैको मायामोहले बाधा नपुर्याओस् र तिनीहरूको दण्डको समयमा मोमिनहरूको एउटा जमात त्यहाँ उपस्थित रहोस् ।

र रसूलुल्लाहले भन्नुभयो: "मबाट सिख, मबाट सिख (आरम्भका शब्दहरू) अल्लाह तआलाले महिलाहरूको लागि एउटा बाटो निकाल्नु भएको छ। जब एक अविवाहितले व्यभिचार गर्छ उसलाई एक सय कोर्रा र एक वर्ष तडि पारको सजाय गर र यदि विवाहितले व्याभिचार गर्छ भने उसलाई सय कोर्रा र ढुङ्गाले हानेर मृत्यु दण्ड देउ (सहीह मुस्लिम ३//१३१६ हदीस नम्बर १३/१६९)।

यदि व्याभिचारी दुवै विवाहित छन् भने दुवैको हद ढुङ्गाले हानेर रज्म गर्नु हो । जसरी गामिदियाह र माइज रजि लाई रज्म गरिएको थियो साथै दास माथी पनि हद लागू हुन्छ । रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: “जब तिमीहरूमध्ये कसैको लोन्डीले ( रखेल्नी ) व्यभिचार गर्छ र व्याभिचार (साक्षी वा स्वीकारद्वारा ) प्रमाणित हुन्छ, तब उसलाई हदको कोर्रा लगाउ (उनी विवाहित भए पनि किनभने दास र लोन्डीलाई रज्म गरिदैन ) तर उसलाई नहप्काउ । यदि फेरि उसले व्यभिचार गर्छ भने उसलाई फेरि कोर्रा लगाउ र उसलाई नहप्काउ। त्यसपछि यदि उसले तेस्रो पटक पनि व्यभिचार गर्छ र उसको व्यभिचार प्रमाणित हुन्छ भने उसलाई कौडीकै भाउमा बेची देउ। अल्लाह तआला सुरह निसामा भन्नुहुन्छ:

{ فَإِذَا أُحْصِنَّ فَإِنْ أَتَيْنَ بِفَاحِشَةٍ فَعَلَيْهِنَّ نِصْفُ مَا عَلَى الْمُحْصَنَاتِ مِنَ الْعَذَابِ }[النساء:25]

विवाहपश्चात् दासीहरूले व्यभिचार गरेमा तिनीहरूलाई स्वाधीन महिलाहरूकालागि निर्धारित दण्डको आधा हुनेछ ।

जहाँसम्म लवतितको कुरा छ यसमा समलंगन दुवैको सजाय मृत्यु दण्ड हो। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: " तिमीले जसकसैलाई लूती कार्य गरिरहेको भेट्टाउछौ भने त्यसमा समलंगन हुने दुवैलाई मार। जनावर सङ्ह यो खाले कुकर्म गर्ने मानिस र जनावर दुवैलाई मार ( अबू दाऊद ४/४०८-४०७ हदीस नम्बर ४४६२ तिर्मिजी हदीस नम्बर १४५६)

र जहाँ सम्म हदको व्याख्याको कुरा छ यसमा धैरै भनाइहरु उल्लेख भएका छन। कोहि भन्छन उसलाई आगोमा जलाइदिनु, जबकि कोहि भनछन छत देखि टाउको तल गरेर फालिदुनु र साथै एउटा भनाइ रज्मको पनि उल्लेख छ।

२- यसैगरी व्यभिचारको एउटा दुष्टता यसले दरिद्रता, उमेरमा कमि र संलग्नको अनुहार कालो बनाउने कारण बन्छ। यसले हृदयलाई टुक्रा टुक्रा गरेर रोगी र मृत बनाइदिन्छ साथै शोक, पीडा,भय र आतंक उत्पन्न गर्छ । यहीँ कारण शरियाको व्याख्याकर्ताहरुले यसमा संलग्नलाई सबैभन्दा लज्जास्पद र दयनीय मृत्युको आदेश दिएका छन। यही कारण युरोपेली समाजमा नारी प्रती सम्मानको अभावको अवस्था त्यो स्तरमा छ जहाँ बुबा छोरीसँग र भाइ बहिनीसँग व्यभिचार गर्छ र पनि कुनै अचम्म मानिदैन (सुबुल अस-सलाम लिल सन आनी ४/१२८५/१२८६)।

जबकि मुसलमानको मामिला ठिक यस विपरीत छ, उसले आफ्नो परिवारका सदस्यहरूबीचको यौनसम्बन्धलाई सहन गर्दैन र त्यसको कडा प्रतिकार गर्छ। एकपटक हजरत सअद बिन उबादाले भने यदि कसैलाई मैले मेरी श्रीमतीसँग देखे भने म उसलाई आफ्नो यो उल्टो तलवारले मारिदिनेछु । अतः जब यो खबर रसूलुल्लाह सम्म पुग्यो, उहाँले भन्नुभयो, "के तिमीहरु सअदको ईखमा आश्चर्य मान्छौ? अल्लाह कसम म सअद भन्दा धैरै इखालु छु र अल्लाह तआला म भन्दा पनि धैरै इखालु हुनुहुन्छ । यहीँ कारण उहाँले बाहिरी र भित्री तमाम प्रकारको अश्लीलतालाई हराम गर्नुभयो ( सहीह बुखारी४/३८७ हदीस नम्बर ७४१६ मुस्लिम २/११३६ हदीस नम्बर १४९९)।

३-जब कुनै समुदायमा व्यभिचार र ब्याज सामान्य हुन्छ । तब त्यो समुदायमा अल्लाहको क्रोध,असन्तुष्टि र दण्ड नाजिल हुन थाल्छ। रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "जब कुनै समुदायमा व्याभिचार र ब्याज सामान्य हुन्छ अनि मानिसहरू दण्डको हकदार हुन्छन्" ( हाकिम अल-मुस्तद्रक ४/२३८ अल्बानीले यो हदीसलाई सही भन्नुभएको छ जामे सहीहमा )

४- जहाँसम्म लवातितको सवाल छ, यो एउटा यस्तो प्रकारको फोहोर हो जसलाई आत्माले स्वीकार गर्दैन र राम्रो प्रकृति जुन प्रकृति अल्लाह देखी विचलित छैन त्यसले यसलाई घृणा गर्छ, यो एउटा यस्तो अपराध हो जसलाई सबैभन्दा पहिला लूत अलैहि अस-सलामका समुदायले गरे, अल्लाह तआला सुरह आराफमा भन्नुहुन्छ:

{وَلُوطًا إِذْ قَالَ لِقَوْمِهِ أَتَأْتُونَ الْفَاحِشَةَ مَا سَبَقَكُم بِهَا مِنْ أَحَدٍ مِّن الْعَالَمِينَ}[الأعراف:80]

र, लूतलाई (पठायौं) । उनले आफ्ना समुदायका मानिसहरूलाई भने– तिमीहरू यस्तो अश्लील कार्य किन गर्छौ जुन कार्य तिमीहरूभन्दा अघि संसारमा कसैले गरेन ?

अल्लाह तआलाले लवतीतको गुण अपराधी बताउनु भएको छ सुरह आराफमा भन्नुहुन्छ:

{وَأَمْطَرْنَا عَلَيْهِم مَّطَرًا فَانظُرْ كَيْفَ كَانَ عَاقِبَةُ الْمُجْرِمِينَ}[الأعراف:84]

र, हामीले तिनीहरूमाथि (ढुंगाको) वर्षा गर्यौं । अनि, हेर अपराधीहरूको परिणाम कस्तो भयो ।

यसैगरी अल्लाहले यस्तो कार्य गर्नेहरूको बारेमा फासिक ,अवज्ञाकारी र दुष्ट भन्नुभएको छ र उनिहरुको यो कार्य दुष्टताले भरिएको हुन्छ। अल्लाह तआला सुरह अन्बियामा भन्नुहुन्छ:

{وَلُوطًا آتَيْنَاهُ حُكْمًا وَعِلْمًا وَنَجَّيْنَاهُ مِنَ الْقَرْيَةِ الَّتِي كَانَت تَّعْمَلُ الْخَبَائِثَ إِنَّهُمْ كَانُوا قَوْمَ سَوْءٍ فَاسِقِينَ}[الأنبياء:74]

अनि, हामीले लूतलाई पनि तत्वदर्शिता तथा ज्ञान प्रदान गर्यौं, र त्यस नगरबाट मुक्ति प्रदान गर्यौं जसका बासिन्दाहरू घृणित कार्यमा लिप्त थिए । तिनीहरू निश्चय नै कुकर्मी र अवज्ञाकारी थिए ।

अल्लाह तआलाले लुतको समुदायको खराब गुणलाई घटियापनको तल्लो कसौंडीमा वर्णन गर्नु भएको छ। किनकि यो कार्य नैतिक अपराध हो यसमा संलग्नता सहि प्रकृति बाट बाहिर निस्कन्छन ।

५- लवातित एउटा यस्तो रोग हो जो यसमा संलग्न हुन्छन् उसलाई यसले अल्लाहको क्रोध अन्तर्गत ल्याउँछ, लूतको समुदायको विनाश र अजाब हाम्रो लागि पाठ हो। अल्लाह तआला सुरह हूदमा भन्नुहुन्छ: भन्छन्:

{فَلَمَّا جَاءَ أَمْرُنَا جَعَلْنَا عَالِيَهَا سَافِلَهَا وَأَمْطَرْنَا عَلَيْهَا حِجَارَةً مِّن سِجِّيلٍ مَّنضُودٍ}[هود:82] {مُّسَوَّمَةً عِندَ رَبِّكَ وَمَا هِيَ مِنَ الظَّالِمِينَ بِبَعِيدٍ}[هود:83]

अनि जब हाम्रो आदेश आयो, हामीले त्यस (बस्ती)को माथिल्लो भागलाई तल्लो भागमा घोप्टाइदियौं र तिनीहरूमाथि लगातार ढुङ्गाको वर्षा गरायौं । ती सबै ढुँगाहरू तिम्रा पालनकर्ताको तर्फबाट अंकित थिए । र, त्यो अत्याचारीहरूबाट टाढा थिएन ।

अल्लाहले लूतको समुदायलाई त्यो पीडादायी अजाब दिनु भयो, जहाँ उहाँले पुरै गाउँलाई उचालेर माथी देखी तल पछारीदिनु भयो र ढुङ्गाको थुप्रोको वर्षा गराउनु भयो। यो एउटा यस्तो अजाब थियो जसले पुरै चिजलाई तल माथी गरिदियो र तमाम प्रतिकलाई फेरेर पुर्ण विनाश गरिदिनु भयो (सैयद कुति फि जिलाल अल-कुरआन ४/१९१५)।

६- यौन विचलनले जब कुनै सेनाको जमातमा स्थान बनाउछ,यसले उनिहरुको शरीरलाई खोक्रो र निर्जीव बनाइदिन्छ र त्यो समुदायको शक्ति समाप्त भएर जान्छ । यसको बलियो उदाहरण फ्रान्सको यो कटु अनुभव हो, जब फ्रान्सेली

सेनामा यौन अनैतिकता फैलियो तब उनीहरुको शारीरिक शक्ति दिनप्रतिदिन कमजोर हुँदै गयो। बीसौं शताब्दीको सुरुमा फ्रान्सेली सरकारले सेना भर्तीमा शारीरिक तन्दुरुस्तीमा केही छुट दियो। जसको परिणाम पहिलो विश्वयुद्धको सुरुका दुई वर्ष यौन दुर्व्यवहारको कारणले गर्दा धैरे सेनालाई बर्खास्त गरी अस्पतालमा भर्ना गर्न परेको थियो। यो संख्या पचहत्तर हजार पुगेको थियो, एक समय त्यहाँ यो बिमारिको एक शिविरमा २४२ सैनिकहरू थिए ( अबुल आला मौदुदी अल-हिजाब १०१-१०२)।

७- यौन विचलनका खराबीहरूमध्ये एउटा शारीरिक समस्या हो, जसले शरीरमा विभिन्न रोगहरू निम्त्याउँछ र शरीरमा फैलन्छ। जस्तै भिरिङ्गी जसले शरीरका सबै जोर्नीहरू र अंगहरूमा असर गर्छ र एक खास प्रकारको कीटाणु सर्ने कारण उत्पन्न हुन्छ र यौन सम्पर्कको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा प्रवेश गर्छ र जब यो हृदय र शरीरको मुख्य भागमा पुग्छ अनि व्यक्तिको मृत्यु हुन्छ।

यसैगरी अर्को सेतो पानी बग्ने रोग हो जसमा पुरुष र महिला दुवैलाई पिसाब गर्दा जलन र पिडाको सामना हुन्छ र जोर्नीहरूमा सूजन हुन थाल्छ, जसले व्यक्तिको जोर्नीलाई स्थायी रूपमा अयोग्य बनाउँछ । Granuloma inguinale नामि बिमारी पनि छ, जो सामान्यतया बाहिरी अंगहरूमा असर गर्छ जसले गर्दा ठूलो पीडा हुन्छ। यदि सहि समयमा उपचार नगरेमा अपाङ्गताको कारण बन्छ र यो रोग लागे पछि व्यक्तिको वजन घट्न थाल्छ र फेरि मृत्यु उसको भाग्यमा लेखिन्छ ।

देखा परेका विभिन्न रोगहरु मध्य १४०२ हिजरी अनुसार 1918 मा देखा परेको रोग एड्स हो । जुन सामान्यतया व्यभिचार,लवातित र रगतको लेनदेनबाट हुन्छ। यसको शिकार प्राय: यौन क्रियाकलापमा संलग्न व्यक्तिहरू हुन्छन् । एड्स एउटा भाइरसको नाम हो, जसले सेतो रगत सखाप गरेर शरिरलाई रक्षात्मक शक्ति देखी टाढा गरिदिन्छ । जसकारण शरीरमा ती किटाणुहरु सजिलोसँग प्रवेश हुन्छन् जसले मानव शरीरमा विभिन्न संक्रमण र क्यान्सरको अवस्था सिर्जना गरिदिन्छ । जस् कारण रोग प्रतिरोधात्मक क्षमतालाई कम गरिदिन्छ । अमेरिकामा एड्सको बिमारी यति सामान्य भएको छ कि हरेक दिन दस देखि बाह्र जना मानिस यो रोगबाट ग्रस्त छन् ( तौफीक मुहम्मद इज्जुदिन दलील अन्फस बैन अल-कुरआन अल हकीम व इल्म अल-हदीस२०८/२०९ )।

व्यभिचार, लवातित र कामुकताको साझा विशेषता यो हो कि यीनीहरू सबै संक्रामक रोगहरू हुन्। जुन व्यभिचार र कहिलेकाहीं जिनाको माध्यमबाट एकबाट अर्कोमा सर्ने गर्दछ। र यी रोगहरूको निदान र तिनीहरूको कीटाणुहरू पत्ता लगाउन धेरै गाह्रो छ (पूर्व सन्दर्भ २०७)।

७- व्यभिचारीले व्यभिचारी बाहेक अरूसँग विवाह गर्नु उचित छैन, अल्लाह सुरह नूरमा भन्नुहुन्छ:

{الزَّانِي لَا يَنكِحُ إِلَّا زَانِيَةً أَوْ مُشْرِكَةً وَالزَّانِيَةُ لَا يَنكِحُهَا إِلَّا زَانٍ أَوْ مُشْرِكٌ وَحُرِّمَ ذَٰلِكَ عَلَى الْمُؤْمِنِينَ}[النور:3]

व्यभिचारी व्यक्तिले केवल कुनै व्यभिचारी वा बहुदेववादी महिलासित विवाह गर्छ। र, व्यभिचारी स्त्रीले केवल कुनै व्यभिचारी वा बहुदेववादी पुरुषसित विवाह गर्छे। र, यो मोमिनहरूकानिम्ति अवैध गरिएको छ।

जबसम्म व्यभिचारी व्यक्तिले तौबा गर्दैन तबसम्म व्याभिचारीको लागी जानिया महिला बाहेक कुनै पनि महिला उसको लागी योग्य हुँदैनन। उसको लागि कहिल्यै पनि धर्मी महिला योग्य हुन सक्दैनन् र जानाजानी कुनै पनि मुमीनले आफ्नो सन्तानको निकाह दुश्चरित्र व्याभिचारी सङ्ग गराउन जायज छैन ठिक यसैगरी पुरुषको हकमा पनि। जबसम्म उसले तौबा गर्दैन उसको लागी जानीया महिला छोडेर धर्मी महिला उचित हुन सक्दैन।

यो आदेश यस्ता महिला पुरुषहरुमा लागू हुन्छ जो आफ्नो बानी छाड्दैनन् र पश्चात्ताप पनि गर्दैनन्। यद्यपि पश्चात्ताप र आफूलाई सुधार गर्नेहरूमा यो आदेश लागू हुदैन,किनभने सुधार र पश्चात्ताप पछि व्यभिचारको विशेषता उनिहरुमा हुदैन। ( अबुल आला मौदुदी तफ्सीर सुरह नूर )

यसले के स्पष्ट गर्छ भने इस्लामले कसरी आफ्नो प्रशिक्षण प्रणालीमा पहिलो दिनदेखिनै परिवारको गठनको लागी त्यस्ता नैतिक पतनको उपाय प्रदान गरेको छ जुन अपराधको प्रकृति र त्यसैमा लिप्त रहिरहनमा जिद्दी छन। व्यभिचार गर्नेहरूले धर्मी पुरुषले महिलासँग निकाह नगरोस तर जब उनिहरुले इमानदारीपूर्वक पश्चात्ताप र आफूमा सुधार गर्छन् तब मात्र तिनीहरूको निकाहको मामिला सामान्य मुस्लिमहरूको जस्तै हुनेछ। यो यसतो सामाजिक समाधान हो जो उत्पात फैलनबाट रोक्छ र आत्मालाई वास्तविक उपचार प्रदान गर्छ। जसलाई व्याभिचारीले महसुस गर्न सक्छ र उस भित्र यसको कारण समाजमा आफू कलंकित भएको भनेर चेतना आउछ।

**समाधानको लागी केही उपायहरू:**

इस्लामले व्यभिचार देखि टाढा रहन केही उपायहरु प्रस्तुत गरेको छ जो निम्नानुसार छन:

१- मुस्लिम महिलाहरूलाई पवित्रता, शुद्धता र मर्यादित तालिम दिनुपर्छ। उनीहरूलाई हिजाबको पालन, नग्नता र महिला पुरुषको घुलमिलबाट टाढा रहन सिकाउनु पर्छ। यसको दुई तरिका हुन सक्छ। उनिहरुलाई नग्नता, अश्लीलता र अपरिचित महिला पुरुषको घुलमिलले हुने हानीबारे जानकार बनाउने र छाडापनको नोक्सानीलाई उजागर गरेर समाजमा चेतना फैलाउने।

२-नयाँ पुस्तालाई पवित्रता र गलत घुलमिल विरुद्ध यस्तो तालिम दिने कि अल्लाह र उहाँको दुतको यो आदेशको पालना होस्। जसमा हृदयको अज्ञानता र पापको मृत्युबाट मुक्ति दिलाएर पवित्र र सुन्दर जीवन दिइन्छ। अल्लाह तआला सुरह अल-अहजाबमा भन्नुहुन्छ:

{يَاأَيُّهَا النَّبِيُّ قُل لِّأَزْوَاجِكَ وَبَنَاتِكَ وَنِسَاء الْمُؤْمِنِينَ يُدْنِينَ عَلَيْهِنَّ مِن جَلاَبِيبِهِنَّ ذَلِكَ أَدْنَى أَن يُعْرَفْنَ فَلاَ يُؤْذَيْنَ وَكَانَ اللَّهُ غَفُورًا رَّحِيمًا}[الأحزاب:59]

हे नबी स.! आफ्ना पत्नीहरू, आफ्ना छोरीहरू र मोमिनहरूका महिलाहरूलाई भनिदेऊ– उनीहरूले आफूलाई ओढनीहरूले ढाकून्। यसो गर्दा उनीहरू चिनिने संभावना बढी छ र सताइने छैनन्। र, अल्लाह अति क्षमाशील एवं परम दयालु छन्।

३–नौजवानहरुले आफ्नो पुरुषार्थलाई बाकी राख्नु पर्छ, हतारोप,पहिरन, श्रृंगार र बोलीचालीमा महिलाको नक्कलबाट जोगिनु पर्छ। जब उनिहरु यी कुराहरुका आदि हुन्छन फेरि उनीहरू भित्र स्त्रीत्वको विकास हुन्छ र फलस्वरूप लवतित जस्तो कार्यको उनिहरु सिकार हुन्छन्। हजरत इब्न अब्बास वर्णन गर्नुहुन्छ: "अल्लाहकस रसूल सल्लल्लाहु अलैही वसल्लमले त्यस्ता पुरुषहरू जो महिलाको चरीत्र अप्नाउछन र त्यस्ता महिला जो पुरुषको चरीत्र अप्नाउछन उनिहरु माथी लानत ( श्राप ) गर्नु भएको छ" (बुखारी ४/७१ हदीस नम्बर ५८८५)।

३- नजरलाई तल राख्ने तालिम दिनुपर्छ र यसका फाइदा र लाभबाफे जानकार गराउपर्छ । हामी यहाँ आँखा नियन्त्रणमा हुनुको केही फाइदाहरू संक्षिप्त बयान गर्दैछौं:

१- ईमानको मिठास र त्यसको शक्तिको अनुभूति हुन्छ, जस मार्फत मानिस मनमा शान्ति र हृदयमा सन्तुष्टि प्राप्त गर्छ। किनकि जब व्यक्तिले अल्लाहको लागि कुनै चीज त्याग्छ अल्लाह तआला त्यसको बदलामा त्यो भन्दा उत्तम चिज प्रदान गर्नुहुन्छ। अल्लाह तआला भन्नुहुन्छ: "दुष्ट नजर सैतानको विषाक्त तीर मध्य हो, जो मानिस अल्लाहको डरबाट यसलाई त्याग्छ अल्लाहले उसलाई ईमानको यस्तो स्वाद चखाउनु हुन्छ कि उसले त्यसलाई आफ्नो हृदयमा महसुस गर्छ" (अहाकिम मुस्तद्रक अला सहिहीन ४/३१३ हाकिम भन्नुहुन्छ यो हदीसको सनद सहि हो तर सहिहीनमा छैम इमान जहबीले समर्थन गर्नुभएको छ)।

यस मार्फ हृदयलाई नूर र बुद्धिमतामा प्रकाश प्राप्त हुन्छ, जसरी मानिस खराब दृष्टिबाट जोगिएर आफ्नो दृष्टिको नूरलाई बहिष्कृत हुनबाट बचाउँछ। यसैगरी अल्लाह तआला उसको दृष्टि र हृदयलाई खोली दिनुहुन्छ। ऊ त्यस मार्फत त्यो सबै देख्न सक्षम हुन्छ,जुन कुरालाई देख्न देखि वर्जित थियो। जो व्यक्ति नजरलाई वेवास्ता गरेर वर्जित देखी टाढा रहदैन ति यस्ता चीजहरु यस्ता हुन,जुन व्यक्तिले आफ्नो हृदयमा सजिलैसँग महसुस गर्न सक्छ।

३-हृदयको बल र बहादुरी, अल्लाह तआला उसलाई आफ्नो शक्तिबाट विजय र मद्दतको शक्ति प्रदान गर्नुहुन्छ। यसरी उसले दुई शक्तिहरू प्राप्त गर्छ ( इब्न कैयीम अल-जैजिया १/५९-६१ माअ इख्तिसार )।

४-नजरलाई तल राख्नुमा मानिसको आफ्नो प्रशिक्षण हुन्छ। किनकि नजर देखि हृदयमा पुग्ने बाटो प्रशस्त हुन्छ। जसरी ज्वरोलाई मृत्युसम्म पुऱ्याउने स्रोत मानिन्छ। अल्लाह तआला सुरह नूरमा भन्नुहुन्छ:

{قُل لِّلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ وَيَحْفَظُوا فُرُوجَهُمْ ذَٰلِكَ أَزْكَىٰ لَهُمْ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا يَصْنَعُونَ}[النور:30]

(हे सन्देष्टा!) मोमिन पुरुषहरूलाई आफ्ना दृष्टिहरूलाई नियन्त्रित राख्न तथा आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्न आदेश देऊ। यो उनीहरूकालागि विशुद्ध तरिका हो। उनीहरूले गर्ने गरेका कार्यहरूसित अल्लाह अवगत छन्।

५-योन उत्तेजना उत्पन्न हुने चिज देखी टाढा रहनु जस्तैः अश्लील तस्बिर नहेर्नु,गलत संगतबाट टाढा रहनु, संगीत नसुन्नु जो व्यभिचारको लागी जादु बुझिन्छ। यसले यौन दुर्गुणहरूको इच्छालाई ज्वालाजस्तै भड्काउछ। संगीतले हृदयमा प्रेम र यौन चाहनालाई जिवित राख्नमा ठुलो रोल खेल्छ। थप संगीत सुन्नाले अल्लाहले हराम गरेका वस्तुलाई हलाल बुझ्न् सजिलो गरिदिन्छ। जस्तो कि मुहम्मद सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: " मेरो उम्मामा यस्ता खराब मानिसहरूको जन्म हुनेछ, जसले व्यभिचार, रेशमको प्रयोग, रक्सी पिउनु र संगीत बजाउनलाई हलाल बनाउनेछन "( ४/१३ हदीस नम्बर ५५९० )।

६- मदिरा सेवनबाट हुने खतरा र हानिबारे सचेत गराउने, किनकि मदिरा सेवन यौन विचलनको मुख्य कारण हो। किनकि नशाको अवस्थामा मानिसको बुद्धि स्तब्ध हुन्छ र उसले आफ्नो कुनै पनि काम गर्न सक्दैन। त्यसैले नशामा परेको मानिस कल्पनाको दुनियाँमा नराम्रो सपनाको आनन्द लिरहेको हुन्छ र नशामा डुबेर आफ्नो खराब सपनालाई साकार पार्न थोरै पनि हिचकिचाउँदैन।

७-यस प्रकारका यौन विचलन रोगहरुलाई इस्लाम द्वारा बयान गरेको प्रशिक्षण विधिबाट उपचार गर्नुपर्छ। जस्तै; सत्कर्म तर्फ आकर्षण गर्नु र कुकर्म देखि मनाही गर्नु। नबी सल्लल्लाहु अलैही वसल्लमको हदीस र कुरआनका आयतहरुमा यस्ता भ्रमित मानिसहरूलाई सुधार्न धेरै महत्त्वपूर्ण प्रभाव राखिएको छ। कुरआनमा उदाहरण प्रस्तुत गरेर यौन अनैतिकता देखी डराएको छ। जस्तै: लुतको समुदायको घटना जसलाई कथाको तरिकाले बयान गरिएको छ। हज़्रत युसूफ अलैही अस- सलामको त्यो पवित्र घटना जसमा उहाँलाई अजीजे मिस्रकि श्रीमती पाप तर्फ बोलाउछ। हदीसमा सन्तोषजनक कुराकानीको उदाहरण पेश गरिएको छ। जस्तो कि नबी सल्लल्लाहु अलैही वसल्लमले त्यो व्यक्तिसङ्ग कुराकानी गर्नुभयो जो व्याभिचारको अनुमति माग्न आएको थियो (अहमद ५/२५६-२५७ अल बानीले सही भन्नुभएको छ )।

८- मौका अनुसार सत्कर्म र कुकर्मको व्यावहारिक उदाहरण प्रस्तुत गर्नु। जस्तो हजरत फज्ल इब्न अब्बाससङ्ग वर्णन छ, हज़्रत इब्न अब्बास भन्नुहुन्छ: रसूलुल्लाहले कुर्बानीको दिन फज्ल इब्न अब्बासलाई आफ्नो सवारीको पछाडी बसाल्नु भयो " उनी गोरो र सुन्दर हुनुहुन्थ्यो। हुजूर सल्लल्लाहु अलैही वसल्लम समस्याको सम्बोधन ( मसला बताउन ) गर्न उभिनु भयो। यहि समय कबीला खसअम्कि एउटी महिला पनि आफ्नो समस्या सोध्न आएकी थिइन्। फजल उसलाई हेर्न थाले र उनको सुन्दरतामा मोहित बने। जब नबी सल्लल्लाहु अलैही वसल्लमले पछाडी फर्केर हेरे , फजल उसलाई हेरि रहेका थिए। नबी करीम सल्लल्लाहु अलैही वसल्लमले आफ्नो हातले फजलको अनुहारलाई अर्कोतिर फर्काइदिनु भयो ( ४/१३५-१३६ हदीस नम्बर ६२२८)।

इस्लामी प्रशिक्षणको व्यबहारीक उदाहरण हामीलाई नबी सल्लल्लाहु अलैहु वसल्लमको यो तरिकामा पनि नजर आउछ। जब कहिल्यै पनि सल्लाह,आदेश निर्देश ताकेताको आवश्यक हुन्थ्यो उहाँ तुरुन्तै ताकेता गर्नुहुन्थ्यो। माथी उल्लेखित घटनामा हुजूरले फजललाई अपरिचित महिलालाई उसको हेराईलाई त्यतिकै छाड्नु भएन तुरुन्तै अपरिचित महिलासङ्ग कुन व्यबहार गर्ने भनेर सिकाउनु भयो र तुरुन्तै उहाँले ताकेता किन गर्नु भयो र भन्नुभयो खराब दृस्टी धेरै खतरनाक हुन्छ। हजरत जरिर बिन अब्दुल्लाह भन्छन्: "मैले अल्लाहको रसूलसङ्ग अचानक अपरिचित महिला माथी पर्ने नजर बारे सोधे उहाँले भन्नुभयो तिमी आफ्नो नजरलाई अर्कोतिर गर" (मुस्लिम ३/१६९९ हदीस नम्बर ४५/२१५९)।

जब कुनै व्यक्तिले अपरिचित महिला वा नामहरमलाई पहिलो नजर हेर्छ र फेरि हेर्छ भने, उसलाई तुरुन्तै त्यसो गर्नबाट रोक्नुपर्छ ताकि उसमा शुद्धता र लज्जाको गुण मजबुत रुपमा  स्थापित होस् र उसलाई थाहा होस कि मानिसहरूको नजर ऊ माथी पनि छ। उसको दुर्व्यवहार माथी अभियोग लाग्न सक्छ ।

९-लवातित र सिहाकको कारण मध्य एउटा कारण पुरुषले अर्को पुरुषको गोप्य अंग हेर्नु र महिलाले अर्को महिलाको गोप्य अंगलाई हेर्नु पनि हो । यहिँ कारण मानिसलाई कसैको गोप्य अंगमा नजर नपुगोस भनेर होशियार रहनुपर्छ । हदीसमा भनिएको छ : "एउटी महिलाले अर्को महिलाको र एउटा पुरुषले अर्को पुरुषको गोप्य अंग तर्फ नहेरोस " (इब्ने माजा १/२१७ हदीस नम्बर ६६१ अल्बानीले सही भनेका छन )।

व्यक्तिको फिला पनि गोप्य भागको एउटा अंग हो । किनभने रसूलुल्लहले भन्नू भएको छ: "फिला निजी भाग हो" ( अबू दाउद हदीस नम्बर ४०१४ ) यसले केही मानिसहरुलाई खासै असर गर्दैन र उनिहरु फिलालाई खोलेर बस्छन् । यसमा विशेषगरी खेलकुदमा सहभागी खेलाडीहरु संलग्न हुन्छन् । त्यसैले नयाँ पुस्तालाई इस्लामी शरिया बमोजिम प्रशिक्षण र उनीहरुको सहि मार्गदर्शन गर्न जरुरी छ। ताकि घृणित र तिरस्कृतको माध्यम भन्दा माथी उनिहरुको नैतिकता होस् र उनीहरू उच्च साहसी हुन ।

१० - लवातितबाट हुने समाजिक हानी र नोक्सानीलाई लूत समुदायको घटनालाई बयान गर्न जरुरी छ अल्लाहले कसरी र कुन प्रकारको उनिहरुलाई अजाब दिनुभएको थियो। साथै पश्चिमाहरुको त्यो चाल देखि होशियार रहनुपर्छ जुन उनिहरुले लवातितलाइ फैलाउन आम गरेका छन। यसबाट हामी दुई तरिका अपनाएर बच्न सक्छौं ।

१- घटना घट्नु भन्दा अगावै त्यसका कारकहरुलाई समाप्त गर्नुपर्छ ,नजरलाई तल राख्नुपर्छ, अल्लाहको आदेशलाई लागू गर्नुपर्छ, यसले शैतानलाई हृदयमा सम्म पुग्न रोक्छ र यसको अर्को फाइदा हृदय आफ्नो स्वार्थको काममा व्यस्त हुन्छ।

२- यदि यो सब समाजमा फैलिसकेको छ भने यसलाई जरैदेखि उखेलेर फालिदिनु पर्छ । यसको तरिका भनेको मन र हृदयलाई  व्यस्त राख्नु जसद्वारा उसलाई दुष्टतामा फस्ने मौका प्राप्त नहोस् अथवा मस्तिष्कमा पीडादायी डर पैदा

गरेर मर्महित प्रेममा लगाइदिनुस। किनभने आत्मा कुनै प्रिय चिजलाई त्यो भन्दा प्रियको लागी मात्र छोड्छ। वा यो डरले पछि हट्छ कहिँ आफूले चाहेको कुरा प्राप्त नहुनु भन्दा बढी पीडा त छैन । थप उसमा लगनशीलताको बल विकास र यस्तो धैर्यताको विकास गर्नुस् कि उसले यो खराब कर्मलाई सजिलै त्याग्न सकोस (इब्न कैयीम अल-जौजी अद-दा व अद-दवा ३०९-३१०)।

११- यौन अनैतिकता हटाउन र यसको समाधानको लागी सञ्चारमाध्यम, मदरसा, विद्यालय र शैक्षिक संस्थाको भूमिकालाई उजागर गर्नुपर्छ ।

१२-सञ्चारमाध्यमको प्रयोग नैतिक मूल्यमान्यता निर्माण गर्न गर्नुपर्छ, अनैतिक मुल्यमान्यता र अश्लीलता फैलाउने मिडिया देखी टाढा रहनुस। विशेष गरेर सञ्चारमाध्यमलाई अश्लीलता,संगीत र ती अनैतिक तत्व देखि खाली गर्नु पर्छ जसले समाजमा अराजकता फैलाउछ।

## लागू औषध

यो असल आँचरण र इस्लामी नैतिकताको विपरीत छ, यसमा मदिरा पिउनु,जुवा तास खेल्नु पनि रहेको छ,मदिरापान र लागूपदार्थको लत समावेश गर्छ। किनभने यसले दीन धर्म, शरीर आत्मा, नैतिकता,व्यवहार,समाज र सोसाइटीमा गम्भीर परिणामहरू जाहेर गर्छ । यस विषयमा छलफल गर्नु भन्दा पहिला लागूपदार्थको व्याख्या गर्नु महत्त्वपूर्ण देखिन्छ:

मदिरा: बुद्धिलाई ढाक्ने सबै चीजलाई रक्सी भनिन्छ किनभने यसले बुद्धिलाई ढाक्छ (शौकानी नैलुल औतार ७/१३९)

यस भित्र हर त्यो जूस र नबीज पड्छन जसमा नशा हुन्छ (सनआनी सुबुल अस-सलाम ४/१३११)।

मादक पदार्थ एउटा यस्तो पदार्थ हो जो खजूर,जौ,अंगूर, स्याउ र प्याजमा जस्ता मादक पदार्थ बिरुवाहरुको किण्वन द्वारा उत्पादित पदार्थ हो।( सालेह बिन अब्द अल अजी आल मन्सूर मौकफ अल इस्लाम मीन अल-खम्र २७)

नशा: एउटा यस्तो आनन्द र उत्तेजना छ जसको कारण सुझबुझ बुद्धि हराउँछ र मादक पदार्थ सेवन गर्ने व्यक्तिलाई आफूले के बोली रहेको छु केही थाहा हुदैन ( इब्न अल-कैयीम अल-जौजी मदारिज अस-सालिकीन ३/३१९

मादक पदार्थ: नशा पाइने सबै चीजहरू (अब्दुल्लाह बिन अहम अहमद कादरी अल-इस्लाम अज-जरुरियात व अल-हयात ११९)।

मादक पदार्थ: हर त्यो पदार्थ जुन व्यक्तिको उपभोग पछि उसको शरीरको एउटा अङ्ग वा सबै अंगहरु बिग्रन्छन (सऊद बिन अब्द अल-अजीज अत-तुर्की अल-अवामिन अल-मुअद्दी इला तआती अल-मख्दरात वल मन्जुर अल-इस्लामी लिमवाजिहतिहा )।

माथीको बहसले मदिरा, लागुऔषध र नशा बीचमा गहिरो सम्बन्ध रहेको कुरा प्रष्ट हुन्छ र मानिसको सही सन्तुलित दिमाग पनि प्रभावित हुन्छ भनेर । नशा त्यो हालतलाई भनिन्छ जुन अवस्था मानिसलाई मादक पदार्थ र लागू औषधको प्रयोग बाट उत्पन्न हुन्छ र ऊ बाहिरी प्रभावको नतिजामा एउटा गैर प्राकृतिक सुस्तता र बेहोशतामा जान्छ। नशा र मादक पदार्थ दुई यस्ता कार्यहुन जसको माध्यमले यो अवस्थाको सिर्जना हुन्च।

### मदिरा र लागू औषध प्रयोगको कारणहरु:

व्यक्तिले जब कुनै काम गर्छ त्यसको पछाडि कुनै न कुनै कारण वा प्रेरणा हुन्छ चाहे उसले यो काम आफ्नो इच्छा वा इरादाले गरेको होस् वा त्यसको पछाडि कुनै बाह्य कारण होस। उदाहरणको लागि कोहि व्यक्ति कसैलाई बाध्य गराएर गराइरहेको होस् , अथवा मानव जिवनका नैतिक पक्षहरूलाई चासो दिदै गरिरहेको होस। कारणहरु: यो एउटा

यस्तो चिज हो जो व्यक्तिको इरादा देखी उत्पन्न हुन्छ किनकि यो मानवको भावनात्मक र व्यक्तिगत झुकावको परिणाम हो। यदि बाह्री कारण हो भने मानिस कहिलेकाहीँ केही गर्नको लागी मनाही गर्ने शक्ति नभएर पनि बाध्य हुन्छ यस्तो अवस्थामा मानिस मनाही गर्न सक्दैन। मादक पदार्थ र लागू औषधको प्रयोगको यिनै कारण मध्य तल केही उल्लेख गर्दौछौ।

१- मनोकांक्षाको चाहना तर परिणाम देखी बेखबर भएर क्षणिक आनन्दको खोजी। यी दुई यस्तो चिजहो जसले मानिसलाई लागूपदार्थको लतमा लाग्न र त्यसबाट आनन्द प्राप्त गर्न उत्प्रेरित गर्छ। विशेष गरेर यी गुण ती मानिसहरूमा पाइन्छ जसलाई नाफा घाटा बिच अन्तर गर्ने सुर हुदैन। यसको कारण उनिहरुमा बुद्धि र अन्तरदृष्टता नहुनु होइन, वास्तविक कारण बुद्धि माथी मनोकांक्षा हावी हुनु हो। जसको नतिजा उनीहरु आफ्नो वासना पूरा गर्न इच्छाको पछि दैडिन्छन। यसैलाई थप उजागर गर्दै इब्न कैयीम अल-जौजियाह भन्नुहुन्छ: नशा भित्र दुई अर्थ पाइन्छ आनन्द र मदमत्ता। नशा गर्ने व्यक्ति कहिलेकाहीँ यो दुवै प्राप्त गर्न चाहन्छ भने कहिलेकाहीँ कुनै एउटा प्राप्त गर्न चाहन्छ। किनभने आत्मामा मनोकांक्षा र इच्छा हुन्छ जसलाई प्राप्त गरेर ऊ आनन्दित हुन्छ। जबकी उसलाई त्यो आनन्दको नतिजामा हुने लोक र परलोकको परिणाम देखी उसको ज्ञान, चेतना, र बुद्धिको अस्तित्वले उसलाई लागूपदार्थ र मदिरा सेवन गर्नबाट रोक्छ। तर बाटो देखाउने, सही र गलत छुट्याउन सक्ने ज्ञान छैन भने आत्माको लागी इच्छाको ढोका खुल्छ र कुकर्मको लागी मैदान फराकिलो हुन्छ ( इब्न अल-कैयीम अल-जौजी मदारिज अस-सालिकीन ३/३२०)

२- मादक पदार्थ र लागूपदार्थको खतराबारे बेवास्ता र नयाँ पुस्ताको अविज्ञाताले यसले आफ्नो खतरनाक विषमा डुबाएर इस्लामी समाजलाई मार्न चाहन्छ ( फरज जहरान अल-मसकरात व अज़्नारहा व अहकामुहा दरासत मकाजिना फि सरि अल-इस्लामी ) यस प्रकारको विषलाई सामान्यीकरण गरेर कम बुद्धि र कम दुर्दृशीहरुलाई आफ्नो जालमा फसाएर बर्बाद गर्न चाहन्छ। यही कारण औपनिवेशिकताका अगुवाहरु यसलाई मुस्लिम समाजमा आम गर्न सक्दो प्रयास गरिरहेका छन्। जब यो समाज नशाको लत डुबेर कमजोर हुँदै जान्छ अनि आक्रमण गरेर उनिहरुलाई आफ्नो नियन्त्रणमा लिने उनीहरुको नियतको रहेको छ।

३-लागू औषधले यौन शक्ति प्रदान गर्छ भनेर समाजलाई भ्रमित गर्नु, जसमा यो कमजोरी हुन्छ उनिहरु यसको खोजिमा रहन्छन। जबकि आधुनिक मेडिकल साइन्सले लागूपदार्थको बारेमा यो भ्रमलाई गलत साबित गरेको छ वास्तविकता जो उनिहरु भनिरहेका छन त्यसको विपरीत छ। वास्तवमा लागू पदार्थले यौन नपुंसकता निम्त्याउँछ, शुक्राणु मार्छ र धेरै रोगहरू निम्त्याउँछ ( पूर्व सन्दर्भ मअ इख्तिसार )

४-आर्थिक विकास र भौतिक तथा आर्थिक समृद्धि।

५- पश्चिमा देश तथा अन्य देश घुम्ने चलन समाजमा फैलनु।

६- ठूलो संख्यामा विदेशी महिला घरेलु कामदारको रुपमा भित्र्याउनु। इनिहरु मार्फत लागूऔषधको प्रवद्र्धन र फैलावटमा यसले ठूलो मद्दत मिलेको छ। चाहे त्यसको कारण इनिहरु आफ्नो देशम पाइने स्थानबारे चर्चा वा अन्य देशमा कार्यनयन गर्ने कुरा गरेरनै किन नहोस् ।

## लागूऔषध र लागू पदार्थको हानिहरु:

मादक पदार्थ र लागूऔषधको धैरे हानि छन् र यिनका बेफाइदाहरु गन्नु र भन्न एउटा किताबमा सम्भव छैन त्यसको लागी एउटा अलग्गै पुस्तकको आवस्यकता पर्छ। किनभने यसले धर्म, धन सम्पत्ति, बुद्धि मन र आत्मालाई समेत हानि पुऱ्याउछ, लागूपदार्थले समाजमा अराजकता सिर्जना गर्छ र शान्तिलाई सखाप पारिदिन्छ। यहाँ लागूपदार्थका महत्त्वपूर्ण र केगि अहम हानिहरूलाई उल्लेख गरिदैछ:

१-लागू पदार्थले व्यक्तिको नैतिकतालाई दुष्ट बनाइदिन्छ। किनभने रक्सीको नशा जड्याँहाको नसामा गएर मिल्छ जसमा ऊ तल्लिन भएर उसको आँचरण भ्रष्टक शिकार हुन्छन ऊ आफ्नो र अरुको रहस्य खोल्न थाल्छ। प्राचीन समयमा शत्रुले गम्भीर गोप्य डाटा र राज हासिल गर्न मादक पदार्थ र मदिराको सहारा लिने गर्थे ।

२-लागू पदार्थले मानिसको बुद्धि र शरीरको विकास रोक्छ। जबकि बुद्धि र शरीर नैतिकताको महत्त्वपूर्ण अंग मध्य एक हो। जब बुद्धिको समाप्ति हुन्छ निश्चितै तब नैतिकता पनि भ्रष्टाचारको शिकार हुन्छ किनभने नैतिकतासङ्ग आफ्नो कार्यहरू नियन्त्रण गर्ने क्षमता हुदैन।

३- लागुपदार्थ दुर्व्यसनी भएका व्यक्तिलाई संक्रामक रोग लाग्ने सम्भावना अधिक हुन्छ जसले उसलाई उसको स्वास्थ्य र शारीरिक प्रणालीलाई नष्ट गर्छ ।

४- मादक पदार्थ र मद्यपानले मानिसलाई पशुत्व र पशुपनको स्तरमा पुऱ्याउँछ।

मादक पदार्थ र मदिराले अल्लाहको जप र सलाह देखि रोक्छ। अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ:

{إِنَّمَا يُرِيدُ الشَّيْطَانُ أَن يُوقِعَ بَيْنَكُمُ الْعَدَاوَةَ وَالْبَغْضَاءَ فِي الْخَمْرِ وَالْمَيْسِرِ وَيَصُدَّكُمْ عَن ذِكْرِ اللهِ وَعَنِ الصَّلَاةِ فَهَلْ أَنتُم مُّنتَهُونَ}[المائدة:91]

शैतानले मद्यपान तथा जुवामा लगाएर तिमीहरूबीच शत्रुता एवं द्वेष उत्पन्न गर्न चाहन्छ र तिमीहरूलाई अल्लाहको स्मरण एवं नमाजबाट रोक्न चाहन्छ । के तिमीहरू यी कुराहरूबाट रोकिन्छौ त ?

मादक पदार्थले मानिसलाई कुरआन पढ्न, उलमाको बैठकमा उपस्थित हुन, धार्मिक व्यक्तिहरुको संगत र तिनीहरूको जमघटबाट लाभ उठाउनबाट वञ्चित गर्छ। किनभने मदिराको कारण ऊ उनीहरुको स्वभाव र विचार देखि मतभेद राख्नुको कारण उनिहरुलाई घृणा गर्छ।

६- लागू पदार्थ मानिसलाई असल स्वभाव, असल आँचरण र बुद्धिको विपरित क्रोध,मूर्खता र नासमझीमा ग्रस्त बनाउँछ। त्यसैले ऊ खराब र मूर्खतापूर्ण कुराहरू,नीच कार्यको अवलोकन गर्छ किनभने उसको बुद्धि समाप्त भैसकेको हुन्छ।फलस्वरूप उसको स्वभाव कल्पनाको अधीनमा पुग्छ, अन्जाम देखी जानकार हुनु अगावै ऊ आफ्नो इरादालाई अन्जाम दिन्छ । तसर्थ ऊ कसैको हत्या गर्छ वा उसको हत्या हुन्छ, अथवा ऊ कसै माथी दमन गर्छ वा उस माथी दमन गरिन्छ ( मुहम्मद अल-खजर हुसैन रसाएल अल-इस्लाह २/ २२-३५ )

यो मनोवैज्ञानिकताको खराबी र नैतिक पतनको सिलसिलामा धेरै र थोरै बीच कुनै अन्तर छैन। एकाधिकार विश्वविद्यालयको फिजियोलोजीको प्रयोगशालामा आइल्स र लियोन्सले देखाएको छ कि कहिले काँही मादक पदार्थ र नशाको थोरै मात्रा पनि मानव सन्तुलनमा खलल पार्न प्रयाप्त हुनसक्छ ( तौफीक अल-खजिर अला अद-दीन दलील अल-अन्फुस बैन अल-कुरआन व अल-हदीस ) । यहीं कारण इस्लामले नशालाई पूर्ण रूपमा हराम घोषित गरेको छ धेरै वा थोरै मात्राको कुनै सर्त छैन। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो : जुन वस्तुको धेरै मात्रामा नशा छ त्यसको थोरै पनि हराम छ ( अबू दाऊद ४/८७ हदीस नम्बर ३६८१ सुनन तिर्मिजी ४/२५७ हदीस नम्बर १८६५)।

७-जनावर र चराचुरुङ्गी तम्बाकुको रुखको छेउमा आफ्नो प्राकृतिक स्वभावले यो हानिकारक वस्तु हो भन्ने थाहा पाएर नजिक जाँदैनन् जब एउटा जनावरलाई आफ्नो स्वभावले त्यसको हानिबारे थाहा हुन्छ ( मुहम्मद जमील जैनु अत-तौजिहात अल-इस्लामी लि इस्लाही अल-फर्द अल मुज्तमिअ ) । जब जनावरहरु आफ्नो प्राकृतिक स्वभावले यो रुख उनीहरुका लागि हानिकारक छ भन्ने बुझ्छन् फेरि के कारण बुद्धिले भरिपूर्ण प्राणी त्यसको खोजिमा रहन्छ ? त्यसलाई आफ्नो आनन्दको साधन बुझ्छन् र त्यसको प्राप्तिको लागी आफ्नो दीन धर्मलाई बेचिदिन्छन। के एउटा जनावर प्राकृतिक स्वभावमा मानव भन्दा श्रेष्ठ छ? यसको जवाफ लागू औषध दुर्व्यसनीहरुको स्वभाव,उनिहरुको गलत प्रशिक्षण र इस्लाम देखि टाढा रहनुको कारण हो।

८- लागुऔषधको प्रयोगले महिलाको पाठेघर र पुरुषको अण्डकोष खुम्चिने भएकाले यसले यौन दुर्बलता निम्त्याउछ। एक जना अनुसन्धानकर्ताको भनाइ अनुसार लागुऔषध दुव्र्यसनमा परेकाहरुको पोस्टमार्टम गर्दा ८६ प्रतिशतमा मादा मन्यिवा भेटिएन ( सालेह बिन अब्द अल अजी आल मन्सूर मौकफ अल इस्लाम मीन अल-खम्र २५)।

अनुसन्धानमा धुम्रपान र (aneurysm) अनियुरिज्म रोग बीच गहिरो सम्बन्ध रहेको पाइएको छ। यो रोग रगतको नसामा फैलिने कारणले हुन्छ, जुन सामान्यतया दीलको धमनीमा लाग्छ र यसले क्यान्सरलाई जन्म दिन्छ जुन संसारकै जटिल मध्य एउटा रोग हो ( अहमद अल-मुबारक अल-हरिबी असर अल-मुख्दरात व अल-मुस्करात व अत-तद्खीन फि अस-सही व अद-दीन ९२)।

मदमत्ता : यो एउटा गम्भीर रोग हो यो रोग मदिराको लतमा फस्ने व्यक्तिलाई हुन्छ। यसले गम्भीर शारीरिक र मानसिक असहजता निम्त्याउँछ साथै यो एउटा खतरनाक सामाजिक रोग हो जसले समाजका सदस्यहरूलाई बर्बाद गरिदिन्छ, उनीहरूको शरीर नष्ट हुन्छ, उनीहरूको बुद्धि सुस्त हुन्छ र सामाजिक मूल्य मान्यता लोप हुन्छ। अन्ततः यो रोगले मादक पदार्थ सेवन गर्नेहरू समाजको लागि हानिकारक तत्वझै बनाइदिन्छ ( सालेह बिन अब्द अल अजी आल मन्सूर मौकफ अल इस्लाम मीन अल-खम्र ३४)।

९- नशाको कारण निराशा, वैराग्य,अनिर्णयता, अस्थिरता र सामान्य कुरामा डरजस्ता धेरै मनोवैज्ञानिक रोगहरू उत्पन्न हुन्छन्। जस मार्फत नैतिक मूल्यता र परम्पराको समाप्त हुन्छ र भ्रष्ट र कट्टरताको जन्म हुन्छ । कट्टरता पाइने व्यक्ति  अधिकांश नशाको लतबाट पीडित हुन्छन्  ( सबिक मर्जा ३४-३५ मअ इख्तिसार )।

१०-लागु औषध बुद्धिको लागी गम्भीर खतरा हो जो मनको केन्द्रविन्दु हो। फलस्वरूप लागू औषध सेवन गर्ने मानसिक विकारीको कारण अपराधमा संलग्न हुन्छन्। अनुसन्धानले लागुऔषध सेवन गर्ने युवामा अपराध गर्ने सम्भावना बढी हुने गरेको देखाएको छ, तर उनिहरुलाई यसको कुनै सुद्धी रहदैन । फ्रान्समा लागुऔषध दुर्व्यसनीहरूले गर्ने अपराधको संख्या ६६% छ, जसमध्ये ८२% हिंसात्मक अपराधहरू छन्, ५२% मानिसहरूले सरकारी अधिकारीहरूलाई उत्पीडन गरेका छन। हत्या र हिंसात्मक गतिविधि, जघन्य अपराधहरुमा संलग्न हुनु यस्तो घृणित कार्य हो जसलाई ईस्लामिक शिक्षाले निन्दा गरेको छ  र विभिन्न माध्यमबाट आलोचना गरेको छ र विभिन्न माध्यम मार्फत समिक्षा गरेको छ।

उदाहरणका लागि:

क-धार्मिक भावनाको विकास गर्नु ।

ख- अपराधलाई रोक्नको लागि सीमा र सजायहरू निर्धारण गर्नु।

ग- विभिन्न तरिका र शैलीमा इस्लामिक तालिम मार्फत प्रोत्साहन, उपदेश, सल्लाह र हितचिन्तनको पाठ सिकाउनु।

११- लागूपदार्थ सेवन गर्नेले हराम कार्य गर्छ, अल्लाहका रसूलले भन्नुभयो: ( हरेक मादक पदार्थ रक्सी हो र प्रत्येक मादक पदार्थ हराम छ। जसले दुनियाँमा रक्सी खायो र उसले पश्चात्ताप गरेन भने ऊ परलोकमा ( स्वर्गको) रक्सीबाट बञ्चित हुनेछ  ( मुस्लिम ३/१५८७ हदीस नम्बर ७३/२००३)।

१२-रक्सी सेवन गर्ने!व्यक्ति आफू माथी हद लागू गर्न आफ्नो अस्तित्वलाई खतरामा पार्छ। अनस बिन मलिक भन्नुहुन्छ: रसूलुल्लाहको सामु एउटा रक्सी सेवन गरेको मानिसलाई ल्याइयो। हुजूरले उसलाई खजुरको दुइवटा लठ्ठीले करिब चालीस पटक हिर्काउनु भयो । हज्रत अबु बकरले पनि आफ्नो शासनकालमा यस्तै गरे। फेरि जब हज्रत उमर खलीफा भए उहाँले यस सम्बन्धमा सहाबाहरु सङ्ग सल्लाह गर्नुभयो । हज्रत अब्दुर रहमान बिन औफले भन्नुभयो:

हदको सजायमा सबैभन्दा हलुका हद ८० कोर्रा हान्नु हो, अनि हज़्रत उमरले यसैको आदेश दिनुभयो ( बुखारी ४/२४६ हदीस नम्बर ७२/६७७९ मुस्लिम ३/३३० हदीस नम्बर ३५/१७०६ )।

१३-मदिरा सेवन गर्नेले आफूलाई परलोकमा अल्लाहको सजायको लागि पेश गर्छ जस्तो कि हदीसमा उल्लेख छ। रसूलुल्लाहले भन्नुभयो : ( हरेक नशालु पदार्थलाई हराम गरिएको छ, जो कोहि नशालु चिजको प्रयोग गर्छ अल्लाह तआला उसलाई طينة الخبال पिलाउनु हुनेछ। मानिसहरूले सोधे यो भनेको के हो ? उहाँले भन्नुभयो नर्कवासीको पसीना वा नर्कवासीको पीप ( मुस्लिम ३/१५८७ हदीस नम्बर ७२/२००२)।

१४-जसले दुनियाँमा रक्सी खायो पश्चात्ताप नगरीकन उसको मृत्यु हुन्छ भने ऊ परलोकमा ( स्वर्गको) रक्सीबाट बञ्चित हुनेछ ( हवाल माथी उल्लेख भैसकेको छ)।

**यसबाट बच्ने केही उपायहरू:**

मद्यपान र लागुपदार्थको लतबाट बच्ने केही दिशानिर्देशहरू:

१- लागुऔषध र मादक पदार्थको प्रयोग र यसको खरिद बिक्री सम्बन्धि इस्लामको आदेशलाई बयान गर्नुपर्छ, सङ्गै कुरान र हदीसका ती आयतहरु जसमा यस महामारी विरुद्ध सावधान रहने प्रेरणा हासिल हुन्छ ,किनभने यसले लागूपदार्थबाट बच्न प्रेरित गर्छ र मानिसमा अल्लाहको पीडादायी यतानाको डर पैदा हुन्छ । मानिस सधै आत्मालाई चोट पुर्याउने र दुखी बनाउने कुराहरूबाट टाढा रहन्छ।

२- मदिरा तथा लागुऔषध दुव्र्यसनी गर्ने र त्यसको प्रयोग गर्नेहरू विरुद्ध सामाजिक स्तरमा आलोचना हुनुपर्छ र त्यसको प्रयोग गर्नेलाई सद्भावनाको व्यवहारको साथ सहि मार्गदर्शन दिनुपर्छ ।

३- लागुऔषधले मानव स्वास्थ्यमा पार्ने हानी र यसले मानिसको पाचन प्रणाली र प्रजनन प्रणालीमा पार्ने असर र मानसिक सन्तुलनमा पार्ने असरबारे सबैलाई जानकार गराउने र साथै आर्थिक, शान्ति र सामाजिक क्षेत्रमा देखा पर्ने नोक्सानीबारे सामाजिक स्तरबाट सचेत गराउनुपर्छ ।

४- जो व्यक्ति जीवनका समस्सा, दुःख र शोकबाट छुटकारा पाउन लागूपदार्थको प्रयोग गर्छन् उनिहरुलाई यसको राम्रो विकल्प दिनुपर्छ। उसलाई रसूलुल्लाहको यो हदीस सम्झाउनु पर्छ, जहाँ उहाँले भन्नुभएको छ: जब कहिल्यै कुनै व्यक्तिलाई समस्या,दुख ,कष्ट वा शोक आइलाग्छ भने उसले यो दुवा पढोस। अल्लाह उसको कष्टलाई हटाइदिनु हुन्छ र त्यसको बदलामा खुशी दिनुहुन्छ।

(اَللّٰهُمَّ إِنِّيْ عَبْدُکَ وَابْنُ عَبْدِکَ وَابْنُ أَمَتِکَ، * نَاصِيَتِيْ بِيَدِکَ، مَاضٍ فِيَّ حُکْمُکَ، عَدْلٌ فِيَّ قَضَاؤُکَ، أَسْئَلُکَ بِكُلِّ اسْمٍ هُوَ لَکَ ، سَمَّيْتَ بِهِ نَفْسَکَ ، أَوْ عَلَّمْتَه أَحَدًا مِنْ خَلْقِکَ، أَوْ أَنْزَلْتَه فِيْ كِتَابِکَ، أَوْ اِسْتَأْثَرْتَ بِه فِيْ عِلْمِ الْغَيْبِ عِنْدَکَ، أَنْ تَجْعَلَ الْقُرْآنَ رَبِيْعَ قَلْبِيْ، وَنُوْرَ صَدْرِيْ، وَجِلَآءَ حُزْنِيْ، وَذَهَابَ هَمِّي)

आज कयौं यस्ता मानिसहरू छन् जो यस्ता दुवाहरुबाट अनभिज्ञ छन् । किनभने हामिहरुको यसको प्रचारप्रसारमा ध्यान थोरै छ। हरेक मानिसलाई दुख कष्ट आउछ वा अवस्था आफूले सोचेको बमोजिम हुदैन,केही व्यक्तिहरु धैर्यतापूर्वक अल्लाहबाट इनामको आशा राख्छन् जबकि केही मानिसहरूले धैर्यताको साथ आफ्नो दुःखलाई धार्मिक विधिहरूद्वारा उपचार गर्ने प्रयास गर्छन्। तर केही थोरै मान्छेहरू यस्ता पनि हुन्छन जो जबर्जस्ती अडकलमा यसको उपचार गर्दछ। अर्थात यी परिस्थिमा दुःखहरू बिर्सनका लागि नशाको प्रयोग गरेर आफ्नो बुद्धिलाई केही समयको लागि स्तब्ध पार्छन् र पछि फेरि आफ्नो स्थितिमा फर्कन्छन्।

५- यस्ता व्यक्तिहरुलाई सम्झाउन जरुरी छ जो आफ्नो पाहुनालाई चुरोट हुक्का पस्किन्छ यस भ्रममा कि यो पनि उदारता हो । हामी एउटा यस्तो भयानक चिज पेस गर्दैछौ जो समाजमा बिस्तारै फैलिरहेको छ। शरीर र ज्यानलाई भस्म पार्ने आगोलाई हावा दिरहेका छौ। जबकि यसलाई सद्भाव र सहि मार्गदर्शनले यो आगो निभाउन सकिन्थ्यो ।

६- इस्लामिक राष्ट्रमा जाँडरक्सी, चुरोट जस्ता लागुऔषधका कारखाना बन्द गर्नुपर्छ,यस्ता वस्तुहरुको विदेशबाट निकासीमा प्रतिबन्ध लगाउनुपर्छ, त्यसको प्रचारप्रसार गर्ने माथी कडा कारबाही गर्नुपर्छ, किनभने मानिसहरू बिच यी चिजहरु फैलाउने असली जिम्मेवार यिनै सामाग्री हुन।

७- मस्जिद, मिडिया हाउस, मदरसा,विद्यालय, सामाजिक संस्था र शैक्षिक संस्थाहरूले यस प्रकारको घातक विषय बिरूद्ध आफ्नो जिम्मेवारीलाई ग्रहण गर्नुपर्छ । सुधार र चेतनाको लागि वार्तालापबाट होस् वा विशुद्ध धार्मिक भावनाका साथ पत्राचारबाटनै किन नहोस् चेतना फैलाउनु पर्छ । किन भने यसले मुटुमा गहिरो प्रभाव पार्छ।

## नग्नता र अश्लीलता

### नग्नताको अर्थ:

नग्नता भनेको नारीले आफ्नो सुन्दरतालाई पुरुषको अगाडि प्रदसन गर्नु हो । आफ्नो घाँटी र अनुहारको सौन्दर्यलाई पुरुषको अगाडि नग्न राख्नु ( इब्न मन्जूर लिसान अल-अरब २/२१२०)।

नग्नताको सबै रूपहरूमा उत्पात, उप्द्रव,भ्रष्टाता र नैतिक दुष्टताको लागि एउटा खुला ढोका हो। चाहे त्यो बनावटी आवाज, सुन्दरता , सफा पातलो कपडा,छोटो पहिरन वा लचिलो चालको माध्यमले होस् नग्नता हरेक हालतमा एउटा खतरनाक रोग र एउटा ठूलो उपद्रव हो।

इस्लामले आफ्नो प्रशिक्षणमा नग्नताको विशेष समाधानको व्यवस्था गरेको छ, मानव स्वभाव अनुसार यस सम्बन्धमा दण्ड, हप्काइ, प्रोत्साहन र उत्साह प्रदान गरी उत्कृष्ट मार्गदर्शन गरेको छ।

### नग्नताका कारणहरू:

नग्नताको पछाडि विशेष कारणहरू मध्य केही निम्न छन्:

१- धार्मिक प्रशिक्षणको अभाव र कमजोर अवस्था, जसकारण सामाजिक र पारिवारिक स्तरमा विचलन र इच्छावादी सोचले जन्म लिन्छ।

२-आफ्नो सुन्दरता देखाउन नाङ्गो हुने इच्छा राख्नु, ताकि  नग्न नारीको सुन्दरता देखी मानिस आनन्दित होस् । कपाल खोलेर ,सफा, पातलो र छोटो पहिरन लगाएर नग्नता जाहेर गरिन्छ ताकी मानिसहरुको आँखा त्यहाँ परोस जसलाई पर्दा र लुकाउन भनिएको छ।

३- नग्नताको एउटा कारण यो पनि हो कि मानिसको हृदयमा पुरुष र महिलाको आपसी कुराकानीबाट प्राप्त हुने आनन्दको चाहत र माग हुनु, जुन कुरा पुरुष महिलाको कुराकानी बाट प्राप्त हुन्छ । यही कारणले गर्दा स्वरलाई सुन्दर बनाएर प्रस्तुत गरिन्छ । आकर्षक हाउभाउ र बोलीमा मिठासपना राखिन्छ जबकि कुरआनले यसबाट रोकेको छ। अल्लाह तआला सुरह अल-अहजाबमा भन्नुहुन्छ :

{يَانِسَاءِ النَّبِيِّ لَسْتُنَّ كَأَحَدٍ مِّنَ النِّسَاءِ إِنِ اتَّقَيْتُنَّ فَلاَ تَخْضَعْنَ بِالْقَوْلِ فَيَطْمَعَ الَّذِى فِى قَلْبِهِ مَرَضٌ وَقُلْنَ قَوْلاً مَّعْرُوفًا}[الأحزاب:32]

हे नबीका पत्नीहरू हो ! तिमीहरू साधारण महिलाहरु जस्ता होइनौ । यदि तिमीहरूमा अल्लाहको भय छ भने मीठो स्वरमा कुरा नगर जसले गर्दा पापी मन भएको व्यक्ति कुनै लोभमा फसोस् बरु स्पष्ट कुरा गर ।

इब्न कसीर भन्छन्: यो एउटा यस्तो संसकारहो जसको आदेश अल्लाहले नबी सल्लल्लाहु अलैहि वसल्लमको पत्निहरुलाई दिनुभयो । साथै उम्माकी अन्य सबै महिलाहरु यस आदेसको अधिनमा छन ( तफ्सीर अल- कुरआन अल-अजीम इब्न कसीर ३/४९०)।

४- जब अरुलाई देखाउन नग्नता प्रदर्सन गरिन्छ तबसम्म यसको कारण नक्कल गर्नु हुन्छ विशेष गरेर तब जब यो नक्कल सङ्गै अपमानको भावनामा हुन्छ। किनभने उत्पीडित व्यक्तिमा आफ्नो पहिचान,कपडा ,कार्यविधि र अन्य सबै अवस्था र मामिलाहरूमा आफ्नो आदर्श र आइडललाई पछयाउने चाहना हुन्छ । समग्रमा भन्दा यस्तो कुनै नियम अनुसार हुदैन र सधैं यहीँ अवस्था रहि रहन्छ भन्ने पनि जरुरी छैन, तर जसको आफ्नै कुनै नियम र सिद्धान्त हुँदैन उसको व्यवहार यस्तै हुन्छ ।

५-आलोचना र समिक्षाको अभावः जब समाजको बहुसंख्यक वर्गमा अन्ध भक्तीको जाल फैलिन्छ, समाजबाट आलोचना र समिक्षाको परिपाटी कम हुन्छ । तब नारीले नग्नतामा कुनै लाजबोध र अप्ठ्यारो महसुस गर्दैनन्, आलोचना र समिक्षाको गाठो जिब्रोमा बाँधिएको हुन्छ। जबकी इस्लामले हामीलाई सल्लाह र भलाइको आदेश दिएको छ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो : ( दीन भलाइको नाम हो, हामीले सोध्यौं कसको लागि? उहाँले भन्नुभयो: अल्लाहको लागि, उहाँको किताब,उहाँका दुत, मुस्लिम समुदाय र उनिहरुका इमामहरूको लागी (मुस्लिम १/७४ हदीस नम्बर ५५-९५) । इस्लामिक परम्परामा भलो चिताउने र मद्दतको नियमहरुलाई स्पस्ट रुपमा बयान गरिएको छ जो यस प्रकार रहेको छ।

खराबीलाई बलद्वारा हटाउनुपर्छ, यदि यो सम्भव छैन भने मुखले भनेर हटाउनु पर्छ र यो पनि सम्भव छैन भने सबैभन्दा तल्लो स्तर भनेको हृदयबाट खराबीलाई खराब मान्नु हो । जस्तो कि रसूलुल्लाहले यसको दिशानिर्देश गर्नु भएको छ: (तिमिहरु मध्य कसैले शरियत विपरीत केही गरेको देख्यौं भने त्यसलाई आफ्नो हातले रोक, यदि यसको ताकत छैन भने मुखले र यो पनि सम्भव छैन भने दीलले त्यो कार्यलाई खराब मान यो ईमानको सबभन्दा तल्लो स्तर हो( मुस्लिम १/६९ हदीस नम्बर ५९-७८ )।

**नग्नताका बेफाइदाहरू:**

**नग्नताका बेफाइदाहरु निम्न छन्:**

१- एउटी महिला आफ्नो सुन्दर शरीर,पातलो कपडा,सुरिलो स्वर,नग्न शरीर, शृंगार र अत्तरको सुगन्धले पुरुषहरूको कामवासना र उत्पातको आगो प्रज्वलित गर्छिन्। यहीँ कारण इस्लामले महिलालाई फित्नाको उपमा दिएको छ। हदीसमा आउँछ रसूलुल्लाहले भन्नुभयो: मैले आफ्नो पछाडी पुरुषहरूको लागी महिलाको फित्ना भन्दा धेरै हानी पुऱ्याउने अरु फित्ना छोडेको छैन (बुखारी ३/३१४ हदीस नम्बर ५०९६ मुस्लिम हदीस नम्बर ७४-९७ )।

२- महिलाको नग्नतामा अल्लाह तआलाका ति आदेशहरुको ठाडो उल्लङ्घन छ जसमा उनिहरुले आफ्नो कुराकानीमा बनावट र कोमलता ल्याउनु हुँदैन र आफ्नो कुराहरूलाई सुन्दर ढंगले प्रस्तुत गर्दा बिरामी हृदय भएकाले गलत सोच्न थाल्छ। महिला आफ्नो घरमा बसुन, नग्न भएर बाहिर जानु हुँदैन र अपरिचित पुरुषहरूको अगाडि आफ्नो सुन्दरता देखाउनु हुँदैन।अल्लाह सुरह अल-अहजाबमा भन्नुहुन्छ:

{يَانِسَاء النَّبِيِّ لَسْتُنَّ كَأَحَدٍ مِّنَ النِّسَاء إِنِ اتَّقَيْتُنَّ فَلاَ تَخْضَعْنَ بِالْقَوْلِ فَيَطْمَعَ الَّذِى فِى قَلْبِهِ مَرَضٌ وَقُلْنَ قَوْلاً مَّعْرُوفًا}[الأحزاب:32]

हे नबीका पत्नीहरू हो ! तिमीहरू साधारण महिलाहरु जस्ता होइनौ । यदि तिमीहरूमा अल्लाहको भय छ भने मीठो स्वरमा कुरा नगर जसले गर्दा पापी मन भएको व्यक्ति कुनै लोभमा फसोस् बरु स्पष्ट कुरा गर

{وَقَرْنَ فِى بُيُوتِكُنَّ وَلاَ تَبَرَّجْنَ تَبَرُّجَ الْجَاهِلِيَّةِ الأُولَى وَأَقِمْنَ الصَّلاَةَ وَآتِينَ الزَّكَاةَ وَأَطِعْنَ اللَّهَ وَرَسُولَهُ إِنَّمَا يُرِيدُ اللَّهُ لِيُذْهِبَ عَنكُمُ الرِّجْسَ أَهْلَ الْبَيْتِ وَيُطَهِّرَكُمْ تَطْهِيرًا}[الأحزاب:33]

र, आफ्ना घरहरूमा नै बस । अनि, अज्ञानताकालमा झैं श्रृङ्गार प्रदर्शन नगर । नमाज कायम गर, जकात देऊ र अल्लाह तथा उनका रसूलको आज्ञापालन गर । हे नबीका घरका सदस्यहरू हो ! अल्लाह तिमीहरूका सम्पूर्ण अपवित्रता समाप्त पारी पूर्ण पवित्र तुल्याउन चाहन्छन् ।

३-नग्नता व्यभिचारको एउटा कारण हो। किनभने जब कुनै महिलाले आफ्नो सौन्दर्य र मन मोहक ठाउँहरू देखाउँछिन् पुरुष त्यसबाट प्रभावित हुन्छ र त्यसतर्फ आकर्षक हुन्छ। विशेष गरेर त्यो समयमा जब सुन्दरतालाई विभिन्न प्रकारका मेकअप, पातलो र छोटो कपडाको माध्यमले प्रदर्शनी गरिन्छ, नग्नताको यस्तो प्रदसनी जसको कल्पना गर्न सकिदैन। फलस्वरूप चारैतिर उप्द्रव र मनोकांक्षाको आगो फैलिन्छ र मानिसहरु यसैको पछाडी दौडिन्छन ( सैयद कुतुब फि जिलाल अल-कुरआन ५/२८८९)।

यसमा कुनै शंका छैन कि नग्नता आफ्नो सम्पूर्ण उत्तेजनाको माध्यमले व्यभिचारको कारण बन्छ । जसलाई इस्लाम मानव समाज देखी शुद्ध पार्न चाहन्छ। यहीँ कारण इस्लामले महिलालाई अत्तर लगाएर पुरुषहरूको बैठकमा जान देखी निषेध गरेको छ । ताकि उनीहरूमा कामवासनाको आगो नलागोस् र उनीहरूको इच्छा नभड्कोस। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: (हरेक आँखा व्यभिचारी हो, जब एउटी महिला अत्तर लगाएर बैठकको छेउबाट जान्छे त्यो पनि यस्तो उस्तो हो अर्थात त्यो पनि एउटा व्यभिचारी हो) अल्लाह तआलाले एउटी महिलालाई हिड्ने क्रममा आफ्नो खुट्टा भुइँमा बजारेर आफ्नो सौन्दर्य देखाउन चाहन्छिन भने यसबाट रोक्नु भएको छ। अल्लाह तआला सुरह नूरमा भन्नुहुन्छ:

{ وَلاَ يَضْرِبْنَ بِأَرْجُلِهِنَّ لِيُعْلَمَ مَا يُخْفِينَ مِن زِينَتِهِنَّ }[النور:31]

र, आफ्ना खुट्टा बजार्दै नहिड्नू कि उनीहरूले लुकाएका श्रृंगारबारे जानियोस् ।

४- नग्नता र अश्लीलता जाहिलिया युगको विशेषता हो जुन नबी सल्लल्लाहु अलैही वसल्लमलाई पैगम्बर बनाएर पठाउनु भन्दा पहिले प्रचलित थियो। यो हर त्यो समाजमा प्रचलितमा रहन्छ जुन समाजमा इस्लामी शिक्षाको चलनचल्ती हुदैन । आज पश्चिमाहरुले जुन वातावरण सिर्जना गरेका छन जसमा मिडिया र पत्रपत्रिकाको मार्फत कुकर्म,अनैतिकता तर्फ आकर्षण गर्न र पश्चिमाका नग्न महिलाको अनुकरण गराउन मुस्लिम महिलालाई जुन प्रोपोगन्डा अप्नाएर उत्प्रेरित गरिरहेका छन त्यो इस्लामपूर्व जाहिलिया युग भन्दा पनि गम्भीर र खतरनाक छ। अल्लाह तआला सुरह अल-अहजाबमा भन्नुहुन्छ :

{وَقَرْنَ فِي بُيُوتِكُنَّ وَلَا تَبَرَّجْنَ تَبَرُّجَ الْجَاهِلِيَّةِ الْأُولَى} [الأحزاب:33]

र, आफ्ना घरहरूमा नै बस । अनि, अज्ञानताकालमा झैं श्रृङ्गार प्रदर्शन नगर ।

**नग्नता देखि बच्ने केही दिशानिर्देशहरू:**

नग्नतालाई समाप्त गर्ने केही उपयोगी दिशानिर्देशहरू तल उल्लेख गरिदै छ :

१- नग्नता र अश्लीलताबारे शरियतको आदेश के छ भनेर बयान गर्नु र महिलालाई अनैतिकता,नग्नता र भ्रष्टता देखि टाढा राख्नुको पछाडी लुकेको बुद्धिमता देखी जानकार बनाउनु र घरको अभिभावकको रुपमा समाजमा उसको स्थान र हैसियत बारे सचेत गराउनुपर्छ।

२- उनीहरूलाई साहाबीयाहरू हिजाब र पर्दामा पूर्ण प्रतिबद्ध थिए र पनि उनीहरूले आफ्नो जीवनमा बिना कुनै प्रकारको लज्जित भएर इस्लामिक नियमहरूको पालना गरेका थिए। हुनसक्छ सहाबियाको जिबन र उनिहरुले इस्लामलाई पालना गरेको देखेर सुनेर आफू भित्र पनि उनिहरुको अनुकरण गर्ने इच्छा उब्जनेछ।

३- नग्नताको प्रकोप र त्यसको नतिजामा हासिल हुने अश्लीलता र भ्रष्टतालाई उजागर गर्नुपर्छ। नग्नताको कारण पश्चिमा नारीहरू विनाशको कुन बिन्दुमा पुगेका छन् र उनीहरू कति तिरस्कृत भएका छन् भन्ने कुरा पनि स्पष्ट गर्नुपर्छ । उनिहरुको हैसियत बजारमा बिक्री हुने उपकरण जस्तो छ। यदि प्रयोगयोग्य भए किनेर प्रयोग गरिन्छ र प्रयोग गरेर फोहोर झै फ्यालिन्छ र वृद्ध आश्रममा पुऱ्याइन्छ। फलस्वरूप एउटा सन्तुष्ट र शान्तिमय विवाहित जीवन नष्ट हुन्छ, सन्तानको पालनपोषणको भावना मरेर जान्छ। महिलाको झुटो अधिकार र स्वतन्त्रता भनेर चिच्याउनेहरु होशमा आएर सहि मार्ग तर्फ अगाडि बढ्न आवश्यक छ।

४- मस्जिद,मल्दर्सा,शिक्षण संस्था,घर र समाजमा शुद्धता, पवित्रता र लज्जाको बीउ छर्न यिनिहरुको भूमिका र महत्त्वलाई उजागर गरिनुपर्छ। विशेषगरी सञ्चार माध्यमलाई बढी ध्यान दिनुपर्छ किनभने प्रचारप्रसारमा सञ्चारमाध्यमको ठूलो प्रभाव हुन्छ र सञ्चारमाध्यमका विभिन्न साधनहरु विश्वका कुना–कुनामा फैलिएका छन् ।

५- अस्पताल र अन्य सार्वजनिक संस्थाहरू जहाँ महिलाको कामदारको रूपमा उपस्थिती रहन्छ, त्यस्ता संस्थाहरूमा नग्नता र घुलमिल रोक्नको लागि आफ्नो योगदान दिनुपर्छ। ताकि यो सहभागिताबाट शुद्धता र पवित्रताको सारलाई प्रोत्साहन मिलोस् र उनको यो कार्य प्रभावकारी तत्वको रूपमा बाहिर उजागर होस् ।

६- मानिसले आफ्नो दीनी शिक्षा र उच्च नैतिकतामा गर्व गर्नुपर्दछ र धार्मिक नियम र आदेशहरूको पालना गर्न सधैं तयार र तत्पर रहनुपर्छ ।

## कन्जुस्याइँ

### कन्जुस्याइँ को अर्थ

**परिभाषित अर्थ:**

कन्जुस्याइँ : खर्च गर्नबाट जोगिनु र हरेक परिस्थितिमा कन्जुस्याइँलाई प्राथमिकता दिनु (अहमद मुहम्मद जाद अल मौला अल-खुलुक अल-कामिल४/४६९)।

कन्जुस्याइँ निन्दनीय र घृणित गुण हो, किनकि यसमा कन्जुस्याइँ, धन खर्च नगर्ने र जम्मा गर्ने विशेषता पाइन्छ। कहिलेकाहीँ यो गुणले मानिसलाई गरिबी जाहेर गराउन बाध्य बनाउँछ ताकि मानिसहरू उससङ्ग ऋण नमागुन र अरूलाई सहयोग गर्न नपरोस्। यो विशेषताले उसलाई पाहुनाहरूको सत्कार र सन्तानमाथि खर्च गर्नबाट पनि रोक्छ, जसले गर्दा उनका छोराछोरीहरू अरुको सामुन्ने हात फैलाउन र आफ्नो बुबाको बानीमा अभ्यस्त हुन्छन् ।

कन्जुस्याइँ कहिले धनमा हुन्छ त कहिले ज्ञानमा हुन्छ र यसको प्रभाव विभिन्न नैतिक स्वरूपहरूमा पनि देखिन्छन।

**कन्जुस्याइँका कारणहरू:**

कन्जुस्याइँको विविध कारणहरु हुन सक्छन् जस मध्य केहीलाई तल उल्लेख गरिदैछ:

१- **कन्जुस्याइँ**: यो कन्जुस्याइँको त्यो स्वरुप हो जसमा धनको लोभ समावेश हुन्छ ( अल् अस-फहानी अल-मुफ्रदात फि गरीब अल-कुरआन २५६)। नबी सल्लल्लाहु अलैहि वसल्लमले यस प्रकारको कन्जुस्याइँ देखी मनाही गर्नुभएको छ र यसको खतरनाक परिणामदेखी सचेत गराउनु भएको छ। हुजूरले भन्नुभयो: अत्याचारबाट सावधान रहनुस्, किनभने अत्याचार न्यायको दिनको अन्धकार मध्ये एक हो। र कन्जुस्याइँबाट सावधान रहनुस्, किनकि कन्जुस्याइँले तिमी भन्दा पहिलेका मानिसहरूलाई नष्ट गर्यो। उनीहरूले हत्या गरे हरामलाई वैध बनाए ( मुस्लिम ४/१९९६ हदीस नम्बर२५७८-५९) । अल्लाह तआला सुरह तगाबुनमा भन्नुहुन्छ :

{فَاتَّقُوا اللَّهَ مَا اسْتَطَعْتُمْ وَاسْمَعُوا وَأَطِيعُوا وَأَنفِقُوا خَيْرًا لِّأَنفُسِكُمْ وَمَن يُوقَ شُحَّ نَفْسِهِ فَأُولَٰئِكَ هُمُ الْمُفْلِحُونَ}[التغابن:16]

अतः यथासम्भव अल्लाहको भयराख, र सुन्दै तथा मान्दै जाऊ। अनि आफ्नै लागि धन–सम्पत्ति खर्च गर्ने गर। र, जो आफ्नो मनको कृपणताबाट जोगाइए उनीहरू नै सफल हुनेहरू हुन्।

२- कन्जुस्याइँको एउटा कारण भनेको नलोभीको नजरमा धन आफै प्रिय बन्न जान्छ (अहमद मुहम्मद जाद अल-मौला अल-खुलुक अल-कामिल ४६९)। जसले उसलाई धन जम्मा गर्न र आवश्यक काममा आवश्यकता अनुसार खर्च नगर्न प्रेरित गर्छ।

४- खर्च गर्न र उदारता देखाउनबारे विशेषता देखी अज्ञानता पनि यसको एउटा कारण हो साथै खर्च गर्नाले धन बढ्छ र त्यसमा बरकत सिर्जना हुन्छ भनेर अनविज्ञ हुनु पनि हो। अल्लाहका रसूलले हदीस कुदसीमा भन्नुभयो: हे आदमका छोरा तिमी खर्च, म तिमीमा खर्च गर्नेछु) ( बुखारी मुस्लिम ४/४९०-४९१ हदीस नम्बर ९०९३/३४ )। रसूलुल्लाहले भन्नुभयो: (दानले धन कम गर्दैन) ( पुर्व सन्दर्भ)।

**लोभका बेफाइदाहरू:**

१-कन्जुस्याइँ एउटा व्यक्तिको लागि धार्मिक दृष्टिकोणबाट हानि र नोक्सानीको कारण हो। किनकि यसले उसलाई जकात,सदका, पाहुना, छिमेकीहरू र नातेदारहरू माथी खर्च गर्न देखी रोक्छ। अल्लाह सुरह आल इम्रानमा भन्नुहुन्छ:

{وَلاَ يَحْسَبَنَّ الَّذِينَ يَبْخَلُونَ بِمَا آتَاهُمُ اللّهُ مِن فَضْلِهِ هُوَ خَيْرًا لَّهُمْ بَلْ هُوَ شَرٌّ لَّهُمْ سَيُطَوَّقُونَ مَا بَخِلُواْ بِهِ يَوْمَ الْقِيَامَةِ وَلِلّهِ مِيرَاثُ السَّمَاوَاتِ وَالأَرْضِ وَاللّهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ}[آل عمران:180]

र, अल्लाहले आफ्नो उदार अनुकम्पाबाट प्रदान गरेको धनमा जसले कन्जुस्याइँ गर्छन् तिनीहरूले आफ्नो लागि त्यसलाई राम्रो नठानून्। यो तिनीहरूका लागि निकृष्ट छ। जुन धन तिनीहरू कन्जुस्याइँ गरेर बचाउँदैछन् महाप्रलयको दिन त्यसलाई तिनीहरूको लागि तोक (गलाको भारी) बनाइनेछ। र, केवल अल्लाहकै लागि आकाशहरू एवं धर्तीका सम्पूण सम्पत्ति। र, तिमीहरूले जेजति गरिरहेका छौ त्यसबाट अल्लाह पूर्णरूपमा अवगत छन्।

अर्थात: कन्जुसले आफूले जम्मा गरेको सम्पत्तिले उसलाई फाइदा पु¥याउँछ भन्ने भ्रम नराखे हुन्छ ,दुनियाँमा पनि यसले उसलाई हानि पुऱ्याउन सक्छ र यो उसको लागि धार्मिक दृष्टिकोणले घाटाको कारण बन्नुनै छ। फेरि अल्लाह तआलाले कयामतको दिन आइपर्ने अवस्थालाई उद्वृत गर्दै भन्नुहुन्छ : ( पुनरुत्थानको दिन यिनीहरु माथी कन्जुसी गरेको चिजको माला हालिएको हुनेछ) ( इब्न कसीर तफ्सीरअल-कुरआन अल-अजीम १/४४२)।

जकात नतिर्नेलाई अतिनै कठोर सजाय दिइनेछ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लम भन्नुहुन्छ: जसलाई अल्लाहले धन सम्पत्ति दियो र उसले त्यो मालको जकात चुक्ता गरेन भने उसको यो माल आँखा माथि दुई थोप्ला भएको खतरनाक विषालु सर्प बनेर उसको घाटिमा झुन्डिनेछ र फेरि त्यो सर्प उसको दाँतको दुवै बङ्गारा समातेर भन्ने

छ म नै तिम्रो सम्पत्ति हुँ, म नै  तिम्रो सम्पत्ति हुँ र म नै तिम्रो खजाना हुँ( बुखारी १/४३३ हदीस नम्बर १४०३ मुस्लिम २/६८५)।

२- कन्जुस्याइँ हत्या र लुटपाटको कारक हो। यदि जकात चुक्ता नगर्ने हो भने गरिब र दुखीको संख्या असहनीय हुन जान्छ । यदि धार्मिक निषेध नहुने हो भने उनिहरु हत्या, आक्रमण, लुटपाट र हडप गर्न सक्छन र उनिहरुमा धनीहरु प्रति शत्रुता उत्पन्न हुन सक्छ। पैगम्बरले यहीँ कारण हामीलाई कन्जुस्याइँ देखी मनाही गर्नुभएको छ र यसको खतराहरू बारेमा पनि जानकारी दिनुभएको छ। हुजूरले भन्नुभयो: अत्याचारबाट सावधान रहनुस्, किनभने अत्याचार न्यायको दिनको अन्धकार मध्ये एक हो र कन्जुस्याइँबाट सावधान रहनुस्, किनकि कन्जुस्याइँले तिमी भन्दा पहिलेका मानिसहरूलाई नष्ट गर्यो। उनीहरूले हत्या गरे हरामलाई वैध बनाए( पूर्व सन्दर्भ) ।

३- कन्जुस्याइँ धन सम्पत्ति विनाशको कारक हो, जबकि उदारता धनमा वृद्धिको माध्यम हो। नबी सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: हरेक बिहानी जब मान्छेहरु उठ्छन दुई फरिस्ताहरु पनि सङ्गै उत्रिनछन । एउटा फरिस्ताले भन्छ हे अल्लाह! खर्च गर्नेलाई इनाम दिनुहोस्, र अर्कोले भन्छ, हे अल्लाह कंजूस र मुम्सिकको माललाई बर्बाद गरिदिनुस ( मुस्लिम २/७०० हदीस नम्बर १०१९-५७)।

४- कन्जुस्याइँको हानी मध्य एउटा हानी कन्जुस व्यक्ति गरिब र असहायको रुप धारण गर्छ। जबकि अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले अहवस सहाबीलाई आफ्नो सम्पत्तिको प्रभाव देखाउन आदेश दिनुभयो । अबू अल-अहवस आफ्नो बुबाबाट वर्णन गर्नुहुन्छ: ( म रसूलुल्लाहको सेवामा हाजिर भए उहाँले मलाई दयनीय अवस्थामा ददेखेर भन्नुभयो: तिमि सँग कुनै सम्पत्ति छ ? मैले भने: अल्लाह तआलाले मलाई सबै प्रकारको धन-सम्पत्ति दिनुभएको छ, उहाँले भन्नुभयो: यदि धन सम्पत्ति छ भने त्यसको संकेत पनि देखिनुपर्छ ) नसई ७/१९६ हदीस नम्बर ५२९४ इमाम अल्बानीले सही भन्नुभएको छ)।

५- कन्जुस्याइँ अहले किताबको विशेषता हो। अल्लाह तआला सुरह निसामा भन्नुहुन्छ:

{الَّذِينَ يَبْخَلُونَ وَيَأْمُرُونَ النَّاسَ بِالْبُخْلِ وَيَكْتُمُونَ مَا آتَاهُمُ اللهُ مِن فَضْلِهِ وَأَعْتَدْنَا لِلْكَافِرِينَ عَذَابًا مُّهِينًا}[النساء:37]

जो व्यक्तिहरु कन्जुस्याइँ गर्छन् तथा अरुलाई पनि कन्जुस्याइँ गर्ने आदेश दिन्छन् र अल्लाहले आफ्नो कृपाले जेजति प्रदान गरेका छन् त्यसलाई लुकाउँछन् । र, हामीले यस्ता कृतघ्नहरुकालागि अपमानजनक यातना तयार पारिराखेका छौं ।

इब्न कसीर भन्नुहुन्छ: केही सलफहरु यो आयतलाई यस तथ्यमा आधारित मानेका छन कि यहूदीहरू मुहम्मद सल्लल्लाहु अलैही वसल्लमबारे उनीहरुको धर्मग्रन्थमा आएका विशेषताहरू बयान गर्नमा कन्जुस्याइँ गर्थे र लुकाउथे।

यहीँ कारण अल्लाह भन्नुहुन्छ। हामीले ती काफिरहरुको लागी अपमानजनक सजाय तैयार राखेका छौ ( इब्न कसीर तफ्सीर अल-कुरआन अल-अजीम १/५०८)।

त्यसैले अल्लाहले यी यहूदीहरूलाई धन र ज्ञान दुवैमा लोभी भनेर भन्नुभएको छ। यद्यपि सन्दर्भ यहाँ कन्जुस्याइँ भन्नाले ज्ञान लुकाउनु हो । कहिलेकाहीँ सिक्षितवर्गहरु यस कन्जुस्याइँको सिकार हुन्छन् । जो कहिलेकाहीँ ज्ञानमा कन्जुस्याइँ गर्दै ज्ञान् लुकाउछन, कहिलेकाहीँ आफूले प्राप्त गरेको मान सम्मान महत्त्व अरुले नप्राप्त गरोस् भनेर लुकाउछन भने कहिलेकाहीँ पद र प्रतिष्ठाको चाहत र कहिलेकाहीँ आफ्नो प्रतिष्ठा खोसिन्छ भनेर लुकाउँछन ( इब्न तैमिया इक्तिजा अस-सिरात अल-मुस्तकीम ७ मअ इख्तिसार )।

**कन्जुस्याइँ निराकरण गर्ने केही उपयोगी उपायहरू:**

कन्जुस्याइँ निराकरणको लागि केहि उपयोगी उपायहरु तल उल्लेख गरिदैछ:

१-मानिसले कन्जुस्याइँ देखी अल्लाहको शरण माग्नुपर्छ ।नबी सल्लल्लाहु अलैही वसल्लम कन्जुस्याइँ देखि शरण माग्नुहुन्थो । जबकि उहाँ मानवमा सबैभन्दा बढी उदार र मनकारी हुनुहुन्थ्यो, उहाँ यो दुवा माग्ने गर्नुहुन्थ्यो।

(اللهم إنى أعوذبک من الهم والحزن والعجز والكسل والبخل والجبن وضلع الدين وغلبة الرجال)

हे अल्लाह म तपाईंको शरण चाहन्छु चिन्ता, समस्या,बेबसी, आलस्य, कन्जुसी, कायरता,ऋण र कसैको गालिब आउन देखी।

(मुत्तफक अलैही बुखारी २/३३-२३९ हदीस नम्बर २८९३)।

२- शिक्षण संस्थाहरूले अल्लाहको लागि दान र त्यस बापत प्राप्त हुने इनामलाई स्पष्ट पार्न नेतृत्वको भूमिका खेल्नुपर्छ, दानले धनमा वृद्धि र बरकत हुन्छ र साथै कन्जुस्याइँले एक-आपसमा घृणा र शत्रुता उत्पन्न हुन्छ भन्ने कुरा जानकार हुनुपर्छ । कन्जुस्याइँले समाजमा भ्रष्टाचार,चोरी, डकैती र रक्तपातको बाटो खोल्छ र त्यसको खतरनाक विनाशले व्यक्ति र समाज सबै प्रभावित हुन्छन।

३- व्यक्तिले आवश्यकता अनुसार खर्च गर्ने बानी बसाल्नु पर्छ र आफूलाई उदार बनाउने प्रयास गर्नुपर्छ, जसले गर्दा धन सङ्कलन गर्ने इच्छामाथि खर्च गर्ने भावना,जोश र इच्छाशक्ति कन्जुस्याइँ माथी हावि हुनेछ। मजबुत इरादाको साथ कन्जुस्याइँ देखी पर भाग्नुस। त्यो विशाल जन्नतको अभिलाषामा कन्जुस्याइँलाई हटाउनुस् जसको विशालता आकाश र पृथ्वी भन्दा धेरै ठुलो छ।

४- अभिभावक र गुरुहरूले आफ्नो प्रशिक्षणिक जिम्मेवारी पूरा गर्नुपर्छ र अनावश्यक खर्च नगरी आवश्यक खर्च गर्न आफ्ना सन्तानलाई सही नमूना र आदर्श प्रस्तुत गर्नुपर्छ।

५- सहाबाहरुको उदारतालाई ध्यानमा राख्नुस् र उनीहरूको मनकारितालाई नबिर्सनुस्, कसरी उनीहरूले आफ्नो आवश्यकता र चाहनामा अरूलाई प्राथमिकता दिन्थे।

जस्तो कि अल्लाह तआलाले अन्सारको विशेषताहरू वर्णन गर्दै सुरह अल-हस्रमा भनेका छन्:

{ وَيُؤْثِرُونَ عَلَىٰ أَنفُسِهِمْ وَلَوْ كَانَ بِهِمْ خَصَاصَةٌ }[الحشر:9]

बरु आफु अभाव ग्रस्त भएतापनि, स्वयंमाथि उनीहरूलाई प्राथमिकता दिन्छन् ।

**चोरी र डकैती**

**चोरी को अर्थ**

**परिभाषित अर्थ:**

लुकाएर कुनै चीज लिनुलाई चोरी भनिन्छ ( सैयद सबिक फिकह सुन्नह २/४८६)।

इस्लामी सिद्धान्त र मुल्य मान्यता अनुसार प्रशिक्षण नदिँदा उत्पन्न हुने नैतिक खराबीहरूमा गलत तरिकाले अरूको अधिकार हडप्नु पनि यसमा समावेश छ,जसले डर,असुरक्षा र हिंसाको वातावरण सिर्जना गर्छ। जो कोहि इस्लामी नियम र आदेशहरू बारे चिन्तन मनन गर्छ उसलाई थाहा छ इस्लामले त्यस्ता नैतिक अपराधहरूको कडा शब्दमा निन्दा गरेको छ। ताकि समाजलाई यसको विनाशबाट बचाउन सकियोस्। अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ:

{وَالسَّارِقُ وَالسَّارِقَةُ فَاقْطَعُواْ أَيْدِيَهُمَا جَزَاء بِمَا كَسَبَا نَكَالاً مِّنَ اللهِ وَاللهُ عَزِيزٌ حَكِيم}[المائدة:38]

र, चोर पुरुष होस् वा स्त्री दुवैका हात काटिदेऊ। यो ती दुवैको आर्जनको बदला हो, र अल्लाहको तर्फबाट शिक्षाप्रद दण्ड। र, अल्लाह सामर्थ्यवान एवं तत्वदर्शी छन्।

नबी सल्लल्लाहु अलैही वसल्लमको एउटा हदीस छ, उहाँले भन्नुभयो: "चोर माथी अल्लाह को श्राप होस्, यदि उसले अण्डा चोर्छ भने पनि उसको हात काटिनेछ, यदि उसले डोरी चोर्छ भने पनि उसको हात काटिनेछ" ( बुखारी मुस्लिम ४/२३७ हदीस नम्बर ६७८३ मुस्लिम ३ १३/१४ हदीस नम्बर ७/१९८७ )।

**चोरीका कारण र आधारहरु :**

१- इस्लामिक शिक्षा अनुसार प्रशिक्षण नदिनु। उदाहरणका लागि आमाबाबुले आफ्नो बच्चाको हातमा आफूले नदिएको केही चिज देख्दा तिमिहरुले यो कहाँ बाट पायौं भनेर नसोध्नु र यस विषयमा छानबिनको आवश्यकता नै महशुस नगर्नु , यस विषयमा आमाबुबा अतिनै लापरबाहीले काम लिन्छन। बच्चाहरु यसैगरी हुर्किन्छन र यस्तो कुराहरुमा माहिर हुन्छन् अनि उनिहरुलाई प्रशिक्षण गर्ने समय समाप्त भैसकेको हुन्छ। कहिलेकाहीँ अभिभावकनै चोरीको सामान दिन्छन् र चोरीको तरिकाबाट अवगत पनि गराउँछन। एउटा अदालतको घटना छ जहाँ जजले चोरलाई अल्लाहको आदेश बमोजिम हात काट्ने आदेश दिनुहुन्छ। अनि अभियुक्त ठुलो स्वरले भन्छ: मेरो हात काटिनु भन्दा पहिले तपाईलाई थाहा होस, जब मैले पहिलो पटक छिमेकीको अण्डा चोरेको थिए मेरी आमाले मलाई यो कुरामा हप्काउनु भएन, न फिर्ता गर्न आदेश दिनुभयो, बरु भन्नुभयो: मेरो छोरो अब धेरै बुद्धिमानी भएको छ, यदि आमाले त्यो दिन यो शब्द नबोलेको भए जसमा उनले मेरो अपराधमा खुसी व्यक्त गरेकी थिइन आज समाजमा कोहि चोर हुने थिएनन ( मुस्तफा अस-सबाई अख्लाकुना अल-इज्तिमाई १४२)।

२- चोरीको लागि इस्लामिक दण्ड लागू गर्न वा यसलाई लागू गर्नमा आलस्य अप्नाउनु एउटा यस्तो अपराध हो जसले कमजोर ईमान भएकाहरुलाई चोरी गर्ने बाटो दिन्छ। नबी सल्लल्लाहु अलैही वसल्लमले चोरीको दण्ड लागू गर्न ज्यादै ताकेता गर्नुभएको छ। उहाँ भन्नुहुन्छ: "अल्लाहको कसम यदि फातिमा बिन्त मुहम्मदले चोरी गरिन भने पनि म उसको हात काट्नेछु।" ( बुखारी ४/२४८-२४९ हदीस नम्बर ६७८८ मुस्लिम ३/१३१५ हदीस नम्बर ८/१६८८ मुस्लिमको हदीस)।

३- अरूको सम्पत्तिमा गलत नजर राख्नु र उनिहरुसङ्ग भएको उपकारको लोभी हुनु पनि चोरीको कारण हो। किनभने लोभ र लालच यस्तो रोगहुन् जसले चोरी गर्न सिधै प्रेरित गर्छ ( खलीफा इब्राहीम जरजीर मुकाफह अस-सर्क फि इस्लाम २१६ )।

**चोरीको बेफाइदाहरु:**

१- यो एउटा यस्तो अपराध हो जसमा अपराधीको हात काटिन्छ। अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ:

{وَالسَّارِقُ وَالسَّارِقَةُ فَاقْطَعُواْ أَيْدِيَهُمَا جَزَاء بِمَا كَسَبَا نَكَالاً مِّنَ اللّهِ وَاللّهُ عَزِيزٌ حَكِيمٌ}[المائدة:38]

र, चोर पुरुष होस् वा स्त्री दुवैका हात काटिदेऊ। यो ती दुवैको आर्जनको बदला हो, र अल्लाहको तर्फबाट शिक्षाप्रद दण्ड। र, अल्लाह सामर्थ्यवान एवं तत्वदर्शी छन्।

२- चोरीले व्यक्तिलाई अल्लाहको श्रापको हकदार बनाउँछ। सहिहीनमा उल्लेख छ रसूलुल्लाहले भन्नुभयो: "चोर माथी अल्लाह को श्राप होस्, यदि उसले अण्डा चोर्छ भने पनि उसको हात काटिनेछ, यदि उसले डोरी चोर्छ भने पनि उसको हात काटिनेछ" ( हवाला माथी आइसक्यो )।

३- समाजमा जब चोरी, डकैती र लुटपाटका घटनाहरू घट्न थाल्छन समाज देखि सुख शान्ति समाप्त हुन्छ। जसरी इस्लामी शरिया लागू नभएको र इस्लामको राम्रो र प्रभावकारी सिद्धान्तलाई लागू नगरेका राष्ट्रहरुमा छ। जब अमेरिकामा एउटा अपराधको तथ्याङ्क प्रकाशित भयो त्यसमा प्रत्येक दुई मिनेटमा एउटा चोरीको घटना, प्रत्येक बीस सेकेन्डमा एउटा घरमा आक्रमण, प्रत्येक चालीस सेकेन्डमा एउटा कार चोरी हुने रेकर्ड गरिएको बताइएको छ। समग्रमा एक वर्षमा २८५ मिलियन चोरीका घटनाहरु ( अब्दुर रहमान वासिल मुश्किलात सबाब अल-हिन्सी ४६-४८ मअ इख्तिसार)।

४- चोरीको एउटा बेफाइदा भनेको चोर चोरीको केसमा सरकारको पकडमा आउँछ र चोरीको आरोपमा उसलाई जेलको कालो कोठरीमा हालेर सजाय दिइन्छ।

५- चोरप्रति समाजमा अविश्वास पैदा हुन्छ र ऊ कसैको नजरमा भरपर्दो हुदैन। उसको कुकर्म देखी कोही अछुतो रहन सक्दैन। फलस्वरूप उसका चिनेका पनि टाढिन थाल्छन्। ऊ सँगको सहकार्यको भावना समाप्त नभए ता पनि कमि चाहिँ पक्कै हुँदै जान्छ र ऊ आफ्नो नजिकका साथीहरुको नजरमा समेत निच हुन्छ।

६- उसले चोरीको माल खान्छ जुन हराम छ।

**चोरी बाट बच्ने केही उपायहरू:**

१-चोरीको हद र दण्ड लागू गरिनुपर्छ, किनभने दण्ड लागू गरेर मात्रै दंगा र चोरीलाई नियन्त्रण गर्न सकिन्छ साथै त्यस्ता व्यक्तिलाई पाठ पनि सिकाउन सकिन्छ जसको आत्मा उसलाई अरुको सामान लुट्न प्रेरित गर्छ। दण्डको कार्यनयनमा इस्लामको प्रशिक्षण र मार्गदर्शन संग उपाय र उद्धार को तरिका पनि रहेको छ। जस मार्फत चोरलाई चोरी गर्नबाट रोक्छ र जसको सम्पत्ति चोरी भएको छ उसको अधिकारको रक्षा गर्दछ।

२- अभिभावक, शिक्षण संस्था तथा सामाजिक संस्थाहरु यस रोगको गम्भीरताबारे सचेत भएर आफ्ना बालबालिका र मातहतका कर्मचारीहरूलाई अरूको अधिकारको सम्मान गर्न र दुरुपयोग नगर्ने तालिम दिनुपर्छ। बाल्यकाल देखीनै उनिहरुलाई यसको आदि बनाउनुपर्छ। अरुको सामान हडप्न र चोर्न देखि टाढा रहनुपर्छ र अल्लाहसँग डराउदै मानिसहरूको धन र सम्पत्तिलाई आदरपूर्वक हेर्नुपर्छ ।

३- आमाबाबु माथी अरूको अधिकारको सम्मान र कुनै प्रकारको दमन देखि टाढा रहन अत्यन्तै जरुरी छ। अभिभावकहरू आफ्ना बच्चाहरूको लागि रोल मोडेल हुन्।

४-अभिभावकले आफ्ना सन्तानको भावनाको कदर गर्नुपर्छ। अभिभावकले गोप्य रुपमा बालबालिकाको सामानलाई छुनु हुदैन बरु उनिहरुलाई कसैको सामान अनुमतीबिना छुनु हुदैन भन्ने बानी बसाल्नु पर्छ ताकी उनिहरु चोरी देखि टाढा रहुन।

५- मिडिया र संचार माध्यम मार्फत इस्लाम प्रति जागरूकता सिर्जना गर्नुपर्छ, जसमा इस्लामिक नैतिकता, अपराधको लागि तय गरिएको सांसारिक दण्द र परलोकमा प्राप्त हुने पुरस्कारको बारेमा सचेतना र हरेक कुकर्मको लागि निर्धारित दण्ड र भलाइको लागि निर्धारित इनामको विवरण लाई स्पष्ट पार्नुपार्छ। मानिस इस्लाम निर्देशित आचरण अप्नाएर प्राप्त हुने प्रतिष्ठा देखि जानकार हुनुपर्छ। यसरी उनिहरु ईस्लामिक नैतिकता देखि सुसज्जित हुनुको महत्त्व र सद्गुणलाई थाहा पाएर यसलाई अपनानेछन्  र उनीहरू खराब नैतिकताको सजाय बारे जानकार हुनेछन्। यसले उनीहरूलाई अपराध देखी टाढा राख्नेछ  किनभने कयौं व्यक्तिहरु यस्ता पनि हुन्छन् जसलाई अपराध सम्बन्धि इस्लामका नियमहरु थाहा हुदैन र उनिहरु थौरै पनि धार्मिक हुदैनन्।

**धोखाधडी र विश्वासघात**

**धोखाधडी:** यो हार्दिकता विश्वासनियताको विपरीत शब्द हो।

**विश्वासघात**: यो पनि हार्दिकताको विपरीत शब्द हो। अल-कामस अल-मुहीतमा उल्लेख छ: विश्वासघात भनेको जब कसैलाई केही अमानत सुम्पिइन्छ तर ऊ त्यसमा विश्वासले काम लिदैन, घूसलाई पनि यसैमा समावेश गरिएको छ किनभने उसलाई कुनै कार्यको जिम्मेवार बनाइएको थियो तर उसले विश्वासघात गऱ्यो ।

**घूस:** कुनै व्यक्तिले कर्मचारी,अधिकारी र न्यायाधीश आदिलाई आफ्नो पक्षमा निर्णय गर्न वा कुनै काम प्राप्त गर्नको लागि दिएको रकम वा अन्य चिजलाई घुस भनिन्छ।

धोका जुनसुकै कुरा वा कार्यमा घृणित, निन्दनीय र निच कार्य हो। जो व्यक्ति थोरै पैसाको लागि तपाईसङ्ग विश्वासघात गर्छ यस्तो गर्ने व्यक्ति त्यो व्यक्ति जस्तो होइन जो तपाईको घर परिवार र धन सम्पत्तिको लागी विश्वासघात गर्छ र ठुलो अपराधमा संलग्न हुन्छ। (अज-जह्बी अल-कबाइर ११९)।

**धोखाधडी र विश्वासघातका प्रकारहरू:**

ठगी धोखाधडी र विश्वासघातका केही किसिमहरु तल उल्लेख गरिदैछन:

१-गोपनीयता भंग गर्नु : कयौं खुलासाहरु यस्ता हुन्छन् जस कारण खुलासा गर्नेको हत्या गरिन्छ, खुलासा गर्ने आफ्नो लक्ष्यबाट वञ्चित हुन्छ, खुलासा नभएको भए ऊ जिवित रहन पनि सक्थ्यो र अमन,अत्याचार, उत्पीडन, अतिक्रमणबाट टाढा र आफ्नो लक्ष्यमा सफल हुन सक्थ्यो । ( अल-मावरदी अदव अद-दुनियाँ वद-दीन ३०७ ३०७)।

मुसलमान माथी कसैको गोपनीयतालाई गोप्यनै राख्न जरुरी छ, किनकि यसले उनीहरूलाई हानि पुऱ्याउन सक्छ। इमाम बुखारीले आफ्नो सहिमा गोपनीयतालाई गोप्य राखौं भनेर एउटा अध्याय बाध्नु भएको छ। त्यसमा मअमर बिन सुलैमान भन्नुहुन्छ: मैले मेरो बुबाबाट सुनेको छु, अनस बिन मलिकले भन्नुभयो कि हुजूरले मलाई एउटा गोप्य कुरा भन्नुभयो, जसलाई मैले उहाँको मृत्यु पछि पनि कसैलाई भनिन। उम्मे सलीमले मलाई त्यो सम्बन्धि सोधेका पनि थिए फेरि पनि मैले भनिन( इब्न हजर फतह अल-बारी११/८२)।

२- शासकको आफ्नो प्रजाप्रति छल कपटले काम लिनु । जस्तैः शासकको आफ्नो प्रजा माथी दमन दुव्र्यवहार गर्नु ,उनीहरूको सम्पत्ति कब्जा गर्नु, उनीहरूको रगत बगाउनु, उनीहरूको इज्जत हनन गर्नु, उनीहरूको आवश्यकताहरूलाई बेवास्ता गर्नु,अल्लाहले जुन माल उसलाई सुम्पेको छ, उनिहरुको हात सम्म पुग्न देखि रोक्नु, दीन दुनियाँको जिम्मेवारी देखि बेखबर राख्नु, हद र दण्डको पालनामा बेवास्ता गर्नु, हिंसा फैलाउनेलाइ छाडिदिनु र

जेहादलाई बर्बाद गरिदिनु आदि। साथै ती सबै कार्य जसमा स्वार्थ हुन्छ त्यो सबै विश्वासघात हो ( अस-सनआनी सुबुल अस-सलाम ४/१५७८)।

नबी सल्लल्लाहु अलैही वसल्लमको एउटा हदीस छ। "जसलाई अल्लाहले शासन दिन्छ र उसको मृत्यु प्रजा को अधिकारमा विश्वासघात गरेको अवस्थामा हुन्छ भने अल्लाह उसको लागी जन्नत हराम गरिदिनु हुन्छ "( मुत्तफक अलैहि मुस्लिम ३/१४९ हदीस नम्बर १४२-२१)। थप उहाँले भन्नुभयो: " जो मुस्लिमहरूको शासक भएर मुसलमानहरुको भलाइको लागि प्रयास गर्दैन र शुद्ध नियतले उनीहरूको सुधार चाहदैन भने ऊ उनिहरुसङ्ग स्वर्ग जानेछैन" (मुस्लिम १४६० हदीस नम्बर १५२-२२)।

३- किनमेलमा मुसलमानलाई ठगी र छल गर्नु पनि कविश्वासघात हो, कोहि वस्तुको प्रकृति र गुणस्तरमा धोका दिन्छ, उसले राम्रो वस्तुलाई माथि राखेर कमसल र फोहोर वस्तुहरू बीचमा वा तल राखेर धोका गर्छ। कोहि मापनमा ठगी गर्छन, कोहि आफ्नो सामानमा मानिसको विश्वास जित्नको लागि कसम खाँएर धोका दिन्छन्। तर जब तपाइँ उनिहरुसङ्ग किनमेल गर्नुहुन्छ उनिहरुले अफ्नो कसम मार्फत लुकाएका सबै कमिहरु प्रकट हुन्छन् ।

धोका र विश्वासघात देखी बच्न इस्लामले अति नै राम्रो शिक्षा र मार्गदर्शन प्रदान गरेको छ। अल्लाह तआला सुरह मुतफ्फिफीनमा भन्नुहुन्छ:

{وَيْلٌ لِّلْمُطَفِّفِينَ}{الَّذِينَ إِذَا اكْتَالُوا عَلَى النَّاسِ يَسْتَوْفُونَ} {وَإِذَا كَالُوهُمْ أَو وَّزَنُوهُمْ يُخْسِرُونَ}[المطففين: 1-3]

सर्वनाश छ नापतौलमा घटाएर दिनेहरूको,जो मानिसहरूबाट लिंदा पूरापूरा नापेर लिन्छन् र उनीहरूलाई नापेर वा तौलेर दिंदा कम दिन्छन्।

अल्लाह तआला सुरह आराफमा भन्नुहुन्छ:

{فَأَوْفُوا الْكَيْلَ وَالْمِيزَانَ وَلاَ تَبْخَسُوا النَّاسَ أَشْيَاءهُمْ وَلاَ تُفْسِدُوا فِي الأَرْضِ بَعْدَ إِصْلاَحِهَا ذَلِكُمْ خَيْرٌ لَّكُمْ إِن كُنتُم مُّؤْمِنِينَ}[الأعراف:85]

अनि, तिमीहरू नाप तथा तौल पूरा–पूरा गर्ने गर र मानिसहरूलाई तिनीहरुको सामान कम नदेऊ साथै धर्तीमा सुधारपछि विध्वंस नमच्चाऊ। यदि तिमीहरू आस्थावान हौ भने यो नै तिमीहरूको लागि उत्तम छ।

हुजूर सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "जो कोहि मुस्लिम विरुद्ध हतियार उठाउँछ त्यो हामीबाट होइन र जसले मुस्लिमहरूलाई धोका दिन्छ त्यो हामीबाट होइन।"( मुस्लिम १/९९ हदीस नम्बर १०१/१६४)।

अबू हुरैराहले वर्णन गर्नुभएको छ,नबी सल्लल्लाहु अलैही वसल्लम अनाजको एउटा थुप्रोबाट गुज्रनुभयो। उहाँले थुप्रोमा आफ्नो हात राख्नुभयो उहाँका औंलाहरू भिजेको थिए। उहाँले भन्नुभयो: "हे अनाजको साहु ! यो के हो?

उसले भन्यो: हे अल्लाहका रसूल यो वर्षाबाट भिजेको हो। त्यसपछि उहाँले भन्नुभयो: जसले धोका दिन्छ त्यो हामी मध्ये होइन ( मुस्लिम १/९९ हदीस नम्बर १६५/१०२)।

४-मानिसको मामिलामा सहजीकरण गर्न,हक हनन गर्न र झुटलाई हक प्रमाणीत गर्न घुस लिनु पनि विश्वासघात हो। घुसले दमन र समाज अतिरञ्जित हुने वातावरण बन्छ र अतिक्रमणको बाटो खुल्छ। किनमेलमा घूसको आगमनले मानिसको अधिकार खोसिन्छ यहीँ कारण रसूलुल्लाहले घुस लिने दिने दुवैलाई मल्ऊन ( तिरस्कृत ) भन्नुभएको छ। अब्दुल्लाग बिन उमर भन्नुहुन्छ रसूलुल्लाहले भन्नुभयो: ( घुस लिने र दिने दुवै माथी अल्लाहको श्राप नाजिल होस) (अबू दाऊद ४/९-१० हदीस नम्बर ५१२८ तिर्मिजी इमाम तिर्मिजीले हदीस हसन सहीह भन्नुभएको छ)।

५- यदि कोहि व्यक्ति तपाई माथी विश्वास गरेर कुनै विषयमा सल्लाह माग्छ र हार्दिकता र मनोकामनामा तपाईं अमीन ( ईमान्दार ) हुनुहुन्न भने पनि यो विश्वासघात हो, किनभने तपाईले आफ्नो सल्लाहमा इमानदारी देखाउनु भएन । तपाई जानकार हुनुहुन्छ जुन सल्लाह दिएको छ यो भन्दा पनि उत्तम सल्लाह हुनसक्थो तर घमण्ड र ईर्ष्याको कारण उसलाई ईमानदार सल्लाह पेश नगरिएको भन्ने कुरा । रसूलुल्लाहले भन्नुभयो: (सल्लाहकार जो सङ्ग सल्लाह लिइन्छ उसलाई विश्वासी हुनुपर्छ ) ( अबू दाऊद हदीस नम्बर ५१२८ तिर्मिजी इमाम तिर्मिजीले हदीस हसन र इमाम अल बानीले सही भन्नुभएको छ )।

६- सार्वजनिक हितका विषयमा छल गर्नु भनेको जनतासँग र उसलाई वकिल र अमीन बनाउने व्यक्तिको हकमा पनि हो विश्वासघात हो। रसूलुल्लाहले छल र धोका देखी मनाही गर्दै भन्नुभएको छ: “हाम्रो विरुद्ध हतियार उठाउने व्यक्ति हामी मध्ये होइन र हामीलाई धोका दिने व्यक्ति हामी मध्य होइन । ( हवाला माथी आइ सकेको छ)।

७-कतिपय मानिसहरु धन सम्पत्ति र घरपरिवारको सम्बन्धमा विश्वासघातको दोषी हुन्छन्। उदाहरणका लागि तपाईले कसैलाई थोरधैरै ऋण उपलब्ध गराउनु भयो ताकि ऊ आफ्नो समस्याबाट मुक्त होस्, तर उसले तपाईंलाई त्यो ऋण फिर्ता गर्दैन भने यो पनि विश्वासघात हो। जब मिस्रका सम्राट अजीजले हज्रत युसुफको अगाडि खजाना प्रस्तुत गरे जो ईमानदारको उदाहरण थिए, राजाले उहाँलाई बलियो र भरपर्दो भनेर वर्णन गरे जुन छल र विश्वासघात विरुद्ध थियो । सुरह युसूफमा अल्लाह तआला भन्नुहुन्छ :

{وَقَالَ الْمَلِكُ ائْتُونِي بِهِ أَسْتَخْلِصْهُ لِنَفْسِي فَلَمَّا كَلَّمَهُ قَالَ إِنَّكَ الْيَوْمَ لَدَيْنَا مِكِينٌ أَمِينٌ}[يوسف:54]

र सम्राटले आदेश दिए– यूसुफलाई मेरो सामुन्ने लिएर आऊ, उनलाई आफ्नो नीजि कार्यकालागि नियुक्त गर्ने छू । अनि जब उनीसित कुराकानी भयो तब उनले भने– आजदेखि तिमी हाम्रो नजिकको विश्वासिलो पदाधिकारी भयौ ।

८-केही मानिसहरूले आफ्नो परिवार र आफ्ना छिमेकीहरू र उनीहरूका परिवारहरूलाई धोका दिन्छन्, जुन पूर्णतया इस्लामिक नैतिकताको विरुद्ध हो। हज्रत युसूफ अलैही अस-सलामको घटनामा उहाँ आजिजे मिस्रकी श्रीमतीसङ्ग कुन प्रकारको विश्वासघातबाट टाढा हुनुहुन्थ्यो।

**धोका र छलका कारकहरू:**

१-अनुदारता र अधैर्यताको कारणले मानिसमा विश्वास र धैर्य गर्ने क्षमता रहदैन ( अल मावरदी अदब अद-दुनियाँ व अद-दीन३०७)।

२- बुद्धिमानीको बुद्धि र जेहेन्दारको समझदारी प्रति लापरवाही र बेवास्ता ( साबिल मर्जा ३०६)।

३- विश्वासीको अवहेलना।

४- मानिसहरूको गोपनीयतालाई महत्त्व नदिनु र उनीहरूको गोपनीयतालाई गोप्य राख्नमा संवेदनशील नहुनु।

५-आफुलाई ठुलो ठान्नु र अरु मानिसलाई तुच्छ ठान्नु, मानिसको सम्मान र उनिहरुको अधिकार पूरा गर्नुमा बेवास्त गर्नु।

६- धनको अथाह लालच, लोभ यति धैरै हुनुकी मन र मस्तिष्कमा धन हावी होस् , नाप तौलमा कमि, व्यवसाय व्यापारमा ठगी र घूस कबूल गर्नाले विनाशको सिकार होइन्छ।

**छल कपट र विश्वासघातका बेफाइदाहरु:**

१- जब कुनै सेवकले आफ्नो प्रजाप्रती धोका र छल गर्छ, वास्तवमा उसले आफ्नो लागी अल्लाहको क्रोध,पकड,दण्ड र यातनालाई निम्त्याउछ। जस्तो कि सहिहीनमा आएको छ। अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: (जसलाई अल्लाह मानिसको संरक्षकत्व सुम्पन्छन। फेरि उसको मृत्यु यस अवस्थामा हुन्छ कि उसले आफ्नो प्रजालाई धोका दिइरहेको हुन्छ भने अल्लाह उसको लागि जन्नतलाई हराम गरिदिनु हुन्छ) ( पूर्व सन्दर्भ)। थप उहाँले भन्नुभयो: जो मुस्लिमहरूको शासक भएर मुसलमानको भलाइको लागि प्रयास गर्दैन र शुद्ध नियतले उनीहरूको सुधार चाहदैन भने ऊ उनिहरुसङ्ग स्वर्ग जानेछैन"( पूर्व सन्दर्भ)।

२- जो व्यक्ति मापन मा धोखा र विश्वासघात गर्छ ऊ अल्लाहको क्रोध र दण्डको योग्य हुन्छ। अल्लाह सुरह अल-मुतफ्फिफीनमा भन्नुहुन्छ:

{وَيۡلٞ لِّلۡمُطَفِّفِينَ}{ٱلَّذِينَ إِذَا ٱكۡتَالُواْ عَلَى ٱلنَّاسِ يَسۡتَوۡفُونَ} {وَإِذَا كَالُوهُمۡ أَو وَّزَنُوهُمۡ يُخۡسِرُونَ}[المطففين: 1-3]

सर्वनाश छ नापतौलमा घटाएर दिनेहरूको,जो मानिसहरूबाट लिंदा पूरापूरा नापेर लिन्छन्  र उनीहरूलाई नापेर वा तौलेर दिँदा कम दिन्छन् ।

३- इस्लामको आदेश निर्देशमा धोखाधडी र विश्वासघातलाई निषेध गरिएको छ र यसबाट टाढा रहन भनिएको छ। किनभने यस्तो गर्ने व्यक्ति आफूले गरेको अपराधमा भयभीत र अगाडीको सजायको पर्खाइमा संघर्षरत रहन्छ,आफूले पाएको पद, प्रतिष्ठा र सम्पत्ति आफ्नो इमानदारिताले नभई  विश्वासघातले प्राप्त भएको भन्ने भावनाले उसलाई भित्रैबाट खोक्रो बनाइरहन्छ र ऊ आफूलाई इमानदार र विश्वासी मुसलमानको सामुन्ने आत्मविश्वासहिनको बोधता महसुस हुन्छ ।

४- धोखाधडी र छल गर्ने व्यक्ति सङ्ग उसको वरिपरि बस्ने मानिसहरू घृणा गर्न थाल्छन्, उसबाट टाढा रहन सहज महसुस गर्छन र उससँग अस्थायी मित्रता गर्छन, त्यो पनि आवश्यकता पूरा हुने बित्तिकै तोडिदिन्छन।

छल र विश्वासघातले जनमानसमा विनाश र बर्बादी  निम्त्याउँछ। यदि यसको कारण गोप्य राजहरुको खुलासा हो भने मतभेदले लडाइँ झगडाको वातावरण बनाउँछ,यदि  विश्वासघात व्यवसायमा हो भने यसले द्वेष र घृणा पैदा गर्छ र यदि छल कपट र विश्वासघात शासनमा हो भने यसले अराजकता,दुष्टता र विनाशको लागि मार्ग प्रशस्त गर्दछ।

**यसबाट बच्ने केही उपायहरु:**

धोखाधडी र विश्वासघातबाट बच्ने केही व्यावहारिक उपायहरू तल उल्लेख गरिदैछ:

१- यस्ता व्यक्तिहरूलाई उपदेश र सल्लाह दिनुपर्छ जसले  विश्वासको गुण गुमाएका छन् वा उनीहरूमा छल उतपन्न भएको छ र जो परलोकलाई भन्दा संसारलाई प्राथमिकता दिन थालेका छन्। साथै जो मानिसहरुको साथ तिरष्कृत र उनिहरुको अमानतमा विश्वासघातको व्यबहार गर्छन जुन कुरा  वास्तवमा अल्लाह र आफैंलाई धोका दिनु हो। किनभने विश्वासघात एउटा ठूलो पाप हो र यो एउटा महत्त्वपूर्ण कुरा हो। यसको विनाश व्यक्ति र समाज दुवैमा पर्छ । अल्लाहले हामीलाई यसबाट टाढा रहन ताकेता गर्नुभएको छ। अल्लाह सुरह अल-अन्फालमा भन्नुहुन्छ: सल्लाह दिएका छन्:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ لاَ تَخُونُواْ اللهَ وَالرَّسُولَ وَتَخُونُواْ أَمَانَاتِكُمْ وَأَنْتُمْ تَعْلَمُونَ}[الأنفال:27]

हे आस्थावानहरू हो ! जानी–जानी अल्लाह एवं रसूलसँग विश्वासघात नगर र न आफ्नो अमानत (नासो) हरूको खयानत (हिनामिना) नै गर ।

सुरह युसूफमा अल्लाह भन्नुहुन्छ:

{ذَلِكَ لِيَعْلَمَ أَنِّي لَمْ أَخُنْهُ بِالْغَيْبِ وَأَنَّ اللهَ لاَ يَهْدِي كَيْدَ الْخَائِنِينَ}[يوسف:52]

(यूसुफले भने) यसको उद्देश्य यो थियो कि राजाले जानून् कि मैले उहाँको अनुपस्थितिमा उहाँसित विश्वासघात गरेको छैन, र, या ि पनि कि अल्लाह विश्वासघातीहरूका ि चाललाई सफल हुन दिदैनन् ।

रसूलुल्लाहले भन्नुभयो: "जस भित्र इमानदारी पाइदैन त्यो मुमीन हुन सक्दैन र जो वाचा पालना गर्दैन त्यो धार्मिक हुन सक्दैन" ( अहमद अल्मुसनद ३/१३५ )। अर्को हदीसमा भनिएको छ: " पाखंडीका तीन चिनारी छन्: जब उसले बोल्छ झूट बोल्छ, जब उसले वाचा गर्छ तोडिदिन्छ र जब उसलाई अमानत राख्न दिइन्छ उसले यसमा धोका दिन्छ" (पूर्व सन्दर्भ)।

२- धैर्य गर्ने बानी बसाल्नुस् र आफुलाई यसैको आदी बनाउनुस, किनकि धैर्यताबाट रहस्यको रक्षा हुन्छ। यसको माध्यमले मानिस गरिबी र अप्ठ्यारालाई सहन गर्न सक्छ, जीवनको उतारचढावलाई स्वीकार गर्छ र जीविकोपार्जनमा धोकाधडी र छलबाट टाढा रहन्छ। अल्लाह तआला सुरह बकराहमा भन्नुहुन्छ:

{وَاسْتَعِينُواْ بِالصَّبْرِ وَالصَّلاَةِ وَإِنَّهَا لَكَبِيرَةٌ إِلاَّ عَلَى الْخَاشِعِينَ}[البقرة:45]

धैर्य र नमाजबाट सहयोग प्राप्त गर । निस्सन्देह नमाज अत्यन्तै कठिन कार्य हो तर ईशभय राख्नेहरूका लागि कठिन होइन

३ - जीवनको कठिनाइ, जीविकाको अभाव, कठोर गरिबी र कठिनाइमा धैर्य गर्नेहरूलाई अल्लाहले जुन इनामको प्रतिज्ञा गरेका छन याद गर्नुपर्छ र आइपर्ने समस्याहरू अल्लाहको तर्फबाट परीक्षा हुन भनेर विश्वास राख्नुपर्छ। अल्लाह सुरह बकरामा भन्नुहुन्छ:

{وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِّنَ الْخَوفْ وَالْجُوعِ وَنَقْصٍ مِّنَ الأَمَوَالِ وَالأنفُسِ وَالثَّمَرَاتِ وَبَشِّرِ الصَّابِرِينَ} {الَّذِينَ إِذَا أَصَابَتْهُم مُّصِيبَةٌ قَالُواْ إِنَّا لِلّهِ وَإِنَّـا إِلَيْهِ رَاجِعون} {أُولَـئِكَ عَلَيْهِمْ صَلَوَاتٌ مِّن رَّبِّهِمْ وَرَحْمَةٌ وَأُولَـئِكَ هُمُ الْمُهْتَدُون}[البقرة:155-157]

निश्चय नै त्रास, भोक, धनमाल, ज्यान र फलफूलको हानि–नोक्सानीद्वारा हामी तिमीहरूको जाँच लिनेछौं । अनि, धैर्यवानहरूलाई शुभ–सन्देश सुनाइदेऊ । जसले संकटको समयमा भन्ने गर्छन्– इन्ना लिल्लाहि व इन्ना इलैहि राजिऊन । (हामी अल्लाह कै हौं र उनैतर्फ फर्केर जानेछौं ।) यिनै हुन् ती मानिसहरू जसमाथि अल्लाहको बरदान तथा दया हुनेछ र यिनीहरू नै सत्मार्गमा छन् ।

- विश्वासघात र घूसखोरीको लागि आलोचना र टिप्पणी पनि प्रभावकारी बाधक हुने भएकाले संवादको माध्यमबाट उनिहरुलाई न्यून र तुच्छ ठान्ने गरी समाजमा सामूहिक आलोचना र टिप्पणीको वातावरण सिर्जना गर्नुपर्छ। समाजको हितका लागि सज्जनहरूले भेलामा प्रवचनका क्रममा, सञ्चारमाध्यम र सामाजिक संस्थाहरूको मञ्चबाट यस्ता

निन्दनीय गुणहरूको निन्दा व्यक्त गर्नुपर्छ, यसले सामुहिक टीका टिप्पणीमा प्रभावकारिया बढाउनेछ जसको आधार अप्रत्यक्ष रुपमा गलतको आलोचना र भलाइको प्रोत्साहन होस ।

## चौथो विषय:

## हृदयका खराबीहरू

यसमा कुनै शंका छैन कि हृदय मानव जिवनको केन्द्र हो। यसैमा मानवको सुधार निर्भर हुन्छ, यो खराब भयो भने मानवको आचरण बिग्रन्छ र उसको नैतिकता शिथिल हुन्छ। रसूलुल्लाहले भन्नुभयो: सुन! वास्तवमै शरीरमा एउटा मासुको टुक्रा छ जबसम्म त्यो सही रहन्छ सम्पूर्ण शरीर ठीक रहन्छ र जब त्यो बिग्रन्छ सम्पूर्ण शरीर बिग्रन्छ, सुन त्यो मुटु हो ( बुखारी १/३४ हदीस नम्बर ५२) ।

हृदयका खराबी भन्नाले हृदयसँग सम्बन्धित हरेक खराबी हो। कहिलेकाहीँ यी खराबीहरूको असर मानव व्यवहारमा समेत पर्छ। उदाहरणका लागि, ईर्ष्या, क्रोध र शंका यी ती मनोवृत्तिहरू हुन् जसको केन्द्र हृदय हो। कहिलेकाहीँ यी आचरणको मालिक यिनलाई व्यबहारमा उतारी दिन्छ भने कहिलेकाहीँ लुकाएर एउटा सिमाना भित्र राख्छ, केही उदाहरणहरु

१- ईर्ष्या: इमाम इब्न हजर भन्छन् कुनै व्यक्तिबाट उपकारको अन्त्यको कामन गर्नु जुन उसलाई दिइएको छ यसलाई ईर्ष्या भनिन्छ ( इब्न हजर फतह अल-बारी १/१४४)। र इमाम अल-दमश्कीको विचार अनुसार कुनै व्यक्तिबाट उपकार खोसिनुको कामना गर्नु भनेको ईर्ष्या हो र यो एउटा निको नहुने रोग हो जसमा धेरै मानिसहरू लिप्त छन ( अदब अल-खुल्क फि अल-इस्लामी मुहमुद मदिस्की १५७।

अर्थात्, ईर्ष्या एउटा यस्तो रोग हो जुन रोग ग्रसित हुने बित्तिकै मानिसलाई अरु कोहि अल्लाहको आशीर्वाद देखि लाभान्वित भएको देखेर पीडा हुन थाल्छ, फेरि उसको लाभान्वित हुने व्यक्ति विरुद्ध व्यबहार दृष्टिकोण फेरिन्छ । जब यो ईर्ष्या चरम सीमामा पुग्छ, ईर्ष्यालु व्यक्ति महसुदको ( जसको ईर्ष्या गरिन्छ ) आशीर्वादको कामना गर्छ र कहिलेकाहीँ यसको समाप्ति समेतको प्रयास गर्छ। तब यसले आत्मामा धेरै नराम्रो प्रभाव पार्छ र समाज यसको दुष्टताले घेरिन्छ र यसको अन्त्य भयावह रूपमा हुन्छ। समग्रमा भन्दा ईर्ष्या मानिसहरु बीचको सम्बन्ध, मित्रता र प्रेमलाई नष्ट गर्ने अस्त्र र छल र द्वेषलाई जन्म दिने मुख्य माध्यम हो।

### ईर्ष्याको सीमा:

ईर्ष्या मानव स्वभाव मा छ ( जवामीअ अल-उलूम वल हिकम इब्न रजब हन्बली ३१८) । तसर्थ, यसले एउटा व्यक्तिलाई प्रतिस्पर्धा गर्न प्रोत्साहन गर्छ, जबसम्म यो प्रेमको दायरा भित्र हुन्छ र घृणाको दायरा पार गर्दैन। इमाम इब्न कैयीम भन्नुहुन्छ: ईर्ष्याको एउटा सीमाना छ जसमा मानव पूर्णता र महानताको खोजीमा एकअर्का भन्दा अगाडि बढ्ने प्रयास गर्छ तर जब ऊ यो हद भन्दा अगाडी बढ्छ उसको गन्ती क्रूरता र उल्लंघन गर्नेमा हुन्छ रऊ महसूद सङ्ग उपकार खोसिने कामना गर्न थाल्छ र उसलाई पीडा दिने बाटो हिड्न थाल्छ। र जब ऊ यो सीमानाबाट पछि

रहन्छ उसको यो विशेषतालाई संकीर्णता, कम साहस र अदुर्दशी भनिन्छ ( अल-फवाइन इब्न कैयीम १५७) । जब यो गुणता आफ्नो सीमाना भन्दा बाहिर हुन्छ भने यसलाई ईर्ष्या, जब यो यो सीमाना भन्दा पछि रहन्छ भने यसलाई कायरता र जब यो आफ्नो दायरा भित्र रहन्छ यसलाई अभिलाषा (रश्क) भनिन्छ ।

**ईर्ष्याका प्रकारहरु:**

मनमा ईर्ष्याको आगो जति जल्छ त्यतिनै उसको व्यवहारमा नकारात्मक असर पर्छ। यसैको आधारमा मानिसमा ईर्ष्याको विभिन्न प्रकारहरु बन्छन् । ईर्ष्यालाई चार प्रकारमा विभाजन गर्न सकिन्छ:

१- व्यक्तिले आफ्नो मुस्लिम भाईमा उपकारलाई सहन गर्न नसक्नु यसको तीन रूपहरू हुन सक्छन्:

१- ईर्ष्या गर्ने व्यक्तिले महसुदबाट अल्लाहको उपकार समाप्त होस् भन्ने कामना गर्नु। उसलाई अरु कोहि अल्लाहको उपकार बाट लाभान्वित भएको चित्त बुझ्दैन । अर्थात्, ईर्ष्या त्यो रोग हो जुन रोग संक्रमित भए पछि मानिसलाई अरू कोहि अल्लाहको उपकारले लाभान्वित भएको देखे पछि पीडा सुरु हुन्छ। इमाम सनआनी भन्नुहुन्छ: यसको एउटा रुप व्यक्तिलाई त्यो उपकारमा खासै रुचि छैन र पनि उसको त्यो उपकार समाप्ति होस भनेर कामना गर्नु यहीँ नै ईर्ष्या हो ( सुबुल अस-सलाम सनआनी४/१५४५ )।

२-कहिलेकाहीँ कतिपय मानिसहरू त्यस्ता माध्यम र विधिहरू प्रयोग गर्छन् जसले अरुको उपकारलाई समाप्त गरोस् तिनीहरूमध्ये कोही महसूदको उपकार समाप्त गर्न शब्द र कर्म दुवैद्वारा प्रयास गर्छन् ( जामे अल-उलूम वल हिकम ३०८)।

३-कतिपय व्यक्ति उसको उपकार समाप्त भएर आफूलाई प्राप्त होस भन्ने चाहन्छन। यसै तर्फ इशारा गर्दै इमाम इब्न रजब हन्बली भन्नुहुन्छ: केही अरुको उपकार आफूमा हस्तान्तरण गर्न प्रयासर्त हुन्छन् (पूर्व सन्दर्भ ३०८)।

यी ईर्ष्याका निन्दनीय र निषेधित किसिम हुन।। इमाम इब्न हजर भन्नुहुन्छ: जब एउटा व्यक्तिले अर्को व्यक्तिमा केहि देख्छ जुन उसको आफ्नो होइन। उसले त्यो चिजको अन्त्य होस् भनेर चाहनु ताकि आफू ठुलो वा समान हैसियतमा रहू व्यक्तिको कार्य निन्दनीय छ, जब उसले यसलाई कार्य र वाचन मार्फत जाहेर गर्छ ( फतह अल-वारि १/१४४)।

२- यदि कुनै व्यक्तिले आफ्नो भाइमा उपकार देखेर त्यसको अन्त्य होस् भन्ने कामना गर्दैन, बरु यस्तै उपकार प्राप्त होस् भन्ने कामना गर्छ भने यसलाई गब्ता अर्थात् आशा भनिन्छ । गब्ता: आफूसँग नभएको कुराको इच्छा गर्नु यसलाई गब्ता भनिन्छ र यो एक प्रशंसनीय कुरा हो किनभने यो सामान्यतया प्रतिस्पर्धाद्वारा त्यो समय समाप्त हुन्छ जब कामको माया श्रेष्ठता प्राप्त हुन्छ ( अल-खुलुक अल-कामिल मुदम्मद अहमद जाद मौला ४/४२० )।

इमाम तैमियाह भन्नुहुन्छ: मानिसलाई आफूमाथि अर्को व्यक्तिको उत्कृष्टता र श्रेष्ठता प्रमाणित भएको तथ्यलाई मनन नगर्नु र ऊ पनि आफू जस्तै बनोस् वा ता भन्दा तल्लो स्तरमा पुगोस् भनेर चाहनुनै ईर्ष्या हो र यही कुरालाई केहिले (गब्ता) आशाको नाम दिइन्छ ( फतावा इब्न तैमिया ११/११२)। इमाम इब्न हजर भन्नुहुन्छ : गब्ता भनेको अरूको जस्तै आफू सङ्ग पन उपकार होस र उनिहरुको उपकार समाप्त होस भनेर नचाहनु हो, यस् मामिलाको प्रलोभनलाई प्रतिस्पर्धा भनिन्छ। यदि यो आज्ञाकारिताको मामिलाहरूसँग सम्बन्धित छ भने प्रशंसनीय कुरा हो। अल्लाह तआला सुरह मुतफ्फिफीनमा भन्नुहुन्छ:

{خِتَامُهُ مِسْكٌ وَفِي ذَلِكَ فَلْيَتَنَافَسِ الْمُتَنَافِسُونَ}[المطففين:26]

जसमा कस्तूरीको छाप हुनेछ। र प्रतिस्पर्धीहरूले त्यसैको लागि प्रतिस्पर्धा गर्नुपर्छ।

र यदि यसको सम्बन्ध पापसँग छ भने यो निन्दनीय छ। रसूलुल्लाहले भन्नुभयो: "र अरू भन्दा अगाडि नबढ " र यदि जायज मामिलामा हो भने मबाह छ (फतह अल-बारी १/१६७ )।

**वाञ्छनीय/ प्रोत्साहित किसिमको ईर्ष्या:**

यो त्यो ईर्ष्या हो जसले मानिसलाई अल्लाहको आज्ञाकारितामा अगाडि बढ्न प्रेरित गर्छ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "ईर्ष्या केवल दुई मामिलामा जायज छ। एउटा त्यो व्यक्ति प्रति जसलाई अल्लाहले कुरआनको ज्ञान् दिनुभएको छ र ऊ विशेष समया कुरआनको तिलावत गरि रहन्छ। अनि कसैले उसतर्फ ईर्ष्या गर्दै भन्नू यदि अल्लाहले मलाइ पनि यो उपकार दिनु भएको भए म पनि त्यसै गर्थे। एउटा अर्को व्यक्ति जसलाई अल्लाहले धन सम्पत्ति दिएको छ र ऊ त्यो धनलाई अल्लाहको बाटोमा खर्च गर्छ र कसैले भन्छ यदि मलाई पनि अल्लाहले धन सम्पत्ति दिएको भए म पनि अल्लाहको बाटोमा खर्च गर्थे। ( बुखारी ४/४११ हदीस नम्बर७५२८ )।

हुजूरले यसलाई इस्तिआराको रुपमा ईर्ष्या भन्नुभएको छ ( जामे अल-उलूम वल हिकम ३०९ ) र यसलाई मजाजन पनि ईर्ष्या भनिएको छ ( फतह अल-बारी १/१६७)। यो ईर्ष्या प्रतिस्पर्धामक ईर्ष्या हो,यसमा हासिद महसूद जस्तै बन्न चाहन्छ। यो एक-अर्कालाई तुच्छ र अपमानित गर्ने ईर्ष्या होइन, जसमा ईर्ष्यालुले महसूदको सबै उपकार बर्बाद गर्ने इच्छा गर्छ(अल-फवाइद १५७ )। जस्तोकी सद्का दानमा सैयदना उमरको सैयदना अबू बकर भन्दा अगाडी बढ्ने प्रयास गरेको भन्दै सुने कि हामीलाई रसूलुल्लाहले दान गर्न आदेश दिनुभयो। अनि मैले भित्रभित्रै भने यदि अबू बकर भन्दा कहिल्यै म अगाडी बढ्न सक्छु भने त्यो आजको दिन हो। फेरि सैयदना उमरले आफूसँग भएको धन सम्पत्तिबाट आधा लेराउनु भयो। अनि अल्लाहका रसूलले भन्नुभयो: तिमिले आफ्नो परिवारको लागि के कति छाडेका छौ? मैले भने: आधा। अबू बकरले आफूसँग भएको सबै सामानहरू लेराउनु भयो अनि रसूलुल्लाहले सोध्नुभयो: हे अबू बकर! तिमेले आफ्नो परिवारका लागि के कति छाडेका छौ ? अबू बकरले जवाफ् दिनुभयो:

मैले उनीहरूको लागि अल्लाह र उनका रसूललाई छोडेको छु। अनि उमर भन्छन: अल्लाहको कसम! म उहाँ (अबु बकर) देखि कुनै पनि कुरामा अगाडी बढ्न सक्दिन(सुनन तिर्मिजी ५/५७६ हदीस नम्बर ३६७५ इमाम तिर्मिजीले हदीस हसन सहीह भन्नुभएको छ र इमाम अलबानीले हसन भन्नुभएको छ )।

कतिपय मानिसहरु मनमा उत्पन्न भएको ईर्ष्या हटाउन महसुदसँग दयालु व्यवहार गर्छन् । हृदयमा उस प्रती ईर्ष्या छ तर समस्यामा उससँग राम्रो व्यबहार गर्छ र उसको लागि दुवा पनि गर्छन् । इमाम इब्न रजब भन्छन्: कतिपय मानिसहरू यस्ता पनि हुन्छन् जब तिनीहरू आफूमा ईर्ष्या देख्छन् तिनीहरू यसको समाधानको प्रयास गर्छन् र महसुदसङ्ग राम्रो व्यवहार गर्छन् उसको लागि प्रार्थना गर्छन्, उसको सद्गुणको प्रचार गर्छन्,आफ्नो हृदयको ईर्ष्या हटाउन प्रयास गरिरहन्छन् र अन्ततः ईर्ष्यालाई प्रेममा परिणत गरिदिन्छन। यो अवस्थामा ईर्ष्यालु महसूद भन्दा राम्रो हुन्छ र यो ईमानको उच्चतम स्तर मध्ये एक हो ( जामे अल-उलूम वल हिकम ३०९)।

**ईर्ष्याको कारणहरु:**

१- जीविकाको बाँडफाँडमा अल्लाह तआलाको बुद्धिमता ( हिक्मत ) र इच्छामा ईमानको कमजोर हुनु र अल्लाह तआलाको इनाम र सम्मानबाट खुशी नहुनु। यो यस्तो चीज हो जसले धेरैजसो एउटा व्यक्तिलाई अर्को व्यक्तिको उपकारको अन्त्यको इच्छा गर्न तर्फ लैजान्छ। यो कुरा अल्लाह माथी पूर्ण प्रेम र ईमानमा कमजोरी सङ्गै व्यक्ति को स्वार्थको एउटा प्रमाण हो। ( अल-अख्लाक अल-इस्लामिया व अस्ससहा अब्दुर रहमान अल-मैदानी १/७८९)।

२- कहिलेकाहीँ महसुदलाई नरुचाउनुको कारण उसको उपकार मन नपर्ने कारण बन्छ। इमाम मावरदीले यसलाई उल्लेख गरेका छन् भन्नुहुन्छ : ईर्ष्याको विविध कारणहरु मध्ये एउटा महसुद प्रति हृदयमा द्वेष र घृणा हो। ईर्ष्यालु कहिल्यै चाहदैन कि महसुदको नैतिकता राम्रो होस् वा ऊ सज्जन होस। यहीँ कुरा उसलाई ईर्ष्या गर्न उत्तेजित गर्छ र कहिलेकाहीँ यसले शत्रुता सम्म लैजान्छ। यो कारक सबैभन्दा खतरनाक हुन्छ तर सबैमा सामान्य छैन किनभने सबैको हृदयमा ईर्ष्या हुदैन ( अदब दुनियाँ वद-दीन२७०-२७१)।

३- महसुदलाई ईर्ष्या गर्ने व्यक्तिमाथी यस्तो श्रेष्ठता प्राप्त हुनु जुन ईर्ष्यालुलाई लाई प्राप्त छैन । फेरि ईर्ष्यालुलाई महसूदको विषेशता र श्रेष्ठतामा धैर्यता हुदैन र यो कुरा उसलाई ईर्ष्या तर्फ प्रेरित गर्छ र यदि यस्तो छैन भने पनि उसले निश्चित रूपमा उसको श्रेष्ठताको बाटोमा बाधक बन्ने प्रयास गर्छ"( पूर्व सन्दर्भ २७१ )।

र यो उसको अनिच्छुकता र गैर-मान्यताको तर्क हो कि हरेक व्यक्तिको आफ्नै विशेषताहरू, क्षमताहरू र सामर्थ्य हुन्छन् । केही व्यक्तिहरू यस्ता हुन्छन जसलाई अल्लाह तआलाले चिकित्साको ज्ञान दिन्छन् , जबकि उसका समकालीन साथीहरू यस्ता छन् जसको भाग्यमा अल्लाह ताआलाले दुःख र कठिनाइहरू मात्र लेखिदिएका हुन्छन । त्यसैले पहिलो थरीका मानिसहरूले चिकित्सा क्षेत्रमा प्रवेश गरुन् र दोस्रो थरिका मानिसहरूले कृषि वा यस्तै अन्य

पेशाहरू अपनाउनुपर्छ। दोस्रो थरिका मानिसहरूले पहिलो थरिका माथी ईर्ष्या गर्नुहुदैन र यसैगरी पहिलो थरिका मानिसहरूले दोस्रो थरिका माथी घृणा र ईर्ष्या राख्नु हुदैन, किनभने ईर्ष्या र घृणा दुवै निन्दनीय छन्।

४- एउटै लक्ष्यको पछाडी पड्नु। ईर्ष्यालु व्यक्तिलाई यस्तो अवस्थामा आफ्नो लक्ष्य प्राप्त नहुने डर सताउछ। जसरी मानिसहरू एउटै काम वा पद प्राप्त गर्न एकअर्कालाई पछाडि पार्ने प्रयास गर्छन्।

५- आमाबुबा र अभिभावकको केही भावनात्मक कारण न्याय र निष्पक्षतालाई छाडेर आफ्ना केहि सन्तान वा केही मातहतहरूलाई अरु माथी प्राथमिकता दिनु । यो कुराले उनीहरूबीच ईर्ष्या पैदा गर्छ। जसरी कतिपय प्रबन्धक र कर्मचारी व्यक्तिगत सम्बन्ध र लाभको आधारमा निश्चित व्यक्तिलाई प्राथमिकता दिन्छन् । प्राथमिकताको कुनै मापदण्ड हुदैन अनि फलस्वरूप आपसमा द्वेष, घृणा र ईर्ष्या उत्पन्न हुन्छ।

**ईर्ष्याका बेफाइदाहरू:**

१-इर्ष्या मनोवैज्ञानिक पीडा र सामाजिक अराजकता को कारण हो। ईर्ष्याको कारण जीवन कष्टकर बन्दै जान्छ र मानिसको जिवनमा सुख समाप्त हुन्छ । ऊ ईर्ष्या र समस्याको सामना गर्छ र उसको बलियो ज्यान वन्चित र कठोर स्नायुहरु समस्याको दलदलमा फस्दै जान्छन (अल-खुलुक अल-कामिल ४/४२२ तर्बियतुल इस्लाम व इदाअत अत- तहरीर अब्दुर रहमान अद-दुसरी ३३१ ) । थप ईर्ष्या गर्नेले ईर्ष्या र शारीरिक रोगको पीडा महसुस गर्छ अनि उसले आफ्नो चाहनाको अन्त्य देख्छ,उसले आफ्नो रोगको उपचार देख्दैन । समग्रमा ईर्ष्याले आत्माको शान्तिलाई नष्ट गर्छ, हृदयलाई अन्धो बनाउँछ, विचार र भावनाको बाटो रोकिदिन्छ ( पूर्व सन्दर्भ १/८०५ )।

२- ईर्ष्या, अल्लाह र उहाँका रसूलद्वारा लगाइएको निषेधको विरोध हो: रसूलुल्लाहले भन्नुभयो: शंकाबाट सावधान रहनुस्, किनभने यो सबैभन्दा झूटो कुरा हो। एकअर्काको जासुसी नगर्नुस् र एकअर्का देखि अगाडि बढ्ने प्रयास नगर्नुस्, ईर्ष्या नगर्नुस्, द्वेष नराख्नुस्, पछाडि नपर्नुस् र अल्लाहका भक्तसङ्ग दाजुभाइ बनेर बस्नुस (बुखारी हब४/१०३ हदीस नम्बर ६०६४मुस्लिम ४/१९८५ हदीस नम्बर ३८/२५६३ )।

३- घृणित ईर्ष्या, जीविकोपार्जन बाँडफाँडमा अल्लाहको विरोध हो। अल्लाह जसलाई चाहन्छन दिनुहुन्छ, जसलाई चाहनुहुन्छ अर्पण गर्नुहुन्छ,जसलाई चाहनुहुन्छ रोकि दिनुहुन्छ र जसलाई चाहनुहुन्छ ढिलो दिनुहुन्छ । वास्तवमा ईर्ष्या ईमानको विरोध हो यहीँ कारण ईर्ष्या र ईमान दुई एक ठाउँमा जम्मा हुन सक्दैनन् । रसूलुल्लाहले भन्नुभयो: "र कुनै मुमीनको हृदयमा अल्लाहको मार्गको धुलो र नरकको आगो एक हुन सक्दैन, ईमान र ईर्ष्या एउटा भक्तको हृदयमा जम्मा हुन सक्छ" ( सुनन इब्न माजा ३/९२७ हदीस नम्बर २७७४ इमाम इल-बानीले सही भन्नुभएको छ) ।

४-इर्ष्या यहूदीहरूको विशेषताहरू मध्ये एक हो। पवित्र कुरआनमा अल्लाहले उनीहरूलाई ईर्ष्यालु भनेर वर्णन गर्नुभएको छ। [सूरह अल-बकरा]।

{وَدَّ كَثِيرٌ مِّنْ أَهْلِ الْكِتَابِ لَوْ يَرُدُّونَكُم مِّن بَعْدِ إِيمَانِكُمْ كُفَّاراً حَسَدًا مِّنْ عِندِ أَنفُسِهِم مِّن بَعْدِ مَا تَبَيَّنَ لَهُمُ الْحَقُّ فَاعْفُواْ وَاصْفَحُواْ حَتَّى يَأْتِيَ اللّهُ بِأَمْرِهِ إِنَّ اللّهَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ}[البقرة:109]

अहले किताबमध्ये धेरैजसो सामु सत्यता स्पष्ट भइसकेपछि पनि (तिमीहरूप्रति रहेको) डाहाको कारणले तिमीहरूले ईमान ल्याइसकेपछि तिमीहरूलाई पुनः कुफ्रतिरै फर्काउन चाहन्छन् । अल्लाहको आदेश नआएसम्म यिनीहरूलाई क्षमा गरिदेऊ र छोडिदेऊ । निस्सन्देह अल्लाह सम्पूर्ण कार्यको सामर्थ्य राख्दछन् ।

५- ईर्ष्या अघिल्ला उम्माहको रोग हो, रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "तिमीहरू अघिका उम्माहमा रहेको रोग तिमीहरुमा फैलिएको छ, यो ईर्ष्या र डाहा हो र घृणाले दीनलाई मोडिदिने छ । त्यसको कसम जसको हातमा मुहम्मदको प्राण छ, तिमीहरु तबसम्म कामिल मुमिन हुन सक्दैनौ जब सम्म एक आपसमा मिलेर बस्दौनौं, र के म तिमीहरुलाई एउटा यस्तो कार्य न भनु जसले एकआपसमा माया बसाल्ने छ,आपसमा सलामलाई सामान्य गर( सुनन तिर्मिजी ४/५७३ हदीस नम्बर२०३८/ २६४१ )।

६- ईर्ष्याले समाजमा ईर्ष्या गर्ने व्यक्तिको पद र हैसियत घटाउँछ र उसलाई त्यो स्तरमा पुऱ्याउँछ जहाँ उसलाई कसैले रुचाउँदैनन। मानिसहरू ईर्ष्यालु देखी टाढा जान थाल्छन् र उउको खराब बानी र गलत चरित्रको कारण उनीहरू कानाखुसी र इसारामा कुरा गर्न थाल्छन् । यो उनीहरू उसबाट टाढा रहन र उसको खराब व्यवहार प्रती आफ्नो घृणा प्रकट गर्नको लागि गर्छन्। इमाम मावरदी यसै तर्फ इसारा गर्दै भन्नुहुन्छ : "इर्ष्या मूल्य मान्यता र प्रतिष्ठाको पतनको कारण बन्छ । किनभने मानिसहरू ईर्ष्या गर्ने व्यक्तिबाट टाढा हुन्छन् र उससङ्ग घृणा गर्न थाल्छन्। एउटा प्रसिद्ध भनाइ छ। : "ईर्ष्यालु कहिल्यै अगुवा हुन सक्दैन" (अदब अद-दुनियाँ व अद-दीन २७३ )।

७- ईर्ष्याको हानिहरू मध्ये समाजमा यसको नराम्रो प्रभाव पनि हो। किनभने ईर्ष्या र आक्रोशले कहिलेकाहीं हासिदलाई महसुदको उपकार समाप्त गर्न प्रेरित गर्दछ। फेरि ऊ त्यसको लागि मौखिक र व्यवहारिक वा दुवै अपराधमा संगलग्न हुन्छ, साथै ईर्ष्यालु महसुदको चुक्ली गर्न थाल्छ। त्यसैले ईर्ष्यालु व्यक्ति महसुदको हैसियत र पद घटाएर र उसलाई तुच्छ देखाउँन खोज्छ। यसबाहेक ईर्ष्यालु व्यक्तिको हृदयमा महसुदप्रतिको ईर्ष्याको कारण उनीहरूबीच कहिलेकाहीँ घृणा र द्वेषको जन्म हुन्छ।

**यस् बाट बचाउने केही उपायहरू:**

ईर्ष्याको विनाशबाट बच्न केही उपयोगी उपायहरू निम्नानुसार छन्:

१- व्यक्तिले उपयोगी ज्ञान हासिल गरोस् अर्थात् किताब र सुन्नतको ज्ञान हासिल गरोस् जसले हृदयलाई सफा र आत्मालाई ईर्ष्याको दोषबाट शुद्ध राख्छ । साथै यसले हृदयमा धार्मिकता, अरूप्रति प्रेम, अल्लाह तआलाले दिएको उपकार प्रती कृतज्ञता ,अल्लाह तआलाको जे जति दिनुभएको छ त्यसमा सन्तुष्टि, धैर्यताको प्रेरणा र स्विकारित्वमा वृद्धि गर्छ, थप राम्रोलाई खोजेर विभिन्न तरिकाले फिल्डमा प्रस्तुत गर्न प्रोत्साहित गर्छ । आउने पुस्ता र आम जनमानसलाई ईस्लामिक नैतिक मुल्यमान्याताबारे शिक्षित गराउने र उनिहरुको हृदयलाई यसले मजबुत बनाउने र यसको जिम्मेवारी परिवार, खान्दान, शिक्षण संस्था र विभिन्न सामाजिक तथा शैक्षिक संस्थाहरूको हो ।

२- ईर्ष्याको हानि, त्यसको गम्भीरता र मानिसको सद्गुणमा पुऱ्याउने हानी र घातकताबारे समाज सचेत हुनुपर्छ, जसले उनिहरुको सत्कर्मलाई बर्बाद पारेर कुकर्मको शिकार बनाइदिन्छ। कयौंलाई ईर्ष्या खराब विशेषता हो भन्ने थाहा छ तर यो यहूदीहरूको विषेशता,अघिल्ला समुदायको रोग हो भन्ने र इस्लामले यसलाई कति कठोरताको साथ मनाही गरेको छ भनेर थाहा छैन । ईर्ष्या र ईमान एकै स्थानमा जम्मा हुनसक्दैन, जस्तो कि हामीले ईर्ष्याको हानिको अध्यायमा पढ्यौं।

३- मानिसलाई प्राप्त हुने महत्त्वपूर्ण चिजको मायामा मानिसलाई धैर्य गर्ने बानी बसाल्नु पर्छ। त्यसैले जब मनमा कसैप्रति ईर्ष्या उत्पन्न हुन्छ राम्रो व्यवहार गर्नुपर्छ, उसको लागि दुवा गर्नुपर्छ र यस विषयमा आत्मासङ्ग प्रतिस्पर्धा गर्नुपर्छ। बारम्बार यसो गर्नाले मनको ईर्ष्या अवश्य हटेर जानेछ। अल्लाह सुरह रअदमा भन्नुहुन्छ:

{إِنَّ اللهَ لاَ يُغَيِّرُ مَا بِقَوْمٍ حَتَّى يُغَيِّرُواْ مَا بِأَنْفُسِهِمْ وَإِذَا أَرَادَ اللهُ بِقَوْمٍ سُوءًا فَلاَ مَرَدَّ لَهُ وَمَا لَهُم مِّن دُونِهِ مِن وَالٍ}[الرعد:11]

र, अल्लाहले कुनै समुदायलाइ प्राप्त अनुकंपालाइ तबसम्म परिवर्तन गर्दैनन्, जबसम्म उनले स्वयं आफ्नो व्यवहारलाई बदल्दैनन् ।

इमाम इब्न तैमियाह भन्नुहुन्छ : जसले आफ्नो हृदयमा अरू कसैको लागि ईर्ष्या महसुस गर्छ, उसले तक्वा र धैर्यता अप्नाउन आवश्यक छ र यो ईर्ष्यालाई आफ्नो हृदयमा अवांछनीय ठान्नुपर्छ ( फतावा इब्न तैमिया १०/१२५)। उसले ईर्ष्यालाई आशामा परिवर्तन गर्ने प्रयास गर्नुपर्छ, महसुदसँग भएको उपकार जस्तो उपकारको आशा गरोस् तर महसुदको समाप्त होस भनेर नचाहोस र यसलाई राम्रो काममा प्रयोग गर्ने नियतले बलियो बनायोस।

४- दुवा इस्तिग्फार देखि मद्दत माग्नु , अल्लाह तआला सङ्ग ईर्ष्याको रोगबाट मुक्ति र यसबाट राहत दिनको लागि दुवा गर्नुपर्छ। अल्लाह सुरह बकरामा भन्नुहुन्छ :

{وَإِذَا سَأَلَكَ عِبَادِى عَنِّى فَإِنِّى قَرِيبٌ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ فَلْيَسْتَجِيبُواْ لِى وَلْيُؤْمِنُواْ بِى لَعَلَّهُمْ يَرْشُدُون}[البقرة:186]

(हे सन्देष्टा!) मेरा भक्तहरू मेरो विषयमा तिमीलाई सोध्छन् भने (भनिदेऊ)– म नजिकै छु र पुकार्नेवालाले मलाई पुकारेमा उसको पुकार स्वीकार गर्छु । अतः उनीहरूले मेरो पुकारको उत्तर दिऊन् र मप्रति आस्था राखून् ताकि उनीहरूले सत्मार्ग पाउन सकून् ।

र व्यक्तिले मानिसहरूप्रति आफ्नो हृदयमा ईर्ष्याको कारण गरेका पापहरूको लागि अल्लाहसँग क्षमा माग्नु पर्छ। अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ :

{ثُمَّ أَفِيضُواْ مِنْ حَيْثُ أَفَاضَ النَّاسُ وَاسْتَغْفِرُواْ اللّهَ إِنَّ اللّهَ غَفُورٌ رَّحِيمٌ}[البقرة:199]

र, त्यसपछि अरू मानिसहरू प्रस्थान गरेकै ठाउँबाट तिमीहरू पनि प्रस्थान गर अनि अल्लाहसँग क्षमायाचना गर । निस्सन्देह अल्लाह अत्यन्तै क्षमाशील एवं परम दयालु छन् ।

५- मानिसले त्यसता व्यक्तित्व र जिवनीको अध्यन र अवलोकन गर्नुपर्छ जसको जिवन ईर्ष्या देखि खाली छ र उनिहरुसङ्ग मानिस कुन प्रकारको माया र सम्मानको व्यबहार गर्छन र उनिहरु हरेक किसिमले सन्तुष्ट हुन्छन्। किनभने यो सन्तुष्टि ईर्ष्या देखि खाली हुने दिललेले मात्र प्राप्त गर्न सक्छ। हाम्रो लागी अन्सारको जिवनिमा उदाहरणहरु छन्। अल्लाह तआला सुरह हस्रमा भन्नुहुन्छ :

{وَالَّذِينَ تَبَوَّؤُوا الدَّارَ وَالْإِيمَانَ مِن قَبْلِهِمْ يُحِبُّونَ مَنْ هَاجَرَ إِلَيْهِمْ وَلاَ يَجِدُونَ فِي صُدُورِهِمْ حَاجَةً مِّمَّا أُوتُوا وَيُؤْثِرُونَ عَلَى أَنفُسِهِمْ وَلَوْ كَانَ بِهِمْ خَصَاصَةٌ وَمَن يُوقَ شُحَّ نَفْسِهِ فَأُوْلَئِكَ هُمُ الْمُفْلِحُونَ}[الحشر:9]

र (तिनीहरूका लागि पनि) जसले यस सहरमा बसोबास गर्दछन र इमानमा उनीहरूभन्दा पहिले आफ्नो ठाउँ बनाइसकेका छन्, र आफूतर्फ हिजरत गरी आउनेहरूलाई माया गर्छन् र जेजति उनीहरूलाई प्रदान गरियो त्यसप्रति आफ्नो हृदयमा संकोच महसूस गर्दैनन् । बरु आफु अभाव ग्रस्त भएतापनि, स्वयंमाथि उनीहरूलाई प्राथमिकता दिन्छन् । वास्तविकता के छ भने जुन व्यक्तिहरू आफ्नो हृदयको कृपणताबाट मुक्त गरिएका छन् उनीहरू नै सफल छन् ।

६-ईर्ष्याका कारणहरु जस्तै: उत्पीडन र अन्याय जस्ता ईर्ष्याका कारणहरूको अन्त्य। तसर्थ, अभिभावक, संरक्षक र अधिकारीहरूले आफ्नो मातहतकाहरू बीच न्याय र निष्पक्षताका साथ व्यवहार गर्नुपर्छ, जसले गर्दा प्रेम,एकता र सद्भाव कायम हुन्छ। न्यायले माया र खुशी फैलाउछ भने अन्यायले ईर्ष्या र घृणा पैदा गर्छ। जब कुनै गुरु, अभिभावक वा शिक्षकलाई कोहि आफ्नो कमजोरी,आवश्यकता, कुलीनता वा बौद्धिकता आदिको कारणले बढी ध्यान दिन जरुरी छ भन्ने लाग्छ भने त्यस्तो अवस्थामा अन्तरदृष्टि र रणनीतिका साथ काम गर्नुपर्छ र उपयुक्त समय र स्थानमा कसैलाई महसुस नहुने गरि समस्याको समाधान गर्नुपर्छ। सैयदना युसुफ अलैहि अस-सलाम र उहाँका भाइहरूको कथामा हाम्रो लागि पाठ र उपदेशात्मक कुराहरू छन्। ( थप अरु बुझ्न चाहानु हुन्छ भने अल-अख्लाक अल-इस्लामी अब्दुर रहमान मैदानी १८०९ को पुस्तक हेर्नुस् )। अल्लाह तआला सुरह युसूफमा भन्नुहुन्छ :

{إِذْ قَالُواْ لَيُوسُفُ وَأَخُوهُ أَحَبُّ إِلَى أَبِينَا مِنَّا وَنَحْنُ عُصْبَةٌ إِنَّ أَبَانَا لَفِي ضَلَالٍ مُّبِينٍ}[يوسف:8]

उनका दाजुहरूले आपसमा भने– यूसुफ तथा उनका भाइ हाम्रा पिताकालागि हामीभन्दा अधिक प्रिय रहेका छन् जबकि हामी एउटा समूह नै छौं। सच्चाई यो हो कि हाम्रा पिता ठूलो भूलमा छन्।

**क्रोध:**

**क्रोधको अर्थ:**

इमाम इब्न रजब हन्बली भन्नुहुन्छ: क्रोध कलेजोको उत्तेजना र आवेगको नाम हो चाहे त्यो पीडादायी चीजबाट बचाउँको अवस्थामा वा कसैसँग बदला लिँदा उत्पन्न भएको होस (जामे अल-उलूम वल-हिकम १३८ )। र क्रोध आत्माको त्यो जोशलाई पनि भनिन्छ जसबाट बदला लिने इच्छामा रगत र कलेजो उत्तेजित हुन्छ ( अल-खुलुक अल-कामिल १/३६७)।

**क्रोधका कारणहरू:**

१- आफूभन्दा तलकाले ( सानो ) बारम्बार अप्रिय काम गर्नु ( अदब अद-दुनियाँ व अद-दीन २५८)।

२- उत्पीडन वा वञ्चितताको अनुभूति, यसैगरी मिजासको बाह्य प्रकृति सङ्ग प्रभावित हुनु, यी सबै कुराहरूले क्रोध उत्पन्न महत्त्वपूर्ण भूमिका खेल्छन् ( अल अस्सस अन-नफसियत लिनमु लिफवाइद अस्सैयीद २९४)।

३- क्रोधका कारणहरूमा रोग, काममा व्यस्त रहनु, राती जाग्राम बस्नु वा लोभी कुराहरूमा संलग्न रहनु पर्दछ। यी कुराहरू यस्ता हुन्छन् जसले शरीर र आत्माबीच कलह पैदा गर्छ र यही क्रोधको आधार बन्छ र क्रोधको लत लाग्नुको मुख्य कारण बन्छन। जीउमा आइ पर्ने खराबीलाई टाढा र यी कारणहरुलाई समाप्त गर्नुपर्छ ताकी कुनै बिमारी नलागोस र अनि यी कारणहरूलाई एकपछि अर्को गेरर उन्मूलन गर्नुपर्छ (अल खुलुक अल-कामिल४/३८७ मअ इख्तिसार।

**क्रोधको प्रकृति:**

क्रोध मानव स्वभावमा निहित छ, क्रोध नभए भावना मेरर जान्छ, ऊ धार्मिक ईखता र नैतिक सम्मानतर्फ उत्सुक हुनेछैन। उसको वीरताको अन्त्येष्टि हुनेछ र उसको आत्मा कायरताको शिकार बन्नेछ यो क्रोध दोधारे तरवार हो। इमाम इब्न कैयीम भन्नुहुन्छ: क्रोधको एउटा सीमा हुन्छ, यो सीमाना भित्र प्रशंसनीय बहादुरीको र उच्च कार्य र पापहरूबाट जोगिनु कारक हो र यो यसको कमाल् हो। तर जब यो यो सीमाना भन्दा अगाडि हुन्छ भने अरु माथी दमन गर्छ, पछाडी भयो भने कायर बन्छ र खराब व्यवहारबाट बच्ने प्रयास गर्दैन (अल-फवाइद १५६)। सैय्यदना

अली बिन अबी तालिब भन्छन्: सहिष्णुता भनेको रिसको समयमा आफ्नो मनलाई नियन्त्रण गर्नु हो( अदब अद-दुनियाँ वद-दीन् २५२ )।

**क्रोधका प्रकारहरू:**

क्रोधको प्रकृतिबाट प्रष्ट हुन्छ कि यो तीन प्रकारको हुन्छ ।

१- त्यो क्रोध जसले व्यक्तिलाई बहादुरी, धार्मिक नम्रता, मुस्लिमहरूको मान सम्मान र इज्जतमा स्वाभिमानीता र खराब कर्मबाट जोगाउँछ। यस प्रकारको क्रोध प्रशंसनीय र वांछनीय छ। अबू सईदसङ्ग वर्णन छ: रसूलुल्लाहमा पर्दा पछाडी बस्ने कुमारीमा भन्दा धेरै लाज थियो( हवाला आइसकेको छ ) उहाँ जब कुनै अरुचि चिज देख्नुहुन्थो त्यसको प्रभाव हामी उहाँको अनुहारमा देख्थे ( मुत्तफक अलैही बुखारी ४/११० हदीस नम्बर ४१०० मुस्लिम २/७३९ )। सैयदना इब्न मसुदले उहाँलाई कसैका केही शब्दहरू सुनाए जसमा भनिएको थियो: "यो एउटा यस्तो विभाजन हो जसमा अल्लाहको खुशी खोजिदैन", यो कुराले उहाँलाई आहात पुऱ्यायो, उहाँको अनुहारको रंग परिवर्तन भयो र रिसाउनु भयो। तर उहाँले यो भन्दा बढी केही भनेनन्: "निस्सन्देह, मूसा अलैही अस-सलामलाई यो भन्दा बढी यातना दिइएको थियो, तर उनले धैर्यताका साथ काम गरे।"

जब रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लम कुनै अप्रिय कुरा देख्नु वा सुन्नुहुन्थ्यो उहाँ त्यस बारे रिसाउनुहुन्थो,बोल्नुहुन्थ्यो र उहाँ चुप बस्नुहुन्थेन । एक पटक उहाँ हज्रत आइशाको घरमा प्रवेश गर्नुभयो, जहाँ उहाँले पर्दामा तस्बिर बनेको देख्नु भयो, यो देखेर उहाँको अनुहार क्रोधले रातो पिरो भयो र उहाँले त्यसलाई च्यातिदिनुभयो र भन्नुभयो :. "निश्चय नै त्यो दिन सबैभन्दा कठोर दण्ड तस्बिर बनाउने हरुले पाउनेछन् ( बुखारी ४/ १११)। हज्रत मुगिराह उबादा सङ्ग वर्णन गर्नुहुन्छ : उनी भन्छन यदि मैले कुनै पुरुषलाई आफ्नी पत्नीसँग देखे भने म तरबारको बाहिरी भागले होइन ( यसको मूल अंशले ) उसको घाँटी काट्नेछु। रसूलुल्लाहले भन्नुभयो: के तिमी सादको ईख देखेर छक्क पर्यौ ? निस्सन्देह, म ऊ भन्दा धेरै इखालि छु र अल्लाह म भन्दा बढी इखालु छन।"(हदीसको पूर्व सन्दर्भ)।

२- क्रोधको निरन्तर पतित हुनु र त्यसको नतिजामा कायरता, अनादर कर्म र अपमानमा मौनता यो निन्दनीय छ।

३- जब मानिसको रिसले सीमा नाघ्छ, तब मानिसले आफ्नो सन्तुलन गुमाउछ, उसको नसा फुल्न थाल्छ र उसको आफुमाथि नियन्त्रण रहँदैन, मुख बोल्न थाल्छ, हात गलत ठाउँमा पुग्छ, रिसको कारणले उसले इन्साफ गर्न सक्दैन, उसको सहनशीलता समाप्त हुन्छ र आफैले नबुझ्ने कुरा भन्न थाल्छ। रसूलुल्लाहले भन्नुभयो : "बहादुर त्यो हो जो रिसाएको बेला आफुलाई नियन्त्रणमा राख्छ ( मुत्तफक अलैही बुखारी ४/१२२ हदीस नम्बर ६११४ )। हज्रत अबू हुरेराह भन्नुहुन्छ : एउटा व्यक्तिले रसूलुल्लाह सङ्ग भन्यो मलाई केही नसिहत गरिदिनुस । रसूलुल्लाहले भन्नुभयो

रिस नगर त्यो व्यक्तिले आफ्नो प्रश्न कयौं पटक दोहऱ्यायो तर हरेक पटक उहाँले रिस नगर भन्ने जवाफ् दिनुभयो"( बुकारी ४/९१२ हदीस नम्बर ६११६ )।

**क्रोधका हानीहरु:**

१- क्रोधले विभिन्न मामिलामा गलतफहमीको ढोका खोल्छ। किनभने क्रोधको स्थितिमा मामिलाको नतिजा बारे सोच्ने बुझ्ने सबै ढोकाहरू बन्द हुन्छन् । त्यसपछि समझ बुझको कमीले व्यक्तिलाई आफ्नो जालोमा लिन थाल्छ र ऊ प्रलोभनको प्रभावमा आफ्नो काम सुरु गर्छ । कहिलेकाहीँ यसको अन्जाम कसैको ज्यान लिएर हुन्छ त कहिले कसै माथी जबर्जस्ती पापमा संलग्न भएर हुन्छ, कहिलेकाहीँ मुखको गाठो खुल्छ र यस्तो कुरा गर्न थाल्छ जसमा क्रोधको समाप्ति पछि केवल पछुतो हुन्छ । तर त्यो बेला पछुताउनुको कुनै अर्थ हुँदैन ।

२- अनुपयुक्त स्थानमा मानिसको क्रोधले उसको महानता, गम्भीरता र विस्मयलाई घटाइदिन्छ। किनकि रिस उठ्दा उसको नसा फुल्न थाल्छ, आँखा रातो पिरो हुन थाल्छ र शरीरबाट यस्ता धेरै किसिमको कार्य हुन जान्छन् जो उपयुक्त हुदैनन् कहिलेकाहीँ ऊ अपशब्दमा आइ पुग्छ।

३- क्रोधको समयमा आत्मसंयम नहुँदा क्रोधित हुनेले पुण्य र इनाम गुमाउछ। रसूलुल्लाहले भन्नुभयो: "जो बदला लिन सामर्थ्य हुदाहुदै पनि बदला नलिई आफ्नो क्रोधलाई नियन्त्रण गर्छ, पुनरुत्थानको दिन अल्लाहले उसलाई सबै प्राणीहरूको अगाडि बोलाउनेछ र उसलाई हूरहरू मध्ये छनोट गर्ने अधिकार र आफ्नो बनाउने अनुमति दिनेछन" ( सुनन अबू दाऊद ५/ १७३-१३८)।

**क्रोध देखि बच्ने केही प्रशिक्षणिक उपायहरू**

क्रोध व्यवस्थापन गर्ने केही विधिहरू निम्नानुसार छन्:

१- मानिसले शैतान खबीस देखी अल्लाह सङ्ह शरण माग्नु पर्छ। जस्तोकि ती सहाबीको हदीसमा छ जो असाध्यै क्रोधित थिए। रसूलुल्लाहले भन्नुभयो: "निस्सन्देह मलाई एउटा वाक्य थाहा छ जसलाई पढ्ने हो भने रीस सान्त हुन्छ र त्यो कलिमा भनेको "أعوذ بالله من الشيطان الرجيم" हो। म अल्लाह सँग सैतानको शरण माग्छु ( सहीह बुखारी ४/१२२ हदीस नम्बर १६१५ )।

२-मानिसले आफ्नो अवस्थालाई परिवर्तन गर्नुपर्छ । रसूलुल्लाहले भन्नुभयो : "जब तिमीहरू मध्ये कोही क्रोधीत हुन्छ भने ( क्रोधीत व्यक्ति ) उभिएको छ भने बस्ने, बसेको छ भने सुत्ने" (मुस्नद अहमद ५/१२५ )।

३-क्रोधलाई नियन्त्रण गर्ने व्यक्तिलाई याद गर्नुहोस् । जसरी अल्लाह तआलाले त्यस्ता मानिसहरूको प्रशंसा गर्नुभएको छ। [सूरह आल-इमरान: १३४-१३५]।

{الَّذِينَ يُنفِقُونَ فِي السَّرَّاء وَالضَّرَّاء وَالْكَاظِمِينَ الْغَيْظَ وَالْعَافِينَ عَنِ النَّاسِ وَاللّهُ يُحِبُّ الْمُحْسِنِينَ}[آل عمران:134]

जो निर्धनता एवं सम्पन्नता सबै अवस्थामा खर्च गर्छन् जसले क्रोधलाई दबाउँछन् र मानिसहरूलाई क्षमा गर्छन् । र, अल्लाह सुकर्मीहरूलाई मन पराउँछन् ।

{وَالَّذِينَ إِذَا فَعَلُواْ فَاحِشَةً أَوْ ظَلَمُواْ أَنْفُسَهُمْ ذَكَرُواْ اللّهَ فَاسْتَغْفَرُواْ لِذُنُوبِهِمْ وَمَن يَغْفِرُ الذُّنُوبَ إِلاَّ اللّهُ وَلَمْ يُصِرُّواْ عَلَى مَا فَعَلُواْ وَهُمْ يَعْلَمُونَ}[آل عمران:135]

र, उनीहरूले कुनै अश्लील कार्य गरेमा वा आफैंमाथि अन्याय गरेमा अल्लाहलाई स्मरण गरेर आफ्ना पापहरूका लागि क्षमायाचना गर्छन् । र, अल्लाहबाहेक कसले पापलाई क्षमा गर्न सक्छ र ? र, उनीहरू जानीजानी आफ्नो कुकर्ममा हठ गर्दैनन् ।

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "जसले क्रोधलाई व्यबहारमा परिणत गर्ने सामर्थ्य राख्दा राख्दै नियन्त्रण गर्छ, त्यस्तो व्यक्तिलाई अल्लाह कयामतको दिन सबै प्राणीहरूको बीचमा बोलाउनेछन र उसलाई रोजेर हूर छान्ने अधिकार दिनेछन् "( पूर्व सन्दर्भ) र अर्को हदीसमा भन्नुभयो: " अल्लाहको सामुन्ने सत्कर्म र सवाबको हिसाबले रीस भन्दा ठूलो कुनै खाना र भोजन छैन, जुन मानिसले अल्लाहको खुशीको लागि पिउछ "( सुनन इब्न माजा २/१४०१ हदीस नम्बर ४१८९ )।

४- क्रोधको समयमा सहिष्णुता र क्रोधित व्यक्ति दुवैको परिस्थितिलाई सम्झनुस र मूल्याङ्कन गर्नुस। मानिसहरूको मन पहिलो व्यक्तिसँग जोडिएको हुन्छ र उनीहरूको स्वभाव उस तर्फ झुकाव हुन्छ। जबकि ज्ञानी मानिसहरू दोस्रो व्यक्तिबाट टाढा रहन्छन् र मानिसहरू उसको कामबाट टाढा रहन्छन् ।

**दुस्भाव:**

**दुस्भावको अर्थ:**

कुनै कुरामा शंका उत्पन्न हुनु र त्यसलाई सत्य प्रमाणित गरेर त्यसको आधारमा हुकम लगाउनुलाई शंका भनिन्छ ( अन-नहाई फि गरीब अल-हदीस ३/१४३)।

दुस्भाव , यो गलत आरोप र आफन्त, परिवार वा व्यक्तिलाई अविश्वासको आरोप लगाउनुको नाम हो ( तफ्सीर इब्न कसीर ४/२२८)। इस्लामले किताब र सुन्नत मार्फत यसलाई निषेध गर्नु भको छ।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِّنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ}[الحجرات:12]

हे आस्थावानहरू हो ! अधिकांश अनुमानहरु बाट बच्ने गlर । किनभने केही अनुमान पाप हुन्छन्।

{وَمَا لَهُم بِهِ مِنْ عِلْمٍ إِن يَتَّبِعُونَ إِلاَّ الظَّنَّ وَإِنَّ الظَّنَّ لاَ يُغْنِي مِنَ الْحَقِّ شَيْئًا}[النجم:28]

जब कि यस बारेमा तिनीहरूलाई कुनै ज्ञान प्राप्त छैन। तिनीहरू केवल अनुमानको अनुसरण गर्दैछन् र अनुमानले नितान्त सत्यबाट निस्पृह पार्न सक्ने छैन

र रसूलुल्लाहले भन्नुभयो: शंकाबाट सावधान रहनुहोस्, निश्चित रूपमा शंका सबैभन्दा झूटोकुरा हो (सहि बुखारी ४/१०३ हदीस नम्बर ६०६४ )। तसर्थ शंकाको असल केवल भ्रम र छलछाम हुन्छ, बिना अनुसन्धान र शंकाको आधारमा अरूलाई गाली र आरोप लगाउनु मान्य छैन। इमाम अल-खत्ताबी भन्नुहुन्छ: "यसको मतलब यी हुकम जोडिएका अहकामलाई त्याग्नु होइन , यसको मतलब यो हो कि तपाईं यसलाई अरूको लागि सत्य हो भनेर प्रमाणित गर्न पछि लाग्नु हो जो अरुको लागी घातक छ , त्यसै गरी प्रत्येक विचारलाई व्यवहारमा कुनै प्रमाण बिना परिणत गर्नु। सोचको पहिलो चरण भनेको मानिसको प्राकृतिक अनुभूति हो, जसलाई आफूबाट अलग राख्न सकिँदैन र जुन कुरा मानिसको नियन्त्रणमा हुदैन र ऊ त्यसको बाध्य पनि हुँदैन।

**दुस्भावाका कारणहरु:**

१-कसैको डर: यो डर कहिलेकाहीँ व्यक्तिलाई निन्दा र शंकामा पारिदिन्छ, फेरि ऊ उसको बोली वा कार्यलाई गलत अर्थ लगाउछ।

२- कुनै व्यक्तिको बारेमा पुरानो धारणा बाकी राख्नु र त्यो पनि असत्य आधारमा, ऊ उसको आम मामिलालाई पनि गलत अर्थ लगाउँछ।

३- मानिसको यस्तो गलत वातावरणमा पर्बस्ति हुनु जहाँ व्यक्तिको मामिलालाई गलत ढंगले पेस गरिन्छ। फेरि व्यक्ति गलत समाज र साथीभाइको बीचमा रहेको कारणले दुस्भावको लागी प्रवेशद्वार खुल्छ। अनि उसको नैतिकतामा यी सबैथोक जाहिर हुन्छन।

४-अरुको लागि द्वेष र ईर्ष्याले भरिएको हृदय हुनु यसले मानिसलाई आफ्नो वरपरका सबै माथी शङ्कालु बनाइदिन्छ।

५- कुनै व्यक्तिको शंकास्पद र निन्दनीय ठाउँमा जानाजानी नभए पनि उपस्थिति हुनु यसले अन्य मानिसहरू भित्र शंका उत्पन्न गर्छ, किनभने उनीहरू कारण र तथ्यबाट अनभिज्ञ छन्, त्यसैले इस्लामले शंका र शंकास्पद ठाउँहरू देखी निषेध गरेको छ। रसूलुल्लाहले भन्नुभयो: "हलाल स्पष्ट छ र हराम स्पष्ट छ, र तिनीहरूको बीचमा केहि शंकास्पद चीजहरू छन् जुन धैरै मानिसहरूलाई थाहा छैन, त्यसैले जसले शंकास्पद चीजहरु बाट आफूलाई जोगायो उसले आफ्नो धर्म र प्रतिष्ठाको रक्षा गर्यो"(बुखारी १/३४ हदीस नम्बर ५२)।

६- अविश्वासका कारण उत्पन्न हुने दुष्ट भावहरू जस्तैः पाप, आपसी सम्बन्धमा दुरी र सामाजिक विकृतिबाट अज्ञानता, बेवास्ता वा अनविज्ञ हुनु।

**हानी नोक्सानी र क्षति:**

अविश्वासका यस्ता धेरै नराम्रा असरहरू हुन्छन् जसले अविश्वास राख्ने र जसको बारेमा अविश्वास राखिन्छ उनिहरुमा लागू हुन्छ। त्यसबाट कहिलेकाहीँ समाज पनि उम्कन सक्दैन। जसको संक्षिप्त बयान यस प्रकार छ:

१- शंका गर्ने मानिस पापको प्रभावमा पर्छ।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اجْتَنِبُوا كَثِيرًا مِّنَ الظَّنِّ إِنَّ بَعْضَ الظَّنِّ إِثْمٌ}[الحجرات:12]

हे आस्थावानहरू हो ! अधिकांश अनुमानहरु बाट बच्ने गर। किनभने केही अनुमान पाप हुन्छन्।

तसर्थ ऊ जसको बारेमा शङ्का गरिरहेको छ , त्यो व्यक्तिमा भलाइ र ईमान छ र जाहिरी रुपमा विश्वास झल्कन्छ। त्यसैले उसलाई विश्वासघातीको रूपमा सोच्न निषेध गरिएको छ ( अल-जामे लिअहकाम अल-कुरआन कुर्तुबी १४/२१७)।

२-त्यसता नैतिकवान व्यक्तिलाई शंकाको नजरले हेर्नु, उसको आशंका र अनुमान देखी डराउनु, केही गल्ती भइहाल्छ कि भन्ने डरले नबोल्नु र बोलीको गलत अर्थ लगाउँछ भनेर नबोल्नु, कहिलेकाहीँ यो शंकाको कारण ऊ सँग बस्न र यात्रा गर्न समेत रुचाइदैन।

३- कहिलेकाहीँ यो अविश्वासले कसैको पछाडी लाग्न प्रेरित गर्छ, जसले गर्दा त्यो व्यक्ति अन्य नैतिक विकृतिको दलदलमा फस्दै जान्छ।

४- कहिलेकाहीं शंका बापतको प्रचारप्रसारको कारण बन्छ, यो सत्य हो वा सत्यको नजिक छ जाहेर गर्नको लागि,जसले गर्दा जुन व्यक्तिको बारेमा शंका गरिन्छ उसलाई बापतको दायरामा ल्याइदिन्छ। जबकि उसको त्यससङ्ग टाढा टाढासम्म कुनै सम्बन्ध हुदैन र मानिसहरू यसैलाई सत्य मान्न थाल्छन् र यसरी उसको माम सम्मान दाउमा पर्छ।

५- जसको बारेमा शंका गरिन्छ उनीहरुको बारेमा निराधार आरोपलाई हावा दिनुको कारण कहिलेकाहीँ शंका गर्ने, गरिपाउने र समाजका अन्य सदस्यहरु बीच घृणा,अविश्वास र नाता सम्बन्ध तोडने रोग पैदा हुन्छ। फेरि समाज विभाजन र अराजकताको शिकार हुन्छ।

६-शंकालु व्यक्तिलाई असन्तुष्टि र चिन्ताले सताउँछ। किनभने यस्ता व्यक्ति अन्य व्यक्तिको कार्यलाई गलत ढंगले हेर्छन, जसको आधारमा उसले शंका गर्न थाल्छ र झूटा अर्थ निकाल्न थाल्छ, जसले गर्दा ऊ चिन्ता र मनोवैज्ञानिक रूपमा संक्रमित हुदै जान्छ।

**यसबाट बच्ने केहि उपयोगी दिशानिर्देशहरू:**

१- ईमानलाई मजबुत राख्नुपर्छ, यसले व्यक्तिलाई राम्रो आचरण अपनाउन र खराब आचरणबाट बच्न बल दिन्छ साथै हृदयलाई पनि सफा राख्छ।

२- मानिसले शंकाको पापलाई ( गुनाह ) जान्नुपर्छ, ताकि ऊ त्यसबाट टाढा रहन सकोस्।

३- अरुको नियतलाई कुनै व्याख्या बिना नै राम्रोमा लिनुपर्छ, जस्तो कि सैयदना उमर बिन खत्ताबले भन्नुभयो: "तिमीले आफ्नो मुमिन भाइको मुखबाट निस्कने सबै कुरामा राम्रो सोच्नुपर्छ, फेरि तिमी उसको लागी राम्रै बाटो भेट्टाउनेछौ" ( तफ्सीर अल-कुरआन अल-अज्जीम इब्न कसीर ४/२२७ )।

**अहंकार:**

**अहंकारको अर्थ:**

अहंकारको अर्थ पवित्र रसूलुल्लाहको यो भनाइबाट स्पष्ट छ: "जसको हृदयमा अलिकति पनि अहंकार हुन्छ, त्यो स्वर्गमा प्रवेश गर्नेछैन। एउटा व्यक्तिले भन्यो: एउटा व्यक्तिलाई कपडा चप्पल राम्रो भएको राम्रो लाग्छ के यो पनि अहंकारमा समावेश छ? रसूलुल्लाहले भन्नुभयो: निस्सन्देह अल्लाह सुन्दर हुनुहुन्छ र सुन्दरतालाई मन पराउनु हुन्छ, अहंकार सत्यको इन्कार र मानिसहरूलाई तुच्छ संझनु हो ( सही मुस्लिम १/९३ हदीस नम्बर ९१/१३६)

अहंकार भित्री नैतिकताको नाम हो, जसको फल र परिणाम उसको कर्म हो ( अल-खुलुक अल-कामिल४/३७८)।

यहीँ कारण यसको स्रोत स्वार्थ हो, इमाम नव्वी लेख्नुहुन्छ : "अहंकार भनेको एउटा व्यक्तिले आफूलाई उच्च,अरुलाई तुच्छ र सत्यको इन्कार गर्नुहो " (सरह मुस्लिम अन-नव्वी २/९१ )।

**अहंकारका कारणहरू:**

१- मानिसको ईमानको कमजोरी र यस सम्बन्धमा ज्ञानको कमी,अहंकार केवल अल्लाह तआलालाई मात्र सुहाउँछ सेवकलाई सुहाउँदैन।

२- स्वार्थ र आत्म-प्रेमको नराम्रो प्रभाव र गम्भीर परिणामहरू छन्। यो अहंकार र घमण्ड खाडलमा प्रवेश गर्ने बाटो साबित हुन्छन्।( आफत अला अत-तरीक सैयद महमूद नूह १/१२८)। आत्म-प्रेमका केही कारणहरू यस प्रकार

छन्, ति मध्ये सबैभन्दा बलियो भनेको आफ्ना नजिकका मानिसहरूको अत्यधिक प्रशंसा, चापलूसी र पाखण्डलाई आफ्नो ओछ्यान बनाएनु ( अदब अद-दुनियाँ व अद-दीन २३९)।

बुद्धि जति कम हुन्छ, सोच, समझ र चिन्तनको स्तर पनि त्यतिनै कम हुन्छ र यस्ता व्यक्तिहरूनै आफूलाई सबैभन्दा बुद्धिमान र चलाख ठान्छन् ( अल-अख्लाक व अंश-सिराह इब्न हज्म ७६ मअ इख्तिसार )। कहिलेकाहीँ व्यक्ति भित्र घमण्ड लुकेको हुन्छ र जसरी उसलाई धन वा पद प्राप्त हुन्छ, ऊ अहंकारी हुन्छ र उसको बुद्धिले त्यसलाई दबाउन वा लुकाउन सक्दैन( पूर्व सन्दर्भ ७६)।

बुद्धिमा पूर्णता शरिया ज्ञानबाट आउँछ जसले हलाल र हराम बीच भिन्नता गर्छ।

३-आफ्ना साथीभाइ र सहकर्मीहरू बीचको उच्च पद वा समाजमा हासिल गरेको हैसियतले धोकाको शिकार हुनु (अल अख्लाक अल-इस्लामियाह व अस्ससाह १/७१८ ) जुन आफूमा भएको अहंकारको लक्षण हो।

४- अहंकारी व्यक्ति आफूमा भएको कमि कमजोरीलाई अरु देखी लुकाउन चाहान्छ र अरु बीच आफ्नो प्रभुत्व देखाउन चाहन्छ ( पूर्व सन्दर्भ १/७२० )। आफूमा अनैतिकता र दोषहरूले जुन प्रभाव उत्पन्न गर्छ जसलाई सजिलै नियन्त्रण गर्न सकिन्छ न स्वीकार गर्न सकिन्छ। त्यसैले कहिलेकाहीँ यस्ता व्यक्ति आफूलाई मानिसहरूको बीचमा यसरी प्रस्तुत गर्छन कि मानौं उसलाई त्यो स्थान हासिल छ जो अरु कसैलाई छैन र फेरि यहीँ आत्म-प्रशंसा उसलाई आत्म-प्रेम देखी अहंकारमा धकेलिदिन्छ।

५- आफ्ना सहकर्मीहरूसँग कम भेटघाट गर्नु र व्यक्तित्वको प्रभाव पनि अहंकारको कारण हो ( अदब अद-दुनियाँ व अद-दीन २३९)।

**अहंकारका प्रकारहरू:**

१- आफूलाई अल्लाह र उहाँका रसूलभन्दा महान देखाउनु र अहंकार व्यक्त गर्नु,यो अहंकारको सबैभन्दा खराब किसिम हो, किनभने यो मानव स्वभावको विरुद्ध विद्रोह र प्राणीको सृष्टिकर्ताको कृपाको इन्कार हो। अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ:

{أَفَكُلَّمَا جَاءَكُمْ رَسُولٌ بِمَا لَا تَهْوَى أَنْفُسُكُمُ اسْتَكْبَرْتُمْ فَفَرِيقاً كَذَّبْتُمْ وَفَرِيقاً تَقْتُلُونَ}[البقرة:87]

तर, (तिमीहरूको यो के चाला हो कि) तिमीहरूसमक्ष कुनै रसूल तिम्रो चाहना विपरीत कुनै कुरा लिएर आउँदा तिमीहरूले जहिले पनि अटेरी गर्यौ।

सुरह फुरकानमा भन्नुहुन्छ:

{وَقَالَ الَّذِينَ لاَ يَرْجُونَ لِقَاءنَا لَوْلاَ أُنزِلَ عَلَيْنَا الْمَلاَئِكَةُ أَوْ نَرَى رَبَّنَا لَقَدِ اسْتَكْبَرُوا فِي أَنفُسِهِمْ وَعَتَوْ عُتُوًّا كَبِيرًا}[الفرقان:21]

हामीसँग साक्षत्कारको आशा नराख्नेहरू भन्छन्– हामीकहाँ फरिश्ताहरू किन अवतरित गरिएनन् ? वा हामी आफ्ना रबलाई नै देख्न सकौं । यिनीहरूले स्वयंलाई महान् ठानेका छन् र अति नै उद्दण्ड भएका छन् ।

र इब्लिसलाई आदम अलैही अस-सलामको अगाडि सजदा-ए-तकरीमी ( सम्मान ) गर्नबाट अहंकारले रोकेको थियो। अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ:

{وَإِذْ قُلْنَا لِلْمَلاَئِكَةِ اسْجُدُواْ لآدَمَ فَسَجَدُواْ إِلاَّ إِبْلِيسَ أَبَى وَاسْتَكْبَرَ وَكَانَ مِنَ الْكَافِرِينَ}[البقرة:34]

र, (त्यस अवसरलाई) स्मरण गर जब हामीले फरिश्ताहरूलाई भन्यौं कि आदमलाई सज्दा गर तब इब्लीस (शैतान) बाहेक सबैले सज्दा गरे । उसले इन्कार एवं घमण्ड गर्यो र काफिर (अवज्ञाकारी) हरूमा सामेल भयो ।

२- मानिसहरूको अगाडि घमण्ड गर्नु र उनिहरूलाई तुच्छ संझनु। मानौं उसमा कुनै शारीरिक,आर्थिक वा व्यवहारिक विशेषता छ र ऊ आफूलाई सबैभन्दा वरिष्ठ र अरू सबै तुच्छ छन भनेर  कल्पना गर्नु, अल्लाहको कृपाले अरु ऊ भन्दा धेरै वरिष्ठ किन नहोस् । यो जातीय भौतिकवादको आधार हो र इस्लामले यसलाई निषेध गरेको छ। जस्तो कि रसूलुल्लाहको भनाइबाट स्पष्ट हुन्छ , रसूलुल्लाहले भन्नुभयो: "र निश्चित रूपमा अल्लाहले मलाई वही प्रकट गर्नुभयो कि तिमीहरू नम्रता अपनाउ, अरु माथी घमण्ड नगर र कसै माथी अत्याचार नगर"( मुस्लिम ४/ २१९८-९९ हदीस नम्बर ४६/२८६५  )।

र मानिसहरूप्रति अहंकार सबैभन्दा बेकार त्यो समय हुन्छ जब व्यक्तिले आफ्नो ज्ञान र व्यक्तिगत पुण्यको घमण्ड देखाउँछ, निस्सन्देह उसको ज्ञान लाभकारी हुन सक्दैन। किनकि जसले परलोक कमाउनको लागि ज्ञान प्राप्त गर्छ, ऊ विनम्र र आफ्नो मुल्यांकन गर्नेवाल हुन्छ र उत्तरदायित्वमा कमि गर्दैन र यदि उसले यसलाई बेवास्ता गर्न थाल्छ भने, ऊ सही मार्गबाट टाढा हुने तय छ ( अल-कबाएर अज-जहबी ७६)।

३-मनोवैज्ञानिक घमण्ड: यो भनेको मानिस कपडाको मामिलामा भव्यता र श्रेष्ठताको विचार आफ्नो हृदय र दिमागमा ल्याउनु हो , कहिलेकाहीँ मानिसले आफूलाई ठुलो ठान्दैन र उसको उदेश्य मनोरञ्जनको हुन्छ, तर उसको लुगाको सौन्दर्यको कारण ऊ अहंकारी व्यवहार गर्छ र यही कारणले उसलाई कहिलेकाहीँ आफू सर्वश्रेष्ठ भएको आभास गराउँछ। इमाम बुखारी र इमाम मुस्लिम रहिम हुल्लाहले आ-आफ्नो सहीहीनमा वर्णन गरेका छन् कि अल्लाहका रसूलले भन्नुभयो: "एउटा व्यक्ति कपडाको एउटा जोडा लगाएर हिँडिरहेको थियो, त्यो जोडा उसलाई धेरै सुहाइराक थियो ऊ आफ्नो लामो कपाल काँधमा हल्लाउँदै हिडिरहेको थियो। अचानक अल्लाहले उसलाई जमिनमा गाडिदिनुभयो र न्यायको दिनसम्म गाडी रहनेछ। अल्लाह तआला यो विशेषताबाट रोक्दै सुरह लुक्मानमा भन्नुहुन्छ:

{وَلاَ تُصَعِّرْ خَدَّكَ لِلنَّاسِ وَلاَ تَمْشِ فِي الأَرْضِ مَرَحًا إِنَّ اللَّهَ لاَ يُحِبُّ كُلَّ مُخْتَالٍ فَخُورٍ}[لقمان:18]

अनि, मानिसहरूसँग (घमण्डका साथ) मुख नफर्काउ र धर्तीमा घमण्ड गरी नहिंड्नू। निस्सन्देह अल्लाह कुनै पनि अहङ्कारी एवं मपाइँ स्वभावको व्यक्तिलाई मन पराउँदैनन्।

यसको अर्थ कुनै काम वा आवश्यकता बिनै हिड्नु हो, यस्तो गर्ने व्यक्ति यस प्रकारको घमण्डमा लिप्त हुन्छन। तसर्थ, जो धेरै खुसी र प्रफुल्लित हुन्छन् भने आफ्नो व्यवहारमा अहंकार देखाउँछन।

यसको मतलब यो होइन कि राम्रो लुगा लगाउन निषेध गरिएको छ, यसको मतलब हृदयमा गर्व र अहंकारी विचार ल्याउन मनाही गरिएको हो।

तसर्थ, अल्लाहका रसूलले भन्नुभयो: "जसको हृदयमा थोरै पनि अहंकार हुन्छ त्यो स्वर्गमा प्रवेश गर्नेछैन। त्यसपछि एउटा व्यक्तिले भन्यो : एउटा व्यक्तिलाई कपडा चप्पल राम्रो भएको राम्रो लाग्छ के यो पनि अहंकारमा समावेश छ? उहाँले भन्नुभयो: निस्सन्देह अल्लाह सुन्दर हुनुहुन्छ र सुन्दरतालाई मन पराउनु हुन्छ , अहंकार सत्यको इन्कार र मानिसहरूलाई तुच्छ संझनु हो( हवाला आइसकेको छ)।

इस्लाम यस्तो अनैतिकतालाई निषेध गर्छ र यसको स्थानमा राम्रो आचरणको निर्देश गर्छ। अल्लाह तआला सुरह लुक्मानमा भन्नुहुन्छ:

{وَاقْصِدْ فِي مَشْيِكَ وَاغْضُضْ مِن صَوْتِكَ إِنَّ أَنكَرَ الأَصْوَاتِ لَصَوْتُ الْحَمِيرِ}[لقمان:19]

अनि, मध्यम गतिमा हिंड्नू र आफ्नो बोलीलाई मधुरो राख्नू। अवश्य नै सबैभन्दा अप्रिय स्वर गधाको स्वर हुन्छ।

इमाम अल-कुर्तुबी भन्नुहुन्छ: "गतिमा मध्यम गति हिड्नुस, यसको अर्थ सुस्त र द्रुत गति बिचको गति अपनाउनु हो। अर्थात् आफूलाई मानिस ठान्ने मानिसहरू जस्तै चाल हिड्नुस, सतार नामी जनावर जस्तै उफ् उफ् नहिड्नुस" (अल-जामे लिअहकाम अल-कुरआन कुर्तुबी १४/४८)।

र त्यो हदीस जसमा यो उल्लेख गरिएको छ कि जब रसूलुल्लाह हिड्नुहुन्थ्यो छिटो-छिटो हिड्नुहुन्थ्यो, र सैयदना उमरको बारेमा हज्रत आइशाको भनाइ कि जब उहाँ हिड्नुहुन्थो छिटो-छिटो हिड्नुहुन्थो। यसको मतलब उहाँ मध्यम भन्दा छिटो हिड्नुहुन्थो। ( हवाला आइसकेको छ)। वल्लाहु अअलम

**अहंकारका बेफाइदाहरू:**

१- हक देखि वन्चित र अल्लाहका आयतहरु देखी अनजान र उसको हुकम बुझ्न देखी हृदय अन्धो हुनु। अल्लाह तआला सुरह आअराफमा भन्नुहुन्छ:

{سَأَصْرِفُ عَنْ آيَاتِيَ الَّذِينَ يَتَكَبَّرُونَ فِي الأَرْضِ بِغَيْرِ الْحَقِّ وَإِن يَرَوْاْ كُلَّ آيَةٍ لاَّ يُؤْمِنُواْ بِهَا وَإِن يَرَوْاْ سَبِيلَ الرُّشْدِ لاَ يَتَّخِذُوهُ سَبِيلاً وَإِن يَرَوْاْ سَبِيلَ الْغَيِّ يَتَّخِذُوهُ سَبِيلاً ذَلِكَ بِأَنَّهُمْ كَذَّبُواْ بِآيَاتِنَا وَكَانُواْ عَنْهَا غَافِلِينَ}[الأعراف:146]

जुन व्यक्तिहरू धर्तीमा अनाहक घमण्ड गर्छन् तिनीहरूबाट म आफ्ना निशानीहरू फेरनेछु । तिनीहरूले सबै निशानीहरू देखे पनि ईमान ल्याउने छैनन् र सीधा मार्ग पाए पनि त्यसलाई अपनाउने छैनन्, तर भ्रषटमार्ग भेट्टाएमा त्यसमा हिँड्नेछन् । यसको कारण के हो भने तिनीहरूले हाम्रा निशानीहरूलाई मिथ्या ठहर गरे र यसलाई बेवास्ता गरे ।

अल्लाह तआला सुरह मुमीनमा भन्नुहुन्छ:

{الَّذِينَ يُجَادِلُونَ فِي آيَاتِ اللَّهِ بِغَيْرِ سُلْطَانٍ أَتَاهُمْ كَبُرَ مَقْتًا عِندَ اللَّهِ وَعِندَ الَّذِينَ آمَنُوا كَذَلِكَ يَطْبَعُ اللَّهُ عَلَى كُلِّ قَلْبِ مُتَكَبِّرٍ جَبَّارٍ}[غافر:35]

जो अल्लाहका आयतहरूको सम्बन्धमा तिनीहरूलाई प्राप्त कुनै प्रमाणबिना नै तर्कवितर्क गर्छन् । अल्लाह र आस्थावानहरूको दृष्टिमा यो अति घृणित कार्य हो । यसरी अल्लाह हरेक घमण्डी र उद्दण्ड व्यक्तिको हृदयमा मोहर लगाइ दिन्छन् ।

२- अल्लाह तआलाको असन्तुष्टि र अरुचि । अल्लाह सुरह नख्लमा भन्नुहुन्छ :

{لاَ جَرَمَ أَنَّ اللَّهَ يَعْلَمُ مَا يُسِرُّونَ وَمَا يُعْلِنُونَ إِنَّهُ لاَ يُحِبُّ الْمُسْتَكْبِرِينَ}[النحل:23]

निश्चय नै जुन कुरा तिनीहरू लुकाउने गर्छन् र जुन कुरा प्रकट गर्ने गर्छन् अल्लाह ती सबै कुरा जान्दछन् । वास्तवमा अल्लाह अहङ्कारीहरूलाई मन पराउँदैनन् ।

३- मानिसको अरुचि,व्यक्तिले आफूलाई मानिसहरूसामु ठुलो देखाउँनु, उनीहरुको मान र प्रतिष्ठामा टिप्पणी गर्नु । अनि मानिसहरू उसलाई माया गर्दैनन् र टाढा रहन्छन्। यदी कोहि नजिक हुन्छ भने पनि उस भित्रको दुष्टता हटाउन वा कुनै प्रयोजनको लागि हुन्छन् र उद्देश्य प्राप्त हुनेबित्तिकै अलग्गिन्छन्। त्यसैले जब उसले देख्छ मानिसहरू खाँचोको समयमा मात्र आउँछन् र आवश्यकता पूरा हुनेबित्तिकै चराहरू शिकारीको औजारको आवाज सुनेर गूड तिर भागेझै भाग्छन, अनि ऊ मनोवैज्ञानिक पतनको शिकार बन्छ।

केही अवकाश प्राप्त व्यक्तिको व्यबहार पनि यस्तै हुन्छ। जब उनिहरु जागीरमा हुन्छन अहंकार उनिहरुको सान हुन्छ। यी अहङ्कारीहरुले उनीहरुको अवस्था बुझेर सिकुन।

इमाम मावरदी भन्नुहुन्छ: "जहाँसम्म अहंकारको सवाल छ, यसले क्रोध निम्त्याउँछ, आपसी सम्बन्धहरू समाप्त हुन्छ, साथीहरूको हृदयमा क्रोध र आक्रोश उत्पन्न हुन थाल्छ,यसको एउटा खराबीनै पर्याप्त छ, तपाईलाई यसको लागि भित्र जाने आवश्यक छैन ( अदब अद-दुनियाँ व अद-दीन २३६ )।

४- अहङ्कारीको आफ्नो गल्ती र दोषमा ध्यान नदिनु र आफ्नो गलत बानीलाई पनि सही बताउनु। किनकि घमण्ड र अहंकारको नशाले आभासका सबै यन्त्रहरू बन्द हुन्छन्, तब यस्ता व्यक्तिहरूलाई सबैथोक भलो लाग्छन यद्यपि ऊ अहंकारको भ्रममा हुन्छ। अल्लाह तआला सुरह कहफमा भन्नुहुन्छ:

{فَأَرَادَ أَن يَسْتَفِزَّهُم مِّنَ الْأَرْضِ فَأَغْرَقْنَاهُ وَمَن مَّعَهُ جَمِيعًا}[الإسراء:103]

अन्ततः फिरऔनले मूसा तथा इस्राईलका सन्तानहरूलाई (मिस्रको) भूमिबाट निस्कासित गर्ने विचार गर्यो, तर हामीले त्यो समेत त्यससँग रहेका सारा मानिसहरूलाई डुबाइदियौं।

{وَقُلْنَا مِن بَعْدِهِ لِبَنِي إِسْرَائِيلَ اسْكُنُوا الْأَرْضَ فَإِذَا جَاءَ وَعْدُ الْآخِرَةِ جِئْنَا بِكُمْ لَفِيفًا}[الإسراء:104]

र, इस्राइलका सन्तानलाई हामीले भन्यौं– यस देशमा बसोबास गर। अनि जब परलोकको वाचा आइपुग्छ, हामी तिमीहरू सबैलाई जम्मा गरेर ल्याउनेछौं।

**यस् बाट बच्ने केही उपयोगी उपायहरु:**

अहंकारको विनाशबाट बचाउने केही प्रशिक्षणिक उपायहरू निम्न छन्:

१- मानिसले अहंकारको पापको गम्भीरता र त्यसको दण्डलाई सम्झेर उसले अहंकारको अपवित्र प्रयास गरिरहेकोछ भनेर महसुस गर्नु, अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले अल्लाह तआला भन्नुहुन्छ भन्दै भन्नुभयो:

अनुवाद: अहंकार मेरो लुगा हो र महानता मेरो इजार हो। त्यसैले जसले यी दुई मध्ये कुनै एक प्राप्त गर्न खोज्छ, म उसलाई नरकमा हाल्नेछु (मुस्लिम ४/२०२३ हदीस नम्बर १३६/२६२० )।

र अर्को ठाउँमा भन्नुभयो:

अनुवाद: त्यो व्यक्ति स्वर्गमा प्रवेश गर्नेछैन, जसको हृदयमा थोरै पनि अहंकार हुन्छ( पूर्व सन्दर्भ)।

थप भन्नुहुन्छ :

अनुवाद: के म तिमीहरुलाई स्वर्गवासी बारेमा नभनु ? हरेक कमजोर र भद्र मानिस हुनेछन, यदि उसले कसम खाएको भए अवस्य पनि पूरा गरेको हुनेछ, के म तिमीलाई नरकवासीहरूको बारेमा नभनु? लहीम सहिम मोटा, कठोर हृदय, अहंकारी व्यक्ति (नरकमा) हुनेछन( मुत्तफक अलैही बुखरी ३/३१५ हदीस नम्बर ४९१८ )।

२- नम्र र भद्र व्यक्तिले अल्लाहबाट पाउने इनाम र अल्लाहले उसको लागी तैयार गरेको उपकारहरुलाई याद गर्नुपर्छ। अल्लाह तआला सुरह कससमा भन्नुहुन्छ:

{تِلْكَ الدَّارُ الآخِرَةُ نَجْعَلُهَا لِلَّذِينَ لاَ يُرِيدُونَ عُلُوًّا فِي الأَرْضِ وَلاَ فَسَادًا وَالْعَاقِبَةُ لِلْمُتَّقِين}[القصص:83]

त्यो आखिरतको घरलाई त हामीले धर्तीमा आफ्नो बडप्पन न चाहने र विध्वंस नमच्चाउनेहरूलाई दिनेछौं । र, राम्रो परिणाम त ईशभय राख्नेहरूकालागि नै रहेको छ ।

र रसूलुल्लाह भन्नुभयो: "दानले धनलाई घटाउँदैन, अल्लाह त्यो मानिसलाई अझै थपेर दिनुहुन्छ जो क्षमा र सहिष्णुता अपनाउँछ अल्लाह उसको स्थानलाई उच्च गरिदिनुहुन्छ" ( मुस्लिम ४/२०९१ हदीस नम्बर ४९/२५८८)।

३- अहंकारीहरूको संगतबाट टाढा रहनुपर्छ, जसले हृदयलाई विकृत गर्छ र उनीहरूलाई त्यस्ता चीजहरूको पछि लाग्न बाध्य बनाउछ जसबाट हानि बाहेक लाभ केहि हुँदैन, किनकि संगतले एकरसता सिर्जना गर्छ। जस्तो कि रसूलुल्लाहले भन्नुभयो: "मानिस आफ्नो मित्रको धर्मको अनुसरण गर्दछ, त्यसैले तिमिहरु मध्ये हरेकले कसलाई आफ्नो साथी बनाइरहेको छ भनेर ध्यान राख।" ( सुनन अबू दाऊद ५/१७८ हदीस नम्बर ४८२२)। जबकि यसको विपरीत भद्र व्यक्तिको संगतले भद्रता प्राप्त हुन्छ।

४- मानिसले आफ्नो मौलिक सृष्टि र मनमा भएका कुराहरूबारे सोच्नुपर्छ, मनमा भएका कुराहरू बाहिर आएमा आत्मा गलानी हुन्छ। यहीँ कारण कुरआनले मानिसको मौलिक जन्ममा हाम्रो ध्यानाकर्षण गर्दै सुरह तारिकमा भन्नुहुन्छ:

{فَلْيَنظُرِ الإِنسَانُ مِمَّ خُلِقَ}{خُلِقَ مِن مَّاء دَافِقٍ}{يَخْرُجُ مِن بَيْنِ الصُّلْبِ وَالتَّرَائِبِ}[الطارق:5-7]

अतः आफूलाई कुन तत्वबाट सृष्टि गरिएको छ भन्ने मानिसले विचार गर्नुपर्ने हो । एउटा छचल्कँदो पानीबाट मानिसलाई सृष्टि गरिएको छ । जुन पानी पिठ्यूँ र छातीको हड्डीको बीचबाट निस्कन्छ ।

४- व्यक्तिले अहंकारी व्यक्तिहरूको स्थिति र तिनीहरूको अवस्था महान र विवेकीशिल व्यक्तिहरू माझ कस्तो हुन्छ भनेर सोच्नुपर्छ ।

६- मानिसले आफ्नो सिलसिलामा सोचेर निर्णय लिनुपर्छ त्यसको लागि बिपत्ति,पीडा,मृत्यु र कहिलेकाहीँ कबरको दर्शन गर्ने गर्नु ,किनभने दर्शनले हृदयलाई नरम बनाईदिन्छ। रसूलुल्लाहले भन्नुभयो: तिमीहरु कबरको दर्शन गरि राख किनभने यसल मृत्युको सम्झना गराउँछ ( सही मुस्लिम २/४७१ हदीस नम्बर १०८/९७६)।

## तेस्रो अध्याय

## नैतिक विचलनका कारणहरु

नैतिक विचलनहरू आफ्नो शैली र विधिको हिसाबले विविध हुन्छन्। व्यक्ति र समाजमा त्यसको प्रभाव र नोक्सानी हुने हिसाबले त्यसको प्रभाव घट्ने बढ्ने भैरहन्छ। अर्कोतर्फ एउटा समाजबाट अर्को समाजमा नैतिक विचलनको कारक बन्ने अस्त्रहर्य बदली रहन्छन। जस्तै धार्मिक अभियान कम्जोर पड्नु, आस्थाको विचलन,सामाजिक वृद्धि र आर्थिक अवस्था, सामाजिक विचारमा आक्रमणको प्रभाव र प्रशिक्षणको अवस्था। जब-जब त्यसको नकारात्मक असर बढ्छ विचलनको गति बढ्छ र विभिन्न रूपहरू लिन्छ। कुनै एक कारकलाई तोकेर मानव नैतिक विचलनको कारणको व्याख्या गर्न सम्भव छैन। यी कारकहरु विविध हुन्छन् र यीनीहरूको प्रभावकारिता फरक हुन्छ।

त्यसैले जीवनको फोकस एक पक्षमा हुनु हुँदैन चारैतिर हुनुपर्छ,विचलन निम्त्याउने कारकहरू फरकफरक हुन्छन्, उदाहरणका लागि, बुबाको सन्तान माथी सकारात्मक वा नकारात्मक प्रभाव पर्नु। जस्तो कि रसूलुल्लाहले भन्नुभएको छ : "हरेक शिशु जन्मजात प्रकृतिमा जन्मन्छ, पछि उनका आमाबाबुले उसलाई यहुदी,ईसाइ वा अग्निपुजक बनाउँछन्"। यसैगरी साथिहरुको प्रभाव पर्छ, रसूलुल्लाहल भन्नुभयो: मानिस आफ्नो साथीको दीनमा हुन्छ त्यसैले को सँग मित्रता गासिदैछ त्यसमा ध्यान दिनुपर्छ। "

त्यसैले पविचलित कारकलाई विभिन्न पक्षमा आधारित हुनुपर्छ र कारकलाई खोज्नमा सामुहिक नियमको अनुसरण जरुरी छ। यसप्रकार की उसलाई निष्ठा,समाज,मनोभावना र प्रशिक्षिक हिसाबले यी सबै कुराहरूमा जो यो मामिलासित सम्बन्धित छन् ,ख्याल राखेर अगाडी बढ्नु पर्छ।

यहीँ कारण नैतिक विचलन निम्त्याउने कारकहरूलाई उल्लेख गर्न जरुरी छ, किनभने कारणहरू थाहा हुँदा उपचार र उपायहरू खोज्न सजिलो हुन्छ। यस अध्यायमा उल्लेख गरिने कारकहरू निम्नानुसार छन्:

१-धार्मिक अभियानको कमजोर हुनु।

२-मनोभावको एकतामा विकार।

३"-आर्थिक कारण।

४-सामाजिक वातावरण।

**पहिलो विषय:**

**धार्मिक अभियान कमजोर हुनु**

धार्मिक मिसनको कमजोर हुनु नैतिक विचलनको एउटा प्रमुख र शक्तिशाली कारण हो। किनभने यस अवस्थामा मानिसलाई न मृत्युको पीडाको परवाह हुन्छ न कयामतको दिनको भयावह अवस्थाको, ऊ आफ्नो इच्छाको बन्धनको कैदमा हुन्छ, इच्छा उसमाथि पुर्ण रुपमा हावी हुन्छ र विचलनको आँधीले उसलाई प्रभावित गर्छ जसले गर्दा उसको अगाडी असल र खराबको मापन अर्थहीन हुन्छ। उसमाथि लापरवाही, धारणाको विकृति र नैतिक अराजकता हावी हुन्छ, जस कारण उसको लागि विचलन सरल हुन्छ र त्यसैतर्फ अग्रसर हुन्छ । जस्तो कि आउने बिन्दुहरुमा स्पष्ट हुनेछ ।

**विचलन र लापरवाही:**

लापरवाही: यो एउटा भुल हो जो थोरै ध्यान र कम सक्रियको कारणले मानिसमा सिर्जना हुन्छ । जब व्यक्ति यसको सिकार हुन्छ तब उसको धार्मिक मिसन कमजोर हुन्छ। व्यक्तिको धार्मिक मिसन कमजोर हुनाले विवेकलाई भलाइ देख्न देखी रोक्छ। मानिस सत्य सुन्न र त्यो भूमिका बुझ्न देखी असमर्थ हुन्छ जसको लागि उसलाई सृष्टि गरिएको हो। फेरि ऊ जनावरहरू जस्तै बन्छ, अल्लाह तआला सुरह आअराफमा भन्नुहुन्छ:

{وَلَقَدْ ذَرَأْنَا لِجَهَنَّمَ كَثِيرًا مِّنَ الْجِنِّ وَالإِنسِ لَهُمْ قُلُوبٌ لاَّ يَفْقَهُونَ بِهَا وَلَهُمْ أَعْيُنٌ لاَّ يُبْصِرُونَ بِهَا وَلَهُمْ آذَانٌ لاَّ يَسْمَعُونَ بِهَا أُوْلَـئِكَ كَالأَنْعَامِ بَلْ هُمْ أَضَلُّ أُوْلَـئِكَ هُمُ الْغَافِلُونَ}[الأعراف:179]

र, हामीले धेरै जिन्न तथा मनुष्यलाई नरककोलागि सृष्टि गरेका छौं । तिनीहरूको हृदय छ तर तिनीहरू त्यसबाट बुझ्दैनन् तिनीहरूका आँखा छन् तर तिनीहरू त्यसबाट देख्दैनन् र तिनीहरूका कान छन् तर तिनीहरू त्यसबाट सुन्दैनन् । तिनीहरू पशुजस्तै छन् बरु त्यसभन्दा पनि बढी पथभ्रष्ट । तिनीहरू नै अनभिज्ञ मानिसहरु हुन् ।

र अल्लाह तआला सुरह रूममा भन्नुहुन्छ:

{وَعْدَ اللَّهِ لاَ يُخْلِفُ اللَّهُ وَعْدَهُ وَلَكِنَّ أَكْثَرَ النَّاسِ لاَ يَعْلَمُونَ}[الروم:6] {يَعْلَمُونَ ظَاهِرًا مِّنَ الْحَيَاةِ الدُّنْيَا وَهُمْ عَنِ الآخِرَةِ هُمْ غَافِلُونَ}[الروم:7]

यो अल्लाहको वचन हो । अल्लाह आफ्नो वचनको अवहेलना गर्दैनन् । तर अधिकांश मानिसहरू जान्दैनन् । मानिसहरू सांसारिक जीवनका केवल बाहिरी पक्ष जान्दछन् र तिनीहरू आखिरत (परलोक)बारे अनभिज्ञ छन् ।

अर्थात्, धेरैजसो मानिसहरूलाई दुनियाँ र संसारिक मामिलाको बारेमा मात्र थाहा हुन्छ, उनिहरु दुनियाँ कमाउन शिपालु हुन्छन तर तिनीहरू धर्म र परलोकमा लाभ दिने कुरा देखी बेखबर हुन्छन। उनिहरुको यहीँ तरिका र विधिको कारण शैतान साथी बन्छ। जस्तो कि अल्लाह तआला सूरामा भन्नुहुन्छ:

{وَمَن يَعْشُ عَن ذِكْرِ الرَّحْمَٰنِ نُقَيِّضْ لَهُ شَيْطَانًا فَهُوَ لَهُ قَرِينٌ}[الزخرف:36]

र, जुन मानिस करुणामय (अल्लाह) को स्मरणको बेवास्ता गर्छन् हामी त्यसकालागि एउटा शैतान खटाइदिन्छौं अनि त्यो नै उसको मित्र हुन्छ ।

अर्थात्, जसले मार्गदर्शनको बाटोलाई बेवास्ता गर्छ, त्यसका लागि हामी त्यस्ता शैतानहरूलाई नियुक्त गर्छौं जसले उसलाई नरकको बाटोतर्फ डोर्याउँछ।

व्यक्तिलाई लापरवाहीमा पुर्‍याउने कारणहरूमा मबाह चिजमा धेरै आफूलाई व्यस्त राख्नु पनि हो जसकारण ऊ लापरवाह र धेरै आशावादी हुन्छ र गुनाहमा सामेल हुनथाल्छ। लापरवाह व्यक्ति अनैतिक कार्य गर्न डराउँदैन किनकि लापरवाही उनीहरूमा छाएको हुन्छ, तपाई उनीहरुलाई देख्न सक्नुहुन्छ उनिहरु इच्छाहरुलाई खोज्छन र त्यसैमा सन्तुष्ट र खुश रहन्छन । यी सबै कुराहरु धार्मिक भावनाको कमि वा अन्त्यको कारणले गर्दा नै उत्पन्न हुन्छ, धर्ममा त्रुटि र गलत आस्थाको कारणले वा त्यसबारे कुरा गर्नाले हुन्छ अथवा ईमानको विपरीत कार्यमा संलग्न हुनाले । पहिलो कुरा बिदअतमा छ र दोस्रो कुरा अनैतिक कार्यहरुमा । पहिलो किसिम शंकाको र दोस्रो मनोकांक्ष किसिमको हो। इस्लामी शिक्षाको भूमिका गलत विश्वास प्रणालीलाई सुधार्नु हो जसले प्रशिक्षार्थीहरूलाई सीधा नैतिक मार्गमा लैजान्छ, किनभने जब सम्म मानिसहरूको हृदयमा निस्वार्थ दीन,धर्म र शुद्ध आस्था हुदैन तबसम्म दुष्टता र फित्ना फैलिन्छ, प्रतिष्ठा हराउँछ, धोखाधडी ,घर, मदरसा र सामाजिक संस्थाहरूमा फैलिन्छ। इमानदारी, विश्वास र नम्रता रहँदैन र यसको कारण उनीहरुको अतिनै महत्त्वपूर्ण चिज गुम्छ। यो भनेको अल्लाहको विधि र कानुनलसिइ पूर्ण रूपमा केवल मौखिक मात्र होइन व्यावहारिक रूपमा अप्नाउनु हो।

**विचलन र चिन्ता:**

दिलको चिन्ता र धार्मिक मिसन कमजोर हुनुको बीचमा धेरै गहिरो सम्बन्ध छ। सोच्ने रोगहरु  जसले व्यक्तिलाई नैतिक विचलनमा पुर्‍याउँछ, जस्तोकि सिको-हाथ भनिने रोग, यो त्यो रोग हो जो बारम्बार बानी र गम्भीर रोगको रुपमा प्रकट हुन्छ। रोगीले यसको कारणले समाजलाई तुच्छ देख्छ, र उनीहरूप्रति आफ्नो शत्रुता देखाउँदछ, किनभने रोगीले आफूलाई नियन्त्रण गर्न सक्दैन वा असफलता र निराशा सहन सक्दैन, त्यसैले ऊ क्षणिक सन्तुष्टिलाई पछार्न देखी लाचार हुन्छ र चाँडै आफ्नो चाहना र आवश्यकता पूरा गर्न कोसिस गर्छ।

जसले नैतिक विचलन निम्त्याउने मानसिक रोगका लक्षणहरू  माथी विचार गर्छ, उसलाई थाहा हुन्छ कि यी लक्षणहरू हृदयको सन्तुष्टिको कमीले उत्पन्न हुन्छन्। जबकि हृदयको सन्तुष्टि यी तत्वहरूको प्रभावले उत्पन्न हुन्छ। यी कुराहरू यस कारण उत्पन्न हुन्छन् कि हृदयको शान्ति र सन्तुष्टिको साधनसँग कम सम्बन्ध हुन्छ। जब अल्लाहमा विश्वास गर्ने बलबाट हृदयलाई शान्ति प्राप्त हुन्छ, त्यस पछि कुनै हानि र दमनको डर हुँदैन।

तसर्थ, जीवनमा केहि यस्ता मौकाहरु आउँछन् जसको कुनै पनि व्यक्तिले सामना गर्न सक्दैन तर त्यो व्यक्ति जो अल्लाहमा पुर्ण भरोसा राख्छ र उसको सुरक्षामा विश्वस्त हुन्छ, जिवनमा केहि क्षण यस्ता आउँछन् जहाँ मानिसलाई जति शक्ति प्रदान गरे पनि त्यसको सामना गर्न सक्दैन। समयमा केवल अल्लाहमा विश्वास गर्नेहरू मात्र साबित रहन सक्छन्। अल्लाह तआला भन्नुहुन्छ:

{الَّذِينَ آمَنُواْ وَتَطْمَئِنُّ قُلُوبُهُم بِذِكْرِ اللّهِ أَلاَ بِذِكْرِ اللّهِ تَطْمَئِنُّ الْقُلُوبُ}[الرعد:28]

ती व्यक्तिहरू जो ईमान ल्याउँने हुन् र जसको हृदयले अल्लाहको स्मरणबाट सन्तुष्टि प्राप्त गर्छन्। र, जानिराख अल्लाहको स्मरणबाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन्।

अल्लाह तआला सुरह जिनमा भन्नुहुन्छ:

{وَأَنَّا لَمَّا سَمِعْنَا الْهُدَى آمَنَّا بِهِ فَمَن يُؤْمِن بِرَبِّهِ فَلَا يَخَافُ بَخْسًا وَلَا رَهَقًا}[الجن:13]

र, यो कि हामीले मार्गदर्शनको कुरा सुन्ने बित्तिकै त्यसमाथि ईमान ल्यायौं। अब जसले आफ्ना रबमाथि ईमान ल्याउनेछ उसलाई कुनै किसिमको हक मारिने वा अत्याचार गरिने डर हुने छैन।

**विचलन र काल्पनिक विकार:**

कतिपय मानिसहरू जसको धर्म सम्बन्धि विचारहरू विचलित भएका छन्, उनीहरूलाई लाग्छ कि धर्म भनेको केवल बोलीको नाम हो कर्म कार्यको होइन, वा यस्ता कार्यहरु हुन जसलाई जब चाहे जसरी चाहे अदा गर्न सकिन्छ, यीनीहरूलाई यिनिहरुको यो विचारले कुकर्म तर्फ लैजान्छ, किनभने यिनिहरुले आफ्नो हृदयको नैतिक नियन्त्रण गुमाई सकेका हुन्छन् । यदि यिनिहरुले आफ्नो दील, नजर र विचारलाई सहि गरेका भए यिनिहरुको नैतिकता सहि हुन्थो। जाहिलियाह युग केटीहरूलाई जिउँदै गाड्ने, रक्सी पिउने र व्यभिचार जस्ता अनैतिक दुर्गुणहरूले भरिएको थियो, तर जब उनीहरूले अल्लाहमा विश्वास गरे र अल्लाह बाहेक अरू कुनै ईश्वर छैन भनेर स्वीकार गरे, तब उनीहरू पूर्णत परिवर्तन भए सही बाटोमा लागे, पतन पछि फेरि उदाए, नैतिक विचलन पछि उच्च आचरणवादी भय ,कठिनाइ पछि सुसम्पन्न भय, स्वार्थ देखी टाढा ,विचलन समाप्त भयो,अत्याचारको स्थान भाइचाराले लियो,नैतिक गुण र सद्गुणहरु स्थापना लियो र यी सबैकुरा सहि आस्था र उपासनाले सम्भव भएको थियो।

**स्थलगत अनुसन्धानको प्रकाशमा विचलन:**

इजिप्टमा गरिएको एक अध्ययनले विचलनलाई धार्मिक अभियानको कमजोरीसँग जोडेको छ, जहाँ स्पष्ट रूपमा भनिएको छ कि धार्मिक अभियानको कमजोरी नैतिक विचलनको एक महत्त्वपूर्ण कारण हो।

१- चोरीको आरोप लागेका ती बालबालिकाहरु जो नमाज पढ्दैनन तिनीहरु ७१.८% छन्।

२- चोरीको आरोप लागेका ती बालबालिकाहरु जो उपवास राख्दैनन, तिनीहरु ३.५ प्रतिशत छन् ।

३- अर्को एउटा अध्ययनले यो प्रमाणित गर्छ कि किशोर अपराधीहरु जसलाई इस्कन्दरियाको अदालतमा पेश गरिएको थियो । उनिहरु आस्था माथी एउटा सोच र चिन्तन सरह ईमान राख्दे, उनीहरूमध्ये कोहि पनि फर्ज पूरा गर्दैनन्थे । यो तथ्याङ्कले विचलन र धार्मिक अभियानको कमजोरी बीचको गहिरो सम्बन्धलाई स्पष्ट पार्छ।

संसारका जुन भागहरू प्राविधिक रूपमा धेरै विकसित छन्, त्यहाँको सोसाइटीमा गम्भीर बैचारिक समस्या छन। जस्तैः भौतिक गरिबी, बौद्धिक सीमान्तीकरण, अलगाव, नैतिक र उत्पीडन जस्ता गम्भीर समस्याहरू यी ठुला सहरहरूमा छन् ।

यी सबै विचलनहरू धार्मिक अभियानको अभावमा प्रकट हुन्छन र मानिसहरूको आफ्नो नैतिकताको मापदण्ड भनेको केवल आफ्नो इच्छा र मनोकांक्षा पूरा गर्नु मात्र हो ।

## दोस्रो विषय:

## मनोभावको एकताको विकार

आत्म आफ्नो सारको हिसाबले एक र अवस्थाको हिसाबले तीन छ। मुतमन्ना, अम्मारा बीस-सूअ र लौवामा । आत्माजब अल्लाहतिर ध्यान लगाउँछ उहाँको सम्झनामा सन्तुष्ट रहन्छ। उहाँप्रति ध्यान लगाउँछ, उहाँको निकटतासँग सन्तुष्ट रहन्छ भने यो सन्तुष्ट रहन्छ। यदि यो यसको विपरीत छ भने, यो अम्मारा बीस-सूअ हो, यसले व्यक्तिलाई आफ्नो इच्छाहरूको आदेश दिन्छ, जस्तै भ्रामक इच्छाहरू, असत्यको खोजी यसरी आत्मा हरेक खराबीको केन्द्र बन्छ। र यो तेस्रो अवस्थामा लौवामा हो जुन मुमीनको अवस्था हो। यही कारण मुमीन आफ्नो हरेक अवस्थामा आत्मालोचना गर्छ, आफ्नो प्रत्येक कर्ममा आत्मको कमजोरी खोज्छ, त्यसैले ऊ पश्चात्ताप गर्छ, आफ्नो आत्मालोचना गर्छ। तर पापी व्यक्ति अगाडी बढ्दै जान्छ र आफ्नो आत्मालोचना गर्दैन।

अल्लाह तआलाले आफ्नो किताब र आफ्नो रसूलको तरिकामा दिलको रोग र त्यसको उपचार बारे कयौं ठाउँमा उल्लेख गर्नुभएको छ। अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ :

{فِي قُلُوبِهِم مَّرَضٌ فَزَادَهُمُ اللّهُ مَرَضاً وَلَهُم عَذَابٌ أَلِيمٌ بِمَا كَانُوا يَكْذِبُونَ}[البقرة:10]

तिनीहरूको मन–मस्तिष्कमा एक (किसिमको) रोग लागेको छ जसलाई अल्लाहले अझ बढ़ाइदिए र तिनीहरूका लागि तिनीहरूले राखेको झुठोको बदला दुखद यातना रहेको छ।

अल्लाह तआला सुरह अहजाबमा भन्नुहुन्छ:

{يَانِسَاء النَّبِيِّ لَسْتُنَّ كَأَحَدٍ مِّنَ النِّسَاء إِنِ اتَّقَيْتُنَّ فَلاَ تَخْضَعْنَ بِالْقَوْلِ فَيَطْمَعَ الَّذِي فِي قَلْبِهِ مَرَضٌ وَقُلْنَ قَوْلاً مَّعْرُوفًا}[الأحزاب:32]

हे नबीका पत्नीहरू हो ! तिमीहरू साधारण महिलाहरु जस्ता होइनौ। यदि तिमीहरूमा अल्लाहको भय छ भने मीठो स्वरमा कुरा नगर जसले गर्दा पापी मन भएको व्यक्ति कुनै लोभमा फसोस् बरु स्पष्ट कुरा गर।

अल्लाह भन्नुहुन्छ:

{يَاأَيُّهَا النَّاسُ قَدْ جَاءتْكُم مَّوْعِظَةٌ مِّن رَّبِّكُمْ وَشِفَاء لِّمَا فِي الصُّدُورِ وَهُدًى وَرَحْمَةٌ لِّلْمُؤْمِنِينَ}[يونس:57]

हे मानव हो ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताकोतर्फबाट उपदेश, हृदयमा भएका रोगको उपचार र मान्नेहरूकालागि मार्गदर्शन तथा दया आइपुगेको छ।

अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ: यदि तिमीलाई थाहा छैन भने प्रश्न सोध्ने गर किनकि नजान्नेको उपचार प्रश्न सोध्नु हो।

मनोवैज्ञानिक सद्भावको विकारहरू हृदय रोगहरू मध्ये मानिन्छ, जसले नैतिक विचलन निम्त्याउँछ र यो दुई प्रकारको हुन्छ:

**इन्द्रिय अनुभुतीको खराबी**

**प्राकृतिक हलचल र यस् सम्बन्धित इरादाको विकार**

यसमा हरेक चुज नपाइनुले दुख हुन्छ, सुखको कारण पीडाको अनुभूति हो र पीडाको कारण विगतको अनुभूति हो, हृदयको रोग, दृष्टिको कमजोरी र क्षितिजको कमजोरीको कारण हो, किनभने मनोकांक्षा र यसको सांसारिक विशेष स्वार्थ भनेको मानिसको दृष्टि अन्धो हुनु वा आँखामा पर्दा लगाईदिनु हो। यहीँ कारणले मानिसले सहिलाई झुटो ठान्छ, झुटलाई सत्य मान्छ भने मामिलामा अन्योलमा पर्छ। उसको लागी चीजहरूको छवि शंकास्पद हुन्छ र यो पर्दाको मोटाईको हिसाबले हुन्छ, त्यसपछि यो सबै उसको लागि मनोवैज्ञानिक अशांतिको कारण बन्छ ,जसको तीव्रता उसको पर्दाको हिसाबले हुन्छ र जो उसको दृष्टिलाई लुकाइ दिन्छ।

**मनोवैज्ञानिक विकार:**

केहि व्यक्तिहरू यस्ता छन् जो बौद्धिक रूपमा विचलित छन्, तर तिनीहरूको नैतिक विसंगति त्यो चरणमा पुग्छ जहाँ धेरै बौद्धिक रूपमा विचलित व्यक्तिहरूको पुग्न सक्दैनन, त्यसैले तपाईं उच्च नैतिकतासँग मेल खाने विभिन्न किसिमका नैतिक बानीहरू भएका मानिसहरूलाई देख्नुहुनेछ र सही प्रकृति भएका मानिसहरूको संकेत गर्छन। यी नैतिक विचलन र विकारहरूमा लागूपदार्थको लत, यसमा लिप्त हुनु र यौन अराजकता समावेश छ।

यसको आधार मध्य दुर्घटनाको समयमा डर र चिन्तित हुनु, खाना देखी अरुचि,असन्तुष्टि ,अत्याधिक लजालुपन, क्रोध, अवज्ञा, जिद्दी पना,चाँडै इच्छाको शिकार हुनु,अत्याधिक घमण्ड, विद्रोही प्रवृत्ति, कल्पनामा जिउनु, झूट बोल्नु, चोरी गर्नु आदि रहेका छन। केहि अवस्थाहरू मनोवैज्ञानिक संकटको अन्य पनि छन। जसको सहि समयमा उपचार गरिएन भने, यो तिनीहरूको लागि धेरै हानिकारक साबित हुन्छ।

**मनोवैज्ञानिक अनुकूलता:**

अनुरूपताले व्यक्तिको वरिपरिको सामाजिक वातावरणसँग जोडिएको र मिल्दोजुल्दो हुनुलाई जनाउँछ, जबकि व्यक्तिले आफ्नो वरपरका समान अन्तरसम्बन्धित सामाजिक सम्बन्धहरू बनाउन सक्छ र यो एउटा व्यक्तिलाई सफलतापूर्वक चुनौतीहरूको सामना गर्न सम्भव होस। एउटा मुस्लिम व्यक्तिले बनाउने सामाजिक सम्बन्धहरू इस्लामिक नैतिकताको पद्धति अनुसार हुनुपर्छ। तसर्थ, मनोवैज्ञानिक सद्भाव एउटा निरन्तर प्रक्रिया हो जो नैतिक र

सामाजिक वातावरणलाई तबसम्म परिवर्तन गरिरहन्छ, जबसम्म इस्लामिक सिद्धान्तहरूको प्रकाशमा व्यक्ति र उसको वातावरण बीच सन्तुलन सिर्जना हुँदैन।

त्यसकारण, सकारात्मक मनोवैज्ञानिक सद्भावले व्यक्तिगत, सामाजिक र व्यावसायिक सद्भावको आह्वान गर्छ। जबसम्म व्यक्तिलाई त्यस् मार्फत सन्तुलित र एउटा उपयुक्त आन्तरिक अवस्था सिर्जना हुदैन जसले उसलाई आफैंमा,समाज र पेशामा सन्तुष्टि दिन्छ । र जब मानिसले आफूलाई तीन क्षेत्रमा व्यक्तिगत, सामाजिक र व्यावसायिक रुपमा सहि रुपले ढाल्न सक्दैन अनि व्यक्ति समानताको गलत बाटो बाट ढाल्ने प्रयास गर्छ। उसलाई आफ्नो दृष्टिकोणबाट यी अदृश्य विधिहरूद्वारा सद्भाव, सन्तुष्टि र मनोवैज्ञानिक आराम प्राप्त गर्न सक्छ भन्ने लाग्छ। यी अदृश्य विधिहरुलाई साइकिस्टहरु रक्षात्मक युक्ति भन्छन्। यो ती विधि र तरिकाहरुको सार हो जो एउटा व्यक्तिले अपनाउँछजसको उद्देश्य वास्तविकतालाई विकृत गर्नु र जायजताको निर्माण गर्नु हो,जबसम्म व्यक्ति यसबाट उत्पन्न हुने चिन्ताको अवस्थाबाट मुक्त हुँदैन, यो अवस्था ती असफलता र दोधारले सिर्जना हुन्छ, जो उसको मनोवैज्ञानिक सन्तुष्टिलाई चुनौती दिन्छ, त्यसको उद्देश्य आत्म-विश्वास, आत्म-सम्मान कायम राख्नु र मनोवैज्ञानिक सन्तुष्टि प्राप्त गर्नु हो जुन हामी पछि बयान गर्नेछौं।

यसले स्पष्ट हुन्छ कि एउटा व्यक्ति या त सकारात्मक मनोवैज्ञानिकमालिक हुन्छ वा नकारात्मक मनोवैज्ञानिक सद्भाव जुन न उचित छ न स्वीकार्य, त्यसैले जब व्यक्तिलाई समस्या वा सम्पत्ति जस्ता व्यक्तिगत आवश्यकताहरूको सामना गर्नु पर्छ जस्तो कि सम्पत्तिको आवश्यकता,जसको माध्यमले इच्छाहरुको पुर्ती गर्न सकियोस् तब ऊ विश्वस्त, धैर्यता र आम्दानीको एउटा ठूलो हिस्सा उपलब्ध गराउनु बाहेक अरू कुनै उपाय छैन भनेर ऊ माल जम्मा गर्छ ताकी केही रकम जम्मा होस् र आवश्यकता पुर गर्न सकियोस्। यदि उसको भाग्यमा यो छैन भने भने अल्लाहको बाँडफाँडमा राजी हुन्छ। र ऊ त्यो कुरालाई अगाडी राख्छ हुनसक्छ अल्लाहले त्यस पछि अर्को कुनै विकल्प सिर्जना गरिदिनु हुन्छ र ऊ आफ्नो लक्ष्य प्राप्त गर्न उपयुक्त मौकाको खोजीमा हुन्छ । यस्ता व्यक्तिलाई तर्कसंगत सद्भाव हासिल छ, किनभने समानता तबसम्म तर्कसंगत हुँदैन जबसम्म व्यक्ति आफ्नो हरेक सम्भावित समस्याको समाधान पेश गर्दैन,उसको तसरुफ ( कदम ) पहल कदमीले अगाडी आउनेहरु नतिजाको अनुमान नलगाउन, फेरि ति इस्लामिक सिद्धान्तहरू अवलम्बन गर्नुस जुन असलसङ्ग बेमेल नहोस् । जब व्यक्तिले आफ्ना समस्याहरूको समाधान खोज्न र समाधान गर्न असफल हुन्छ उसले रक्षात्मक रणनीतिहरू अपनाउँछ जसले वास्तविकतालाई विकृत गरिदिन्छ । जब मानिसले तिनीहरूलाई अपनाउँछ उसले निम्न लक्ष्यहरू प्राप्त गर्ने प्रयास गर्छ:

मानिसमा चिन्ताको स्थिति र पापको अनुभूति उसको साथमा रहन्छ, यसबाट टाढा रहनुस्।

मानिसले आफ्नो आत्मा र आफ्नो सुरक्षा गर्नुपर्छ ।

मानिसले रक्षात्मक रणनीतिको छायाँमा आफ्नो इच्छा र आनन्दहरू पूरा गर्नुपर्छ।

**रक्षात्मक रणनीति:**

मानिसले यस्तो धोका दिने तरिका अपनाउनु जबकि ऊ यस्तो मानसिक समस्याबाट ग्रसित होस् जसको ऊ सावधान गर्न सक्षम छैन। ऊ आफ्नो आत्मालाई गलत बाटोमा हिँडेको पाउँछ अनि स्वयमलाई धोका दिने र जायज ठहराउने माध्यमबाट आफूलाई राजी गर्छ।

**यी धोखेबाज चालहरू निम्न हुन:**

जब व्यक्तिलाई लाग्छ कि उसको कार्य आवश्यक कार्य विपरीत छ, उसले कमजोर र न्यायोचित कारकहरू मार्फत आफ्नो विचलित व्यवहारलाई जायज ठहराउँछ, जसमध्ये केही निम्नानुसार छन्:

**१- जायज ठहराउँनु:**

जब कुनै व्यक्ति आफ्नो लक्ष्य प्राप्त गर्न असफल हुन्छ वा फर्ज पूरा गर्न देखी बेवास्ता गर्छ अथवा उच्च नैतिकताको दायरा देखी बाहिर जान्छ, तब ऊ गलत आचरणको शिकार हुन्छ । ऊ आफ्नो आचरणको रक्षामा यस्तो जवाज ठहराउने चिजले जायज ठहराउँछ, जसमा ऊ कमजोर बहानाहरू खोज्छ ताकी आफ्नो भित्री वा समाजिक घृणालाई टाढा गर्न सकोस्। यो एउटा यस्तो बहाना हो जसमा एउटा व्यक्तिले आफ्नो खराब व्यवहारलाई जायज ठहराउँछ।

जसको उदाहरण एउटा व्यक्ति आफ्नो काममा पूरा समय दिँदैन, त्यसपछि आफ्नो मनलाई सन्तुष्ट पार्ने बहाना बनाउँछ, जस्तै व्यवस्थापन सहकर्मी र ऊ बीच निष्पक्ष छैन वा तलब परिश्रम भन्दा कम छ, यस्तै अन्य जायज ठहराउने बहानाहरु जस मार्फत ऊ आफ्नो हृदयलाई सन्तुष्ट बनाउन खोज्छ।

**२- आरोप**

आरोप भनेको एउटा व्यक्तिले आफूभित्रका केही अवांछनीय गुणहरूलाई आफू बाहेक अरू मानिसहरू तर्फ बढाइचढाइ जोडिदिनु हो।

तसर्थ, जब कुनै व्यक्तिलाई आफ्नो काम नैतिकता विरुद्ध हो भन्ने लाग्छ उसले त्यसको दोष अरूलाई दिन्छ, वा जब ऊ कुनै कुरामा असफल हुन्छ त्यसको दोष अरूलाई लगाइदिन्छ, जस्तै एउटा विद्यार्थीले भन्नु: म फेल भए किनभने प्रश्न गाह्रो थियो वा कुनै व्यक्तिको भन्नु आवश्यकताले मलाई यो काम गर्न वा छाड्न बाध्य तुल्यायो वा फला व्यक्तिले मलाई राम्रो बनाएर पेस गरेर धोका दियो।

**३- तकमुस प्रभाव**

तकम्मुस भनेको आरोपको विपरीत शब्द हो, किनभने तकम्मुसको अवस्थामा व्यक्तिले अरूको विशेषताहरुलाई ग्रहण गर्छ, उसले अरूका राम्रा गुणहरूलाई इस्तिआराको रूपमा लिन्छ र आफू तर्फ जोडिदिन्छ र आफूलाई ती विशेषताहरु भएको तरिकामा ल्याउने प्रयास गर्छ ।

अर्थात्, मानिस अर्को व्यक्ति वा समूह जसमा त्यो विशेषता छ र उसमा छैन भने उनिहरुमा समावेस हुन्छ। जस्तै कि कुनै व्यक्तिले समस्यामा परेको बेला सरकारी अधिकारीको रुप धार्नु, वा आफूलाई पार्टीको नेताको रूपमा पेस गर्नु जबकि ऊ त्यसको हकदार छैन।

४- नकारात्मक:

यो एउटा प्रतिरोधि प्रक्रिया हो जो कहिले सकारात्मक त कहिले नकारात्मक हुन्छ। सकारात्मक तब हुन्छ जब एउटा व्यक्तिले माग बमोजिम गर्छ। नकारात्मक तब हुन्छ जब उसले अपेक्षा गरेको कुरालाई बेवास्ता गर्छ र दबाब र जिम्मेवारीको सामना गर्छ , जुन चिज ऊ सँग अपेक्षा गरिन्छ त्यसको विपरीत गर्नु वा गर्न देखी टाढा रहनु। यसको उदाहरणहरु जस्तैः मौनता, प्रतिस्पर्धा गर्नु, विरुद्ध जानु,विद्रोह गर्नु, विद्रोह, र इन्कार गर्नु हो। जब तपाइँ एउटा व्यक्तिलाई अर्को व्यक्तिको मार्फत सिफारिस गर्न अनुरोध गर्नुहुन्छ ताकी ऊ सम्पत्तिबाट केही ऋण दियोस । यदि बिचको त्यो व्यक्ति यसो गर्दैन भने यो नकारात्मक कार्य हो । जब साहुकारको सामुन्ने बिचको व्यक्तिले उसलाई ऋण नदिन भन्छ अथवा जुन कामको लागी उसलाई खटाइएको थियो त्यसको विपरीत गर्छ भने यी दुवै स्वभावले उसमा गुज्रिरहेको मनोवैज्ञानिक रोगलाई प्रकट गर्दछ, यो उसको ऋणलिने प्रतिको आक्रोश, ईर्ष्या वा अन्य नैतिक विचलन हुन सक्छ।

**५- बिद्रोह :**

रक्षात्मक युद्धाभ्यासहरू कहिलेकाहीं बिद्रोहको रूप लिन्छ। यो एउटा यस्तो बहानाहो जुन कुनै व्यक्ति वा वस्तुको पछाडी जवाज ठहराउदै फलानो व्यक्ति यसको पछाडि छ अथवा त्यसलाई रोक्नेको जिम्मेवार हो । यी बहानाहरु, छल कपट , घृण र प्रचारको रूपमा जाहेर हुन्छ ।  यी सबै नैतिक विचलनका रूपहरू हुन् र यो समस्याको समाप्त गर्ने वाला खोज्ने बाहेक अरु विकल्प छैन।

## ६-मुन्टो बटार्नु

वापसीमा ऊ नैतिकता र सद्भावको एउटा असफल चरणको सहारा लिन्छ, विशेष गरेर जब मानिसलाई यस्तो अवस्थाको सामना हुन्छ जसको सामना गर्न कठिनाई छ। जस्तोकी एउटा पुरुषको युवावस्था नजिक केटाहरूको मार्ग हिन्नु जसको लागी ऊ एउटा अपरिपक्व अवस्थाको सहारा लिन्छ।

यसबाट स्पष्ट हुन्छ कि जो व्यक्ति आफ्नो विभिन्न क्षमता र विशेषताको बाउजुद वातावरणसँग मेल खाँदैन उसले आफ्नो इच्छा पूरा गर्न नैतिक विचलन गर्न थाल्छ।

यसमा ऊ युक्ति र जवाजको सहारा लिन्छ जसबाट उसले आफ्नो इच्छा र सुख पूरा गर्न सकोस् ।

**रक्षात्मक युद्धाभ्यासको उद्देश्य:**

१- आत्म-घृणाको प्रभावले व्यक्तिमा पुग्ने मनोवैज्ञानिक पीडाहरूबाट बच्नु।

२- आफूले सामना गर्ने वा अरूबाट सामना गर्ने अपेक्षित  आलोचनाबाट बच्नु।

३- असफलताले गर्दा व्यक्तिलाई हुने मनोवैज्ञानिक पीडाबाट बच्नु।

**रक्षात्मक चालहरू उत्पन्न हुने कारणहरु:**

त्यो मनोवैज्ञानिक द्वन्द्वलाई लुकाउनु जुन विकल्पको जाहेर गर्ने  क्रममा मानव हृदयमा उत्पन्न हुन्छ र यहीँ रक्षात्मक संयन्त्रहरू हुन्।

परिस्थितिको सामना गर्न नसकेर भाग्नु  ।

यस्तो अनुभव बटुल्न नसक्नु जो तपाईंलाई जोखिमहरू र असफलताहरूबाट बच्न मद्दत गर्न सक्थ्यो  । र यो परिवार, मदर्सा, स्कुल र वरपरका मानिसहरूबाट राम्रो व्यावहारिक प्रशिक्षणको कमजोरीको कारण हो।

**रक्षात्मक संयन्त्रमा फस्ने जोखिमहरू:**

यद्यपि यसले मानिसलाई भित्री दोधारबाट एउटा व्यक्तिलाई राहत दिन्छ तर यसको खतरा भनेको जब मानिस यसमा फस्छ यसले व्यक्तिलाई असफल, झूटो र अरूको सामुन्न असक्षम बनाइदिन्छ ।

**मनोवैज्ञानिक सद्भाव नपाइनुको कारणहरू:**

मनोवैज्ञानिक सद्भाव नपाइनुको मुख्य कारणहरू जसले व्यक्तिलाई भित्री व्याकुलता र नैतिक विचलनमा लैजान्छ। इच्छा गर्नु,  अल्लाह बाहेक अरूसँगको लगाव र अत्यधिक खानु । माथि उल्लेखित कुराहरु हामी निम्न लाइनहरुमा स्पष्ट गर्नेछौं।

**१-अल्लाह बाहेक अरूसँगको सम्बन्ध:**

इब्न अल-कैयीम भन्छन्: सबैभन्दा अपमानित व्यक्ति त्यो हो जो अल्लाह बाहेक अरूसँग सम्बन्ध स्थापित गर्छ । यदि यसको कारण लाभ र सफलता देखी वन्जितता हो भने यो त्यो भन्दा बढी हो जो उसले यसको सम्बन्धबाट प्राप्त गरेको छ र यो समाप्ति अरु पतन हुनको लागी हो। अल्लाहसँग यस्तो सम्बन्ध राख्ने व्यक्तिको उदाहरण गर्मी र जाडोमा माकुराको छाया देखी शितल प्राप्त गर्ने जस्तै हो ।

र अल्लाह बाहेक अरू सँगको सम्बन्धको कारक भनेको धनको मोह, उपासनालाई बेवास्ता गरेर धन प्राप्तिमा लाग्नु वा मानवको पण्डित, जादूगर र धोखेबाजहरू सँग सम्बन्ध राख्नु, यी र यस्ता अन्य सबै मनोवैज्ञानिक विकारहरू हुन् ।

**२- इच्छा गर्नु र सन्तुष्ट नहुनू :**

मानव आत्माको विशेषता मध्य एक स्वामित्वको प्रेम हुनु हो। यस आकांक्षाको नतिजा कहिलेकाहीँ इच्छाको रूपमा प्रकट हुन्छ, जब व्यक्ति कम्जोर इच्छाहरूको सुरुवात गर्छ जो वास्तमा कम्जोर हुन्छन् ,जहाँ सम्म अल्लाहले प्रदान गरेका विशेष गुण र सीमित शक्तिहरू द्वारा पुग्न सकिदैन,विशेष गरेर जब इच्छाहरू पहुँच बाहिरका हुन्छन । त्यसैले ऊ विलासी दरबार, राम्रो सवारी, नरम ओछ्यान र प्रभुत्वको काममा गर्छ, यहाँ सम्मकी महत्वाकांक्षको कारण नराम्रो पनि राम्रो र कठिन पनि सजिलो लाग्न थाल्छ र झूटा इच्छा र गलत विचारका छालहरू उससँग खेल्छन् जसरी कुकुरहरू फोहोर सँग खेल्छन् यो घृणित र अपमानित आत्मको पूँजी हो।

यी अभिलाषाहरुको नतिजामा मानिस पाप, पीडा र थकान ग्रस्त भएर विचलित हुन्छ।

**३- धेरै खानेकुरा खानु:**

फजुलखर्ची र अत्याधिक खानुले आज्ञाकारितालाई बोझ बनाउँछ र पेटको भोजनको चिन्तनमा व्यस्त राख्छ, जबसम्म ऊ त्यसमा सफल हुँदैन। जब ऊ त्यसमा सफल हुन्छ त्यसको उपभोगको चिन्ताले उसलाई व्याकुल पार्छ, यसको हानिबाट बच्न र यसको बोझको पीडा महसुस हुन्छ, इच्छाहरु उसमाथि हावी हुन्छन् र शैतानको लागी मार्ग प्रशस्त हुन्छ । जब इच्छा मार्फत सैतान उस माथी हावी हुन्छ् मानिस सत्य मार्गबाट रोकिएर कुकर्मको बाटो तिर लाग्छ, त्यो बेचैन हृदयको उद्देश्य हासिल गर्न जसले उसलाई असल मार्गहरूबाट टाढा गर्छ। विशेष गरेर कुनै प्रकारको इस्लामिक प्रशिक्षण नपाउनेहरु, किनकि इस्लामले खानाको मात्रा पनि स्पष्ट गरेको छ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: आदमको छोरामा पेटमा भन्दा बढि अरु अन्य कुनै भाँडोमा कुकर्मले भरेन, आदमको छोराको लागि दुई तीन गाँस काफी छ,जसले उसको पिठ्युँलाई सीधा राख्छ , यदि उसलाई खानुनै छ भने एक तिहाइ खानाको लागि, एक तिहाइ पानीको लगी र एक तिहाई सास फेर्नको लागि हो।

यो मनोभावको एकताको विकार देखी नैतिक विचलनको एउटा कारणको रूपमा सम्बन्धित छ। अरु एउटा अर्को कारण छ र त्यो यसको आर्थिक पक्ष हो जुन अर्को बहसमा स्पष्ट गरिनेछ ।

## तेस्रो विषय:

## आर्थिक कारकहरू

आर्थिक पक्षले मानव जीवनमा ठूलो प्रभाव पार्छ, किनकि यसले मानव आवश्यकता र दैनिक उपभोग गर्ने सामानको पूर्ति गर्न धेरै महत्त्वपूर्ण भुमिका खेल्छ। जस्तैः खानपिन, लत्ताकपडा, गास बास र अन्य धेरै कुराहरू। र यसमा कुनै शंका छैन आर्थिक अवस्थाले व्यक्तिको नैतिकतामा असर गर्छ।

आर्थिक कारकको प्रभाव वयस्कहरूमा ( बालिग ) मात्र सीमित छैन, यसले साना बालबालिकाहरूलाई पनि प्रत्यक्ष असर गर्छ। जस्तै: अघाउनु , वन्चित हुनु, छाड्नु , शान्तिको भावना र अभाव ।

तलको विषयहरूमा निम्न बुँदाहरू समावेश छन्:

१-विचलनलाई बल पुऱ्याउने आर्थिक कारकहरू र गरिबीका कारकहरू।

२- ति प्रभाव पार्ने चीजहरू यदि ती धनी रागरिबीमा जाहेर हुन्छ भने यसले नैतिक विचलनमा प्रभाव देखाउँछ।

३- आर्थिक प्रणाली र विचलनमा प्रभाव यसमा मानवताको लागि सबैभन्दा धेरै राम्रो छ।

### विचलनलाई बल पुऱ्याउने आर्थिक कारकहरू

### पहिलो: खुशी संपन्नता:

विलासितामा फस्ने व्यक्ति त्यो हो जसलाई सुख र विलासिताले घमण्डी बनाएको हुन्छ र उपकारले उसलाई बागी बनाउँछ । धार्मिक भावनाको कमजोरी सङ्गै भौतिक विलासिता,बैंक ब्यालेन्स हुनु र रगतको विस्तारमा अहंकार फैलनु र यस सिलसिलाको सामानको व्यवस्थापन र प्राप्तिको कामना गर्नु । यसले विलासी जीवन बिताउनेलाई इच्छा पुर्तीको विकृति तर्फ लैजान्छ र विलासिताको विचलनकलाई निम्न स्वरुपहरुमा बयान गर्न सम्भव छ।

### सामाजिक अशान्ति:

नगद र चल सम्पत्तिको अत्यधिक हुनु,मानिसको निरन्तर सामाजिक सम्बन्ध र पारिवारिक सम्बन्ध देखी उपेक्षा रहनुले सामाजिक अराजकता निम्त्याउँछ, यसलाई उच्च नैतिकताबाट विचलन भनिन्छ। विकसित समाजको प्रकृतिमा पारिवारिक अराजकता र यसले पार्ने नैतिक र प्रशिक्षणिक प्रभाव व्यक्तिले परिवार देखी स्वतन्त्रताको अनुभूति गर्नु। र अर्कोतिर उसको आर्थिक अवस्था कमजोर हुनुले त्यहाँ भ्रष्टता र दुष्टता फैलाउने कारकहरु फैलिन्छन।

यी रोगहरू कुनै पनि समाजका लागि हानिकारक हुन्छन्, किनभने विलासिता एउटा यस्तो प्रक्रिया हो जुन सामाजिक विकार र मानवको सामाजिक सम्बन्धलाई कमजोर पार्ने शक्तिशाली ताकत हो। इच्छामा फस्नु, निरन्तर इच्छा-पूर्तिमा

लिप्त हुनु बहादुरीको भावनालाई नष्ट गर्छ साथै इज्जत र इखताको अनुभुतीलाई मृत बनाइदिन्छ, खराबीहरूलाई जीवनको एक परिचित भाग बनाइदिन्छ जुन गुफातिर गुर्किरहेको छ त्यसलाई प्रिय चिज मध्य बनाइदिन्छ। त्यसैले उसले भौतिक पक्षहरू र पारिवारिक सम्बन्धहरूलाई छाडेर आफ्नो ईच्छा पूरा गर्न सक्छ।

**खेलकुदको जीवन:**

भौतिक विलासित व्यक्तिले प्रायः खेलकुदमा समय खेर फाल्ने कारक बन्छ र मानिस आर्थिक विलासिता र गाँस वासको उपलब्धता निश्चित भएकाले धार्मिक बन्धनबाट टाढा रहेर घरको राहतबाट उत्पन्न हुने इच्छाहरुलाई पुरा गर्छ। जस्तो कि विलासिता र खेलकुदको सामाग्री हासिल हुनु केही खान्दानका युवाहरूलाई हराम देखी लाभान्वित हुने तर्फ प्रेरित गर्छ, जसले उनीहरूको नैतिकतालाई भ्रष्ट बनाउँछ। एउटा लेखकले धनी र विलासी महिलाहरूको इच्छालाई आफ्ना यी शब्दहरूमा बयान गरेको छ।

“आमा आउने तुफानको स्वागत गर्नुहुन्छ,ताकी उसले आफ्नो अधिकांश समय ताश,पति पत्नीको कुरा, धन र भौतिक चीजहरूको बारेमा कुरा गर्न सकोस् ।

**लागूपदार्थ:**

त्यो धनी व्यक्ति जसले इस्लामिक नैतिक विकास गुमाउँछ, उसले आफ्नो इच्छा पूरा गर्नमा सम्पूर्ण सम्पत्ति खर्च गरिदिन्छ हराम भएता पनि जस्तैः लागूपदार्थहरू । यस्तै कतारमा नशालु पदार्थको उपभोगको अवस्था बारे एउटा अनुसन्धान गरिएको छ , जुन अनुसन्धानले यो स्पष्ट पार्छ कि यहाँ सम्म पुऱ्याउने कारक आर्थिक विकास हो जसको सामना अहिले खलिजले गरिरहेको छ ।

**अहंकार:**

त्यो व्यक्तिको हातमा प्रशस्त धन सम्पत्ति हुनु जो त्यसको सगि सदुपयोग देखि वन्चित छ,जसले उसलाई सत्य देखी विद्रोही बनाइदिन्छ । किनभने विलासी व्यक्ति मानिसहरूले खोजेका सबै चीजहरूको आफू मालिक हो भनेर सम्झन्छ र ऊ कहिलेकाहीँ त्यसलाई गलत कार्यमा खर्च गर्छ, जस कारण ऊ सँगै अन्य मानिसहरू पनि इस्लामबाट विचलित हुन्छन् अनि उसले केही मानिसहरूलाई अपमानित समेत गर्छ, उनीहरूप्रति अहंकार देखाउँदछ, सुधारवादीप्रति शत्रुता दर्शाउँछ, भ्रष्टहरू सधैं सुधारको बाटोमा बाधक हुन्छन , अल्लाहको दावत देखी भाग्छन र विरुद्धमा लड्छन।मानिसहरूलाई यसबाट रोक्छन किनभने तिनीहरू विलासी अवस्थालाई छाड्न र रसूलको निमन्त्रणामा ठूलो भिन्नता महसुस गर्छन्। अल्लाह सुरह सबामा भन्नुहुन्छ:

{وَمَا أَرْسَلْنَا فِي قَرْيَةٍ مِّن نَّذِيرٍ إِلَّا قَالَ مُتْرَفُوهَا إِنَّا بِمَا أُرْسِلْتُم بِهِ كَافِرُونَ}[سبأ:34]

हामीले जुन जुन नगरमा सचेतक पठायौं त्यहाँका सम्पन्न मानिसहरूले यति मात्र भने– जुन कुराकासाथ तिमीलाई पठाइएको छ त्यो हामी पटक्कै मान्दैनौ। अल्लाह तआला सुरह कससमा भन्नुहुन्छ

{إِنَّ قَارُونَ كَانَ مِن قَوْمِ مُوسَى فَبَغَى عَلَيْهِمْ وَآتَيْنَاهُ مِنَ الْكُنُوزِ مَا إِنَّ مَفَاتِحَهُ لَتَنُوءُ بِالْعُصْبَةِ أُولِي الْقُوَّةِ إِذْ قَالَ لَهُ قَوْمُهُ لاَ تَفْرَحْ إِنَّ اللَّهَ لاَ يُحِبُّ الْفَرِحِينَ}[القصص:76]

कारून मूसाको समुदायको एक सदस्य थियो तर ऊ आफ्नै समुदायविरुद्ध उद्दण्ड भयो। र, हामीले उसलाई यति धन–सम्पत्ति दिएका थियौं कि त्यसका साँचाहरू बलवान व्यक्तिहरूको एउटा दलले मुस्किलले उठाउन सक्दथ्यो। जब उसका समुदायले उसलाई भने– घमण्ड नगर, अल्लाह घमण्डीहरूलाई मन पराउँदैनन्।

{وَابْتَغِ فِيمَا آتَاكَ اللَّهُ الدَّارَ الآخِرَةَ وَلاَ تَنسَ نَصِيبَكَ مِنَ الدُّنْيَا وَأَحْسِن كَمَا أَحْسَنَ اللَّهُ إِلَيْكَ وَلاَ تَبْغِ الْفَسَادَ فِي الأَرْضِ إِنَّ اللَّهَ لاَ يُحِبُّ الْمُفْسِدِينَ}[القصص:77]

र, अल्लाहले तिमीलाई प्रदान गरेको धनबाट आखिरत (मृत्युपछिको जीवन) को घरको चाहना गर र आफ्नो सांसारीक अंश पनि नभुल। र, अल्लाहले तिमीमाथि गरेका उपकार झैं तिमी पनि (मानिसहरुमाथि) उपकार गर। र, धर्तीमा विध्वंस नमच्चाऊ निस्सन्देह अल्लाह विध्वंसकारीहरूलाई मन पराउँदैनन्।

**विलासिता र क्रूरता:**

एउटा व्यक्ति जसले अल्लाहलाई उदारतामा चिन्छ, यदि उससँग धन छ भने उसले माललाई अत्याचार गर्नमा खर्च गर्छ, यसरी ऊ नैतिकता बाट अनैतिकता तर्फ जान्छ, किनकि उत्पीडन र विलासिता बीच सम्बन्ध छ, उत्पीडन विलासितालाई आवश्यक बनाउँछ र विलासिता उत्पीडनको प्रमुख कारणहरू मध्य एक हो। अल्लाह तआला सुरह हूदमा भन्नुहुन्छ :

{فَلَوْلاَ كَانَ مِنَ الْقُرُونِ مِن قَبْلِكُمْ أُوْلُواْ بَقِيَّةٍ يَنْهَوْنَ عَنِ الْفَسَادِ فِي الأَرْضِ إِلاَّ قَلِيلاً مِّمَّنْ أَنجَيْنَا مِنْهُمْ وَاتَّبَعَ الَّذِينَ ظَلَمُواْ مَا أُتْرِفُواْ فِيهِ وَكَانُواْ مُجْرِمِينَ}[هود:116]

अनि तिमीहरूभन्दा पहिलेका समुदायमा यस्ता सत्यनिष्ठ व्यक्तिहरू किन थिएनन् जसले धर्तीमा विध्वंस मच्चाउनबाट मनाही गरून्, सिवाय केही व्यक्तिहरूबाहेक जसलाई हामीले सुरक्षित राख्यौं ? र, अत्याचारी मानिसहरू ती कुराहरूको पछि नै लागे जुन उनीहरूलाइ प्रचूर मात्रामा प्रदान गरिएका थिया र तिनीहरू अपराधी थिए।

**दोस्रो: गरिबी:**

फकीर त्यो व्यक्ति हो जसको स्वामित्वमा कुनै पनि चीज हुदैनबवा आफ्नो र आफ्नो परिवारको लागि जति पर्याप्त हुन्छ  त्यसको आधा भन्दा कम स्वामित्वमा हुनु। मिस्कीन त्यो व्यक्ति हो जो पर्याप्तताको आधा वा आधा भन्दा

थोरैको मालिक छ पुरैको मालिक छैन। अर्थात्, दुवैलाई आर्थिक स्रोतको आवश्यकता छ। र यसमा कुनै शङ्का छैन कि गरीबीले नैतिकतामा प्रभाव पार्छ, यदि त्यहाँ मजबुत ईमान र बलियो नैतिकता छैन भने,किनभने गरीब वन्चितलाई उसको गरिबी र महरुमीले विशेष गरेर जब उसका छिमेकीहरू सम्पन्न छन भने यस्ता बानीहरू तर्फ डोऱ्याउँछ जसलाई भलाद्मी र सहि आचरण भएकाहरुले रुचाउदैनन । अल्लाहका रसूलले हदीस शरीफमा उल्लेख गरिए अनुसार गरिबीबाट पनाह माग्नु भएको थियो। हे अल्लाह! म कुफ्र,गरिबी र चिहानको दण्डबाट तपाईंको शरण चाहन्छु। अर्को ठाउँमा भन्नुहुन्छ म गरिबी, अभाव र अपमानबाट तपाईंको शरण चाहन्छु र म तपाईंको शरण माग्छु कसै माथी दमन गर्न वा आफू माथी दमन गरिन देखी ।

यहीँ कारण हो कि गरीबीले व्यक्तिलाई ऋण लिन बाध्य बनाउँछ, ऋणले व्यक्तिलाई झूट र वाचा तोड्न बाध्य बनाउँछ, अल्लाहका रसूलले यसबाट शरण खोज्थे र भन्नुहुन्थे: हे अल्लाह! म पाप र ऋणबाट तपाईंको शरण चाहान्छु, कसैले भन्यो: तपाईं ऋणबाट कति शरण खोज्नु हुन्छ? उहाँले भन्नुभयो: जब व्यक्ति ऋण लिन्छ जब ऊ बोल्छ झुट बोल्छ र जब उसले वाचा गर्छ, उसले तोड्छ।

गरिबी र धनको अभावले व्यक्तिको नैतिकता र जीवन शैलीमा ठूलो प्रभाव पार्छ भन्ने कुरामा कुनै शंका छैन, यसलाई निम्न बुँदाहरूमा स्पष्ट गर्न सकिन्छ।

**प्रशिक्षणमा गरिबीको प्रभाव :**

गरिबीले प्रशिक्षणिक पक्षलाई असर गर्छ, कम आय भएका बुबा वा गारजनलाई आफ्नो परिवार र घरपरिवारको आवश्यकता पूरा गर्न आफ्नो सम्पूर्ण समय घर बाहिर बिताउनु पर्ने हुन्छ। त्यसैले ऊ आफ्ना सन्तानलाई प्रशिक्षण र मार्गदर्शन गर्न देखी टाढा रहन्छ त उनीहरूलाई समाजमा विचलित र प्रभाव पार्ने चीजहरूको निसाना बनाएर छाडिदिन्छन। जस्तै अत्यधिक भोक, जसले बुबामा रिसको तीव्रता बढाउँछ, जसले गर्दा उसलाई कठोर र गम्भीर बनाउँछ र सन्तान जीविकोपार्जनमा मद्दत गर्न बाध्य हुन्छन् र उनिहरुले शौक्षिक अवसरहरू गुमाउछन।

यसरी घर बौद्धिक बहसको लागि उपयुक्त हुदैन, यी सबै अवस्थाहरूले परिवारमा प्रशिक्षणिक प्रभावको भूमिकालाई बाधा पुऱ्याउँछ र अज्ञानताका ढोकाहरू खोल्छ, जसबाट अज्ञानता प्रवेश गर्न सकोस् अनि विचलनका ढोकाहरू खुल्छन जसले सन्तानलाई अनैतिक बनाउँछ र उनीहरू विचलनको शिकार हुन्छन् ।

**गरिबी र आलस्य:**

समाजमा रोजगारीको अवसर पाउन नसकेका युवाहरू धेरै मात्रामा छन्, यसले मानिसको आर्थिक स्थितिमा असर पार्छ। डा. अब्दुल हमिद सिन्द मन्सुरले यसैलाई औंल्याउदै भन्नुभएको छ। "विकासोन्मुख देशहरूमा कामदारहरूको आर्थिक अवस्था बिग्रनु , बेकारीको अवस्था सिर्जना हुनु सोसाइटी देखि अलग-थलग हुनुले अश्लीलता र यौन

अपराधहरू बढ्दै गएका छन्। यो अवस्था परिवारको गरिबी र उनीहरुको आवश्यकताहरू पूरा गर्ने इच्छाको कारण उत्पन्न भैरहेको छ। तपाईं परिवारले विचलनमा हराम कमाइलाई माध्यम बनाएको पाउन सक्नुहुन्छ, जस्तो कि धेरै मान्छेको धारणा छ गरिबी,कमजोर अर्थतन्त्र र दयनीय अवस्थाले लागूपदार्थको प्रयोगलाई प्रोत्साहन गर्छ र भौतिक अभावलाई पूरा गर्न लागूपदार्थको बेचबिखन एउटा् माध्यम हो, जुन कुरा असलमा बेकारीको कारण उत्पन्न हुन्छ ।

जहाँसम्म परिवारको मुखियाँ र नौजवानहरुको अपराधबीचको सम्बन्धको सवाल छ, परिवारको प्रमुखलाई काम देखी निलम्बन गर्नु भनेको उसको नोकरीलाई नोक्सानी पुऱ्याउने हो , जसलाई ऊ परिवारको लाग्गी पर्याप्त आर्थिक सहायता उपलब्ध गराउनको लागी गरिरहेको हुन्छ। निलम्बनको कारण अब उसलाई परिवारको आर्थिक जिम्मेवारीहरू पूरा गर्न बाधा पुग्छ र बुबा परिवारको आवश्यकता पूरा गर्न सक्दैन अनि छोरा र आमालाई सन्तानको निमित्त घर छाड्ने वातावरण सिर्जना हुन्छ ।

**गरिबी र किशोरहरु:**

कम वा आम्दानीको स्रोत नहुनाले बुबाहरूलाई आफ्ना किशोर छोराहरूलाई काममा लगाउन बाध्य पार्छ, यद्यपि केही पेसा यस्ता हुन्छन् जसले किशोरहरूलाई अपराध तर्फ लैजान्छ।

केही अध्ययनहरूले काम गर्ने र नगर्ने बच्चाहरुको बीचमा अपराध दर दोब्बर देखि दस गुणा सम्म देखाएको छ। किनकि किशोरावस्थामा काममा युवाहरूको संलग्नताले उनीहरू नौजवान मार्फत अपराध सँग परिचीत हुन्छन्, यो किशोर किशोरीहरूको अपरिपक्वता र अनुभवको कमीले गर्दा हुन्छ ।

**मामिलामा छलकपट र गरिबी:**

गरिबी कहिलेकाहीँ कामहरू पूरा गर्न घूस लिने कारण पनि बन्छ, त्यसैगरी यसले मामिलामा छल कपट र झुट निम्त्याउँछ, इब्न अल-जौजीले यसैलाई इसारा गर्दै भन्नुहुन्छ: हामीले एउटा समूह देख्यौं तिनीहरू साहुलाई धोका दिन्छन्, तिनीहरूमध्ये कोहि छल गर्छन्, कोहि अनुचित प्रशंसा गर्छन्, कोही गैरकानुनी कार्यमा चुप छन्। यसबाहेक पनि छहल कपटको कयौं प्रकारहरु छन र यसको कारण गरिबी हो।

**गरिबी र स्वास्थ्य:**

गरीबी स्वास्थ्यको लागि खतरा हो, किनभने यस् पछि सामान्यतया खराब खाना र खराब आश्रय पाइन्छ , यसले मनोवैज्ञानिक स्वास्थ्यमा पनि असर गर्छ किनकि यसले सामान्यतया बोरियत, चिन्ता र आक्रोश निम्त्याउँछ, गरीबी र एनीमिया जस्ता केही रोगहरू बीच गम्भीर सम्बन्ध रहेकोछ,जो विचलनको कारक बन्छ, जस्तै खाना र औषधिको आवश्यकता पूरा गर्न भीख माग्नु।

**विचलनकलाई आर्थिक प्रभावमा योगदान गर्ने कारकहरू:**

यहाँ केही कारकहरूको बारेमा प्रश्नहरू उठ्छन् र ती यी हुन्:  के केवल गरिबी वा केवल सम्पत्ति वा दुबै नैतिक विचलनको लागि जिम्मेवार छन, वा यहाँ केहि अन्य प्रभावकारी कारकहरू पनि छन्, जो एक-अर्कासँग मिल्दा विचलनको कारक बन्छन।

यसको जवाफ खोज्नेहरूले आफ्नो परिवेशमा गरिबी र विचलनबीचको सम्बन्धलाई खोजेका छन् भन्ने हामीलाई महसुस हुन्छ, त्यसैले उनीहरूका लागि गरिबी र विचलनबीचको सम्बन्धको कमजोरी स्पष्ट भएको छ, केवल  गरिबी मात्र विचलनको कारण होइन। किनभने अमानतका र साहसका गुणहरू केही गरिब युवाहरूमा पनि पाइन्छ, विचलन उनीहरूलाई चोरी र अवैध पैसा कमाउन बाध्य गर्न सक्दैन,उल्टै तीनिहरु विचलितहरूलाई खराब ठान्छन्। अर्कोतर्फ हामी केही युवाहरूलाई धनको काखमा हुर्किरहेका देख्छौं तर्स उनीहरु विचलनको शिकार हुन्छन। यसको उदाहरण वा तर्क हामी यहाँ बाट लिन सक्छौं कि कयौं गरिबहरु छन उनिहरुलाई उनीहरुको गरीबीले नैतिक विचलनको गुफामा पुऱ्याउँदैन र यो समूह गरिब आप्रवासीहरू ( मुहाजित ) हुन, तिनीहरूको संख्या चार सयको हाराहारीमा छ। तिनीहरूको मदीनामा कुनै घर छैन,नातेदार छैनन् र पनि तिनीहरू अल्लाहको मार्गमा जिहाद गरिरहेका छन् र तिनीहरू अल्लाहका रसूलले पठाएको सरियाको भरोसामा बसेका थिए , यिनिहरु अहले सुफ्फा हुन, अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ :

{لِلْفُقَرَاءِ الَّذِينَ أُحصِرُواْ فِي سَبِيلِ اللّهِ لاَ يَسْتَطِيعُونَ ضَرْبًا فِي الأَرْضِ يَحْسَبُهُمُ الْجَاهِلُ أَغْنِيَاء مِنَ التَّعَفُّفِ تَعْرِفُهُم بِسِيمَاهُمْ لاَ يَسْأَلُونَ النَّاسَ إِلْحَافًا وَمَا تُنفِقُواْ مِنْ خَيْرٍ فَإِنَّ اللّهَ بِهِ عَلِيمٌ}[البقرة:273]

(दान) विशेष रूपमा ती निर्धनहरूका लागि हो जो अल्लाहको कार्यमा घेरिएकोले जीविकोपार्जनका लागि पृथ्वीमा कुनै भागदौड गर्न सक्दैनन् । उनीहरूको स्वाभिमानले गर्दा अनभिज्ञ मानिसहरूले उनीहरूलाई सम्पन्न ठान्दछन् । तिमीहरू उनीहरूको लक्षणबाट उनलाई चिन्न सक्छौ । उनीहरू अनुनय–विनयका साथ मानिसहरूसँग माग्दैनन् । तिमीहरू जे–जस्तो धन खर्च गर्नेछौ त्यसलाई अल्लाह अवश्य नै जान्नेछन् ।

यहाँ आर्थिक पक्षको अर्को उदाहरण छ जुन भनेको संपन्नता हो,  अमेरिका विश्वको धनी समाज मध्य एक हो, तैपनि त्यहाँ अन्य समाजहरूको तुलनामा अपराध दर उच्च छ । जस्तो कि गरिबीको विचलनसँग जोडिएका अनुसन्धानहरू विरोधाभासपूर्ण थियो। एक अनुसन्धानकर्ताले विचलनको अनुसन्धानमा संकेत गरेको छ, जबकि ऊ त्यो अनुसन्धान बारे जो गरिएको छ भन्छ: आर्थिक कारक र स-साना बालबालिकाको अपराधबीचको सम्बन्ध गहराइमा केवल विरोधाभास नतिजा पुग्छ। यसको कारण अनुसन्धान कर्ताले यी प्रवृत्तिहरूको अनुसन्धानमा सटीक विधिहरूको सहारा नलिनु र राम्रो स्रोतहरूको प्रयोग नगर्नु रहेको छ।

यसको निष्कर्ष निकाल्न सकिन्छ कि गरिबी र धन स्वयम्  विचलनको कारण होइन; जबसम्म यिनीहरूमा इस्लामिक आधारमा नैतिक विकासमको कमजोरी फेला पर्दैन, तर जब यसमा यो कमजोरी फेला पर्छ फेरि यो गरिबी र

सम्पन्नताको विचलनको लागि प्रभावकारी कारकको रूपमा देखा पर्छ, किनभने तपाईंलाई महसुस हुनेछ सम्पन्नतामा धेरै मानिसहरू आफ्नो सम्पत्तिलाई सुरक्षा गर्छन् र सहि बाटोमा मात्र खर्च गर्छन् अनि एउटा गरिब विचलनको सट्टा गरिबी सहन्छ र मलाई लाग्छ यो धार्मिक हिसाबले पालनपोषण र धर्मको प्रभाव हो। त्यसैले जब धार्मिक मिसन कमजोर वा समाप्त हुन्छ, तब सम्पन्नता र गरिबीको विचलनमा प्रभाव हुन्छ। वल्लाहु अअलम

आज संसारमा तीन प्रणालीहरू प्रयोगमा छन्, इस्लामिक व्यवस्था, पूँजीवादी प्रणाली र कम्युनिस्ट प्रणाली। दुइटा आर्थिक प्रणालीहरूको असफलता प्रमाणित भैसकेको छ। किनभने यीनीहरूले नैतिक विचलनहरू बढाएका छन्। इस्लामी अर्थिक प्रणालीले समाजको लागी सहि समाधान प्रदान गर्छ, ती मध्ये केही उदाहरणका लागि, धनी र गरीब बीचको सम्बन्ध पाईनु,जुन कुरा सदका, जकात र एहसानको अध्यायमा स्पष्ट छ।

जबकी कम्युनिष्टको नजिक गरिबी अन्त्य गर्ने उपाय भनेको धनी वर्गको समाप्ति रहेको छ, धनि वर्गको सम्पत्ति जफत गर्नु र उनीहरूलाई सम्पत्तिबाट वञ्चित गर्नु हो। अझै केही कदम अगाडी बढेर समाजका गरिब वर्गलाई धनीहरू विरुद्ध उक्साएर, तिनीहरूको मनमा ईर्ष्या र द्वेष उत्पन्न गरी सम्पत्ति र विशेषगरी पूँजी सम्पत्ति भनिने जमिन र स्रोतसाधनको विरुद्धमा लड्न उनीहरुको हृदयमा आगो लगाउने काम गरेको छ, यहाँ सम्मकि उनीहरुको संख्यामा वृद्धि भयो। यो सामान्य तबका हो जसलाई सर्वहारा वर्ग भनिन्छ, जसको अर्थ समाजमा नैतिक आधार देखि विचलन ती दुष्टताहरू तर्फ जो दोधार, घृणा स्वामित्वको इच्छा समाप्त गर्नु जसको नहुनूले नैतिक विचलनका कारकहरूको उदय तर्फ लैजान्छ, मनोवैज्ञानिक तनाव पनि यसै मध्य हो।

विचलन, अपराध र आर्थिक व्यवस्थाबीचको सम्बन्धलाई लिएर धेरै बहसहरू भएका छन्, केही विज्ञहरु पुँजीवादी आर्थिक प्रणालीलाई समाजमा अपराध बढाउन जिम्मेवार ठान्छन्, यो विचार इटालियन चिन्तक तोरानीका विचारहरू मध्य हो। तर सबैभन्दा स्पष्ट रूपमा समाजमा अपराध सिर्जना गर्नका लागि पूँजीवादी प्रणालीलाई होलेन्डी चिन्तक युम्बहरले दोष दिएका छन्। उदाहरणका लागि, "चोरीले प्रत्यक्ष रुपमा मानिसहरूलाई पुँजीवाद अन्तर्गत धनी र गरिबमा विभाजित गर्छ।"

जहाँसम्म इस्लामिक आर्थिक व्यवस्थाको सवाल छ, यसले मुस्लिम, गरिब र धनीबीचको सम्बन्धलाई भाइचाराको रूपमा हेर्छ। त्यसैले हर त्यो धर्म जसले धनी र गरिबबीचको दुश्मनी वा विभिन्न वर्गहरू बीचको दुश्मनीलाईबढावा दिन्छ इस्लामले यसलाई अस्वीकार गर्छ र किन गरोस् जबकी भाइचारा ईमान र इस्लामको फल हो। अल्लाह तआला सुरह हुजुरातमा भन्छन्:

{إِنَّمَا الْمُؤْمِنُونَ إِخْوَةٌ فَأَصْلِحُوا بَيْنَ أَخَوَيْكُمْ }[الحجرات:10]

आस्थावानहरू एक अर्काका दाजुभाइहरू हुन्। तसर्थ आफ्ना दुई दाजुभाइबीच मेलमिलाप गराउ।

इस्लाम उनिहरुको सम्बन्धलाई भाइचारा, मित्रता र परोपकारको आधारमा हेर्छ, जसको आधार भाइचारा, मित्रतामा र एहसानमा छ, फकीरको आवस्यकता पूरा गर्नको लागि जबसम्म शैतानले उसलाई विचलितमा फसाउदैन। अल्लाह तआलाले आफ्ना सेवकहरूलाई खर्च गर्न आदेश दिएका छन् अल्लाह तआला भन्छन्:

{ وَأَنفِقُوا مِمَّا جَعَلَكُم مُّسْتَخْلَفِينَ فِيهِ }[الحديد:7]

अनि खर्च गर त्यस धनमध्ये जसको उत्तराधिकारी अल्लाहले तिमीहरूलाई बनाएका छन् ।

र अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ أَنفِقُواْ مِمَّا رَزَقْنَاكُم مِّن قَبْلِ أَن يَأْتِيَ يَوْمٌ لاَّ بَيْعٌ فِيهِ وَلاَ خُلَّةٌ وَلاَ شَفَاعَةٌ وَالْكَافِرُونَ هُمُ الظَّالِمُونَ}[البقرة:254]

हे आस्थावानहरू हो ! हामीले तिमीहरूलाई जेजति रोजी प्रदान गरेका छौं त्यसमध्येबाट त्यस दिनको आगमनपूर्व नै खर्च गर जुन दिन न कुनै प्रकारको किनबेच हुनेछ न मित्रता र न सिफारिश नै काम लाग्नेछ । काफिर (अवज्ञाकारी) हरू नै (वास्तवमा) अत्याचारी हुन् ।

गरिबको समस्यालाई धनीहरूले जकात र दान निकालेर र धनी आफन्तहरूको किफालतको ( जमानत ) माध्यमले र गरिबीको सही समाधान पेश गरेको छ। जस्तैः इस्तिग्फार, यो नूह अलैहि अस-सालमको मुख मार्फत अल्लाह तआलाको यो भनाइमा उल्लेख छ।

{فَقُلْتُ اسْتَغْفِرُوا رَبَّكُمْ إِنَّهُ كَانَ غَفَّارًا}{يُرْسِلِ السَّمَاء عَلَيْكُم مِّدْرَارًا}{وَيُمْدِدْكُمْ بِأَمْوَالٍ وَبَنِينَ وَيَجْعَل لَّكُمْ جَنَّاتٍ وَيَجْعَل لَّكُمْ أَنْهَارًا}[نوح:10-12]

अनि मैले भने– आफ्ना रबसित क्षमायाचना गर । निस्सन्देह उनी अत्यन्त क्षमाशील छन् । उनी तिमीहरूमाथि आकाशबाट खुबै पानी बर्साउनेछन् । तिमीहरूलाई धन–सम्पत्ति तथा सन्तानलाई बढाउनेछन् । तिमीहरूकालागि बगैँचाहरू सृष्टि गर्नेछन् र तिमीहरूकालागि नदीहरू बगाउनेछन् ।

इब्न अब्बास भन्छन्: जब तिमि अल्लाहसँग पश्चात्ताप गर्नेछौं, उससङ्ग क्षमा माग्नेछौ र गरीबहरूलाई खुवाउनेछौ तब अल्लाह तिम्रो जिबिकामा वृद्धि गर्नेछ । यसैगरी इस्लाम, अल्लाहको कृपाले आशालाई नयाँ किरण दिन्छ । अल्लाह तआला सुरह नूरमा भन्नुहुन्छ:

{وَأَنكِحُوا الْأَيَامَى مِنكُمْ وَالصَّالِحِينَ مِنْ عِبَادِكُمْ وَإِمَائِكُمْ إِن يَكُونُوا فُقَرَاء يُغْنِهِمُ اللَّهُ مِن فَضْلِهِ وَاللَّهُ وَاسِعٌ عَلِيمٌ}[النور:32]

यदि उनीहरू गरिब छन् भने अल्लाहले आफ्नो कृपाद्वारा उनीहरूलाई धनवान बनाइदिनेछन्। र, अल्लाह परम विशाल एवं सर्वज्ञ छन्।

र अल्लाह तआला सुरह तलाकमा भन्नुहुन्छ:

{ اللَّهُ بَعْدَ عُسْرٍ يُسْرًا}[الطلاق:7]

अल्लाहले चाँडै नै कठिनाईपछि सहजता प्रदान गर्नेछन्।

जसरी गरिबी स्थायी होइन यो समाप्त हुनेवाला हो जुन लुकेको हुन्छ कहिले हराएर जान्छ भनेर। आज जो गरिब छन भोलि धनी हुन्छन् किनभने जिविकाको मालिक अल्लाह हो यो, इस्लाममा मानिसको प्रतिष्ठा तक्वामा राखेका छन धनमा होइन। अल्लाह तआला सुरह हुजुरातमा भन्नुहुन्छ:

{ إِنَّ أَكْرَمَكُمْ عِندَ اللَّهِ أَتْقَاكُمْ }[الحجرات:13]

वास्तवमा अल्लाहको दृष्टिमा तिमीहरूमध्ये सर्वाधिक प्रतिष्ठित त्यो व्यक्ति हो जो तिमीहरूमध्ये सबैभन्दा अधिक ईशभय राख्छ।

र अल्लाहका रसूलले भन्नुभयो: केहि विकृत कपाल र ढोका नीर यत्तिकै परिरहेका मानिसहरु हुन्छन्,यदि तिनीहरूले अल्लाहको कसम खाए भने अल्लाह तिनीहरूको कसमलाई पूरा गरिदिनु हुन्छ। धनीहरूको लागी धनको प्रयोगबारे इस्लामको निर्देशन यस्तो छ कि यसले उनीहरूलाई फजुलखर्ची र विचलन देखी रोक्छ। अल्लाह तआला सुरह अन्आममा भन्नुहुन्छ:

{ وَلاَ تُسْرِفُوا إِنَّهُ لاَ يُحِبُّ الْمُسْرِفِينَ}[الأنعام:141]

अनि निस्सन्देह अल्लाह अपब्यय गर्नेहरूलाई मन पराउँदैनन्।

अल्लाह तआला सुरह इस्रामा भन्नुहुन्छ:

{ وَلاَ تُبَذِّرْ تَبْذِيرًا}[الإسراء:26] {إِنَّ الْمُبَذِّرِينَ كَانُواْ إِخْوَانَ الشَّيَاطِينِ وَكَانَ الشَّيْطَانُ لِرَبِّهِ كَفُورًا}[الإسراء:27]

र, (सम्पत्ति) अपब्यय नगर। अपब्ययीहरू शैतानका दाजुभाइ हुन्। र, शैतान आफ्ना पालनकर्ताप्रति कृतघ्न छ।

अल्लाह तआला सुरह कससमा भन्नुहुन्छ:

{وَابْتَغِ فِيمَا آتَاكَ اللَّهُ الدَّارَ الآخِرَةَ وَلاَ تَنسَ نَصِيبَكَ مِنَ الدُّنْيَا وَأَحْسِن كَمَا أَحْسَنَ اللَّهُ إِلَيْكَ وَلاَ تَبْغِ الْفَسَادَ فِي الأَرْضِ إِنَّ اللَّهَ لاَ يُحِبُّ الْمُفْسِدِينَ}[القصص:77]

र, अल्लाहले तिमीलाई प्रदान गरेको धनबाट आखिरत (मृत्युपछिको जीवन) को घरको चाहना गर र आफ्नो सांसारीक अंश पनि नभुल। र, अल्लाहले तिमीमाथि गरेका उपकार झैं तिमी पनि (मानिसहरुमाथि) उपकार गर। र, धर्तीमा विध्वंस नमच्चाऊ निस्सन्देह अल्लाह विध्वंसकारीहरूलाई मन पराउँदैनन्।

माथिका आयत र बहसले स्पष्ट हुन्छ कि इस्लामको आर्थिक प्रणाली एउटा न्यायपूर्ण प्रणाली हो, जसले हृदयलाई जोड्छ र बीचको सम्बन्ध सिर्जना गर्दछ, सही सामाजिक जोडको माध्यमबाट जो व्यक्ति स्वेच्छा र राजीले अदा गर्छ र त्यसमा अल्लाहबाट इनाम र सवाबको आशा गर्छ र यो मद्दत गरीब गुरबा विचलितको सामुन्ने उभिनुको कारण र धनीहरूको विलासिताको प्रतिरोध गर्नेको कारण बन्छ। यदि इस्लामी समाजमा धनी र गरिबहरू बीच विचलित व्यवहार पाइन्छ भने यो सही इस्लामिक आर्थिक प्रणालीको व्यावहारिक कार्यान्वयनको कमी र इस्लामिक प्रशिक्षण विधिको कार्यान्वयनको अभावको परिणाम हो।

माथीका अनुच्छेदहरूबाट यो स्पष्ट हुन्छ कि धनी र गरीब मानिसहरू बिचको विचलनको समाधानको उत्तम आर्थिक प्रणाली इस्लामिक आर्थिक प्रणाली हो। गरिबी र सम्पन्नता, धार्मिक अभियान कम्जोर वा समाप्ती र नैतिक विकास नहुनू र खराब वातावरणको पाइने अवस्थामा नैतिक विचलनको मुख्य कारण हो।

## चौथो विषय:

## सामाजिक परिवेश:

वातावरणको परिभाषा: जसले मानवलाई इन्द्रिय वा भौतिक रूपमा असर गर्ने र मानव व्यवहारमा सकारात्मक वा नकारात्मक प्रभाव पार्ने सबै चीजहरूलाई समेट्छ।

यसको माध्यमबाट मानव जातिलाई समेट्ने परिवार,खान्दान, व्यवहारिक समूह वा अन्य समूहहरू हुन् । अथवा ती अन्य समुहहरु र त्यसका विविध सांस्कृतिक र समान धार्मिक रूपहरू हुन्छन् प्राय मानिसको तिनीहरूसँग मानव सम्बन्ध, नाता, काम,अध्ययन,छिमेकी र अन्यको हिसाबले संगत हुन्छ र नि:शंकोच मानिस माथी उसको मनसाय र व्यवहारिक तरिका अनुसार र मानिसको ती प्रभावहरूलाई ग्रहण गर्ने हिसाबले असर परेको हुन्छ।

दुइ प्रकारका मानिसहरु भेटिन्छन्,असल साथीहरु र खराब साथिहरु । मानिसको खराब सङ्ग मिल्नु उसको लागी दुख कष्ट र यस्तो बोझ उठाउनुको कारण बन्छ जो खराब मनिसले उठाउन सकिरहेको हुदैन, सहि कर्म सखाप्तीको कारण बन्छ र तिनीहरुको मामिलामा व्यस्तताको कारण बन्छ र उसको सोच भिजन र इरादामा विभाजन हुन्छ । फेरि यसमा अल्लाह र रसूलको लागी के बाकी रहन्छ?

अल्लाहको मार्गमा खेर गएकोमा जब पछुताउने र दुखेसोको समय आउँछ तब त्यो पश्चाताप र दुखेसोले उसलाई कुनै फाइदा गर्दैन, तब त्यहाँ दमनकारीले आफ्नो हात काट्नेछ र इच्छा गर्ने छ कास मैले फलानोलाई मित्र नबनाएको भए र अल्लाहका रसूलको विधीलाई अपनाएको भए। अल्लाह तआला सुरह फुरकानमा भन्नुहुन्छ :

{وَيَوْمَ يَعَضُّ الظَّالِمُ عَلَى يَدَيْهِ يَقُولُ يَالَيْتَنِي اتَّخَذْتُ مَعَ الرَّسُولِ سَبِيلاً}[الفرقان:27]

त्यो दिन अत्याचारीले आफ्नै हात टोक्दै भन्नेछ– हाय ! मैले रसूलका साथ मार्ग अपनाएको भए बेफाइदास हुन्थ्यो!

{يَاوَيْلَتَى لَيْتَنِي لَمْ أَتَّخِذْ فُلاَنًا خَلِيلاً}[الفرقان:28]

हाय अपसोच ! मैले फलानो व्यक्तिलाई आफ्नो मित्र नबनाएको भए हुन्थ्या।

{لَقَدْ أَضَلَّنِي عَنِ الذِّكْرِ بَعْدَ إِذْ جَاءنِي وَكَانَ الشَّيْطَانُ لِلإِنسَانِ خَذُولاً}[الفرقان:29]

जसले उपदेश आएपछि त्यसबाट मलाई बिचलित बनायो, र वास्तवमा शैतानले कठिन अवस्थामा मानिसलाई छोडिदिन्छ ।

पवित्र कुरानको अर्को तस्वीर:

{الأَخِلاَّء يَوْمَئِذٍ بَعْضُهُمْ لِبَعْضٍ عَدُوٌّ إِلاَّ الْمُتَّقِينَ}[الزخرف:67]

त्यो दिन ईशभय राख्ने मानिसहरूबाहेक सबै घनिष्ट मित्रहरू परस्पर शत्रु बन्नेछन् । सुरह जुख्रुफ

र अल्लाह सुरह बकरामा भन्नुहुन्छ:

{إِذْ تَبَرَّأَ الَّذِينَ اتُّبِعُواْ مِنَ الَّذِينَ اتَّبَعُواْ وَرَأَوُاْ الْعَذَابَ وَتَقَطَّعَتْ بِهِمُ الأَسْبَابُ}[البقرة:166]

त्यस दिन अनुसरण गरिने (अगुवा) हरू आफ्ना अनुयायीहरूबाट विरक्ति प्रदर्शन गर्नेछन् । तिनीहरू सबैले यातना देख्नेछन् र तिनीहरू बीचको सम्बन्ध छिन्नभिन्न हुनेछ ।

{وَقَالَ الَّذِينَ اتَّبَعُواْ لَوْ أَنَّ لَنَا كَرَّةً فَنَتَبَرَّأَ مِنْهُمْ كَمَا تَبَرَّؤُواْ مِنَّا كَذَلِكَ يُرِيهِمُ اللّهُ أَعْمَالَهُمْ حَسَرَاتٍ عَلَيْهِمْ وَمَا هُم بِخَارِجِينَ مِنَ النَّارِ}[البقرة:167]

अनुयायीहरूले भन्नेछन्– फेरि (संसारमा) फर्किन पाए हामीहरू पनि तिनीहरूसित त्यसरी नै विरक्ति प्रदर्शन गर्ने थियौं जसरी तिनीहरू हामीहरुसँग गर्दैछन् । यसरी अल्लाहले तिनीहरुका कर्महरूलाई पश्चात्ताप बनाएर तिनीहरूलाई देखाउनेछन् र तिनीहरू नरकबाट उम्कन पाउने छैनन् ।

यहीँ कारण सलफहरू (पुर्खा) दुई प्रकारका मानिसहरूबाट सावधान रहनु पर्छ भनेर भन्थे, एउटा महत्वाकांक्षी व्यक्ति जो आफ्नो इच्छामा मोहित भएको हुन्छ, वा यस्तो संसारिक व्यक्ति जसलाई संसारले अन्धो बनाइदिएको छ। फाजिर आबिद र जाहिल आबिदको फितनाबाट सावधान रहनुस् यी दुबै फित्ना हरेक मफ्तूनको लागी फित्ना (उपद्रव) हो।

खराब साथीले मानिसलाई नराम्रो काममा मात्र डोर्याउँछ, उसको स्वभावलाई खराबीतिर झुकाउँछन र खराब कर्मलाई सुसज्जित गरेर तबसम्म पेस गर्छ जबसम्म कुकर्ममा फसेर त्यसको दास बन्दैन र आदि हुदैन। तब ऊ सज्जनहरुको नजरमा तिरस्कृत , बुद्धिजीवीको नजरमा पराया बन्छ। खराबहरु उसको खिल्ली उडाउँछन् र होशियारहरु टाढा रहन्छन् । यसरी ऊ विकृत दुर्गुणहरूका कारण थकित समस्यामा रहन्छ । यहाँ निम्न प्रश्न सोध्न आवश्यक छ।

यस्तो समयमा एउटा मुस्लिमले के गर्छ ? जब आवश्यकता, काम र जिन्दगीको कारणले उसलाई दुष्ट मानिसहरूको संगत बाध्य हुन्छ, तिनीहरूको नराम्रो प्रभाव देखी प्रभावित नभई तिनीहरूबाट बच्ने उपाय के छ? जवाफमा हामी भन्छौं तिनीहरूसँग व्यवहार गर्न बुद्धि चाहिन्छ, इब्न अल-कैयीम यसलाई स्पष्ट पार्दै भन्नुहुन्छ : यदि आवश्यकता उसलाई उनीहरूको दुष्टमा सामेल हुन बाध्य तुल्याउँछ र तिनीहरूलाई अलग गर्न सम्भव छैन भने, उसले उनीहरूको अनुरूप गर्न देखी बच्नु पर्छ र पीडामा धैर्यता अपनाउनु पर्छ। यदि उसको कोहि समर्थक र सहयोगी छैनन् भने तीनिहरु निश्चित रूपमा उसलाई चोट पुर्याउनेछन् तर उसलाई चोट पुर्याउनु भनेको मुमिनीन,लोक प्रलोकलो मालिक र उनीहरुको तर्फबाट मान सम्मान र प्रशंसाको कारण बन्नेछ।

यदि घुलमिल अनुमतियोग्य चीजहरूमा छ भने सकेसम्म त्यो बैठकमा अल्लाहको आज्ञाकारितालाई अगाडी राख्नुपर्छ ।आफैलाई प्रोत्साहन गर्नुस् , आफ्नो हृदयलाई बलियो बनाउनुस, यदि भाग्यले उसलाई असमर्थ बनाउँछ भने उनीहरुबाट आफ्नो हृदयलाई जसरी आटाबाट कपाल हटाइन्छ त्यसैगरी अलग गर्नुस र उनीहरुको सिलसिलामा उपस्थित भएर गायब, नजिक भएर टाढा र सुतेको भएर जागेको हुनुस।

जहाँसम्म दोस्रो किसिमको उपस्तिथिको सम्बन्ध छ,यदि तिनीहरू असल व्यक्ति हुन् भने यो वांछनीय हो । किनकि यसमा कुनै नकारात्मक कुरा छैन बरु भलाइलाई मद्दत र बलियो बनाउने कुराहरु छन्, यी व्यक्तिहरू मानवको लागि शोभा हुन् जो हरेक दिन यसलाई सजाउँछन्, तिनीहरूको संगतबाट खैर प्राप्त हुन्छ र तिनीहरुको संगतबाट सद्गुणहरूको फजाइलको प्रेम र सद्गुणहरूको अभ्यास गर्ने इच्छा सिर्जना हुन्छ र दुर्गुणहरूबाट टाढा रहने इच्छा पैदा हुन्छ र ऊ त्यस देखी बच्छ, त्यसपछि उसको स्वभाव र नैतिकतामा सुन्दरता बढ्छ,यस्तै व्यक्तिहरु प्रती मानिस आकर्षित हुनुपर्छ । जस्तो कि रसूलुल्लाहले आफ्नो यो भनाइमा भन्नुभएको छ: राम्रो र खराब साथीको उदाहरण कस्तूरी र भट्टी उडाउने जस्तै हो, कस्तुरीवाला सँग तिमी किन्ने छौं  अथवा तिमीले राम्रो सुगन्ध महसुस गर्नेछौं र भट्टी फुक्नेले तिम्रो लुगा जलाउनेछ वा तिमीले उसबाट नराम्रो गन्ध पाउनेछौ।

वातावरणले नैतिक विचलनमा ठूलो प्रभाव पारेको भएता पनि र प्रभाव बलियो भएता पनि जोगिन गाह्रो छैन। कयौं अविश्वासी र नास्तिकताको बीचमा बाँच्नेहरू छन्, तर तिनीहरूको तक्वा उदाहरणीय छ । कतिपय यस्ता समूहहरु छन् जो घरमा तक्वाका उदाहरण थिए तर बाहिरी वातावरण देखी विचलित भए तर घरको वातावरणबाट प्रभावित भएनन् , जुन परिवेशमा उनिहरु बाँचिरहेका थिए, त्यसबाट विमुख भएर कुफ्र र नास्तिकको उदाहरण बने । यी नूह र लूत अलैही अस-सलामका पत्नीहरू हुन् जो नबीको घरमा थिए तर सही मार्गबाट विचलित थिए, अर्कोतर्फ फिरऔनको पत्नी जो अविश्वासीको घरमा बस्थिन तर सत्यलाई चिनिन र गलतलाई छोडेर सहि तर्फ आइन् । अल्लाह तआला सुरह तहरीममा भन्नुहुन्छ :

{ضَرَبَ اللَّهُ مَثَلاً لِّلَّذِينَ كَفَرُوا اِمْرَأَةَ نُوحٍ وَاِمْرَأَةَ لُوطٍ كَانَتَا تَحْتَ عَبْدَيْنِ مِنْ عِبَادِنَا صَالِحَيْنِ فَخَانَتَاهُمَا فَلَمْ يُغْنِيَا عَنْهُمَا مِنَ اللَّهِ شَيْئًا وَقِيلَ ادْخُلاَ النَّارَ مَعَ الدَّاخِلِينَ}{وَضَرَبَ اللَّهُ مَثَلاً لِّلَّذِينَ آمَنُوا اِمْرَأَةَ فِرْعَوْنَ إِذْ قَالَتْ رَبِّ ابْنِ لِي عِندَكَ بَيْتًا فِي الْجَنَّةِ وَنَجِّنِي مِن فِرْعَوْنَ وَعَمَلِهِ وَنَجِّنِي مِنَ الْقَوْمِ الظَّالِمِينَ}[التحريم:10-11]

अल्लाह काफिरहरूका लागि नूह र लूतका पत्नीहरूको उदाहरण पेश गर्छन् । तिनीहरू दुवै हाम्रा दुई सत्कर्मी भक्तहरूको दाम्पत्यमा थिए तर तिनीहरू दुवैले आफ्ना पतिकासाथ विश्वासघात गरे । र, दुवैले अल्लाहको दाँजोमा आफ्ना ती दुई (पत्नी) लाई अलिकति पनि मद्दत गर्न सकेनन् । र भनियो– जाऊ, आगोमा जानेहरूसँग तिमीहरू दुवै पनि जाऊ । र, अल्लाह आस्थावानहरूका लागि फिरऔनकी पत्नीको उदाहरण पेश गर्छन् । जब उनले प्रार्थना गरिन्– हे मेरा रब ! मेरोलागि आफूकहाँ स्वर्गमा एउटा घर बनाइदेऊ र मलाई फिरऔन तथा उसको कर्मबाट सुरक्षित राख र मलाई अत्याचारी व्यक्तिहरूबाट मुक्ति प्रदान गर ।

यो सामाजिक वातावरणको प्रभावलाई बेवास्ता गर्न वा कम आँकलन गर्न सकिन्न, यसको प्रभाव मानव व्यक्तिको नैतिकतामा सबैभन्दा शक्तिशाली हुन्छ, किनकि संगतले समानतालाई बाध्य गर्छ, तर मानिसको शक्तिमा यसको प्रभावबाट आफूलाई बचाउँने ताकत उपलब्ध छ।

यहाँ धेरै कारकहरू छन् जुन हरेक नैतिक खराबीको घटनामा सामान्य हुन्छन र यसको कारण बन्छन् साथै उच्चतम नैतिकताबाट विचलनमा यसको ठूलो प्रभाव छ।

**१- प्रशिक्षणिक विकासको कमजोरी।**

सहि प्रशिक्षणिक विकासलाई हरेक राम्रो नैतिकताको फल मानिन्छ, जसरी खराब प्रशिक्षणिक विकास प्रत्येक अनैतिकताको आधार हो। खराब विकास मानिसको ईमानको जरामा असर गर्छ र उसलाई प्राकृतिक स्वभावबाट हटाइदिन्छ: नबी सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो:

अनुवाद: हरेक जन्मिने बच्चा प्रकृतिमा जन्मन्छ र उसको आमाबाबुले उसलाई यहूदी, ईसाई वा मजुसी बनाउँछन।

प्रशिक्षणिक विकासको कमजोरी विभिन्न पक्षहरूमा हुन्छन्। जो व्यक्ति र समाजको नैतिकताको आधारमा हुन्छन् र ति निम्न हुन।

**व्यावहारिक पक्षहरू:**

व्यक्तिको लागि शरयी शिक्षामा कमजोर हुनु जुन वंश भन्दा बलियो जाती सुरक्षा गुम्छ, किनभने शरयी ज्ञान त्यो हो जसले आत्मलाई धार्मिकता अनुसार प्रशिक्षित गर्दछ र दृस्टिलाई संसारिक आशीर्वाद वा पीडाहरू देखि आगाही गर्छ। यसरी उसलाई असलको लागी अग्रगामी र खराब देखि पश्चगामी र टाढा रहने बनाउँछ।

मानिसहरूको हृदयमा शरियतको ज्ञानको कमजोरीले यस्तो अज्ञानतालाई निम्त्याउँछ जुन हृदयलाई मृत्यु तर्फ लैजान्छ।फेरि हृदय खराब चीजहरूको पीडा, वेदनाको समय र दुर्गुणहरूमा हरकत गर्दैन। शेख अल-इस्लाम इब्न तैमियाह भन्छन्: पूर्णत अज्ञानताले हृदय मृत हुन्छ र अज्ञानताको किसिमले गर्दा कमजोर हुन्छ।

शरयी ज्ञानको सट्टा सांसारिक ज्ञानको चाहानाले हृदय र दिमाग बीच एउटा दरार पैदा गर्छ, जसले गर्दा मानिस परलोकलाई छाडेर केवल आफ्नो सांसारिक इच्छाहरू पूरा गर्ने बारे मात्र सोच्छ, फलस्वरूप उसले व्यभिचार गर्छ,चोरी गर्छ र कुकर्म तिर लाग्छ।

**आस्था र आराधनाका पक्षहरू:**

मानिसको आस्था र आराधनाको विकासमा कमजोरीले उसलाई सजिलै इच्छा र सुखको पछि भाग्न बाध्य बनाउँछ, जुन सुख विचलितको कारण बन्छ। किनकि सहि आस्था एउटा मुस्लिम व्यक्तिमा सही यकिनको शक्ति , अन्तरदृष्टि र धैर्यतालाई बल पुऱ्याउँछ । यसले उच्च साहसलाई बढावा दिन्छ र खराब चीजहरूबाट टाढा राख्छ। अल्लाह तआला भन्नुहुन्छ:

{اتْلُ مَا أُوحِيَ إِلَيْكَ مِنَ الْكِتَابِ وَأَقِمِ الصَّلَاةَ إِنَّ الصَّلَاةَ تَنْهَى عَنِ الْفَحْشَاءِ وَالْمُنْكَرِ وَلَذِكْرُ اللَّهِ أَكْبَرُ وَاللَّهُ يَعْلَمُ مَا تَصْنَعُونَ}[العنكبوت:45]

(हे मुहम्मद स.!) त्यस ग्रन्थको पाठ गर्ने गर जुन तिमीतर्फ वह्य द्वारा पठाइएको छ र नमाज कायम गर। निस्सन्देह नमाजले अश्लील कार्य एवं नराम्रो कुराबाट रोक्दछ। र अल्लाहको याद त अति ठूलो हो। र, अल्लाह तिमीहरूले गर्ने गरेका कार्यहरूलाई राम्ररी जान्दछन्।

अश्लीलता त्यो हो जसको खराबी सबैलाई स्पष्ट होस् र प्रत्येक विवेकी व्यक्तिले यसलाई खराब बुझोस। त्यसैले यसको तफ्सीर व्यभिचार र लूतका समुदायका मानिसहरूद्वारा गरिएको कार्य भनेर गरिएको छ, अल्लाह तआआले यसको नाम अश्लीलता राख्नुभएको छ ताकी यसको दुष्टताबाट बच्न सकियोस्। यसैगरी नराम्रो कुरालाई पनि अश्लीलता भनिएको छ,जस्तै गाली गर्नु,बापत लगाउनु आदि। मानिस जब नमाज त्यो ढंगले अदा गर्छ जुन हिसाबले अदा गर्ने आदेश भएको छ अनि उसलाई नमाजले दुष्टता र नकारात्मकताबाट रोक्छ। जसले नमाजमा भित्री नम्रता र बाह्य कर्महरूमा संयम राख्छ, अल्लाह सँग उसको हक बमोजिम डराउँछ र वजिबातलाई पूरा गर्दछ र गुनाह देखी टाढा रहन्छ। तर जब धार्मिक प्रशिक्षण कमजोर हुन्छ, मानिसले नैतिक विचलन र त्यसका दोषहरूको सामना गर्दछ।

**नैतिक पक्षहरू:**

इस्लामिक सद्गुणहरूको तुलनामा नैतिक विकासको कमजोरीले मानिसलाई यसको विपरीत नैतिक दुर्गुणहरू तर्फ धेरै सजिलै डोऱ्याउँछ, किनकि ऊ धैर्यताको प्रशिक्षणसँग सन्तुष्ट छैन, ऊ आफ्नो इच्छाहरूमा धैर्यवान हुदैन, त्यसैले ऊ गुनाह गर्न देखि डराउँदैन र ऊ इमानदारी र लज्जासँग सन्तुष्ट छैन त्यहीँ भएर ऊ अपराधलाई अन्जाम दिनेछ र ऊ सच्चाइ र विश्वास देखी सन्तुष्ट छैन त्यहीँ कारण उसले चोरी,धोका दिनेछ।

अल्लामा इब्न हज्म भन्छन्: "भाग्यशाली त्यो व्यक्ति हो जसको आत्मा सद्गुणहरूसँग कन्भिन्स छ र दुर्गुण र पापहरूलाई घृणा गर्दछ। बदबखत त्यो व्यक्ति हो जो दुर्गुण र पापसँग कन्भिन्स छ र सद्गुण र आज्ञाकारितालाई घृणा गर्दछ कमजोर प्रशिक्षण विचलनको सबैभन्दा बलियो कारण र दलदल हो।"

**१-सजायका पक्षहरू:**

दण्डले अपराधलाई निरुत्साहित गर्न निकै महत्वपूर्ण भूमिका खेल्छ, यसको बेवास्ताले व्यक्ति र समाजलाई आफ्ना नराम्रा इच्छाहरू अनुकरण गर्ने बाटो खोल्छ। हाल समाजले शरयी दण्डहरू लागू गर्न छाडेको छ, नैतिक विचलन माथी धैर्यता गर्न थालेको छ। कानुनी प्रतिशोधका बाधाहरू विचलनको मापनसँग मेल खाँदैनन्। यसरी अर्कोतर्फ समाजले आफ्नो शरयी प्रेरणा गुमाएका छन्।

जब अपराधीलाई निवारक पार्ने सजाय हुँदैन, तब उसको मनमा दुष्टता फैलिन्छ र जमिनमा अहिंसाको प्रयास गर्च जसले रोक्छ। इब्न अल-कैयीम भन्छन्: पापी र दुष्टहरूलाई जबसम्म पीडादायिक र उदाहरणीय सजाको व्यवस्था हुदैन तबसम्म उनिहरु रोकिने वाला छैनन् ।

**२-तरिका /उदाहरण :**

नराम्रो उदाहरणले अरूमा ठूलो प्रभाव पार्छ, किनभने यसले व्यवहारमा भएको विचलनलाई अरूलाई देखाउँछ ,अरू माझ यसलाई आफ्नो शैली र तरिकाले स्पष्ट पार्छ र यस्तो चिजलाई बढावा दिन्छ जसले कम अन्तरदृष्टि भएका व्यक्तिलाई विचलित तर्फ प्रेरित गर्छ।

अल्लाहका दुतले यसको महत्व र त्यसलाई गर्ने व्यक्तिको महत्त्वबारे स्पष्ट पारेका छन्। र यसलाई पछयाउने र त्यसबाट प्रभावित हुनेहरूको पापको बोझ उसमाथि राखेका छन्, अल्लाहका रसूलले भन्नुभयो: इस्लाममा जसले खराब अभ्यासको परिचय गराउँछ, उसमाथि आफ्नो र त्यसलाई जसले पछयाउँछ त्यसको गुनाहमा केही कमि नगरी लेखिन्छ ।

खराब तरिका खराब कामहरूमा प्रकट हुन्छ। चाहे त्यो प्रत्यक्ष रूपमा होस, चित्र, पुस्तक, वा अन्य कुनै माध्यमबाट जुन अरूलाई प्रभाव पार्न र दुष्टता फैलाउन प्रयोग गरिन्छ ।

खराब उदाहरणले नैतिक विचलनलाई साकार बनाउँछ, त्यसैले यसको प्रभाव बढी हुन्छ, विशेष गरी जब उदाहरणको रूपमा देखा पर्ने व्यक्तिको त्यो चिज प्रिय हुन्छ र उस तर्फ आफ्नो आकर्षक महसुस गर्छ। जस्तै बुबा, शिक्षक र साथी वा खराब व्यक्ति जो शारीरिक वा मानसिक शक्ति द्वारा विशेष हुन्छन् र अरूले उनिहरुलाई मन पराउँछन् र विचलनमा उसको मार्ग अनुसरण गर्छन।

तसर्थ, योन अवस्था र युवावस्थामा योन शक्ति तर्फ आकर्षक हुन्छ, त्यसकारण पुरुष यी विशेषताहरू भएका व्यक्तिहरूप्रति प्रभावित हुन्छन। जब खराब गुणहरू भेटिन्छन् र समाज देखी सद्गुणहरु लोप हुन्छन् नौजवान आफ्नो गलत गुण जस्तैः चोरी चकैती, लुटपाट मारपिट आदिमा संलग्न हुन्छन । जब खराब नमुना उपलब्ध हुदैन र सहि नमूना उपलब्ध हुन्छ जो राम्रो कार्यहरूको पर्वाह गर्छ, जस्तै अरूको सहायता गर्नु, सत्मार्गमा कष्ट र दुख सहनु, तब युवाहरूले उसको अनुकरण गर्छन् र त्यसको पदचिन्हलाई पछयाउँछन्। त्यस्तै, वृद्धावस्थामा जब उसको समकालीनहरूको तरिकाहरूको अनुकरण र नक्कल महसुस हुन्छ। मानिसहरू एक अर्काको अनुकरणमा किता नामि चराहरूको समूह जस्तै हुन्छन्, जो एक अर्कासँग मिल्दोजुल्दो हुन्छन्।

**३- विचारको प्रवाहबाट प्रभावित हुनु**

इस्लामी समाज तर्फ आउने बौद्धिक झुकाव नैतिकताको लागि सबैभन्दा हानिकारक हुन्छ, जब यो रंगीन स्क्रिन प्रत्यक्ष प्रसारण मार्फत रातको कालो टुक्राहरू जस्तै फित्नाहरु उठाएका हुन्छन् । यो विश्वासको सट्टा शंकाको बीउ छर्छन् र फित्नालाई जन्म दिन्छन जसकारण नैतिकता भ्रष्ट हुन्छ र मानिस पतनमा पर्छ।

**१-प्रत्यक्ष प्रसारण:**

लाइभ टेलिकास्टलाई सबैभन्दा छिटो नयाँ माध्यम मानिन्छ। जसले सारा संसारमा प्रभाव पारेको छ र सबै प्रकारका मानिसलाई समान रूपमा विभाजन गरेको छ। यसमा धेरै भ्रष्टको हिस्सा रहेको छ । त्यसैले यसबाट धर्मलाई हानी पुऱ्याउने कुराहरू प्रसारण हुन्छ जसले नैतिक र सामाजिक मूल्यमान्यता तोड्छ र अहिंसा र बुराई फैलाउँछ। जस्तो कि नास्तिकहरुको नराम्रो बानीलाई सहि बनाएर प्रस्तुत गर्नु जसमा कमजोर नौजवानहरु सजिलोसँग फस्छन र उनीहरुको कामवासना उनीहरु माथी हावी हुन्छ।

अनुवाद

विचलित विचारहरूलाई अरबी भाषामा अनुवाद गर्नाले ती पाठकहरूमा ठूलो प्रभाव परेको छ,जससँग यस्तो शरिया र बौद्धिक ज्ञान्  हुदैन जो उसलाई ति विचारहरू देखि रोक्न सकोस् । यसमा त्यो चिनतनको आह्वान हुन्छ जसमा महिलाको स्वतन्त्रता, पसल, कारखाना, कक्षा कोठा र हरेक अवसरमा ति पुराना तरिका विपरीत महिला पुरुषसँग उभिन सकोस। केहि मानिसहरु कथा र उपन्यास मार्फत हराम सम्बन्धलाई सुसज्जित गरेर युवाका लागि पस्किन्छन जसलाई विश्व उपन्यास भनिन्छ, त्यसले केही पाठकलाई अपराधको बाटो कसरी प्रयोग गर्न सकिन्छ भनेर दखाउँछ। यी अनुवादहरूले मानव नैतिकतामा  ठूलो जोखिम निम्त्याँएकोछ।

यात्रुहरूको लागि अनावश्यक रूपमा गैरमुस्लिमको भूमि तर्फ यात्रा गर्नु खतरनाक छ, किनकि उनीहरूले त्यहाँ निषेधित चीजहरू देख्छन् र उनीहरू पापमा संलग्न हुन्छन् । जुन कुराहरु उनीहरू आफ्नो समाजमा ल्याउँछन्। कहिलेकाहीँ उनिहरु यसलाई आफ्नो सोसाइटीमा प्रचारप्रसार सम्म गर्छन। अश्लीलता, नशाको फैलावट इस्लामिक सोसाइटीमा फैलनुमा यात्रा एउटा ठूलो कारक हो।

हजरत शेख अल्लामा अब्दुल अजिज बिन बाजसँग जब  पत्रपत्रिकामा विज्ञापन गर्ने केही संस्थाहरूको बारेमा सोधियो जसमा मुस्लिम बच्चाहरूलाई गर्मीको बिदामा पश्चिमी राष्ट्रमा अंग्रेजी पढ्न आह्वान गरिन्छ, जवाफमा उहाँले भने: मुस्लिमहरूप्रति कुफ्फारहरूको दुश्मनीलाई प्रमाणित गर्ने धेरै संकेतहरू छन् र तीनिहरुको मनसाय लक्ष्यमा पुग्न कुनै पनि बाटो न छोड्नु हो। तिनीहरू मुस्लिमहरूलाई चोट पुर्याउनका निमत्त हर सम्भव तरिका अपनाउछन् जसमा विविध भित्री बाहिरी रुपहरु रहेका छन। आज भोलि स्थापना भएका केही ट्राभल एवम् पर्यटकीय संस्थाहरू पनि यही प्रयासको एउटा हिस्सा हुन्। अंग्रेजी भाषा सिक्ने उद्देश्यका साथ अमेरिकी वा युरोपेली राष्ट्रमा बालबालिकालाई बिदा मनाउन आमन्त्रित गरिन्छ जसमा यात्रीहरुको पुरै समय समेटिएर एउटा कार्यक्रम सिर्जना गरिएको हुन्छ र यो कार्यक्रमका केहि लाइनहरू  निम्नानुसार छन्:

१- विद्यार्थी बस्न र अन्य धेरै उद्देश्यका लागि अंग्रेजी परिवारलाई चुन्नु ।

२-उनिहरु बसेको सहरमा सांगीतिक र नाटक कार्यक्रम आयोजना गर्नु।

३-नाचगान र मनोरञ्जन स्थलहरूमा जानु।

४- अंग्रेजी केटीहरूसँग डिस्को नृत्यको अभ्यास गर्नु।

५- एउटा अंग्रेजी शहरमा खेल रमिताको ठाउँहरू भनेर (नाइट क्लब, डिस्को नृत्य, कार्यक्रम, वाद्य र रक संगीत, सिनेमा र अंग्रेजी पबहरू) उल्लेख गरिएको छ।

यी संस्थाहरू धेरै उद्देश्यहरू पूरा गर्ने लक्ष्य राख्छन ती निम्नानुसार छन्:

१-मुस्लिम युवाहरूमा विचलन र गुम्राहीको लागि काम गर्छन् ।

२- नैतिकतालाई बिगार्नु, बुराइमा समावेश गराउनु र दुष्टताको साधनहरू तयार गरेर उनिहरुको हात सम्म पुऱ्याउनु ।

३- मुस्लिमहरूलाई आफ्नो आस्थामाथि शंका उब्जाउनु ।

४-पश्चिमी सभ्यताको आकर्षण र आश्चर्यलाई बढाउनु।

५- उनिहरुले धेरै भन्दा धेरै पश्चिमी अभ्यासहरूलाई अपनाउनु।

६- धर्मको वास्ता नगर्नु र यसका नियम र निर्देश तर्फ ध्यान नदिनु।

७- मुस्लिम युवाहरूलाई आफ्नो देशमा पश्चिमाकरणको वकालत गर्ने र पश्चिमी विचार, बानी र जीवन शैलीको प्रचारप्रसार गर्न तयार पार्ने।

यसबाहेक पनि उनिहरुसँग अन्य धेरै उद्देश्यहरू छन् । जुन इस्लामका शत्रुहरु जसलाई प्राप्त गर्न आफ्नो सबै गोप्य र जाहिरी शक्तिको प्रयोग गर्छन्।

हजरत अल्लामाले यो प्रश्नको जवाफमा भने कि एउटा व्यक्ति जो अध्ययन वा भाषा सिक्नको लागि विदेश जान्छ के त्यो व्यक्ति यस्ता परिवारहरूसँग बसेर भाषा सिक्न सक्छ ? उहाँले भन्नुभयो: यस्ता परिवारहरूसँग बस्न उसलाई अनुमति छैन किनभने यसमा विद्यार्थीले काफिरहरूको आचरण र उनीहरूका महिलाहरूको फित्नाको सामना गर्नुपर्छ, जबकि विद्यार्थीको बसोबास फित्नाका कारकहरूबाट टाढा रहन जरुरी छ। यी सबै कुराहरू विद्यार्थीको गैरमुस्लिम सहर तर्फ यात्रा गर्नु को जायज भनाइमा माथी । यदि अति आवस्यक र महत्त्व छैन भने गैर मुस्लिम राष्ट्र तर्फ यात्रा गर्नु जायज छैन । जायज, केवल आवश्यकतामा मात्र त्यो पनि यो सर्तको साथमा कि त्यो ज्ञान् अन्तर्दृष्टि र फित्नाको कारकहरु नहुन ।

**४- सामूहिक उपदेशको कमजोर हुनु:**

सामूहिक उपदेश,भलाइ,कल्याण र तक्वामा मद्दत र

امر بالمعروف ونہی عن المنکر

सभ्य र सुरक्षीत समाजको आधार हो।अल्लाह तआला भन्नुहुन्छ:

{ وَتَعَاوَنُواْ عَلَى الْبرِّ وَالتَّقْوَى وَلاَ تَعَاوَنُواْ عَلَى الإِثْمِ وَالْعُدْوَانِ وَاتَّقُواْ اللّهَ إِنَّ اللّهَ شَدِيدُ الْعِقَابِ}[المائدة:2]

पुण्य एवं ईशभयको कार्यमा आपसमा सहयोग गर र पाप एवं अत्याचारको कार्यमा परस्पर सहयोग नगर । र, अल्लाहको भय राख । निस्सन्देह अल्लाह कठोर दण्डदाता हुन् ।

र अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: यदि तिमीहरूमध्ये कसैले खराबी देख्छौं भने, त्यसलाई आफ्नो हातले रोक, यदि हातले रोक्न सक्नौं भने, आफ्नो मुखले, यदि मुखले पनि सक्दैनौं होइन भने, आफ्नो हृदयले र यो ईमानको सबैभन्दा तल्लो दर्जा हो।

अल्लामा इब्न तैमिया भन्नुहुन्छ:

امر بالمعروف ونہی عن المنکر

सबैभन्दा राम्रो र उत्तम कर्महरू मध्ये एक हो।

जब सामूहिक सद्भावना कमजोर हुन्छ, तब विचलित व्यक्तिले खुला मैदान पाउँछ । उसलाई विचलनबाट रोक्ने र आलोचना गर्ने कोही हुदैनन् । फलस्वरूप ऊ आफ्नै जिद्दी र विकृततामा मस्त रहन्छ, कहिलेकाहीँ अरू पनि प्रभावित हुन्छन्। नैतिक विचलन विरुद्ध बोल्ने नारी तपाईंले देख्न सक्नुहुनेछैन न कुनै अदब सिक्न चाहने बच्चा, न युवावस्थामा नैतिक विचलन देखि सचेत गराउने नौजवान , न कुनै वृद्ध मानिस जो असल कर्म र उच्च नैतिकताको आज्ञाको आदेश दिरहेको पाउनु हुनेछ। हरेक आफैंमा व्यस्त हुनेछन् र यहींबाट समाज टुट्छ, किनकि मानिसहरु आलोचना देखि आजाद हुन्छन् । अनि कुनै पनि व्यक्तिलाई मनोकांक्षाको अनुकरण गर्न कुनै प्रकारको हिचकिचाहट हुनेछैन ।

सामूहिक सद्भावना कमजोर हुनुका कारणहरू तल उल्लेख गरिदैछ:

**-आफैंमा व्यस्त हुनु:**

जब मानिस आफ्ना लक्ष्यहरूलाई पछयाउँदै आत्ममग्न हुन्छ यसले उसलाई कलिमा देखी मुन्टो फर्काउँछ,जसले मानिसहरूलाई असल गर्न र खराबबाट टाढा रहन प्रेरित गर्छ।

कहिलेकाहीँ उसलाई आफ्नो साथी, छिमेकी वा आफ्ना सन्तान मध्ये एकको खराबी थाहा हुन्छ, तर ऊ आफ्नै मामिलामा व्यस्त हुन्छ, जसमा धेरै खराबीहरू छन् जुन बिस्तारै समुदाय र व्यक्तिमा आउँछ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: त्यसको कसम जसको कब्जामा मेरो प्राण छ, तिमीहरु राम्रो गर्नको लागि आदेश दिनेछौ र नराम्रो कार्यबाट रोक्नेछौं वा छिट्टै अल्लाहले तिमीलाई यस्तो दण्डमा समावेश गरिदिने छन जहाँ तिमी दुवा गर्नेछैं तर तिम्रो दुवा कबूल हुनेछैन।

**-आर्थिक अग्रसरता :**

सामुहिक सद्भावना कमजोर हुनुका कारणहरूमध्ये मानिसहरुको बीच आर्थिक प्रतिस्पर्धा पनि हो। सबैजना आर्थिक जम्मा गर्नमा व्यस्त हुन्छन्, आर्थिक मानिसहरूलाई जाच्ने मापदण्ड बनेको छ, मानिसहरू आफ्नो आर्थिक सम्पत्तिबाट चिनिन्छन् भने नैतिक पक्ष तर्फ कोहि ध्यान दिंदैनन् जस कारण यस भौतिकवादी सिद्धान्तलाई पछयाएर समाजका सदस्यहरू भौतिक उत्कृष्टताको लागि प्रतिस्पर्धा गर्छन्। امر بالمعروف ونہی عن المنکر،

को दायित्वलाई त्यागेका छन र कहिलेकाहीं विचलित सँग उनीहरुको धन देखि केही प्राप्त हुन्छ भनेर आसमा बस्छन् र उनीहरूको चापलूसी गर्छन।

अल्लाहले हामीलाई यसबारे सचेत गराउनुभएको छ। बनी इस्राईलहरूलाई विचलितहरूसँग बस्ने परिणामस्वरूप आएको सजायको वर्णन गर्नुभएको छ:

{لُعِنَ الَّذِينَ كَفَرُواْ مِن بَنِي إِسْرَائِيلَ عَلَى لِسَانِ دَاوُودَ وَعِيسَى ابْنِ مَرْيَمَ ذَلِكَ بِمَا عَصَوا وَّكَانُواْ يَعْتَدُونَ}[المائدة:78]

ईस्राइलका सन्तानहरूमध्ये जसले कुफ्र गरे तिनीहरू दाऊद तथा मर्यम–पुत्र ईसाको मुखबाट श्रापित भए, किनकि तिनीहरू अवज्ञा र सीमा उल्लंघन गर्ने गर्थे।

{كَانُواْ لاَ يَتَنَاهَوْنَ عَن مُّنكَرٍ فَعَلُوهُ لَبِئْسَ مَا كَانُواْ يَفْعَلُونَ}[المائدة:79]

तिनीहरूले गर्ने गरेका कुकर्मबाट एक अर्कोलाई रोक्दैनथे। कति नराम्रो कार्य थियो जुन तिनीहरूले गरिरहेका थिए !

**-जिम्मेवारीको बारे सचेत नहुनु**

امر بالمعروف ونہی عن المنکر

को जिम्मेवारीको आभास नभएको कारण ऊ त्यो पहिचान देखि गाफिल र यसलाई स्थापित गर्ने मध्य हुदैन। जस्तो कि अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: त्यसको कसम जसको कब्जामा मेरो प्राण छ, तिमीहरु राम्रो गर्नको लागि आदेश दिनेछौ र नराम्रो कार्यबाट रोक्नेछौं वा छिट्टै अल्लाहले तिमीलाई यस्तो दण्डमा समावेश गरिदिने छन जहाँ तिमी दुवा गर्नेछैं तर तिम्रो दुवा कबूल हुनेछैन।

तसर्थ उम्माले यस पहिचान प्रति व्यक्ति र समाज दुवैले आफ्नो उत्तरदायित्व पहिचान गरी अल्लाहले दिएको जिम्मेवारी पूरा गर्न आवश्यक छ ।

**-खराब मित्रता:**

खराब संगतले मित्रको मौखिक र कार्यगत नैतिकतामा प्रत्यक्ष प्रभाव पर्छ। र इस्लामिक प्रशिक्षणिक विधिले कयौं कुरआनका आयतहरु र हदीसहरूमा यस सम्बन्धमा चेतावनी दिइएको छ। अल्लाह सर्वशक्तिमान भन्नुहुन्छ:

{الْأَخِلَّاءُ يَوْمَئِذٍ بَعْضُهُمْ لِبَعْضٍ عَدُوٌّ إِلَّا الْمُتَّقِينَ}[الزخرف:67]

त्यो दिन ईशभय राख्ने मानिसहरूबाहेक सबै घनिष्ट मित्रहरू परस्पर शत्रु बन्नेछन्।

{وَيَوْمَ يَعَضُّ الظَّالِمُ عَلَى يَدَيْهِ يَقُولُ يَالَيْتَنِي اتَّخَذْتُ مَعَ الرَّسُولِ سَبِيلاً} {يَاوَيْلَتَى لَيْتَنِي لَمْ أَتَّخِذْ فُلَانًا خَلِيلاً}{لَقَدْ أَضَلَّنِي عَنِ الذِّكْرِ بَعْدَ إِذْ جَاءَنِي وَكَانَ الشَّيْطَانُ لِلْإِنسَانِ خَذُولاً}[الفرقان:27-29]

त्यो दिन अत्याचारीले आफ्नै हात टोक्दै भन्नेछ– हाय ! मैले रसूलका साथ मार्ग अपनाएको भए बेस हुन्थ्यो ! हाय अपसोच ! मैले फलानो व्यक्तिलाई आफ्नो मित्र नबनाएको भए हुन्थ्यो । जसले उपदेश आएपछि त्यसबाट मलाई बिचलित बनायो, र वास्तवमा शैतानले कठिन अवस्थामा मानिसलाई छोडिदिन्छ।

अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लम भन्नुहुन्छ: एउटा व्यक्तिले आफ्नो मित्रको धर्म पछयाउँछ, त्यसैले उसलाई को सँग दोश्ती गरिरहेको छ ध्यानपूर्वक विचार गर्नुपर्छ ।

खराब संगतले व्यक्तिको आस्था,उपासना र अनुष्ठानामा असर गर्छ। किनकि यसले उसको नैतिकता र उपासनालाई असर गर्छ। अल्लामा इब्न अल-कैयीम भन्छन्: खराब संगतले व्यक्तिले अराजकता, विभाजन, शोक र चिन्ता निम्त्याउँछ। र उसको चिन्ता उसको उद्देश्य र मनसायमा विभाजित हुन्छ र फेरि अल्लाह र आखिरतको लागि के बाँकी रहन्छ?

नराम्रो संगतले सत्यबाट रोक्छ, असत्यको आज्ञा दिन्छ, नराम्रो कुरालाई मीठो बोलीले सुसज्जित गरेर असलबाट रोक्छ, खराबीलाई माया गर्छ र असललाई घृणा गर्छ ।

र खराब संगतको परिवेश जसमा व्यक्ति गिरफ्तार हुन्छ जो निम्नानुसार छन्।

**सहपाठीहरु:**

मदरसा स्कुलका साथीहरू राम्रा र नराम्रा दुवै हुन्छन् जसरी एउटा व्यक्तिले एउटा साथी छान्छ। दुई समूह मध्ये एक छनोटले अर्को समुह प्रभावित हुन्छ, यो धेरै सँगै बस्ने र एकअर्कालाई चिन्नुको कारण हुन्छ जो पछछयाउनु र त्यस तर्फ हिड्नुको कारण बन्छ।

अल्लाहका पैगम्बरले हामीलाई मार्गदर्शन गर्नुभएको छ, उहाँले भन्नुभयो: एउटा राम्रो साथी र खराब साथीको उदाहरण कस्तुरी बेच्ने र भट्टि जलाउने जस्तै हो। मुसक बेच्नेवालाले तपाईलाई मुसक उपहार दिने छ अथवा तपाईं ऊ सँग किन्नु हुनेछ। एउटा व्यक्ति जसले भट्टी फुक्छ, भट्टी जलाउनेवालाले तपाइँको कपडा जलाइदिनेछ वा तपाइँ दुर्गन्धित हुनुहुनेछ ।

त्यसैले परिवारले सन्तानलाई असल साथी बनाउन मार्गदर्शन गर्नु आवश्यक छ, त्यसैगरी स्कुल मदर्साहरुका शिक्षकले आफ्ना सबै विद्यार्थीहरूको लागी असल साथी बनाउन भुमिका खेल्नुपर्छ ।

**नातेदार :**

सबै आफन्तहरु राम्रा हुँदैनन्, आफन्तका सबै सन्तानहरु असल हुँदैनन्, घरमा कहिलेकाहीँ यो पक्षलाई बेवास्ता गरिन्छ, आफ्ना सन्तानलाई खराब आफन्त सँग भेटघाट गर्न छुट दिइन्छ, तब दुष्टता र भ्रष्टाचार बढ्छ र नैतिक विचलनको समर्थन बढी हुन्छ। किनकी चाहनाको सम्बन्ध नाताको सम्बन्ध भन्दा बलियो हुन्छ। त्यसैले परिवारलाई सधै सम्बन्ध चाहे जतिसुकै बलियो होस् यसको परिणामबारे सचेत हुनु आवश्यक छ ।

**गाउँ :**

नराम्रो संगत स्थान एउटै हुनाले गाँउका सदस्यहरू पनि सामेल छन, उनीहरूसँग भेट्न सजिलो हुन्छ। यो युवा र वृद्ध दुवैमा समान रूपमा पाइन्छ। अभिभावकको लापरवाहीका कारण धैरैजसो समाजमा गलत साथीहरु तैयार हुन्छन। विशेष गेरर जब समाजका सदस्यहरू बीच नेकि तक्वामा मद्दत र امر بالمعروف ونهى عن المنكر कमजोर हुन्छ।

**सहकर्मी:**

यदि सहकर्मीहरू खराब छन् भने साथीहरू नैतिकतामा यसले ठूलो प्रभाव पार्छ। जब कार्य प्रक्रियाको व्यक्तिगत स्वार्थले उनीहरूबीच सम्बन्ध सिर्जना गर्छ,जो भेटघाट र सम्बन्धको कारण सम्बन्ध झनै बलियो हुन्छ र क्रमशः उनिहरु बिच फसाद (भ्रष्टता) फैलिन्छ। व्यक्ति जब यसबारे सचेत रहदैन उसले एउटा लामो समयावधि पछि भ्रष्टतासँग मेल खाएको आफूलाई पाउँछ।

तसर्थ, व्यक्तिलाई विचलितहरूको विचलनबाट प्रभावित नहुन बलियो इच्छाशक्तिमा अभ्यस्त हुनु आवश्यक छ, आफ्नो सम्बन्धलाई कार्यको दायरा भन्दा बढि बढाउनु हुदैन ,आफ्नो जिम्मेवारीलाई पूरा गर्नुपर्छ । अरु तपाईंको कामको दायरामा राम्रोको जग बन्नुस र आफ्नो वरपरका मानिसहरूको अवस्था सुधार्ने प्रयास गर्नुस् ।

## अध्याय चार:

## नैतिक विचलनहरू तर्फ हाम्रो जिम्मेवारीहरू

उमाह भित्रको नैतिक विचलनलाई प्रशिक्षणिक पतनको संकेत मानिन्छ र यसले इस्लामिक शिक्षा प्रशिक्षणको जिम्मेवारी सुम्पिएकाहरू विचलित र त्रुटिपूर्ण छन् भन्ने इशारा पनि गर्छ। यस् नैतिक विचलनको जिम्मेवारी कुनै एक संस्थाको टाउकोमा हाल्न ससकिदैन। हरेक संस्थाको यसमा लापरवाहीको हिसाबले हिस्सेदारी हुन्छ । त्यसैले यसमा सरकार, घरपरिवार,समाज परिवार र व्यक्ति पनि जिम्मेवार हुन्छन। पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: (तिमीहरू मध्ये प्रत्येक संरक्षक र आफू मातहतको जिम्मेवार हौं । इमाम संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो, व्यक्ति आफ्नो घरबारको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो , महिला आफ्नो लोग्नेको घरको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हुन नोकर आफ्नो मालिकको सम्पत्तिको संरक्षक र उसको अधीनमा रहेका मानिसहरूको जिम्मेवार हो र रावी भन्छन् मलाई लाग्छ हजूरले यो पनि भन्नुभयो : व्यक्ति आफ्नो बुबाको सम्पत्तिको निगरा र आफ्नो प्रजाको जिम्मेवार हो र तपाईंहरू प्रत्येक आफ्ना प्रजाहरूका लागि संरक्षक र जिम्मेवार हुनुहुन्छ (मुत्तफक अलैही बुखारी १/२८४/२८५ हदीस नम्बर ६८९३

निम्न लाइनमा नैतिक पतनको जिम्मेवारीको हदबन्दी गर्ने प्रयास गरिदैछ।

**पहिलो विषय: व्यक्तिगत जिम्मेवारी:**

व्यक्तिगत उत्तरदायित्व मानिसमा निर्भर गर्दछ, त्यसैले अल्लाह तआलाले भन्नुभयो:

{كُلُّ نَفْسٍ بِمَا كَسَبَتْ رَهِينَةٌ}[المدثر:38]

प्रत्येक व्यक्ति आफ्नो कर्मको साटोमा बन्धक छ ।

{فَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْرًا يَرَه}{وَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَرًّا يَرَه}[الزلزلة:7-8]

अनि, जसले कणभर पनि सत्कर्म गरेको हुन्छ उसले त्यसलाई देख्नेछ । र, जसले कणभर पनि दुष्कर्म गरेको हुन्छ उसले त्यसलाई देख्नेछ ।

तसर्थ, कुनै व्यक्तिले आफू बसेको भ्रष्ट वातावरणलाई, खराब साथि र परिवारलाई आफ्नो विचलनको प्रमाणको रूपमा पेश गर्नु उचित हुँदैन; किनकि अल्लाह तआलाले मानिसलाई जिम्मेवारी लिन सक्षम बनाएको छ, उसलाई बुद्धि जस्तो उपकार दिनुभएको छ, जुन उसको दायित्वको कारण हो। उहाँले मानिसका लागि लाखौंमा दूतहरू पठाए जसको अन्तिम कड़ी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम हो र कुरआन र हदीस हामी बीचमा छ। जसले हामीलाई

सत्य मार्गदर्शन,फर्ज, वाजिब, मुक्रुह र हरामलाई वर्णन गर्छ। अल्लाह सर्वशक्तिमानले मानव आत्मामा सत्य र असत्यलाई  छुट्याउन सक्ने क्षमता प्रदान गर्नुभएको छ । अल्लाह तआलाको भन्नुहुन्छ :

{فَأَلْهَمَهَا فُجُورَهَا وَتَقْوَاهَا}[الشمس:8]

अनि अल्लाहले त्यसलाई पाप तथा पुण्यको समझ प्रदान गरेका छन् ( इब्न कसीर तफ्सीर अल-कुरआन अल-अजीम ४/५५१) । सौकानीले भनेका छन: उसलाई राम्रो र नराम्रो बारे सचेत गराएको छ र राम्रोसँग सम्झाइएको छ ( शौकानी फतह-अल कदीर ५/५५९ )।

अल्लाह तआलाले मुमिनलाई परलोकको लागि गरिएका कर्महरूमा चिन्तन गर्न भन्नुभएको छ, अल्लाह तआला भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَلْتَنظُرْ نَفْسٌ مَّا قَدَّمَتْ لِغَدٍ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا تَعْمَلُونَ}[الحشر:18]

हे आस्थावानहरू हो ! अल्लाहको भयराख, र प्रत्येक व्यक्तिले भोलिकानिम्ति के अगाडि पठाएको छ भन्ने कुराको समीक्षा गर । र, अल्लाहको भय राख अल्लाह तिमीहरूका सबै कार्यहरूसित अवगत छन् ।

र पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले मानिसलाई आफ्नो कार्यको लागि जिम्मेवार ठहराउनदै भन्नुभयो:। अनुवाद: पुनरुत्थानको दिन व्यक्तिको दुवै खुट्टा जबसम्म उसलाई यी कुरा सोधिने छैन तबसम्म हट्ने छैनन्। उसको उमेरको बारेमा जसलाई उसले कुन कर्ममा लगायो , उसको ज्ञानको बारेमा जस मार्फत के अमल गऱ्यो, उसको घनको बारेमा कहाँ देखि कमायो र कहाँ खर्च गऱ्यो र शरीरको बारेमा शरीरलाइ कहाँ लगायौं ( तिर्मिजी ४/५२९ हदीस नम्बर २४१७ इमाम अल-बानीले सहीह भन्नुभएको छ)।

एउटा मुस्लिमको लागि सबैभन्दा ठूलो जिहाद आत्मासँग हो भनेर थाहा हुन जरुरी छ यसलाई जिहाद अकबर पनि भनिन्छ ( कुर्तुबी जामे लिअह्काम अल-कुरआन १३/२४२ )।

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: मुजाहिद ( योद्धा ) त्यो हो जो आफ्नो आत्मासँग लड्छ। कमजोर र असहाय त्यो हो जसले आफू माथी नियन्त्रण राख्न सक्दैन ( तिर्मिजी ४/१४२ हदीस नम्बर १६२१ इमाम अल-बानीले सहिह भन्नुभएको छ )। जस्तो कि उमर बिन अल खत्ताबले भन्नुभएको छ ( मावदी अदब अद-दुनियाँ व अद-दीन २३४)

याद गर्नुस फिरऔनकि श्रीमतीलाई जसको अविश्वास, अवज्ञा ,क्रूरता र अल्लाहको शत्रुको घरमा बास थियो फेरि पनि यी चिजलाई कहिल्यै पनि प्रमाण बनाइनन र ईमान कबुल गरिन । यसलाई अल्लाह तआलाले कुरआनमा यसरी उल्लेख गरेका छन।

{وَضَرَبَ اللَّهُ مَثَلاً لِّلَّذِينَ آمَنُوا اِمْرَأَةَ فِرْعَوْنَ إِذْ قَالَتْ رَبِّ ابْنِ لِي عِندَكَ بَيْتًا فِي الْجَنَّةِ وَنَجِّنِي مِن فِرْعَوْنَ وَعَمَلِهِ وَنَجِّنِي مِنَ الْقَوْمِ الظَّالِمِينَ}[التحريم:11]

र, अल्लाह आस्थावानहरूका लागि फिरऔनकी पत्नीको उदाहरण पेश गर्छन् । जब उनले प्रार्थना गरिन्– हे मेरा रब ! मेरोलागि आफूकहाँ स्वर्गमा एउटा घर बनाइदेऊ र मलाई फिरऔन तथा उसको कर्मबाट सुरक्षित राख र मलाई अत्याचारी व्यक्तिहरूबाट मुक्ति प्रदान गर।

धेरै मानिसहरू आफ्नो विचलन को लागी भाग्यलाई दोष दिन्छन र भन्छन् यो पूर्वनिर्धारित हो र आफ्नो कार्य र स्वभाव को जिम्मेवारीहरु बाट भाग्छन्, जबकि हामी यिनैलाई जिविकाको पछि अल्लाहले कारक र उपकरण अपनाउन भनेको छ भनेर पछाडी दौडेको देख्छौं। असलमा यी मानिसहरू आफ्नो विचलनमा त्रुटिको शिकार छन।

व्यक्तिले आफ्नो कर्ममा दुइटा अवस्थालाई ध्यानमा राख्नुपर्छ, त्यसरी नै शरीयतको आदेशको सम्बन्धमा पनि दुईवटा अवस्था हुनुपर्छ। यी दुई अवस्थालाई बुझेपछि मात्रै उसको मामिला र मुद्दा सही हुन्छ , जसलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिदैछ।

**पहिलो: कुनै पनि क्रियाको साथ मानिसको अवस्था:**

**भाग्य लेखिनु अघिको अवस्था:** कुनै पनि कार्य हुनु अघि मानिसलाई अल्लाहसँग मद्दत माग्नु पर्छ, अल्लाह माथी  भरोसा र उहाँसँगै माग्नु पर्छ।

नियति घटे पछिको अवस्था : जब कुनै कार्य व्यक्तिको नियतबिना पेश आउँछ  भने उसले त्यसमा धैर्य गर्नुपर्छ र त्यसमा सन्तुष्ट रहनुपर्छ। यदि त्यो उसको नियत र कर्मबाट प्राप्त भएको र त्यो उपकार हो भने अल्लाहको कृतज्ञता र प्रशंसा गर्नुपर्छ र यदि यो पाप मध्य छ हो भने अल्लाह सँग माफी माग्नुपर्छ।

**दोस्रो: शरयी आदेश निर्देशको सम्बन्धमा मानिसको अवस्था:**

कर्म पुर्वको अवस्था: आदेश पूरा गर्न दृढ संकल्प र अल्लाहसँग मद्दत माग्नु।

कर्म पछाडीको अवस्था: कमि र त्रुटिमा माफी माग्नु र उपकारमा कृतज्ञता प्रकट गर्नु।

माथिको बहसबाट एउटा व्यक्तिले भाग्य र ईश्वरीय आदेश सम्बन्धि सहि समझ र सत्कर्म हासिल गर्नसक्छ।

तसर्थ, एउटा मुस्लिमलाई ज्ञात होस् कि ऊ आफ्नो कार्य र विचलनको लागि जिम्मेवार छ। यदि ऊ योग्य ठहरिए उसलाई यस संसारमा दण्ड दिइनेछ र परलोकमा यदि अल्लाहले चाहे माफ र चाहे सजाय गर्न सक्नुहुन्छ । त्यसैले व्यक्तिले गुनाह गर्दा निकै डराउनु पर्छ।

**दोस्रो विषय: पारिवारिक दायित्व**

**प्रशिक्षणिक ज्ञानमा परिवार** भन्नाले एउटै ठाउँमा सँगै बस्ने र एक अर्कासँग आफन्तको सम्बन्धमा रहेको समूहलाई जनाउँछ( खालिद हामिद हाजमी अल-मुश्कलात अत-तर्बुयत अल-उस्रा ४)

आज मुस्लिम परिवारले बौद्धिक नैतिक र जटिल अवस्थाको सामना गरिरहेको छन। यस विश्वव्यापीकरण प्रभाव जसको उदेश्य दीन र नैतिकता सम्बन्धी सामूहिक भिन्नता र विशेषतालाई मेटाउने लक्ष्य रहेको छ।

यी चुनौतिहरूले आफ्ना बालबालिकाप्रति परिवारको शैक्षिक र प्रशिक्षणिक जिम्मेवारीलाई बढाएको छ। विशेष गरेर यस्तो युगमा जुन समय प्रिन्ट र इलेक्ट्रोनिक मिडियाले पूर्वदेखि पश्चिमसम्म आफ्नो विष फैलाइरहेछ, न बाटोको कठिनाइ न त दुरीको विशालता बाधा बनिरहेको छ। खासगरी यो विषलाई सञ्चारमाध्यमहरूले धेरै प्रभावकारी तरिका र शैलीमा फैलाउँदैछन् ।

थप, मुस्लिम परिवार विश्वव्यापी सामाजिक परिवर्तनबाट प्रभावित भएकाछन । महिलाहरु विभिन्न कार्य क्षेत्रमा प्रवेश गरिरहेकि छन। जस्तै: अफिस, पसल र कम्पनीमा महिलाको पुरुषसँग घुलमिल हुन्छ। यी सबै कारणहरूले मुस्लिम परिवारलाई विनाशको चेतावनी दिरहेको छ र यस्तो अवस्थामा व्यक्तिहरूप्रति यसको शैक्षिक दायित्व दोब्बर हुन्छ।

इस्लामले परिवारलाई घरका सदस्यहरूलाई तालिम दिने जिम्मेवारी सुम्पेको छ। पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: (तिमीहरू मध्ये प्रत्येक संरक्षक र आफू मातहतको जिम्मेवार हौं । इमाम संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो, व्यक्ति आफ्नो घरबारको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो , महिला आफ्नो लोग्नेको घरको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हुन( मुत्तफक अलैही १/२८५-२८५ हदीस नम्बर ८९३ मुस्लिम हदीस नम्बर १८२८)

यो हदीसले दृढतापूर्वक बताउँछ कि बच्चा, परिवार र अन्य नातेदारको दायित्व एउटा पुरुषको हो, जो उसको मातहतमा छन। महिला पनि घरका सदस्यहरुको जिम्मेवार हुन जो जिम्मेवारी बिना उम्कन सकिदैन । समग्रमा यी सबै अधिकारहरुको प्रशिक्षणिक अधिकार पनि रहेको छ। जस्तै अनुगमन गर्नु, मार्गदर्शन गर्नु ,सल्लाह दिनु र यो सबैलाई इस्लामिक विधि अनुसार गर्नु। जसको पहिलो चरण भनेको नेक सालेह बन्नु, उचित सल्लाह दिनु, उदाहरण बयान गर्नु, प्रोत्साहन गर्नु र डराउनु। र दोस्रो चरणमा अनुशासनात्मक कारबाही गर्नु हो। ।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا قُوا أَنْفُسَكُمْ وَأَهْلِيكُمْ نَارًا وَقُودُهَا النَّاسُ وَالْحِجَارَةُ عَلَيْهَا مَلَائِكَةٌ غِلَاظٌ شِدَادٌ لَا يَعْصُونَ اللَّهَ مَا أَمَرَهُمْ وَيَفْعَلُونَ مَا يُؤْمَرُونَ}[التحريم:6]

हे आस्थावानहरू हो ! बचाऊ स्वयंलाई र आफ्ना परिवारलाई नरकको आगोबाट जसको ईन्धन मानव एवं ढुङ्गा हुनेछन्, जसमाथि कठोर, प्रबल फरिश्ताहरू नियुक्त छन् जो अल्लाहले जे आदेश दिएका छन् त्यसको अवज्ञा गर्दैनन् र जे आदेश उनीहरूलाई दिइन्छ त्यसको पालना गर्छन् ।

इब्न अब्बास रजि ले यस आयतको अर्थ व्याख्या गर्दै भन्नुभयो: "अल्लाह तआलाको आज्ञा पालना गर,अल्लाहसँग डराउँ, आफ्नो परिवारका सदस्यहरूलाई जपको आदेश गर र अल्लाह तिमीहरुलाई आगोबाट बचाउनुहुनेछ( इब्न कसीर तफ्सीर अल-कुरआन अल-करीम ४२३३) हज्रत अली बिन अबी तालिब रजिले भन्नुभयो: अर्थात्, तिनीहरूलाई ज्ञान र अदब सिखाउँ (पूर्व सन्दर्भ)

परिवारलाई नर्कको आगोबाट बचाउनको लागि आदेश निर्देश र सल्लाह जस्ता अन्य शैक्षिक जिम्मेवारीहरूलाई पूरा गर्नुपर्नेछ। त्यसैले मुस्लिम परिवारले आफ्ना बालबालिका माथी ध्यान दिन, उनीहरूको निगरानी गर्नु र उनीहरूलाई सबै प्रकारका दुष्कर्महरूबाट टाढा राख्न अनिवार्य छ, जसले उनिहरुलाई नैतिक विचलनबाट बचाउँछ।

यस उम्माका धर्मी पुर्खालाई आफ्नो व्यक्तिगत जिम्मेवारी र यसको महत्त्वबारे राम्रो ज्ञान थियो। उमर बिन अब्दुल अजिजले प्रशिक्षणिक जिम्मेवारीको अध्यायमा हाम्रो लागी उम्दा उदाहरणहरू प्रस्तुत गरेका छन। उहाँले आफ्नो सन्तानको राम्रो प्रशिक्षण गर्नुभयो । एक पटक उहाँको छोराल्र एक हजार दिरहममा एउटा औंठीको गहना किनेको छ भन्ने उहाँले खबर पाउनु भयो । अनि उहाँले उसलाई एउटा पत्र लेखे जसमा भनिएको थियो ।तिमीले एक हजार दिरहममा गहना किनेको मैले सुनेको छु तिमि त्यसलाई बेचेर एक हजार भोकाहरूलाई खाना खुवाउ र चिनियाँ फलामको एउटि औंठी किन र त्यसमा यो लेख: अल्लाह त्यो मानिस माथी दया गरुन् जो आफ्नो सत्यता देखि अवगत छ ( इब्न जौजी सिरह व मनाकिब उमर बिन अब्द अल-अजीज ३१५)

बालबालिकाको प्रशिक्षणको सम्बन्धमा लापरवाही र बेवास्ता सामाजिक विकृति र व्यक्तिगत समस्याहरूको कारण हो। नैतिक विचलनले व्यक्तिको जीवनलाई दुःखी बनाउँछ, उसलाई निराश र दुःखी तुल्याउँछ, ऊ आफैंमा चूर-चूर हुन्छ र उसको मन दुखी र व्याकुल रहन्छ। किनभने ईख र वन्चितताको पीडा, अतृप्त इच्छा, असफल लोभ, परास्त महत्वाकांक्षा र घाइते हृदयको तीतोपनाले उसको बलियो मांसपेशिहरुलाई भाँचिदिन्छ ।

आजको परिवेशमा प्रशिक्षणिक जिम्मेवारीको महत्त्व बढेको छ; किनभने आज हाम्रो जीवन गलोबलाइजेसन,बौद्धिक युद्ध र विचलनमा घेरिएको छौ। द्रुत यात्रा र लाइभ स्ट्रिमिङका कारण दूरीहरू घटेका छन्।

## तेस्रो विषय: सामाजिक उत्तरदायित्व

अल्लाहले यो उम्मतलाई ठूलो विषेशता प्रदान गरेका छन र त्यो भनेको खैर उम्मा हो (सर्वश्रेष्ठ उम्माह हुनुको विशेषता) यसको माग भनेको " امر بالمعروف والنهى عن المنكر"को दायित्व पूरा गर्नु हो । अल्लाह तआला भन्नुहुन्छ:

{كُنتُمْ خَيْرَ أُمَّةٍ أُخْرِجَتْ لِلنَّاسِ تَأْمُرُونَ بِالْمَعْرُوفِ وَتَنْهَوْنَ عَنِ الْمُنكَرِ وَتُؤْمِنُونَ بِاللهِ وَلَوْ آمَنَ أَهْلُ الْكِتَابِ لَكَانَ خَيْرًا لَّهُم مِّنْهُمُ الْمُؤْمِنُونَ وَأَكْثَرُهُمُ الْفَاسِقُونَ}[آل عمران:110]

तिमीहरू उत्तम समुदाय हौ जसलाई मानवजातिका निम्ति पठाइएको छ। तिमीहरू सत्कर्मको आदेश दिन्छौ दुष्कर्मबाट रोक्छौ र अल्लाहमाथि ईमान (आस्था) राख्छौ।

यस आयतमा भनिएको छ कि यो उम्मा तबसम्म प्रशंसनीय छ जबसम्म "امر بالمعروف ونهى عن المنكر " को कर्तव्य पूरा गर्न जारी राख्नेछ र यससँग जबसम्म जोडिएको हुनेछ । जब यस उम्माले " امر بالمعروف ونهى عن المنكر" को कर्तव्यलाई छाड्नेछ यो उम्माह देखि यो विशेषता समाप्त हुनेछ। जो कोहि पनि यी विशेषताले भरिपूर्ण हुनेछ यी सबै ती भाग्यशालीमा गनिने छन जस्तो कि कतादा भन्नुहुन्छ: हामीलाई थाहा भयो कि जब हज्रतु उमर बिन अल-खत्ताबले हजको यात्रामा मानिसहरूमा आलस्य र अल्छीपना देख्नु भयो। उहाँले कुरआनको यो आयत पढ्नु भयो र त्यसपछि भन्नुभयो: जो यस उम्मामा सम्मिलित हुन पाउँदा खुसी छ उसले अल्लाहको यो सर्त पूरा गर्नुपर्छ र जो यो सर्तको भागेदार छैन त्यो व्यक्ति अल्लाहले निन्दा गरेको किताबीहरू जस्तै हो (कुतुबी जामे लिअहकाम अल-कुरआन ४/१११)।

अल्लाहले यस उम्मामालाई अन्य उम्माहरु भन्दा यो उत्कृष्टता र श्रेष्ठता यिनै कारणहरूले दिनुभएको हो, यो मानिसहरूका लागि उत्तम समुदाय हो; किनभने यसले भलाइ, परोपकार, निमन्त्रणा,उपदेश, शिक्षा र असललाई आदेश दिने र खराबलाई निषेध गर्ने कर्तव्यहरू गर्दछ (अब्द अर रहमान अस-सअदी तैसीर अल-करीम अर रहमान फि तफ्सीर कलाम अल मनान १/२६२)।

यसैले अल्लाहले यस उम्मामालाई आदेश दिनुभएको छ कि यसमा एउटा समुह असल कुराको आज्ञा र नराम्रो कुरालाई रोक्न समर्पित होस्। अल्लाह तआला भन्नुहुन्छ:

{وَلْتَكُن مِّنكُمْ أُمَّةٌ يَدْعُونَ إِلَى الْخَيْرِ وَيَأْمُرُونَ بِالْمَعْرُوفِ وَيَنْهَوْنَ عَنِ الْمُنكَرِ وَأُوْلَـئِكَ هُمُ الْمُفْلِحُونَ}[آل عمران:104]

तिमीहरूमध्येबाट एउटा यस्तो समूह अवश्य हुनुपर्छ जसले भलाईतर्फ बोलाओस्, सुकर्मको आदेश देओस् र दुष्कर्मबाट रोकोस्। र, यी नै मानिसहरू सफल हुनेछन्।

इस्लाम समाजलाई आफ्नो क्षमता अनुसार मात्र बाध्य तुल्याउँछ, पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले शक्ति र क्षमता अनुसार पारस्परिक सल्लाहको स्तर निर्धारण गरेको छन।

इस्लाम समाजलाई आफ्नो क्षमता अनुसार मात्र बाध्य तुल्याउँछ, पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले शक्ति र क्षमता अनुसार पारस्परिक सल्लाहको स्तर निर्धारण गरेका छन। रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो:

तिमीहरु मध्य कसैले कुकर्मलाई देख्छौं भने आफ्नो हातले रोक, यसको ताकत छैन भने मुखले र यसको पनि शक्ति छैन भने मनले यसलाई गलत बुझ र यो ईमानको तल्लो दर्जा हो।

सामाजिक जिम्मेवारी केवल नकारात्मकताको उन्मूलनले मात्र समाप्त हुदैन यसमा पुऱ्याउने कारकहरुलाई समाज देखी समाप्त पार्ने कोसिस गर्नुपर्छ। यी प्रयास मध्य एक गरिबको मद्दत गर्नु रहेको छ ताकि उसको नफ्स अम्मारा नैतिक विचलनको फाइदा उठाउदै चोरी, जालसाजी र अन्य अपराध गर्न देखी बचोस।

अल्लाह तआलाले धैरै आयतहरूमा धन खर्च गर्न आदेश दिएका छन्, ती मध्ये यो एउटा आयत यो हो: सुरह आल इम्रान

{لَن تَنَالُواْ الْبِرَّ حَتَّىٰ تُنفِقُواْ مِمَّا تُحِبُّونَ وَمَا تُنفِقُواْ مِن شَيْءٍ فَإِنَّ اللّهَ بِهِ عَلِيمٌ}[آل عمران:92]

तिमीहरू तबसम्म पुण्य प्राप्त गर्न सक्दैनौ जबसम्म आफ्ना प्रिय वस्तुहरूमध्येबाट खर्च गर्दैनौ। र, तिमीहरू जुन वस्तु खर्च गर्छौ अल्लाह त्यो राम्ररी जान्दछन्।

जब अबू तल्हाले यो आयत सुने उनले तुरुन्तै यसलाई अनुसरण गर्दै एउटा अद्वितीय उदाहरण स्थापित गरे। अनस बिन मालिक रजि यस घटनालाई बयान गर्दै भन्नुहुन्छ: मदीनामा अनसार मध्य सबैभन्दा धैरै खजूरका बगैंचा अबू तल्हासँग थियो र उहाँलाई ति बगैंचा मध्ये सबैभन्दा प्रिय बीरहा नामी बगैंचा थियो,जो मस्जिदे नबवी अगाडी थियो। रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लम त्यहाँ प्रवेश गर्नुहुन्थ्यो र मीठो पानी पिउनुहुन्थ्यो तर जब यो आयत प्रकट भयो, तब अबू तलहा उठे र भने, "हे अल्लाहको रसूल! मलाई सबैभन्दा धैरै प्रिय बिरहा नामि बगैंचा छ म यसलाई अल्लाह तआलाको सामु भण्डार गर्छु र भलाइको आशा गर्छु, हे अल्लाहका रसूल! अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम ले भन्नुभयो: बधाई छ यो धैरै लाभदायक धन हो, यो धैरै लाभदायक धन हो बुखारी ३/ २०९ हदीस नम्बर ४५५४)।

## चौथो विषय: सरकारको दायित्व

समाज र सोसाइटी बिना सरकारको सभ्य हुनसक्दैन र सरकार बिना शासकको मजबुत हुनसक्दैन । शासक देश हाक्छ र अल्लाहका आदेशहरुको पालना गराउँछ, शासकको मामिलाहरु त्यो सरकार मार्फत दुरुस्त हुन्छन् जो आफ्नो उत्तरदायित्वमा दृढ़ छ,जहाँ शासकको आज्ञाकारिता, परोपकार, इमान्दारिता र अन्य अधिकारहरू पनि पुरा गरिन्छ साथै यसैगरी समाजको अधिकार पनि पूरा गरिन्छ , जस्तै: प्रशिक्षण,दंगा फसाद र अहिंसाको उन्मूलन।

खराब नैतिकतालाई हटाउनु र त्यस विरुद्ध अगाडी आउनु अमीरको जिम्मेवारी हो। अमीरमा दुई प्रकारका व्यक्तिहरू समावेश छन्: उलमा र शासक यसमा राजाहरू र सरकारका नजिकका व्यक्तिहरू समावेश छन्, जसको अधीनमा केही व्यक्तिहरू हुन्छन् ती सबै उलिल-अम्रमा प्रछन। तिनीहरूमध्ये प्रत्येकलाई امر بالمعروف ونہی عن المنکر को जिम्मेवारी ग्रहण गर्न जरुरी छ ( इब्ने तैमियस अम्र बिल-मअरूफ व नही अनिल मुन्कर ६८ )।

शासकसँग सरकारको अमानत कार्यान्वयनको बारेमा प्रश्न गरिनेछ: रसूलुल्लाहले भन्नुभयो: ( तिमीहरू मध्ये प्रत्येक संरक्षक र आफू मातहतको जिम्मेवार हौं । इमाम संरक्षक र आफ्नो प्रजाको लागि जिम्मेवार छ बुखारी १/२८४-२८५ हदीस नम्बर ८९३ मुस्लिम ३/१४५९ हदीस नम्बर २०/ १८२९)॥ र पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: प्रजाको जिम्मेवार व्यक्तिको आफ्ना प्रजाहरूलाई धोका दिएको अवस्थामा मृत्यु हुन्छ भने, अल्लाह उसमाथि जन्नतलाई हराम गरिदिनुहुन्छ ( मुस्लिम १/२२५ हदीस नम्बर १४२-२७७ )। अर्को हदीसमा भन्नुहुन्छ : कोइ अमीर जो मुसलमानको जिम्मेवारी आफ्नो काँधमा लिन्छ र फेरि तिनीहरुको लागी कोसिस र भलाइ गर्दैन भने ऊ उनिहरुसँग जन्नतमा प्रवेश गर्नेछैन ( पूर्व सन्दर्भ १/१२६ नम्बर १४२-२२९) । र रसूलुल्लाहले अबुजरलाई सरकारको दायित्व सम्बन्धि भन्नुभयो :

(يا أبا ذر! إنك ضعيف وإنها أمانة، وإنها يوم القيامة خزي وندامة إلا من أخذها بحقها، وأدى الذي عليه فيها).

अनुवाद: हे अबू जर ! तिमी कमजोर छौ र यो एउटा अमानत हो र न्यायको दिन यो लज्जा र अपमानको कारण बन्नेछ, तर जसले यसलाई सत्यता अनुसार स्वीकार गर्यो र आफूमाथि आएको जिम्मेवारीलाई पूरा गर्यो, (त्यो लज्जा र अपमानबाट अलग रहनेछ ) पूर्व सन्दर्भ ३/१४५७ नम्बर १६/१८२५)।

एउटा शासकमा हुनुपर्ने केही विशेषताहरुको विवरण:

१- धर्मका सिद्धान्तहरू र ती मामिलाहरुको रक्षा गर्नु जसमा सलफहरु सहमत छन।

२-आपसी झगडामा गिरफ्तार बीच न्याय कायम गर्नको लागी दण्डलाई लागू गर्नु ताकी न्यायको स्थापना होस् ,उत्पीडकले दमन नगरोस् र कमजोरलाई कमजोर नठानियोस।

३- जान,मालको सुरक्षा र पवित्र चीजहरूको रक्षा गर्नुपर्छ ताकि मानिसहरू आफ्नो जान मालमा कुनै प्रकारको खतरा महसुस नगरी शान्तिपूर्ण रूपमा आफ्नो जीविकोपार्जनको लागि मेहनत गर्न सकून्।

४-दण्ड लागू गर्नु ताकि अल्लाहको अधिकारहरूको उल्लङ्घन नहोस् र मानिसको अधिकारलाई हानि र बर्बादीबाट सुरक्षित राख्न सकियोस्।

भ्रष्टाचार बिनै बैत-अल-मालको हिसाबकिताब गर्नु र ढिला नगरी सममै अदा गर्नु (मावरदी अल-अहकाम अल-सुल्तानी १८)।

सरकारको एउटा ठूलो जिम्मेवारी भनेको सद्गुण फैलाउनु र दुर्गुणलाई हटाउनु हो। यो तब मात्र सम्भव छ जब शरियतको ज्ञान फैलाइन्छ र विचलनमा संलग्नलाई दण्ड र सजाय दिइन्छ।

दण्डहरु ती माथी लागू हुन्छन् امر بالمعروف ونہی عن المنکر विपरीत गर्छ ( महफुज इब्राहिम फर्ज अल-अकूबत अंश-सरि अल-इस्लामी १९ )।

हुदूद: यस्ता दण्डहरू हुन, जुन अल्लाहको खातिर तोकिएको छ ( शौकानी नैलुल औतार ७/८७ ) जस्तै व्यभिचार, लवितित, चोरी, मादकता, विद्रोह, धर्मत्याग र नाहक युद्ध।

तअजीर भन्नाले गुनाहमा दिइने अनुशासनात्मक सजाय जसको हद साबित छैन। यो सजा गुनाहको हिसाबले फरकफरक हुन्छ र यो हदसँग मिल्दोजुल्दो छ। मिल्दोजुल्दो यस् अर्थमा कि यो सजा सुधार र डराउन दिइन्छ र गुनाहको हिसाबले यो हुदुद देखी फरक छ ( मावरदी अल-अहकाम अल-सुल्तानी २९३)।

यदि सरकार शरयी दण्डको कार्यान्वयन र امر بالمعروف ونہی عن المنکر को आफ्नो जिम्मेवारीलाई पूरा गर्ने हो भने सामाजिक मामिलाहरू दुरुस्त हुनेछन् र विचलित मानिसहरू सही बाटोमा फर्कनेछन् र यदि सरकारले यो जिम्मेवारीलाई बेवास्ता गर्ने हो भने समाजका सदस्यहरूबीच दंगा मच्चिन्छ, नैतिक भ्रष्टाचार मौलाउँछ, त्यसैले इस्लामिक राष्ट्रका सरकार माथी सुम्पिएको सबै जिम्मेवारीलाई पूर्ण रुपमा पूरा गर्न अनिवार्य छ।

नबी सल्लल्लाहु अलैही वसल्लमले हद कार्यनयन नगर्नेको खतराहरू वर्णन गर्दै भन्नुभयो: (अल्लाहको हुदूदहरूको पालन गर्ने र तिनीहरूलाई उल्लङ्घन गर्नेहरूको उदाहरण ठिक तिनीहरुको जस्तै छ,जसले एउटा डुङ्गाको सिलसिलामा गोला पदार्थ गरे, जसको नतिजामा केहिलाई माथीको हिस्सा त केही लाई तल्लो भाग हासिल भयो। जो तलको भागमा थिए पानी लिन बारम्बार जादा माथी रहेकालाई समस्या हुन्छ किन तलनै दुलो नगर्ने ? यदि माथिकाले पनि तलकालाई मनपरि गर्न दिने हो भने डुङ्गामा सवार सबै दुर्घटना हुन्छन् यदि माथीकाले तलकाको हात समाउने हो भने आफू समेत सबै बच्नेछन ( बुखारी २/ २०५-२०६ हदीस नम्बर २४९३ )।

योग्य र काबिल मानिसहरूलाई जिम्मेवारी सुम्पनु सरकारको दायित्व हो। ( प्राणीहरू अल्लाहका बन्दा हुन् र अधिकारीहरू उहाँका सेवकहरूमाथि उहाँको आदेश लागू गर्नेहरू हुन्,साथै सेवकहरूका वकील पनि हुन्। जस्तै दुई साझेदारहरू एकअर्काका वकिल हुन्, त्यसैले यसमा अभिभावकत्व र वकालत दुवैको अर्थ पाइन्छ, फेरि यदि एउटा संरक्षक र वकिलले आफ्नो मामिलामा अर्को व्यक्तिलाई आफ्नो सहायक बनाउनु र व्यापार वा जग्गाको मामिलामा ऊ भन्दा योग्यलाई छोड्दिनु र उसले त्यो वस्तुलाई कम मुल्यमा बिक्री गऱ्यो जबकी उसलाई यो भन्दा राम्रो मुल्य दिने अन्य थिए, यो साथी सँग विश्वास घात हो ( इब्ने तैमिया अंश-सियास अंश-सरयी १४ )।

जबसम्म मुस्लिम शासकले यो दायित्वलाई पूरा गरे मुस्लिमहरूको अवस्था ईर्ष्याजनक रह्यो, उनीहरूको नैतिकतामा थोरै पनि विचलन थिएन । उमर बिन खत्ताब रजि रातीमा गस्ती लगाउनु हुन्थ्यो र स्वयम मदीनाहको गल्लीमा आफैं गस्तीमा निस्कनु हुन्थ्यो, ताकी मुसलमानहरुको अवस्था देखी सचेत रहन सकियोस्, वञ्चितलाई र उत्पीडितहरूलाई मद्दत गर्न सकियोस् र उत्पीडकहरूलाई गिरफ्तार गर्न सकियोस् ( विस्तृतको लागी हेर्नुस तारिख उमर बिन खत्ताब इब्न जौजी ११३-११३)।

जुन सरकार शरयी हदबन्दी र امر بالمعروف والنہی عن المنکر मार्फत भलाइको प्रचारप्रसारको दायित्व पूरा गर्ने हो भने प्रजाको हृदयमा यी हुदूदहरूप्रति सम्मान जागृत गर्नेछ, नैतिक विचलन र दुष्कर्महरूबाट दुरी र नैतिक सद्गुणहरूप्रतिको माया जाग्नेछ, अपराधले समाजमा खुट्टा जमाउन बाटो भेटाउनेछैन, किनकि जब समाजमा दुष्टता र विकृतिको बाटो साँघुरो हुन्छ, तब अवस्य पनि भलाइको बाटो खुल्छ र सद्गुणहरू फराकिलो हुनेछन् र मानिसहरू इस्लामी नैतिकतामा भरिपुर्ण सुखी जीवन बिताउनेछन्।

यहाँ एउटा कुरा स्पष्ट गर्न जरुरी छ, त्यो भनेको जब शासकले आफ्नो प्रजामाथि दमन गर्छ त्यसमा मुसलमानले धैर्यता राख्नुपर्छ अवज्ञा र विद्रोह मार्फत प्रतिस्पर्धा गर्नु हुदैन। किनभने विद्रोह र अवज्ञा मुस्लिमहरूका लागि सरासर एउटा समस्या हो। जब कहिल्यै पनि कुनै समुदायले आफ्ना शासकहरू विरुद्ध विद्रोह गरेको छन त्यहाँ अराजकता फैलिएको छ। रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: ( यदि तिमीहरुले म पछि अरुलाई आफू भन्दा बढी प्राथमिकता दिएको पायौं भने, तब सम्म धैर्य गर जब सम्म तिमी मलाई हौजे कौसरमा भट्दैनौं)( मुस्लिम३/१४७४ हदीस नम्बर १८४५-४८)।

एकजना मानिसले पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमसँग सोध्यो, हामीसँग आफ्नो अधिकार माग्ने र हामीलाई हाम्रो अधिकार नदिने शासक हामीमाथि थोपियो भने तपाई हामीलाई के गर्न आदेश दिनुहुन्छ ? उहाँले कुनै जवाफ दिनुभएन, त्यसपछि फेरि सोध्दा पनि उहँले कुनै जवाफ दिनुभएन, त्यसपछि उसले तेस्रो पटक सोध्यो , तब अस्अत बिन कैसले प्रश्नकर्तालाई ताने र भने (आज्ञापालन गर्नु तिनीहरूमाथि तिनीहरुको जिम्मेवारी छ र तिमी माथी आफ्नो जिम्मेवारी ) ( मुस्लिम ३/१४७४-७५ ) हदीस नम्बर १८४६-४९) ।

## पाँचौ विषय: प्रशिक्षणिक वातावरणको जिम्मेवारी

प्रशिक्षणिक संस्थाहरू भन्नाले प्रशिक्षण र सुधारको लागी निर्माण गरिएका ठाउँहरुलाई बुझाउँछ। जस्तै मदरसा, मस्जिद, सामाजिक पर्यवेक्षण केन्द्रहरू, बाल हेरचाह केन्द्रहरू र जेलहरू आदि। नैतिक विचलन हटाउन र रोक्नको लागि यी संस्थाहरुको धेरै महत्त्वपूर्ण र प्रभावकारी भूमिका छ। किनभने यहाँ उच्च नैतिकताको तालिमको आयोजना गरी नैतिक विकृतिको शिकार भएकाहरूलाई सहि मार्गमा ल्याउने प्रयास गरिन्छ।

यी संस्थाहरू माथी आफ्ना बालबालिकाहरूबाट नैतिक विचलन र दुर्गुणहरू हटाएर उनीहरूलाई नैतिकवान बनाउने जिम्मेवारी हुन्छ । रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: तिमिहरु सबै संरक्षक र आफ्ना मातहतका जिम्मेवार हौं । तसर्थ, शिक्षक कक्षाकोठामा आफ्ना विद्यार्थीहरूको निगराह हो, मस्जिदको इमाम त्यो मस्जिदका मुसल्लीहरुको निगराह हो, उसले वस्तीमा नियालेर त्यहाँ पाइने नैतिक विकृतिहरूलाई प्रवचन, सल्लाह र बुद्धिमताको साथ हटाउने प्रयास गर्नुपर्छ र यो काम शुक्रबारको दिन जुमाको प्रभावकारी खुत्बाको माध्यमबाट उपयुक्त हुन्छ। जुन प्रवचनमा प्रोत्साहन ,धम्की, उद्देश्यपूर्ण सत्य घटना, किताब र सुन्नतबाट लिइएको उदाहरणहरू पेश गर्नुपर्छ र खराब नैतिकताकाको कारण समाजमा उत्पन्न हुने घटना र दुर्घटनाहरू पनि उल्लेख हुनुपर्छ ।

कारागारको संरक्षक (जेलर) कैदीहरूको जिम्मेवार हो, उसले तिनीहरूको रेखदेख गर्नुपर्छ, उनिहरुमा राम्रो नैतिकताको विकास गर्नुपर्छ, विचलनहरू बारे सचेत गराउनु पर्छ, सहि सल्लाह दिनु पर्छ, सही मार्गनिर्देशन र उनीहरूलाई शिक्षित बनाउनु पर्छ जसले नैतिक कमजोरी र अशिक्षाको अन्धकारलाई हटाउन सकोस् ।

त्यसैगरी, सामाजिक हेरचाह केन्द्र र बाल केन्द्रका जिम्मेवार पनि ती बालबालिका जिम्मेवार हुन र बालबालिका अध्यात्मिक सन्तान हुन। यश सम्बन्धमा अल्लाह तआलाले सद्भाव, दया र सहयोगको आदेश दिनुभएको छ, अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ :

{ وَتَعَاوَنُواْ عَلَى الْبرِّ وَالتَّقْوَى وَلاَ تَعَاوَنُواْ عَلَى الإِثْمِ وَالْعُدْوَانِ وَاتَّقُواْ اللّهَ إِنَّ اللّهَ شَدِيدُ الْعِقَابِ}[المائدة:2]

पुण्य एवं ईशभयको कार्यमा आपसमा सहयोग गर र पाप एवं अत्याचारको कार्यमा परस्पर सहयोग नगर । र, अल्लाहको भय राख । निस्सन्देह अल्लाह कठोर दण्डदाता हुन् ।

रसूलुल्लाहले प्रजालाई धोका दिने शासकको दण्डको वर्णन गर्दै भन्नुहुन्छ। यस्तो व्यक्ति जसलाई अल्लाहले प्रजाको जिम्मेवार बनाउनु भयो र त्यसको मृत्यु प्रजा सँग धोकाको अवस्थामा हुन्छ भने अल्लाह उस माथी स्वर्ग हराम गरिदिनु हुनेछ ( मुस्लिम १/१२५ नम्बर १४२-२२७)।

जिम्मेवारीमा विश्वासघातबारे जुन सजाय सुनाएको छ यसले यो कुरा तर्फ ध्यानाकर्षण गराउँछ कि जो कोहि पनि मुसलमानको कुनै पनि मामिलाको जिम्मेवार बन्छ ऊ खतराको छेउमा हुन्छ। चाहे ऊ हाकिम होस् , शिक्षक होस् अथवा अधिकारी होस। निस्सन्देह पनि जनताको जिम्मेवारी स्वीकार गर्न सजिलो छैन, इस्लामिक शिक्षा अनुसार यो

एउटा अमानतको ठूलो भारिलाई स्वीकार गर्नु हो जुन कार्य र जिम्मेवारी मानवलाई सुम्पिएको छ। त्यसलाई इमानदारी पुर्वक पूरा गर्नु त्यसमा लापरबाहीले काम न लिनु रहेको छ। अल्लाह तआलाले यो अमानतको दायित्वलाई पूरा गर्न सुरह निसामा आदेश दिनुभएको छ।

{إِنَّ اللّهَ يَأْمُرُكُمْ أَن تُؤدُّواْ الأَمَانَاتِ إِلَى أَهْلِهَا وَإِذَا حَكَمْتُم بَيْنَ النَّاسِ أَن تَحْكُمُواْ بِالْعَدْلِ إِنَّ اللّهَ نِعِمَّا يَعِظُكُم بِهِ إِنَّ اللّهَ كَانَ سَمِيعًا بَصِيرًا}[النساء:58]

(हे आज्ञाकारीहरू हो!) अल्लाहले तिमीहरूलाई अमानत (नासो) हरू तिनीहरुका अधिकारीहरुलाई सुम्पने र मानिसहरूबीच फैसला गर्दा न्यायकासाथ फैसला गर्ने आदेश दिन्छन् ।

अल्लाह तआला सुरह अन्फालमा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ لاَ تَخُونُواْ اللّهَ وَالرَّسُولَ وَتَخُونُواْ أَمَانَاتِكُمْ وَأَنتُمْ تَعْلَمُونَ}[الأنفال:27]

हे आस्थावानहरू हो ! जानी–जानी अल्लाह एवं रसूलसँग विश्वासघात नगर र न आफ्नो अमानत (नासो) हरूको खयानत (हिनामिना) नै गर ।

यदि प्रशिक्षणिक संस्थाले प्रशिक्षणको जिम्मेवारी पूरा गर्दैनन्  भने प्रशिक्षण कार्य कमजोर हुन्छ र त्यो प्रशिक्षणिक जिम्मेवारी असफल हुन्छ, जसको उदेश्य मातहतहरुमा गुण सिर्जना गर्ने र नैतिक खराबी र विचलनहरू हटाउनु हो। नतिजा समाजमा लुटपाट,चोरी, डकैती र मानव अधिकार र उल्लङ्घनको उलंघन फैलन्छ। आज हाम्रो समाज जुन नैतिक संकटको सामना गरिरहेको छ यसको जिम्मेवारी प्रति अरुचि हुनु एउटा ठूलो महत्त्वपूर्ण कारण हो। फलस्वरूप एउटा खोक्रो र कमजोर प्रशिक्षण आउँदैछ, जस मार्फत मानिसले आफ्नो इच्छा, जोस र दुष्टताको आक्रमणको सामना गर्न सक्दैन। यहीँ कारण मुस्लिम संघ संस्थाले आफ्नो जिम्मेवारीको दायित्वलाई बुझ्न् जरुरी छ र विनाशलाई उन्मुलन र श्रेष्ठताको प्रचारप्रसारमा पुरै शक्तिलाई लगाउन जरुरी छ ।

## अध्याय पाँच:

## नैतिक दुष्टताको इस्लामिक विधि अनुसार उपचार

हरेक रोगको उपचार छ, जुन कुरा कतिपयलाई थाहा छ र कतिपयलाई थाहा छैन, नैतिक खराबीको उपचार इस्लामी तरिकामा छ उपलब्ध रहेको छ , यहाँ यस्ता शिक्षा,विधि र दिशानिर्देशहरु छन् जसले मृत हृदयलाई नयाँ जीवन दिन्छ, नैतिकताले भरिपूर्ण जीवन दिन्छ,सद्गुण र पूर्णताले पृथ्वीलाई भरिभराउ गरिदिन्छ । तल खराब नैतिकताको उपचारका विधिहरू बयान गरिदै छन्।

### पहिलो विषय: शरिया ज्ञानको प्रचारप्रसार

कुनै पनि ज्ञान प्राप्तिको उत्कृष्टता सम्बन्धित ज्ञानको उत्कृष्टताले निर्धारण गर्छ, ज्ञानको लाभ नैतिक र व्यवहारको प्रभावमा लुकेको हुन्छ, (सर्वश्रेष्ठ र उत्तम ज्ञान भनेको धर्मको ज्ञान हो; किनभने यसलाई जान्दा मानिसहरू मार्गनिर्देशन हुन्छन र अज्ञानताको कारण अल्लाह देखि मार्गनिर्देशीत हुन सक्दैनन् (मावरदी अदब अद-दुनियाँ व अद-दीन २८) ।

ज्ञानद्वारा मानिसलाई अल्लाहका आज्ञाहरू थाहा हुन्छ र त्यसको पालना गर्छ र निषेधहरूबाट पनि जानकार हुन्छ अनि त्यसबाट रोकिन्छ । सबैभन्दा सर्वश्रेष्ठ र उत्तम ज्ञान भनेको सरियतको ज्ञान हो । यो बाहेक अन्य सबै ज्ञान सहायक ज्ञान् हुन । यहीँ त्यो ज्ञान हो जसले भक्तलाई आफ्नो मालिकको नजिक ल्याउँछ, सद्गुणहरूको प्रशंसा तर्फ र त्यसको पालना गर्न प्रोत्साहन गर्छ, गुनाह देखि टाढा राख्छ र अनैतिकता र अहिंसा प्रति घृणा सिर्जना गराउँछ। यहीँ कारण अल्लाह सँग सबैभन्दा धेरै डराउने र दुष्टता देखि टाढा रहने केवल उलमानै हुन्छन् । अल्लाह तआलाले यसलाई सुरह फातिरमा यसरी भनेका छन्।

{ﮋذَٰلِكَ إِنَّمَا يَخْشَى اللَّهَ مِنْ عِبَادِهِ الْعُلَمَاءُ }[فاطر:28]

अल्लाहसित केवल उनका ज्ञानवान भक्तहरू डराउने गर्छन् ।

एउटा व्यक्तिले अल्लाहलाई जति धेरै चिन्छ, ऊ त्यतिनै धेरै अल्लाहसँग डराउँछ र यो डरले उसलाई पाप गर्नबाट रोक्छ र अल्लाहसँग भेट्न तयार गर्छ। यो ज्ञानको श्रेष्ठताको प्रमाण भनेको यो ज्ञान अल्लाह सँग डराउने तर्फ बोलाउँछ (अब्दुर रहमान सअदी तैसिर अल-करीम अर-रहमान फि तफ्सीर अल-कलाम अल-मनान४/२१६)।

इब्न कैयीम भन्नुहुन्छ: ज्ञान जीवन र प्रकाश हो, अज्ञानता मृत्यु र अन्धकार हो,सबै खराबीको जरा मृत्यु र अन्धकार हो र सबै सत्कर्मको कारण प्रकाश हो ( इब्न कैयीम दार अस-सआदत १/५२)। किताब र सुन्नतको नूर भन्दा राम्रो कुनै नूर छैन, यसले हृदयलाई जीवन दिन्छ, जसरी अल्लाह तआला सुरह अन्फालमा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ اسْتَجِيبُواْ لِلهِ وَلِلرَّسُولِ إِذَا دَعَاكُم لِمَا يُحْيِيكُمْ وَاعْلَمُواْ أَنَّ اللهَ يَحُولُ بَيْنَ الْمَرْءِ وَقَلْبِهِ وَأَنَّهُ إِلَيْهِ تُحْشَرُونَ}[الأنفال:24]

हे आस्थावानहरू हो ! अल्लाह र रसूलका आदेशहरुलाई स्वीकार गर जबकि रसूलले तिमीहरूलाई यस्तो कार्यकालागि बोलाउँछन् जसले तिमीहरूलाई (अनन्त) जीवन प्रदान गर्छ । जानिराख अल्लाह मानिस तथा उसको हृदयबीच पर्दा बन्न पुग्छन् । र, यो पनि जानिराख तिमीहरू उनकैसामु एकत्रित गरिनेछौ ।

यसको अर्थ भनेको आज्ञाहरू र अनाज्ञाकारिताको पालना र स्वीकार गर्नु हो जसमा अनन्त जीवन र अनन्त आनन्द छन ( कुर्तुबी जामे लिअहकाम अल-कुरआन ७/२४७)।

सबैभन्दा राम्रो उपचार जो परिवार, मदरसा र अन्य शैक्षिक संस्थाहरुले प्रदान गर्न सक्छन् त्यो शरयी ज्ञान् हो, जसले नैतिक विकृतिहरू हटाएर र नैतिक सद्गुणहरूलाई बढावा दिन्छ, त्यसैले शरयी ज्ञान केवल शरयी ज्ञानका विद्यार्थीमा सिमित नहोस्,जस्तो कि इस्लामी समाजका धैरै संस्थाहरुको अवस्था छ,किनकि यो नै समाधान र निको पार्ने उपचार हो। धैरै संख्यामा लागूपदार्थ दुर्व्यसनीहरु धार्मिक ध्यानाकर्षण र मार्गदर्शनको कारणले लागू औषध त्यागेका छन् जुन कुरालाई विभिन्न अनुसन्धानले प्रमाणित गरेको छ ( हेर्नुस दिरास अल-जवानिब अल-इज्तिमाई जाहिरत अल-ईद्मान सैयद मुतवल्ली ईसमावी २/२०८) र किताब सुन्नतमा विश्वासको कारण हाम्रो लागी यो प्रमाणित कुरा हो।

यदि स्कुल मदर्सामा शरयी ज्ञानको व्यवस्था छैन भने, अभिभावकले आफ्ना छोराछोरीहरूलाई पर्याप्त शरियी ज्ञान दिएर यो कमीलाई पूरा गर्ने प्रयास गर्नुपर्छ ताकि उनीहरूलाई धर्मको आधारभूत र आवश्यक जानकारी हासिल होस्, र आदेश्कर्ताले केको आदेश दिएको छन र के देखी मनाही गरेको छन त्यसबाट जानकार रहुन, कुनै पनि मुस्लिम परिवार र कुनै पनि मुस्लिमले इन्जिनियरिङ, भौतिक विज्ञान र कृषि जस्ता सान्दर्भिक विषयमा शरियतको ज्ञान सिकाउँदैनन् भन्ने बहाना नगरुन, मानिस माथी यति धार्मिक ज्ञान् हासिल गर्न गर्नु अनिवार्य छ जतिले उसलाई धर्मप्रतिको अज्ञानतालाई हटाउँन सकोस् ।

एउटा अध्यनले शिक्षितभन्दा अशिक्षित मानिसहरुमा लागुऔषधको लत बढी रहेको देखाएको छ, यस अध्ययन अनुसार ७० प्रतिशत अशिक्षित मानिस यसमा संलग्न छन् (दिरास अल-जवानिब अल-इज्तिमाई जाहिरत अल-ईद्मान सैयद मुतवल्ली ईसमावी २/८२)।

लागूऔषध प्रयोग गर्नुको एउटा कारण भनेको त्यसको वास्तविकता र फाइदाको गलत धारणा पाल्नु हो। ठूलो संख्यामा लागूपदार्थ प्रयोगकर्ताहरू विश्वास गर्छन् कि यसले काममा जोश र सहकर्मीहरू बीच लडाइँ झगडा कम सिर्जना गर्छ ( पूर्व सन्दर्भ २/१२७)।

## दोस्रो विषय: राम्रो संगत

नैतिकतालाई प्रभाव पार्ने महत्त्वपूर्ण कारकहरू मध्ये एउटा राम्रो संगत हो, जसले एउटा व्यक्तिलाई सहि तर्फ मार्गदर्शन गर्छ, उसलाई त्यो कुरा कार्यनयन गर्न प्रोत्साहित गर्छ, उसलाई खराबबाट डराउँछ र खराब बाटो पछयाउन देखी घृणा दिलाउँछ। रसूलुल्लाहको यो भनाइ एउटा जिउँदो उदाहरण हो। उहाँले भन्नुभयो: एउटा राम्रो साथी र खराब साथीको उदाहरण कस्तुरी बेच्ने र भट्टि जलाउने जस्तै हो। कस्तुरी बेच्नेवालाले तपाईलाई कस्तुरी उपहार दिने छ अथवा तपाईं ऊ सँग किन्नु हुने वा यसलाई सुँघ्नुहुनेछ, र भट्टी जलाउनेवालाले तपाइँको कपडा जलाइदिनेछ वा तपाइँ दुर्गन्धित हुनुहुनेछ।

मानिस आफ्नो मित्रको धर्ममा हुन्छ, त्यसैले तपाईहरु मध्ये प्रत्येकले को संग मित्रता छ त्यसमा ध्यान दिन जरुरी छ।

त्यसैले नैतिक विचलनहरू हटाउन, त्यसबाट बच्न, वा नैतिक पक्षलाई उजागर गर्नको लागी असल र सद्गुणी साथीक छनौट महत्त्वपूर्ण छ; (किनभने सद्गुण खोज्नेले सद्गुण भएकाहरूसँगै संगत गर्छ र तिनीहरुलाई साथी बनाउँछ जो सद्भाव, धैर्यता र निष्ठाको प्रतिक हुन्छन्) (इब्न हज्म अल-अख्लाक व अस- सिरह२४)।

एउटा असल साथीको गुणहरू मध्ये जो शरयी ज्ञानलाई अर्जित गर्छ र यसलाई आफ्नो जीवनमा अपनाउँछ। बौद्धिक परिपक्वता र राम्रो संगतको धनी होस्, बोली भन्दा पहिले चरित्रको माध्यमबाट खैर तर्फ आह्वान गर्नेवाला होस्, उदारतामा अगाडी होस् , राम्रोको लागी ढोका खोल्नेवाला र नराम्रोको लागी बन्द गर्नेवाला होस्। साथीको गल्तीमा अनदेखी, सल्लाह सुझावमा सच्चा, काम प्रेमी, सक्रिय र अल्छी नहोस्।

जहाँ सम्म खराब साथिको कुरा छ त्यसको संगत देखी पश्चाताप र दु:ख बाहेक केहि प्राप्त हुँदैन, अल्लाह तआलाले खराब साथीको अन्जामलाई वर्णन गर्दै सुरह फुरकानमा भन्नुहुन्छ:

{وَيَوْمَ يَعَضُّ الظَّالِمُ عَلَى يَدَيْهِ يَقُولُ يَالَيْتَنِي اتَّخَذْتُ مَعَ الرَّسُولِ سَبِيلاً}[الفرقان:27] {يَاوَيْلَتَى لَيْتَنِي لَمْ أَتَّخِذْ فُلاَنًا خَلِيلاً}[الفرقان:28] {لَقَدْ أَضَلَّنِي عَنِ الذِّكْرِ بَعْدَ إِذْ جَاءنِي وَكَانَ الشَّيْطَانُ لِلإِنسَانِ خَذُولاً}[الفرقان:29]

त्यो दिन अत्याचारीले आफ्नै हात टोक्दै भन्नेछ– हाय ! मैले रसूलका साथ मार्ग अपनाएको भए बेस हुन्थ्यो ! हाय अपसोच ! मैले फलानो व्यक्तिलाई आफ्नो मित्र नबनाएको भए हुन्थ्या। जसले उपदेश आएपछि त्यसबाट मलाई बिचलित बनायो, र वास्तवमा शैतानले कठिन अवस्थामा मानिसलाई छोडिदिन्छ।

सलाफहरूले खराब मानिसहरूको संगतको देखी सचेत गराएका छन, यहीँ सम्बन्धित एउटा भनाइ छ: दुई प्रकारका मानिसहरूबाट सावधान रहनुस्: हवा परस्त अर्थात जसलाई मनोकांक्षाले फित्नामा फसाएको छ। दोस्रो सांसारिक व्यक्ति जसलाई संसारले अन्धो बनाएको छ ( इब्ने तैमिया इक्तिजा अस-सिरात अल-मुतकीम २५)।

स्थलगत अध्यनले पनि संकेत गरेको छ कि खराब संगतले नैतिक पतन अन्यमा धेरै सजिलै र चाडो संक्रमित गर्नमा ठूलो भूमिका खेल्छ, एक क्षेत्रीय सांख्यिकीय अध्ययनले देखाएको छ कि व्यावसायिक समूहले नयाँ कामदारहरूमा

बलियो छाप छोड्छ र तिनीहरू बीच गलतफहमीहरू सिर्जना गर्दछ ( दिरास अल-जवानिब अल-इज्तिमाई जाहिरत अल-ईद्मान सैयद मुतवल्ली ईसमावी २/९०) ।

त्यसैगरी, यहीँ अध्ययनले यो पनि प्रमाणित गरेको छ कि आधा भन्दा बढी मानिसहरू अर्थात् ५४.६ प्रतिशतले लागूपदार्थ छोड्ने प्रयास गरे, तर तिनीहरूको प्रयासको बिचमा खराब साथीहरू आए (पूर्व सन्दर्भ ) अगाडी यहीँ रिपोर्टमा ८५.५% मानिसहरू गलत संगतले बिग्रेको भनेको छ ( पूर्व सन्दर्भ) ।

**तेस्रो विषय: शरयी सजायको कार्यान्वयन**

अल्लाह तआलाक यस् सृष्टिका प्राणी माथी अनगिन्ती उपकार छन, जसमध्ये एउटा महत्त्वपूर्ण उपकार शरयी दण्ड उपलब्ध गराउनु र यसको कार्यान्वयनलाई अनिवार्य बनाउनु हो, अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ:

{ وَمَن لَّمْ يَحْكُم بِمَا أَنزَلَ اللهُ فَأُوْلَـئِكَ هُمُ الْكَافِرُونَ}[المائدة:44]

जसले अल्लाहद्वारा अवतरित कानून अनुसार निर्णय गर्दैनन् तिनीहरू नै काफिर हुन् ।

{ وَمَن لَّمْ يَحْكُم بِمَا أنزَلَ اللهُ فَأُوْلَـئِكَ هُمُ الظَّالِمُونَ}[المائدة:45]

र, जसले अल्लाहद्वारा अवतरित कानून अनुसार निर्णय गर्दैनन् तिनीहरू नै अत्याचारी हुन् ।

अल्लाहको वही विरुद्ध निर्णय गर्नु काफिरहरूको बानी हो, इब्न अब्बास यस आयतको व्याख्यामा भन्नुहुन्छ : कुफ्र दुई प्रकारको हुन्छ: एउटा ठूलो र अर्को सानो । फुस्क (अवज्ञा ) पनि दुई प्रकारको हुन्छ एउटा ठुलो र अर्को सानो ।

शरयी दण्डहरू कार्यनयनमा अपराधीहरू माथी सहानुभूति नहोस् ताकि नैतिक विचलन र दुर्गुणहरू सामान्य नहोस्। किनभने खराब नैतिकता र आपराधिक विचलनको विकृतिको मुख्य कारणहरूमध्ये एउटा कारण अपराधीको सजाय घटाउनु, पीडितलाई भन्दा अपराधी प्रति सहानुभूति देखाउनु र सजायले मनोवैज्ञानिक र स्नायु तनाव बढ्छ भन्ने जस्तो तर्क गर्नु हो ( तैसीर अल-करीम अर-रहमान फि तफ्सीर कलाम अल-मनान ४८८-४८९ ) ।

यो अनुचित सहानुभूति त्यो कानूनमा पाइन्छ जुन नैतिक विचलन र समाजमा अराजकता रोक्नको लागि बनाइएको हुन्छ, जबकि शरयी दण्डमा विचलितहरू प्रती सहानुभूतिको कुनै ठाउँ छैन, बरु बिना कुनै सहानुभूति सजायको व्यवस्था गरिनुपर्छ। ताकी विचलितहरू आफ्नो विचलित देखि टाढा र अरुलाई विचलितमा पार्न देखी डर पैदा होस। रसूल सल्लल्लाहु अलैहि वसल्लम को यो कथनलाई हेर्नुस्: त्यो जातको कसम जसको हातमा मुहम्मदको जान छ, यदि फात्मा बिन्त मुहम्मदले चोरी गर्छिन भने पनि म उसको हात काट्नेछु।

व्यभिचार को हदको सम्बन्धमा अल्लाह तआला नूरमा भन्नुहुन्छ:

{الزَّانِيَةُ وَالزَّانِي فَاجْلِدُوا كُلَّ وَاحِدٍ مِّنْهُمَا مِئَةَ جَلْدَةٍ وَلَا تَأْخُذْكُم بِهِمَا رَأْفَةٌ فِي دِينِ اللَّهِ إِن كُنتُمْ تُؤْمِنُونَ بِاللَّهِ وَالْيَوْمِ الْآخِرِ وَلْيَشْهَدْ عَذَابَهُمَا طَائِفَةٌ مِّنَ الْمُؤْمِنِينَ}[النور:2]

व्यभिचारिणी महिला तथा व्यभिचारी पुरुष दुवैमध्ये प्रत्येकलाई सय कोर्रा लगाऊ । र, यदि तिमीहरू अल्लाह तथा अन्तिम दिनमाथि ईमान राख्छौ भने अल्लाहको विधान लागू गर्दा दुवैको मायामोहले बाधा नपुर्याओस् र तिनीहरूको दण्डको समयमा मोमिनहरूको एउटा जमात त्यहाँ उपस्थित रहोस् ।,

शरयी दण्डहरूले अपराधीलाई पुन: अपराध गर्नबाट रोक्छ; किनकि उसले यहाँ सहानुभूति र सहुलियतको कुनै बाटो फेला पार्दैन।

नैतिक दृष्टिकोणले पनि व्यक्तित्व सुधारमा दण्डको सकारात्मक प्रभाव रहेको पाइएको छ, त्यसैले पीडादायी अनुभव हुने ठाउँ देखी टाढा रहनु मानिसको प्राकृतिक स्वभाव हो र जहाँ सुखद अनुभव हुन्छ त्यसलाई मानवले बारम्बार अपनाउँछ ( नबील अस-समलुती इल्म इज्तिमाअ अल-इकाब १/११५ )।

इस्लामी कानून बाहेक समाजमा नैतिक विचलनलाई रोक्न सक्ने कुनै पनि अन्य कुनै कानून छैन; किनभने इस्लामिक कानूनमा सजाय अपराधको गम्भीरता अनुसार छ र सजायको कार्यान्वयनमा कुनै प्रकारको सहुलियत छैन, जस कारण मानिसमा सहि नैतिकता तर्फ आकर्षण र गलत नैतिकता देखि घृणा उत्पन्न हुन्छ। जो कोहि शरयी सजायको कार्यान्वयन नभएको समाजलाई नजिकबाट नियाल्छ भने ती समाजहरु बढ्दो अपराध तल जीवन बिताउन बाध्य छन जहाँ कुनै प्रकारको अमन शान्ती छैन, प्रतिस्पर्धात्मक हिसाबमा त्यो सोसाइटी जहाँ इस्लामीक मुल्यमान्यता छ त्यहाँ अपराधकि दर शुन्य बराबर हुन्छ। जस्तो कि जब अबु बकर सिद्दिकीको शासनकालमा ( खिलाफतको समयमा ) जब हज्रत उमरले न्यायपालिकाको जिम्मेवारी सम्हाल्नु भयो, एक वर्षसम्म अपराधको कुनै एउटा घटना पनि रिपोर्ट भएन (वकीअ बिन हियान अखबार अल-कजात १/१०४)। आजकल, साउदी अरब यसको उत्कृष्ट उदाहरण हो, जहाँ अपराध न्यून छ जस कारण मानिसहरु सुखी र सन्तुष्ट जीवन बिताइरहेका छन् ।

## चौथो विषय: मिडियाको सही प्रयोग

आजकल, प्रिन्ट र इलेक्ट्रोनिक मिडियालाई प्रशिक्षणमा प्रभावकारी माध्यम मानिन्छ; किनभने यो सञ्चार र सूचना प्रविधिसँग जोडिएको छ जसले सूचनालाई घर-घरमा पुऱ्याइदिएको छ र जसमार्फत चाहिएको सन्देश पुग्न सजिलो भएको छ।

यो एउटा स्रोत भएकोले यसको हुकम पनि त्यहीँ हुन्छ जुन त्यस मार्फत फैलाएको कन्टेन्टको हुन्छ, खैर भलाइ फैलाइएको छ भने राम्रो हुन्छ,बुराई कुकर्म फैलाइएको छ भने गलत हुन्छ, यस मार्फत पेश गर्ने कन्टेन्टको हिसाबले

प्रभाव सकारात्मक र नकारात्मक दुवै हुन्छन् । जब यसलाई  इस्लामिक शिक्षा अनुसार सही रूपमा प्रयोग हुन्छ सहि नैतिकता फैलाउन र खराब र खराब नैतिकता हटाउन एउटा राम्रो माध्यम बन्नेछ ।

इस्लामनै एउटा यस्तो कानून हो जसले मानवलाई अराजकता र दुष्टताबाट बचाउन सक्छ, त्यसैले निम्न उद्देश्यका साथ इस्लामिक च्यानलहरू खोल्न आवश्यक छ:

१- इस्लामको निमन्त्रणा

२- सहि सल्लाह र निर्देशन

३- गलत कुराको प्रसारणबाट बच्नु

तब सुधारको आह्वानको प्रतिध्वनि संसारको कुना-कुनामा  सुनिनेछ, यसलाई कुनै शत्रु र ईर्ष्यालुले रोक्न सक्नेछैन,विद्रोही र दमनकारी मानिसहरू दायीलाई (प्रचारका) मानिसहरूसामु पुग्नबाट रोक्ने गर्थे, अब यो मिडियाको माध्यमले समाप्त भएको छ।  अब बिना कुनै अवरोधको तौहीदको कलिमा र त्यसका सद्गुणलाई फैलाउन सकिन्छ, शत्रु र विद्रोहीले बाधा पुर्याउन गाह्रो छ। वर्तमान युगमा व्यक्ति र समाजलाई प्रभाव पार्ने सबैभन्दा प्रभावकारी हतियार मिडिया हो, बशर्ते त्यसलाई मुस्लिम समाजले सहि प्रयोग गरेको होस। संसारमा तौहीदको सन्देश पुऱ्याउन, संसार र परलोकको सुखको ग्यारेन्टी गर्न ,यसको ज्योति र विधिको बारेमा सचेत गराउनका लागि कानुनी स्याटलाइट च्यानलहरू खोलिनुपर्छ । नैतिक दुष्टता र भ्रष्टताको किल्ला जुन मुस्लिम समाजमा जरा लगाएर बसेका छन तिनिहरुलाई समाप्त पार्नुपार्छ ।

## पाँचौं विषय: मस्जिदहरूको सही प्रयोग

मानव माथी अल्लाह तआलाको धेरै उपकार मध्य उहाँले मस्जिदमा जमातको साथमा नमाज पढ्नलाई आदेस दिनु पनि हो । वास्तवमा मस्जिदहरू दावतको केन्द्र,मार्गनिर्देशनका मम्बरहरू हुन, जसले हृदयलाई असल देखी भरिपुर्ण गरिदिन्छ र अज्ञानी आचरण, पापको अन्धकार र गुनाहको भारीलाई उतारिदिन्छ ।

त्यसैगरी यस उम्मामा अल्लाहको एउटा आशीर्वाद यो पनि हो कि उहाँले जुम्आको प्रवचनलाई मसरुअ गरिदिनु भयो। जसमा उलमा प्रचारक, सुरिलो आवाज , बुद्धिमताले भरिपूर्ण प्रवचन र प्रेमले भरिएको शैलीमा मार्गदर्शन गर्न सक्छन,सहि कुरा बताउन सक्छन, असल कुराको निर्देश र कुकर्म देखि मनाही गर्न सक्छन, हजरत जाबिर बिन अब्दुल्लाह रजि  पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमको प्रवचन वर्णन गर्दाको अवस्थालाई यसरी भन्नुहुन्छ: (जब अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लम प्रवचन दिनुहुन्थ्यो, उहाँको आँखा रातो आवाज बुलन्द र तिव्र क्रोध हुन्थ्यो र यस्तो लाग्थ्यो कि पैगम्बर सल्लल्लाहु अलैहि वसल्लमले बिहान वा बेलुका आक्रमण गर्ने सेना देखी सावधान गराइरहेका छन ( मुस्लिम २/५९२ हदीस नम्बर ८६७)।

खतीबले समाजका समस्या र त्यहाँ फैलिएका नैतिक विकृतिहरूबारे चर्चा गर्नुपर्छ, त्यस बारे शरियाको आदेशको व्याख्या गर्नुपर्छ र यसले व्यक्ति, समाज र उम्मालाई लोक र परलोकमा पार्ने खतरनाक प्रभावहरूको व्याख्या गर्नुपर्छ, कसै प्रति व्यक्तिगत आक्षेप र संकेत देखी टाढा रहनुपर्छ । मेम्बर देखी कसैको आलोचनाले सुन्नेवालाले आफ्नो अपमान महसुस गर्छन् अनि सल्लाह सुझाव र उपदेशलाई स्वीकार गर्दैनन ।

**खुत्बा तब मात्र सार्थक हुन्छ जब त्यसमा दुईवटा कुरा पाइन्छ:**

**पहिलो वक्तासँग सम्बन्धित छ:**

१-वक्तामा एउटा उदाहरणीय व्यक्तित्व हुनुपर्छ,आफ्नो दक्षताको कारण मानिसहरू माझ परिचित होस् , किनभने खाली हातले अरूलाई केही दिन सक्दैन।

२- भाषा र शैलीको हिसाबले प्रवचनलाई राम्रोसँग तयार गर्नुपर्छ ।

३- प्रवचन एउटै विषय केन्द्रित हुनुपर्छ ।

४- प्रवचन कुरआन, हदीस र विद्वानहरूको भनाइ र प्रमाणहरूद्वारा सुसज्जित हुनुपर्छ ।

५-वक्ताले प्रवचन धेरै लामो बनाउनु हुँदैन र आफ्नो आवाजमा कसैको नक्कल गर्नु हुँदैन।

६-प्रवचनमा अनुनय र धम्की समावेश हुनुपर्छ र समाजको समस्या र नैतिक खराबीहरूको बारेमा बहस गरेर त्यसको समाधान प्रस्ताव गर्नुपर्छ।

**दोस्रो कुरा नमाजीहरूसँग सम्बन्धित छ:**

१- चाँडै मस्जिद हाजिर हुनु।

प्रवचन र यसको सन्देशलाई ध्यानपूर्वक सुन्ने र त्यसबारे सोच्नको लागि राम्रोसँग बस्नु पर्छ। रसूलुल्लाहले भन्नुभयो : अनुवाद: यदि तिमीले प्रवचनको बिचमा कसैलाई चुपचाप बस भन्नुभयो भने तपाईंले बेकार कुरा भन्नुभयो (अबू दाऊद १/६६५ हदीस नम्बर १११२)।

त्यसकारण, इमामले सुरुमै प्रवचन सुरुदेखि अन्त्यसम्म ध्यानपूर्वक सुन्न कति महत्त्वपूर्ण छ भनेर सुचित गर्नुपर्छ ।

**मस्जिदले पनि विभिन्न तरिकाले आफ्नो प्रशिक्षणिक जिम्मेवारीहरू प्रभावकारी रूपमा पूरा गर्न सक्छ र ती निम्नानुसार छन्:**

क- शरयी ज्ञानको व्यवस्था गर्नु ।

ख- शैक्षिक र प्रशिक्षणिक प्रवचनको व्यवस्था गर्नु जसले मानिसहरूलाई असलमा प्रोत्साहित र खराबबाट रोक्न प्रेरित गर्छ ।

ग- कुरआन कण्ठ गर्नका लागि बैठक स्थापना गर्नु, किनकी  कुरआननै नैतिकताको केंद्र बिन्दु र अध्यात्मिक चिकित्सक हो, जसको पालना गर्दा उम्माह सफल र यसलाई छोडेमा उम्माह असफल हुन्छन ।

घ- इस्लामिक पुस्तकहरूले भरिपूर्ण पुस्तकालय स्थापना गर्नुपर्छ,कोहि आलिम वा विद्यार्थी त्यसको निगराह होस् र यो पुस्तकालयले विद्वान, विद्यार्थी र अज्ञानीहरू सबैले लाभान्वित  होस्  ।

ङ-मस्जिदमा एउटा परोपकारी संस्था होस् जहाँ धनीहरूको धन सङ्कलन गरेर गरिबहरू माथी खर्च गरियोस् ताकि उनीहरूलाई दुई समय खानाको लागि तिरस्कृत हुन र अनैतिकताबाट बचाउन सकियोस्।

च-यदि मस्जिदले यो महान प्रशिक्षणमा भूमिका खेल्ने हो भने, यसले समाजबाट दुर्गुण हटाउन र सद्गुण फैलाउन महत्त्वपूर्ण भूमिका हुनेछ ,  एउटा उत्कृष्ट उम्माको निर्माणमा पनि हिस्सा हुनेछ जो मानिसमा कल्याणकारी कार्य गर्नेछ।

## छैटौं विषय: आत्मसँग जिहाद गर्नु

आत्मा भित्र दुष्ट विचलनका मनसायहरू छन्, जसलाई मानव र जिन्नहरुको लागी शैतानहरू सुन्दर बनाएर प्रस्तुत गर्छन्, यदि कुनै मुजाहिदानना ( प्रयत्नशील ) प्रयासहरू भएन भने कहिलेकाहीँ आत्माको खराबी तर्फ झुकाव हुन्छ, त्यसैले आत्माको विरुद्धको जेहादलाई ठुलो जेहाद मानिन्छ। यदि आत्मा नैतिक सद्गुणले भरिभराउ छ भने मनोकांक्षा तर्फ आकर्षक हुदैन। अल्लाह तआला सुरह यूसुफमा भन्नुहुन्छ:

{ إِنَّ النَّفْسَ لأَمَّارَةٌ بِالسُّوءِ }[يوسف:53]

निश्चय नै मनले कुकर्मकोलागि प्रेरित गर्छ

आत्मा भित्र अरु माथी दमन गर्ने भाव हुन्छ,अरु माथी प्राथमिकता हासिल गर्नु, ईर्ष्या गर्नु र अरुको अधिकारको हनन गर्नु उत्पीडनको एउटा स्वरूप हो। आत्माले भ्यविचार र हरामखोरीमा( अवैध कमाई )  संलग्न भएर यसले स्वयम् कहिलेकाहीँ आफूमाथिनै अन्याय गर्छ। कहिलेकाहीँ आत्माले उसमाथि दमन नगर्ने माथी पनि अत्याचार गर्छ, विकृतिहरूको प्रभाव पनि रहन्छ यद्यपि उसले यसलाई कार्यनयन गरेको छैन, तर जब उसले अरूलाई दमन र इच्छाको अनुकरण गरेको पाउँछ तब उसको इच्छा वा क्रूरताको भाव बढ्छ ( इब्न तैमिया अम्र बिल मअरूफ व नहि अनिल मुन्कर ४०-४१)।

तसर्थ, आत्म सँग जिहाद एउटा महान काम हो, अल्लाह तआला सुरह नाजिआतमा भन्नुहुन्छ:

{وَأَمَّا مَنْ خَافَ مَقَامَ رَبِّهِ وَنَهَى النَّفْسَ عَنِ الْهَوَى}[النازعات:40] {فَإِنَّ الْجَنَّةَ هِيَ الْمَأْوَى}[النازعات:41]

र जो आफ्ना पालनकर्तासामु उपस्थित हुन डराएको हुनेछ, र आफ्नो मनलाई कुअभिलाषाबाट बचाएको हुनेछ। स्वर्ग नै (उसको) बासस्थान हुनेछ ।

इब्न अल-कैयीमले जिहादलाई चार तहमा विभाजन गरेका छन्:

आत्मसँग जिहाद, शैतानसँग जिहाद, काफिरहरूसँग जिहाद र कपटीहरूसँग जिहाद।

**आत्मसँको जिहादका चार किसिम छन्:**

१- यो सिद्ध मार्गदर्शन र सत्य धर्म सिक्नको लागि जिहाद गर्नु, जस बिना यो संसार र परलोकमा कल्याण सम्भव छैन।

२- यो धर्म सिकेपछि यसमा कार्यनयन गर्न जिहाद र मुजाहदा ( प्रयास ) गर्नु।

यस धर्म को प्रचारप्रसारको लागी जिहाद गर्नु।

प्रचारप्रसारको मार्गमा आउने कठिनाइहरूमा दृढ रहनको लागि जिहाद र मुजाहेदा गर्नु।

दुई नम्बर : शैतान संग जिहाद गर्नु र यसको दुई किसिम छन।

शैतानको ती विकार शंका र उपशंका हटाउन जिहाद गर्नु जुन शैतानले सेवकको हृदयमा हालिरहन्छ

शैतानको गलत विचार र इच्छाहरू विरुद्ध जिहाद गर्नु। आत्म-सुधारको पहिलो चरण मुजाहेदाको लागि धैर्यपूर्वक काम गर्नु; किनकी यो सजिलो छैन, यही कारण यसको प्रतिफल धेरै उच्च छ र यसको नतिजा यस संसार र परलोकमा व्यक्तिको लागि राम्रो र अत्यन्तै खुसीको रूपमा छ।। अल्लाह तआला जसले परम धर्म अपनाउछ र धैर्य धारण गर्छ त्यस सम्बन्धि सुरह यूसुफमा भन्नुहुन्छ ।

{ إِنَّهُ مَن يَتَّقِ وَيِصْبِرْ فَإِنَّ اللهَ لاَ يُضِيعُ أَجْرَ الْمُحْسِنِينَ}[يوسف:90]

सत्य यो हो कि जुन व्यक्तिहरू ईशभय राख्छन् र धैर्यधारण गर्छन् अल्लाह त्यस्ता सुकर्मीहरूको प्रतिदानलाई कदापि नष्ट गर्दैनन।

अर्थात्, जो अल्लाहको निषेधित चीजहरूबाट टाढा रहन्छ, दुःख पीडा सहन्छ र उहाँको आदेशहरू पूरा गर्न धैर्य गर्दछ अल्लाहले उसको नेकीलाई बर्बाद गर्नेछैनन ( तैसीर अल-करीम अर-रहमान फि तफ्सीर कलाम अल-मनान २/-४३४) ।

**छैटौं विषय: दुरदर्शिता (मृत्यु पछि जीवनको सिधान्त )**

संसार पछिको जीवनको सिद्धान्त नैतिक दुष्टता, त्याग र इस्लामी सद्गुण अंगाल्ने एउटा बलियो र प्रभावकारी प्रेरणा हो। यहीँ संसारिक जिवनलाइ अन्तिम जिबन मान्ने र संसारिक सुख-विलासीताको धारणा गठ्ने भनेको अदुरदर्शिताको तर्क हो,जस्ती कि कम्जोर ईमानवालाको अवस्था हुन्छ। अल्लाह तआला यसको व्याख्या र परिणाम देखि डराउदै सुरह अअला भन्नुहुन्छ:

{بَلْ تُؤْثِرُونَ الْحَيَاةَ الدُّنْيَا} {وَالْآخِرَةُ خَيْرٌ وَأَبْقَى}[الأعلى:16-17]

बरु तिमीहरू सांसारिक जीवनलाई प्राथमिकता दिन्छौ। जबकि परलोक नै अति उत्तम र चिरस्थायी छ।

यसको उपचार - नैतिक खराबीहरूको उन्मूलन र यसको उपचार सहित - निश्चितै यो संसार परीक्षा र कष्टहरूको घर हो र यो समाप्त हुनेछ, अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ;

{وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِّنَ الْخَوفْ وَالْجُوعِ وَنَقْصٍ مِّنَ الأَمَوَالِ وَالأنفُسِ وَالثَّمَرَاتِ وَبَشِّرِ الصَّابِرِينَ} {الَّذِينَ إِذَا أَصَابَتْهُم مُّصِيبَةٌ قَالُواْ إِنَّا لِلّهِ وَإِنَّـا إِلَيْهِ رَاجِعونَ}[البقرة:155-156]

निश्चय नै त्रास, भोक, धनमाल, ज्यान र फलफूलको हानि–नोक्सानीद्वारा हामी तिमीहरूको जाँच लिनेछौं। अनि, धैर्यवानहरूलाई शुभ–सन्देश सुनाइदेऊ। जसले संकटको समयमा भन्ने गर्छन्– इन्ना लिल्लाहि व इन्ना इलैहि राजिऊन। (हामी अल्लाह कै हौं र उनैतर्फ फर्केर जानेछौं।)

अल्लाह तआला सुरह मुल्क भन्नुहुन्छ:

{الَّذِي خَلَقَ الْمَوْتَ وَالْحَيَاةَ لِيَبْلُوَكُمْ أَيُّكُمْ أَحْسَنُ عَمَلاً وَهُوَ الْعَزِيزُ الْغَفُورُ}[الملك:2]

जसले मृत्यु तथा जीवनको सृष्टि गरे, ताकि तिमीहरूलाई परीक्षा लिउन् कि कसले राम्रो काम गर्छ, र उनी प्रभुत्वशाली एवं क्षमाशील छन्।

अल्लाह तआला सुरह कहफमा भन्नुहुन्छ:

{إِنَّا جَعَلْنَا مَا عَلَى الْأَرْضِ زِينَةً لَّهَا لِنَبْلُوَهُمْ أَيُّهُمْ أَحْسَنُ عَمَلاً}[الكهف:7]

पृथ्वीमा रहेका सम्पूर्ण चिजहरूलाई हामीले त्यसकोलागि शोभा बनाएका छौं ताकि हामी मानिसहरूको परीक्षा लिएर हेरौं कि तिनीहरूमध्ये को को सत्कर्म गर्छन्।

यस पृथ्वीमा उपलब्ध स्वादिष्ट खानेकुरा, पेय पदार्थ, सुन्दर कपडा, रूख बिरुवाहरू, नदी नालाहरू, खेत खल्यानहरू, फलफूलहरू, मनमोहक दृश्यहरू, सुन्दर बगैंचाहरू, सुरिला आवाजहरू, सुन्दर चित्रहरू, सुन चाँदी, ऊँटहरू, घोडाहरू

र अन्य समानहरु जसलाई अल्लाहले यस संसारको मनमोहन र मानिसको परिक्षाको लागी सिर्जना गर्नुभएको हो,तर अल्लाहको आदेशले यी सबै चीजहरू नष्ट र समतल मैदानमा परिणत हुनेछन।

यदि मानिस यो तथ्य देखी अवगत र यसमा ईमान राख्छ भने उसले फेरि कसरी परलोकको अनन्त सुख र आनन्दलाई पीडादायी जिबन र समाप्त हुने चिजहरु माथी प्राथमिकता दिन सक्छ। अल्लाह तआला सुरह नबामा भन्नुहुन्छ:

{إِنَّ لِلْمُتَّقِينَ مَفَازًا}{حَدَائِقَ وَأَعْنَابًا}{وَكَوَاعِبَ أَتْرَابًا}{وَكَأْسًا دِهَاقًا}{لَّا يَسْمَعُونَ فِيهَا لَغْوًا وَلَا كِذَّابًا}{جَزَاء مِّن رَّبِّكَ عَطَاء حِسَابًا}[النبأ:36-31]

निस्सन्देह ईशभय राख्नेहरूकालागि सफलता छ। बगैंचाहरू र अंगुरहरू र समवयस्क युवतीहरू र छचल्कँदो प्याला। त्यहाँ उनीहरूले न कुनै व्यर्थ कुरा सुन्नेछन् र न मिथ्या नै। यो हो प्रतिदान तिम्रा पालनकर्ताको तर्फबाट हिसाब अनुसार प्रदत्त।

त्यसैले इस्लामिक प्रशिक्षणको यो विधिले आफ्ना अनुयायीहरूलाई भविष्य र यसको आनन्दमा ध्यान केन्द्रित गर्न अपील गर्दछ, समाप्त हुने चीजहरू र यीनीहरूको हानि र्स पीडाबाट टाढा रहन आह्वान गर्छ, वासनाहरू र यसको् पीडादायी परिणामहरूबाट परै रहनुहोस् ताकि क्षमाशील, माया गर्ने र परम दयालु अल्लाहले कहिल्यै समाप्त र नाश नहुने सुखहरूको आनन्द देखी आनन्दित हुन सकियोस्।

# समुदायमा असर गर्ने खराब नैतिकताको प्रभाव

## भुमिका

अनैतिकताले व्यक्ति र समाजमा ठूलो प्रभाव पार्छ, जसका विभिन्न रूपहरु हुन्छन्, धर्मपरायणता लोप हुन थाल्छ, आर्थिक अवस्था कमजोर हुन्छ, द्वेष र घृणा बढ्छ, सामाजिक संरचना कमजोर हुन्छ, परिवारमा नैतिक विकृति फैलिन थाल्छ र समाजको शान्ति भंग हुनुका साथै मानसिक तथा शारीरिक स्वास्थ्यमा असर पर्छ।

पवित्र कुरआन र पैगम्बरको सुन्नतमा हाम्रो लागि शिक्षा छ, जब जिद्दी कारूनले अहंकार देखायो, अल्लाहले उसलाई पृथ्वीमा धसाइदिनु भयो, अल्लाह तआला सुरह कससमा भन्नुहुन्छ:

{فَخَسَفْنَا بِهِ وَبِدَارِهِ الْأَرْضَ فَمَا كَانَ لَهُ مِن فِئَةٍ يَنصُرُونَهُ مِن دُونِ اللَّهِ وَمَا كَانَ مِنَ الْمُنتَصِرِينَ}[القصص:81]

अन्ततः हामीले कारूनलाई उसको घर सहित धर्तीमा धसाइदियौं। तसर्थ, अल्लाहबाट उसलाई बचाउने न कुनै समूह थियो, न ऊ आफैं बच्न सक्यो।

त्यो बस्ती जो अल्लाहको उपकार माथी अहंकार गर्न थालेका थिए , त्यसलाई उल्लेख गर्दै अल्लाह तआला नहलमा भन्नुहुन्छ:

{وَضَرَبَ اللهُ مَثَلاً قَرْيَةً كَانَتْ آمِنَةً مُّطْمَئِنَّةً يَأْتِيهَا رِزْقُهَا رَغَدًا مِّن كُلِّ مَكَانٍ فَكَفَرَتْ بِأَنْعُمِ اللهِ فَأَذَاقَهَا اللهُ لِبَاسَ الْجُوعِ وَالْخَوْفِ بِمَا كَانُواْ يَصْنَعُونَ}[النحل:112]

अनि, अल्लाह यस्तो नगरको उदाहरण प्रस्तुत गर्छन् जसलाई शान्ति तथा सन्तुष्टि प्राप्त थियो र प्रत्येक दिशाबाट त्यसको खाद्यान्न सामग्री प्रशस्त मात्रामा आइरहेको थियो तर त्यसले अल्लाहको वरदानप्रति कृतघ्नता देखायो। अतः अल्लाहले त्यसलाई त्यसको कुकर्मले गर्दा भोक र त्रासको स्वाद चखाए।

अल्लाह सर्वशक्तिमान लुत अलैही अस-सलामको समुदायको बारेमा सुरह हूदमस भन्नुहुन्छ:

{فَلَمَّا جَاء أَمْرُنَا جَعَلْنَا عَالِيَهَا سَافِلَهَا وَأَمْطَرْنَا عَلَيْهَا حِجَارَةً مِّن سِجِّيلٍ مَّنضُودٍ}[هود:82]

अनि जब हाम्रो आदेश आयो, हामीले त्यस (बस्ती)को माथिल्लो भागलाई तल्लो भागमा घोप्टाइदियौं र तिनीहरूमाथि लगातार ढुङ्गाको वर्षा गरायौं।

यस अध्यायमा मुस्लिम उम्मामा पर्ने प्रभावहरूलाई निम्न सात विषय अन्तर्गत वर्णन गरिएको छ:

धार्मिक प्रभावहरू-

सुरक्षा प्रभावहरू-

स्वास्थ्य प्रभावहरू-

मनोवैज्ञानिक प्रभावहरू-

सामाजिक प्रभावहरू-

पारिवारिक प्रभावहरु--

आर्थिक प्रभावहरू-

## पहिलो विषय:

## धार्मिक प्रभावहरू

नैतिक कुकर्मले व्यक्ति,समाज र समुदायको धार्मिकता खलबलिन्छ, अल्लाह र अल्लाहका रसूलसँग शत्रुता देखिन्छ, धर्मको कुरूप छवि प्रकट हुन्छ, यिनै कुरा देखेर इस्लामका शत्रुहरु इस्लाम धर्मलाई यसरी वर्णन र चित्रण गर्छन् कि इस्लाम धर्मका अनुयायीहरूको केवल नैतिक विचलन अगाडी आउँछ। नैतिक दुष्टतामा असर गर्ने केही महत्त्वपूर्ण धार्मिक प्रभावहरूलाई तल हाइलाइट गरिदैछ :

### १- इस्लामको वास्तविक छवि बिगार्नु:

यो कुनै लुकेको कुरा होइन कि इस्लाम त्यो धर्म र मिल्लतको (समुदाय) नाम हो,जसलाई अल्लाहले संसारका जिन्न र मानवको लागी रोज्नु भयो। यसलाई लिएर नबी सल्लल्लाहु अलैहि वसल्लम मुहम्मद बिन अब्दुल्लाह अवतरण गर्नुभयो, शरीयत उहाँको हृदयमा उज्ज्वल रूपमा प्रकट भयो, अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो:

"मैले तिमीलाई एउटा यस्तो स्पष्ट र उज्यालो बाटो छोडेको छु जसको रात पनि दिन जस्तै उज्यालो छ, यो बाटो देखी म पछि केवल नश्वर (हलाक हुनेवाला) मात्र अवज्ञा गर्नेछ।"

पैगम्बर सल्लल्लाहु अलैहि वसल्लम यस महान धर्ममा दृढ र स्थिर रहनुभयो र उहाँले आफ्ना साथीहरूलाई पनि यसैको प्रशिक्षण दिनुभयो, त्यसैले सहाबाहरूले हामी र विश्वका सबै मानिसहरूका लागि यस धर्मको जीवित, सत्य, सही र उज्यालो छवि प्रस्तुत गरे ,जसलाई मानिसले देखेर महसुस गरेर त्यसबाट प्रेरित भएर इस्लाम धर्ममा प्रवेश गरे। जस्तो कि अल्लाह तआला सुरह नस्रमा भन्नुहुन्छ:

{إِذَا جَاءَ نَصْرُ اللَّهِ وَالْفَتْحُ} {وَرَأَيْتَ النَّاسَ يَدْخُلُونَ فِي دِينِ اللَّهِ أَفْوَاجًا} {فَسَبِّحْ بِحَمْدِ رَبِّكَ وَاسْتَغْفِرْهُ إِنَّهُ كَانَ تَوَّابًا}[النصر: 1-3]

जब अल्लाहको सहायता र विजय आइपुग्छ। र, तिमीले मानिसहरूलाई अल्लाहको धर्ममा हूलका हूल पसिरहेको देख्छौ। तब आफ्ना पालनकर्ताको प्रशंसाकासाथ महिमागान गर र उनीसित क्षमायाचना गर। निस्सन्देह उनी महान पश्चाताप स्वीकारकर्ता हुन्।

जब इस्लामिक राष्ट्रमा नैतिक दुष्टता सामान्य हुन थाल्यो र मुसलमानहरुले आफ्नो कार्यहरूद्वारा इस्लामको विकृत छवि संसारमा प्रस्तुत गर्न थाले, फलस्वरूप मानिसहरूमा यो भ्रम विकृत हुन थाल्यो कि वास्तविक इस्लामको छवि यही हो जुन यसका अनुयायीहरूले प्रस्तुत गरिरहेका छन। इस्लामी सोसाइटीमा अनैतिकता, चोरी, ठगी,व्यभिचार र

छल सामान्य भयो, समाजमा भित्री र बाहिरी दुवै तहमा मद्यपान र व्यभिचार व्यापकताको रुप लिन थाल्यो, गैर मुस्लिम राष्ट्रमा बस्ने मुस्लिम बासिन्दाहरुले आफ्नो नैतिकता र चरीत्रमा उनीहरुको नक्कल गर्न थाले , उनिहरुको नैतिकता र चरीत्र देखि काफिरहरूको व्यवहार, क्रूरता, अहंकार, दम्भ र विश्वासघा जगजाहेर हुनथाल्यो र कहिलेकाहीँ यसलाई इस्लामको नाममा पनि अन्जाम दिन थाले पछि इसाईको गलत छवि जाहेर भयो र मानिस इस्लाम प्रती शंकास्पद भए।

तसर्थ, मुसलमानहरुलाई लोक र परलोकमा नैतिक खराबीहरूको गम्भीर प्रभावको बारेमा सजग रहनुपर्छ । नवी सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: जसले इस्लाममा आएर कुनै गलत चाल चल्यो त्यो व्यक्ति माथी आफ्नो र त्यसको अनुसरण गर्नेको बोझमा कमि नगरी गुनाह छर।" ( पूर्व सन्दर्भ )

**२- इस्लाम धर्म शत्रुहरुको आलोचना र अनावश्यक टिप्पणीको विषय बन्छ :**

जब इस्लामका अनुयायीहरूमा नैतिक दुर्गुणहरू सामान्य हुन्छन्, इस्लामका शत्रुहरूलाई आफ्नो बोली वचन र मिडिया मार्फत इस्लाम माथी अनावश्यक आलोचना गर्ने मौका प्राप्त हुन्छ, हाम्रो यो कमजोरीलाई हाम्रा शत्रुहरु दीन कैयीम माथी हमला गर्न एउटा महत्त्वपूर्ण हतियारको रूपमा प्रयोग गर्छन् ।

जब केही मुस्लिम महिलाहरूले हिजाबलाई त्यागेर अश्लीलता र नग्नताको अनैतिकता देखाउन थाले, तब इस्लामका शत्रुहरूले महसुस गरे यो नै सहि समय हो यदि उनीहरूले इस्लामिक हिजाब प्रणालीको विरुद्ध आवाज उठाए भने उनीहरूलाई स्वयं मुस्लिम महिलाहरूद्वारा समर्थन प्राप्त हुनेछ, शत्रुहरूले कागज कलम, धर्मग्रन्थ पत्रपत्रिका र मिडिया जस्ता हतियारहरू प्रयोग गरेर इस्लामिक हिजाब विरुद्ध प्रचार गर्न थाले।

इस्लामका शत्रुहरूलाई इस्लामको विरुद्धमा आवाज उठाउने साहस तब मात्र प्राप्त हुन्छ जब उनीहरूलाई बाटो खाली रहेको महसुस हुन्छ। अल्लाह तआला सुरह मुम्तहिनामा भन्नुहुन्छ:

{إِن يَثْقَفُوكُمْ يَكُونُوا لَكُمْ أَعْدَاءً وَيَبْسُطُوا إِلَيْكُمْ أَيْدِيَهُمْ وَأَلْسِنَتَهُم بِالسُّوءِ وَوَدُّوا لَوْ تَكْفُرُونَ}[الممتحنة:2]
यदि तिनीहरुले तिमीहरूमाथि प्रभुत्व कायम गरे भने तिमीहरुको खुला शत्रु बन्नेछन् र तिमीहरुलाई दुःख दिनकोलागि आफ्ना हात तथा मुखले प्रहार गर्नेछन् । र यिनीहरु चाहन्छन् कि जसरी भए पनि तिमीहरु काफिर बनिहाल ।

अर्थात्, यदि तिनीहरूले तिमीहरुलाई नियन्त्रण गर्छन् भने, आफ्नो बोली बचन र नैतिकताले तिमीलाई चोट पुऱ्याउन हिचकिचाउदैनन इब्ने कसीत तफ्सीर अल-कुरआन अल-अजीम ४/३१७)।

इस्लामी राष्ट्र माथी वर्तमान अवस्था माथी विचार गर्ने व्यक्तिलाई स्पष्ट रुपमा थाहा छ, आजको दिन इस्लामको कति आलोचना भइरहेको छ, विशेष गरेर महिलाको स्वतन्त्रताको बारेमा कति चर्को आवाज उठिरहेको छ र यो

टिप्पणी गरिदै छ कि इस्लाम महिला र पुरुषको बीचमा समानतामालाई समर्थन गर्दैन, तर वास्तवमा इस्लामले दुवैलाई आ-आफ्नो प्राकृतिक अधिकार दिएको छ।

असलमा यो नाराको पछाडि महिलाहरूलाई घर र शैक्षिक जिम्मेवारीबाट जबरजस्ती निकालेर पसल, कलकारखाना र अस्पतालमा पुरुष सँगै दुख कठिनाइको सामना गराउने शत्रुहरूको गलत नियत रहेको छ, जसले गर्दा इस्लामिक नैतिक मूल्यमान्यताको जग ध्वस्त होस, जसरी काफिरहरूको समाजमा नैतिक पतनको अवस्था छ।

मानिसहरुको इस्लाम ग्रहण गर्न देखी अनिच्छित हुनु।

जब समुदायको सदस्यहरू बीच नैतिक मतभेदले चलन पाउँछ, तब मुस्लिम उमाहलाई त्यो धार्मिक घाटा उठाउन पर्छ जस कारण अन्य समुदायका मानिसहरू इस्लामलाई घृणा गर्न थाल्छन्, किनभने इस्लाम स्वीकार गर्ने व्यक्ति आफ्नो त्यो तिर्खा मेटाउने प्रयास गर्छ जुन उसले अरू धर्महरूमा भेट्टाउन सक्दैन र कहिल्यै भेट्न सम्भव पनि छैन। तर जब उसले मुस्लिमहरू पनि उही नैतिक दुष्टतामा लिप्त देख्छ, ऊ सोच्छ  के इस्लाम यसैको नाम हो, के इस्लामले प्रस्तुत गरेको जीवन शैली यहीँ हो। यसरी हामी आफ्नो आचरण र नैतिकताले उसलाई इस्लाम धर्मबाट विचलित बनाउँछौ।

यसको ज्वलन्त उदाहरण भनेको इस्लाम स्वीकार गर्ने एउटा यहूदीले आफ्नो धार्मिक तिर्खा मेटाउन विभिन्न धर्मको अध्ययन, अनुसन्धानमा र बहसमा आफ्नो समय खर्च गऱ्यो ।   ऊ अरब राष्ट्रमा बसे पनि कहिल्यै इस्लामबाट प्रभावित भएन, ऊ आफ्नो लेखमा भन्छ: यो एउटा आश्चर्य जनक कुरा हो कि अरब राष्ट्रमा बस्दा पनि इस्लामप्रति मेरो ध्यान र चेतना एकदमै विनम्र र सतही थियो, तर जब मैले लन्डनमा इस्लाम धर्मका प्रख्यात प्रचारकलाई भेटें, मलाई लाग्यो अरब मुस्लिमहरू गैर-मुस्लिमहरूलाई इस्लामको परिचय गराउनमा धेरै पछाडी छन् ( अब्दुल हमीद अस-सहीबानी लिमाजा अस्लम्ना १३३)।

असलमा प्रश्न यो हो कि यो व्यक्ति अरब देशमा बसेर पनि मुस्लिमहरुबाट प्रभावित नहुनुको कारण के हो? जबकी ब्रिटिश सेनाको एउटा कर्णेल इस्लामलाई केवल एउटा मुस्लिमले उसको अगाडि इस्लामको वास्तविक छवि पेश गरेको कारण ग्रहण गर्छ । एक जना युवा नयाँ मुस्लिम भन्छन: म बरमाको समुन्द्री तटमा डुङ्गाको सवारी गरिरहेको थिए,यो डुङ्गाका कप्तान शितातुङका एक मुस्लिम निवासी थिए जो आफ्नो पेशामा दक्ष र धर्ममा कटिबद्ध, धर्मप्रति इमान्दार, समयमै नमाज पढ्ने र ऊ एउटा धार्मिक व्यक्ति थियो। उसको यहीँ आदत ऊ मेरो लागी प्रिय हुन काफी थियो र उसले मलाई यो कस्तो धर्म हो भनेर आश्चर्यचकित बनाइदियो, जुन आचरण यस मानिसको नैतिकतामा गाँसिएको छ जसको हरेक चालमा तक्वा देखिन्छ ( पूर्व सन्दर्भ १३६)।

मुस्लिम समुदायका सदस्यहरूले आफ्नो बोली र कर्मद्वारा मानिसहरूमा धर्मप्रतिको प्रेम जगाउन, इस्लामको असल आचरण लगायत धर्मका विभिन्न शिक्षाहरू पछयाउने हो भने गैरलाई आफ्नो बोली र कर्मबाट इस्लाम धर्म तर्फ

उत्सुकता पैदा गर्न सकिन्छ। जबकि अर्कोतर्फ यीनै मुस्लिमहरू आफ्नो खराब नैतिकता र कालो कर्महरूद्वारा इस्लाम धर्मको खराब र विकृत छवि पनि प्रस्तुत गर्छन्।

**धर्मलाई लक्षित गरेर समुदायलाई कमजोर बनाईन्छ:**

समुदायको बल उसको आफ्नो धर्ममा अडिग दृढ़ रहनुमा छ। र त्यसै गरि धर्म र आस्थासँगको सम्बन्ध कमजोर भएमा यो कमजोर र अपमानित हुन्छ, ठिक त्यसै गरि जसरी उम्माहको शक्तिमा दीनको मजबुती र कमजोरीमा दीनको कमजोरी छ। राजा र शासकको शक्तिलाई कसरी धर्मको शक्तिको स्रोत भनिएको छ भन्ने कुरा विचारणीय छ (निश्चय पनि अल्लाह शासकको माध्यमबाट त्यो परिवर्तन ल्याउनुहुन्छ जुन कहिलेकाहीँ उसले कुरआन देखी पनि ल्याउनु हुदैन ) जब यस्तो छ भने तपाईं आफैं कल्पना गर्नुस् जब शासकको शक्तिमा ईमानको शक्ति थपिन्छ अनि शक्तिको के अवस्था हुन्छ होला ?

समाजमा खराबी पाउनु भनेको अनुयायीहरूमा आस्थाको कमजोरी र धर्मप्रति बेवास्ताको प्रमाण हो, समाजको यो कार्यले दीनलाई पनि कमजोर पार्छ।

नबी सल्लल्लाहु अलैही वसल्लमको को यो हदीसमा विचार गर्नुस्: " चाडैनै अन्य समुदायहरु तिमीहरू माथी यसरी झम्टिने छन जसरी खानेवाला कचौरालाई झम्टिन्छन।" एउटा कसैले भन्यो के हामी त्यो समय संख्यामा कम हुनेछौं? उहाँले भन्नुभयो: "होइन त्यो समयमा तिमीहरु संख्यामा अधिक हुनेछौं तर तिमीहरु बाढीको गाज जस्तै हुनेछौं। अल्लाह तआला तिम्रो शत्रुको मनबाट तिम्रो डर हटाइदिनुहुनेछ र तिम्रो हृदयमा वहन राखिदिनु हुनेछ ,हे अल्लाहका रसूल वहन भनेको के हो? ! त्यो भनेको "यो संसारको प्रेम र मृत्युको डर हो" ( सुनन अबू दाऊद ४/४८३-४८४ हदीस नम्बर ४२९७ इमाम अल-बानीले जामे सगीरमा हदीस सहीह भन्नुभएको छ )।

हदीसको अर्थ: अविश्वासी र पथभ्रष्ट मानिसहरू एक अर्कालाई तिमी विरुद्धमा लड्न प्रेरित गर्नेछन् , तिम्रो इज्जतलाई तलपार्न एकजुट हुनेछन्, तिमीहरूको धन-सम्पत्ति कब्जा गर्न एकताबद्ध हुनेछन् , जसरी खाने दलका सदस्यहरू एकअर्कालाई निःसंकोच खान बोलाउँछन् र उनिहरु बिना कुनै हिचकिचाहट पुरै खाना सक्छन्। तिनीहरुको एकताबद्ध भएर हमला गर्नु तिम्रो कम संख्याको कारण होइन , तर तिमीहरु समुन्द्रको फिंज जस्तै प्रशस्त मात्रामा हुनेछौं। मुसलमानलाई फिंज सँग तुलना यस कारण गरिएको छ, किनभने मुसलमानहरुमा साहस र बहादुरी कम हुनेछ र हैसियतमा संकट उत्पन्न हुनेछ, शत्रुको हृदय देखि मुसलमानको डर निस्कने छ र अल्लाहले यीनीहरूको हृदयमा कमजोरी सिर्जना गर्नेछन। समग्रमा भन्दा वहन भनेको मुसलमान माथी पर्ने प्रभाव हो, यसैले उहाँले यसको व्याख्या संसारिक इच्छा र मृत्युको डरको भनेर गर्नु भएको छ ( अजीम आबादी औन अल-मअबूद सरह सुन अबु दाऊद ११/ ४०४-४०५ )।

जब मुस्लिम समाजमा नैतिक कुरीतिको रजगज हुन्छ र खराब चरित्र चारैतिर फैलिन्छ, तब यो समुदायको हृदयमा वहन राखिन्छ, जसले मुस्लिमहरूको शक्तिलाई चकनाचूर पार्छ, जो शक्तिशाली र बलियो हुनुपर्ने थियो ताकि धर्मको पूर्ण शक्तिका साथ प्रचारप्रसार गर्न सकुन। मुस्लिम समुदायका  सन्तानहरू धार्मिक भ्रम र नैतिक विचलनको सांसारिक र परलोकको गम्भीरताबारे सचेत हुने बेला आइसकेको छ।

## दोस्रो विषय:

## शान्ति सुरक्षा सम्बन्धित प्रभाव

व्यक्तिगत, सामूहिक र राष्ट्रिय शान्ति सुरक्षालाई सुख र शान्तिपूर्ण जीवनको महत्त्वपूर्ण कारण र आर्थिक र सांस्कृतिक विकासको महत्त्वपूर्ण कारक मानिन्छ।

इस्लामले व्यक्तिगत, सामूहिक र मानवीय शान्तिलाई धेरै महत्त्वपूर्ण स्थान दिएको छ, इस्लामले सुखको तीन मुख्य तत्वहरूमा शान्तिलाई समावेश गरेको छ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: तिमीहरु मध्य जसले राम्रो स्वास्थ्यको अवस्थामा बिहानी गऱ्यो, उसको जीवन शान्तिमयमा छ र त्यस दिनको खाना पनि उपलब्ध छ भने मानौं सारा संसार उसको अगाडी छ" ( तिर्मिजी ४/५७४-५७५ हदीस नम्बर २५१६ इमाम अल-बानीले जामे सगीरमा हदीसलाई अहसन भन्नुभएको छ )।

यही कारणले इस्लामले समाजमा शान्ति स्थापना गर्न र उपद्रव र भ्रष्टताबाट मानिसहरूलाई सचेत गराउनको लागि एउटा मानिसको हत्यालाई सम्पूर्ण मानव जातिको हत्या भनेको छ, अल्लाह तआला सुरह माइदामा भन्नुहुन्छ:

{ أَنَّهُ مَن قَتَلَ نَفْسًا بِغَيْرِ نَفْسٍ أَوْ فَسَادٍ فِي الأَرْضِ فَكَأَنَّمَا قَتَلَ النَّاسَ جَمِيعًا }[المائدة:32]

जोसुकैले कुनै यस्तो व्यक्तिको हत्या गर्छ जसले कसैको हत्या गरेको छैन वा देशमा विध्वंस मच्चाएको छैन भने, मानौँ, उसले सम्पूर्ण मानवजातिकै हत्या गर्यो ।

इस्लामले जान र मालको विनाश, समाजमा भ्रष्टता , समुदायमा विध्वंसलाई रोक्नको लागि सबै प्रकारको नैतिक दुष्टतालाई निषेध गरेको छ, जस्तै: व्यभिचार, लवातित, मदिरापान, लागूपदार्थ, चुक्ली , झूट र धोका आदि ।

अल्लाह तआला अअराफमा भन्नुहुन्छ :

{قُلْ إِنَّمَا حَرَّمَ رَبِّيَ الْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَالإِثْمَ وَالْبَغْيَ بِغَيْرِ الْحَقِّ وَأَن تُشْرِكُواْ بِاللهِ مَا لَمْ يُنَزِّلْ بِهِ سُلْطَانًا وَأَن تَقُولُواْ عَلَى اللهِ مَا لاَ تَعْلَمُونَ}[الأعراف:33]

भनिदेऊ– मेरा पालनकर्ताले अवैध गरेका छन्– अश्लीलताका कार्यहरू चाहे ती दृश्य हुन् वा अदृश्य, पाप, अनाहकमा अत्याचार

यी नैतिक दुर्गुणहरूका धेरै नराम्रा प्रभावहरू छन् जसले उम्माको अमन शान्तिलाई नष्ट गर्दछ, हामी तिनीहरूलाई तल उल्लेख गर्दैछौं:

**१- हत्या हिंसा:** नैतिक विकृतिहरू फैले पछि हुने खराबीहरूमध्ये मामूली कारणहरूका आधारमा अनैतिकतालाई दर्शाउदै र अन्यायपूर्ण हत्या गर्नु पनि हो, जसलाई अल्लाहले हराम घोषित गरेका छन । उदाहरणको लागी आफ्नो

खराब बानीको पूर्ति गर्न अर्थात लागूपदार्थ किन्न केही पैसा चोर्नु, वा कसैले उसलाई सामान्य कुरामा क्रोधित बनायो भनेर हत्या गर्नु वा मृतकको धन सम्पत्ति कब्जा गर्न सकिन्छ भनेर कसैको रगत बगाउँनु ( अत-तर्बियत अर-रुहियत अकरम जिया अल-उमरी २४४ )।

उमाहमा नरसंहार सामान्य हुँदा समाजको शान्ति भंग हुन्छ, त्यहाँ अवस्थित मानिसहरूमा डर र त्रासको वातावरण सृजना हुन्छ र मामिला र उद्देश्यप्रति शंका र अविश्वास पैदा हुन्छ।

**२-सैन्य शक्तिको कमजोरी :** जब कुनै राष्ट्रका जनता लागुऔषधको लतमा पर्छन् तब उसको सैन्य शक्ति कमजोर हुन्छ, किनभने सेना र फौजमा समाजका मानिसहरूनै समावेश हुन्छन्, त्यही गुण सेनामा पनि प्रचलित हुन्छ जुन गुण राष्ट्रभित्र प्रचलित छ,जब समुदाय भित्र नशा र लागूपदार्थ आम हुन्छ् त्यो राष्ट्र कमजोर हुँदै जान्छ र त्यहाँबाट अमन शान्ति लुटिन्छ।

त्यसैगरी, जब समुदायमा यौन अनैतिकता सामान्य हुन्छ, यसको प्रभाव त्यहाँको सैन्य बलमा पनि पर्छ, प्रमाण स्वरुप फ्रान्सको तो तीतो अनुभव जब फ्रान्सेली सेनामा यौन अनैतिकता फैलियो, तब उनीहरुको शारीरिक शक्ति कमजोर देखी कमजोर हुँदै गयो। २०औं शताब्दीको सुरुमा फ्रान्सेली सरकारले सैन्य भर्तीको लागि शारीरिक स्वास्थ र शारीरिक बल जस्ता महत्त्वपूर्ण विषयमा थोरै खुकुलो नीति लिएको थियो, जसले गर्दा पहिलो विश्वयुद्धको पहिलो दुई वर्षको दौरान सरकारले सेनालाई बर्खास्त गरेर यौन अनैतिकताका कारण संक्रमित भएर अस्पताल भर्ना गरिएको सेनाको संख्या ७५,००० पुग्छ , त्यहाँ एक समय एउटा पल्टनमा संक्रमित हुने २४२ सैनिकहरू थिए ( अबुल अला मौदुदी अल-हिजाब १०१-१०२ )।

**३- अपहरण र लुटपाट:** अनैतिकताको एउटा विनाश भनेको अपराधीहरू आफ्नो यौन र शारीरिक इच्छाहरू पूरा गर्न लुटपाट र अपहरणको तरिका अपनाउछन, जसले समाजमा शान्ति र सद्भावलाई खलल पुऱ्याउँछ।

**४- जानाजानी विनाश गर्नु:** नैतिक पतनको प्रभावहरू मध्ये एउटा यो पनि हो कि सम्पत्तिहरूलाई जानाजानी नोक्सानी गर्नु, उदाहरणका लागि, एउटा व्यक्तिले आफ्नो वाचा लुकाउन वा एजेन्टलाई क्षति पुऱ्याउने उद्देश्यले वा अपराध ढाकछोप गर्न वा चोरी ( मुहम्मद अलि हैदर मुख्तसरात अद-दिरासात अल-अमनी ६/२०९ ) र हत्या जस्तो अपराधलाई लुकाउन उधम मच्चाउनु , जसको हिम्मत केवल खराब नैतिकता भएको व्यक्तिले मात्र गर्न सक्छ,यसो गर्नाले उसले उम्मामा अविश्वास पैदा गर्छ र असुरक्षाको वातावरण सिर्जना हुन्छ ।

**५-डाका र चोरी:** जब समाज भित्र विचलितहरुले अनैतिकता, अनुशासनहीनता प्रकट गर्छन् अनि समाजमा डाका र चोरी फैलिन्छ, तब सिंगो समुदाय अशान्ति र चिन्ताको शिकार हुन्छ, यी अपराधीहरूमा न त धर्मपरायणता हुन्छ न त अल्लाहको डरले उनीहरूलाई अपराध गर्नबाट रोक्न सक्छ, न त शान्तिप्रिय तत्वहरूले उनीहरूलाई अपराधको

कारण मनमा गिरफ्तार होइन्छ भन्ने डर हुन्छ, यहि कारण इस्लामले यस्ता अपराधीहरुलाई पाठ सिकाउन र व्यवस्थालाई दुरुस्त राख्न सजायको निर्धारण गरेको छ।

**६- चोर बजारी र तस्करी:** नैतिक दोष भएकाहरूले लुकेर प्रतिबन्धित वस्तुहरू किनबेच गरेर त्यसलाई समाजमा आम गर्छन्, फलस्वरूप समाजमा अनैतिकता र अपराधले समाजमा आफ्नो खुट्टा जमाउँछ। जस्तैः यौनजन्य क्यासेट सिडिको व्यापार, अश्लील साहित्य, लागूऔषध र लागूपदार्थको तस्करी आदि जसले समुदाय भित्रको शान्तिमा र स्थिरतालाई खलल पुर्‍याउँछ र समाजमा अस्थिरता उत्पन्न गर्छ।

समाजको शान्ति व्यवस्थासँग सम्बन्धित तथ्याङ्कको आधारमा गरिएको अनुसन्धानमा समाजमा विषाक्त पदार्थ प्रवेश गर्ने सबै विधि निषेधित र अव्यवस्थित विधि रहेको खुलासा भएको छ ।

**७- घृणा, ईर्ष्या, द्वेष र शत्रुता:** नैतिक अपराध र मुन्करातमा बिचार गर्ने व्यक्तिले सजिलै थाहा पाउन सक्छ कि यी सबैले समाजमा  घृणा, ईर्ष्या, द्वेष र शत्रुताको भवन निर्माण गर्छ र उम्माको जग सखाप हुन्छ । चुक्ली, घृणा,ईर्ष्या,द्वेष र शत्रुता त्यो बम हो जसले समाजको शान्ति सुरक्षालाई तारतार गरिदिन्छ,किनभने यसले द्वेष शत्रुता घृणा र ईर्ष्या जन्माउछ , जो एक आपसमा शत्रुताको कारण बन्छ जसको सिधा प्रभाव समाजको शान्ति सुरक्षामा पर्छ ।

अन्य नैतिक विकृतिहरूले पनि द्वेष, ईर्ष्या, घृणा र शत्रुताको बीउ रोप्छ, जसले समाजको शान्ति सुरक्षाको व्यवस्थालाई प्रभावित र अस्थिर बनाउँछ।

## तेस्रो विषय:

## स्वास्थ्य र तन्दुरुस्ती सम्बन्धि अनैतिकताको खराब प्रभाव

इस्लामले जे जति पनि कुरा देखी निषेध गरेको छ त्यसमा ठूलो सद्गुण र महान् बुद्धिमता लुकेको छ र जुन कुराहरुको आदेश गरेको छ त्यसको कार्यनयनमा लोक परलोकको खुशी निहित छ। इस्लामले नैतिक खराबीहरूलाई यस् कारण निषेध गरेको हो कि यी दुर्गुणहरूले मानव जीवनका विभिन्न पक्षहरु जस्तै शारीरिक स्वास्थ्य र मनोवैज्ञानिक कल्याणलाई हानि पुऱ्याउँछ। नैतिक दुर्व्यवहारहरूमा व्यभिचार, लवातित, रक्सी, लागूपदार्थको सेवन, फिल्म हेर्ने र निषेधहरूको आवलोकन पनि समावेश छन्। यी ति अश्लीलता र मुन्करातहरू ( गैरकानुनी कार्य) हुन् जसबाट घातक रोगहरू जन्मिन्छन् ,अंगहरू र जोर्नीहरूलाई बेकार बनाउँछ र मानसिक गम्भीर रोगहरू मध्ये, निम्न रोगहरू उल्लेख गर्न लायक छन्:

### १- एड्स:

यो वास्तवमा प्रतिरोधात्मक क्षमता को कमी को नाम हो। यो रोग सन १४०१ हिज्री तदनुसार १९८२ इस्वीमा देखा परेको रोग हो, जो व्यभिचार र रक्तक्षेपण यन्त्रहरुको माध्यम बाट एउटा शरीर देखि अर्को शरीर मा सर्ने भाइरस को नाम एड्स हो। यसका अधिकांस रोगीहरु ती हुन्छन् जो यौन क्रियाकलापमा सामेल हुन्छन्। एड्स एउटा भाइरसको नाम हो जसले शरीरको सेतो रक्तलाई समाप्त गरेर प्रतिरक्षा प्रणालीलाई नष्ट गर्दछ। जस कारण मानव शरीरमा सङ्क्रमण गर्ने सूक्ष्म कीराहरू र ब्याक्टेरियाहरूका लागि मार्ग प्रशस्त हुन्छ। संयुक्त राज्य अमेरिकामा एड्सको रोग यति सामान्य भएको छ कि हरेक दिन दस देखि बाह्र जना मानिसहरू यस रोगबाट ग्रसित हुन्छन् ( तौफिक मुहम्मद इज्जुद्दिन दलील अल-अन्फुस बैन अल-कुरआन अल-करीम व इल्म अल-हदीस ४०८-४०९ मअ इख्तिसार )।

### २- syphilis भिरिङ्गी रोग:

यो एक प्रकारको ब्याक्टेरियाबाट लाग्ने रोग हो, जुन यौन सम्पर्कको माध्यमबाट एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्छ। यसको प्रारम्भिक लक्षण शरीरको कुनै भागमा छाले पड्न थाल्छ र बिस्तारै पुरै शरीरमा फैलिन्छ,यसका अन्य लक्षणहरू चक्कर लाग्नु, ज्वरो आउनु र रगतको कमी हुनु हो। तेस्रो चरणमा यो मृत्युको कारण पनि बन्छ जब यसको पहुँच हृदय र केन्द्रीय स्नायु प्रणालीमा पुग्छ। यसले कहिलेकाही केन्द्रीय स्नायु प्रणालीको पक्षाघात निम्त्याउँछ, जसले कहिलेकाहीं पागलपन पनि निम्त्याउँछ ( अब्दुर रहमान वासिल मुसकलात अस-सबाब अल-जिन्सी व अल-आतिफ १४८-१४९ )।

### ३- (Granuloma Inguinale):

यो एउटा मध्यम वर्गको संक्रामक रोग हो, यो रोग गुप्तांगको बाहिरी भागमा हुन्छ, यो एउटा रातो फोडाको रूपमा हुन्छ र गहिरो जरा जमाउछ अनि धेरै कठिनाई संग घाउ निको हुन्छ, जब रोगीमा मध्यम वर्गको संक्रामक रोग विकसित हुन्छ यो दुखाइ बडो पीडादायी हुन्छ, यदि समयमै उचित उपचार भएन भने यसले गम्भीर कमजोरी ,वजन घटाउने र मृत्यु सम्मको कारण बन्छ ( पूर्व सन्दर्भ )।

**४– फोक्सोको क्यान्सर :**

धुम्रपानको कारण मानिसको श्वासप्रश्वास प्रणालीमा लाग्ने सबैभन्दा गम्भीर रोगमध्येको एक फोक्सोको क्यान्सर हो। डाक्टरहरूले यसलाई एक निश्चित मात्रामा चुरोट प्रयोगका लागि चिकित्सा प्रयोगशालामा जनावरको छालामा राखे नतिजा एकदमै चाडो जनावरलाई क्यान्सर लाग्यो । उनिहरुले दोस्रोपटक यी जनावरहरूलाई चुरोटको धुवाँ दिए, यसले जनावरहरूलाई फोक्सोको क्यान्सर भयो ( फरज जहरान इजरारहा व अहकामुहा २९६)।

**५-मुटु पोल्ने/जलन:**

मदिरा सेवन र लागूपदार्थको सेवनले कलेजो पग्लिन्छ र कमजोर हुन्छ, काम गर्न पनि बन्द गरिदिन्छ र कहिलेकाही सुजन पनि हुन्छ । फ्रान्समा सन १९६९ मुटुको जलनको कारण २५००० हजारको मृत्यु भएको थियो ( पूर्व सन्दर्भ २०२)।

**६- यौन दुर्बलता:**

नशाको लतले महिलाको पाठेघरलाई कमजोर र सानो बनाउँछ, एक चिकित्सक भन्छन्, 'मैले रक्सीको लतमा परेका महिलाको पोस्टमार्टम गर्दा उनीहरुको पाठेघर कडा, कमजोर र सानो भएको देखेको छु र ८६ प्रतिशतमा शुक्रकीट खेर गएको देखेको छु। यसबाट रक्सी पिउनेमा बाँझोपनको वास्तविक कारणहरू के हो भनेर स्पष्ट हुन्छ ( सालेह आल मन्सूर मौकूफ अल इस्लाम मीन खम्र २५)।

**७- स्नायु प्रणाली कमजोर हुनु:**

लागूऔषधको सेवनले स्नायुमा सीधै असर गर्छ, पहिले स्नायु सुन्निने, त्यसपछि शिथिलता र पक्षाघात हुने, जसले गर्दा काँप्ने, कम्पन हुने, जोर्नी दुख्ने र मांसपेशीमा कमजोरी हुने गर्छ ( पूर्व सन्दर्भ २६ )।

**८- मनोवैज्ञानिक चिन्ता र बेचैनी:**

नैतिक पतनले मनोवैज्ञानिक चिन्ता र भित्री अस्थिरता पैदा गर्छ, भ्रष्टताबाट ग्रसित व्यक्तिमा भ्रामकताको अनुभूति हुन्छ, उसको नैतिकता र आचरण देखेर समाजले घृणा गर्छ, ऊ अल्लाहको मार्ग र यादबाट वञ्चित रहनुको कारण

भित्री पीडा देखि ग्रसित रहन्छ। अल्लाहको यादबाट टाढा रहनुको कारण उसको चिन्ता झनै तीव्र हुँदै जान्छ। अल्लाह तआला सुरह जुख्रुफमा भन्नुहुन्छ :

{وَمَن يَعْشُ عَن ذِكْرِ الرَّحْمَنِ نُقَيِّضْ لَهُ شَيْطَانًا فَهُوَ لَهُ قَرِينٌ}[الزخرف:36]

र, जुन मानिस करुणामय (अल्लाह) को स्मरणको बेवास्ता गर्छन् हामी त्यसकालागि एउटा शैतान खटाइदिन्छौं अनि त्यो नै उसको मित्र हुन्छ।

जब शैतान कुनै व्यक्ति माथी हावी हुन्छ शैतान उसमा खराब विचार र चिन्ता थोप्छ र उसलाई चिन्तित र अनिर्णयको शिकार बनाउँछ।

अल्लाह सुभ्हानहु व तआलाको याद र स्मरणले हृदयलाई शान्ति र आत्माले शान्ति र सुरक्षा प्राप्त गर्दछ। अल्लाह तआला सुरह रअदमा भन्नुहुन्छ :

{الَّذِينَ آمَنُواْ وَتَطْمَئِنُّ قُلُوبُهُم بِذِكْرِ اللّهِ أَلاَ بِذِكْرِ اللّهِ تَطْمَئِنُّ الْقُلُوبُ}[الرعد:28]

ती व्यक्तिहरू जो ईमान ल्याउँने हुन् र जसको हृदयले अल्लाहको स्मरणबाट सन्तुष्टि प्राप्त गर्छन्। र, जानिराख अल्लाहको स्मरणबाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन्।

मनोवैज्ञानिक चिन्ता र भित्री बेचैनीको बढावामा पिशुनता र चुक्लीको प्रभाव कसैबाट लुकेको छैन, किनभने चुक्लीको कारण जुन एक्लो पन,निरासता, तटस्थता,शत्रुता र दु:ख सिर्जना हुन्छ यसले चुक्लीखोर भित्र मनोबैज्ञानिक पीडा र दुख उत्पन्न हुन्छ , यसले उसलाई यो आभास गराउँछ कि जुन उदासीनता र शत्रुता देखी ऊ गुज्रिरहेको हुन्छ यो उसको आफ्नै कर्मको परिणाम हो र यो भावनाले उसको पीडा, शोक र क्रोध तीव्र हुन्छ।

ईर्ष्या एउटा यस्तो रोग हो जसमा पीडा र बेचैनीका सबै कारकहरू मिल्छन। जब कहिल्यै हासिद महसूदको कुनै उपकारलाई देख्छ ऊ क्रोधित हुन्छ,उसको रातको निद्रा हराउँछ, आँखामा निद्रा हुदैन र डिप्रेसन ग्रस्त हुन्छ, उसलाई कतै राहत मिल्दैन, ऊ बेचैन चरा जस्तै हुन्छ, ऊ अरु मानिसको अवस्थालाई नियाली राख्छ तर आफ्नो अवस्था देखी बेखबर रहन्छ,अरुको उपकारलाई धेरै र आफ्नो आशिषलाई कम आकलन गर्छ, फलस्वरूप लोभ र लालचले उसलाई आफ्नो दास बनाउँछ।

**चौथो विषय:**

**मनोवैज्ञानिक प्रभावहरू**

इस्लामिक जीवन शैलीको विरोधले यसले मानव जीवनका विभिन्न पक्षहरूमा ठूलो प्रभाव पार्छ, विभिन्न पक्ष मध्य एउटा मानिसको मनोवैज्ञानिक पक्ष पनि समावेश छ।

यस सारांशको व्याख्या यो हो कि जो व्यक्ति इस्लामिक जीवन शैली पद्धतिबाट विचलित हुन्छ र त्रुटिको मार्गमा हिँड्छ, त्यसको अवज्ञा र विद्रोहको नतिजामा उसको जीवनमा अल्लाह तआला दु:ख र पीडा थोपिदिन्छन। अल्लाह तआला सुरह जुख्रुफमा भन्नुहुन्छ:

{وَمَن يَعْشُ عَن ذِكْرِ الرَّحْمَٰنِ نُقَيِّضْ لَهُ شَيْطَانًا فَهُوَ لَهُ قَرِينٌ}[الزخرف:36]

र, जुन मानिस करुणामय (अल्लाह) को स्मरणको बेवास्ता गर्छन् हामी त्यसकालागि एउटा शैतान खटाइदिन्छौं अनि त्यो नै उसको मित्र हुन्छ।

अर्थात : जो व्यक्ति मार्गनिर्देशन देखी विचलित हुन्छ, हामी त्यस्ता व्यक्ति माथी यस्ता शैतानलाई नियुक्त गर्दछौं जसले उसलाई सही मार्गबाट बहकाएर नरकमा पुऱ्याउँछ ( इब्न कसीर तफ्सीर अल-कुरआन अल-अजीम ४/१३८) ।

शैतानले एउटा व्यक्तिसँग केवल तिनै चिजहरुको वाचा गर्छ जसले उसको जीवनलाई अशान्त र असन्तुष्ट बनाउँछ, उसलाई गरिबी र संकट देखी डराउँछ, अरूको धनमा लोभ बढाउँछ, उसले प्राप्त गरेको आशीर्वादबाट असन्तुष्ट बनाउँछ। अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ:

{الشَّيْطَانُ يَعِدُكُمُ الْفَقْرَ وَيَأْمُرُكُم بِالْفَحْشَاءِ }[البقرة:268]

शैतानले तिमीहरूलाई निर्धनताबाट तर्साउँछ र निर्लज्जताका कामहरू गर्नका लागि प्रेरित गर्छ

अर्थात् उसले तपाईलाई गरिबीबाट डराउँछ ,तपाईले आफ्नो सम्पत्ति अल्लाहको खुशीको लागि खर्च गर्नुहुन्न, उसले तपाईलाई गरिबीको डरले खर्च गर्नबाट रोक्नाका साथा तपाईलाई विभिन्न प्रकारका पाप र हराम कामगर्न र अल्लाह तआलाको अवज्ञा गर्न प्रोत्साहित गर्दछ )।

तर शैतानहरुको मुमीन माथी केही चल्दैन। अल्लाह तआला सुरह हिज्रमा भन्नुहुन्छ:

{إِنَّ عِبَادِي لَيْسَ لَكَ عَلَيْهِمْ سُلْطَانٌ إِلاَّ مَنِ اتَّبَعَكَ مِنَ الْغَاوِينَ}[الحجر:42]

मेरा भक्तहरूमाथि तिम्रो कुनै वश चल्ने छैन। तिम्रो वश पथभ्रष्ट हुनेहरूमाथि मात्र चल्नेछ जो तिम्रो अनुसरण गर्नेछन्।

अल्लाह तआला थप सुरह नहलमा भन्नुहुन्छ:

{إِنَّهُ لَيْسَ لَهُ سُلْطَانٌ عَلَى الَّذِينَ آمَنُواْ وَعَلَى رَبِّهِمْ يَتَوَكَّلُونَ}[النحل:99]

आस्थावानहरु तथा आफ्ना पालनकर्तामाथि भरोसा राख्नेहरुमाथि शैतानको वश चल्ने छैन।

थप अल्लाह तआला सुरह इस्रामा भन्नुहुन्छ:

{إِنَّ عِبَادِي لَيْسَ لَكَ عَلَيْهِمْ سُلْطَانٌ وَكَفَى بِرَبِّكَ وَكِيلاً}[الإسراء:65]

(मेरा निष्कपट) भक्तहरूमाथि कदापि तिम्रो अधिकार चल्ने छैन र कार्यसाधकको रूपमा तिम्रा पालनकर्ता पर्याप्त छन्।

नैतिक विचलनका केही मनोवैज्ञानिक प्रभावहरूलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ:

**१-मनोवैज्ञानिक असमानता:**

व्यक्तित्व निर्माणको प्रमुख र महत्वपूर्ण तत्व भनेको मनोवैज्ञानिक सद्भाव हो। अर्थात व्यक्तिमा आफ्नो समाज र परिवेश अनुसार जीवन बिताउने र त्यसमा उत्पन्न हुने समस्यालाई सफलतापूर्वक समाधान गर्ने क्षमता होस।

मनोवैज्ञानिक असमानताका केही लक्षणहरु: बेचैनी, व्याकुलता, खाना नरुच्नु, एक्लोपन ,लजालुपन, द्रुत स्वभाव, क्रोध, शत्रुता,आक्रमण प्रवृत्ति, दिवा सपना र झूट आदि। यी बाहेक अन्य पनि धेरै लक्षणहरु छन् जुन मनोवैज्ञानिक अस्थिरता र असंगततामा गनिन्छन।

मनोवैज्ञानिक असमानता सिर्जना गर्नमा नैतिक दुर्व्यवहारको ठूलो भूमिका र प्रभावशाली असर रहन्छ , इल्म वजाइफ अल-अअजाका अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूको प्रयोगशालाको प्रयोगबाट यो प्रमाणित भैसकेको छ कि थोरै मात्रामा रक्सी र लागूपदार्थको प्रयोगले पनि मनोवैज्ञानिक सन्तुलन बिगार्न सक्छ (महमूद हसन मुकद्दम अल-खिदमत अल-इज्तिमाई ४२४ )।

**१-आत्मविश्वास नहुनु:**

आशा र आत्मविश्वास नहुनुले मानिसलाई आत्मविश्वास र परिश्रम देखी टाढा गरिदिन्छ, यस्ता मानिस भौतिक स्रोत र आर्थिक आवश्यकताहरु पुरा गर्न ठगी र छल मार्फत प्रयास गर्छन। तपाईं अधिकांश चोरी गर्ने र भिख माग्ने व्यक्तिमा कडा परिश्रम र जीविकोपार्जन जुटाउने क्षमता देख्न सक्नुहुन्छ, तर तिनीहरूलाई अनैतिकता र विचलनले कमजोर र असहायमा लिप्त बनाएको हुन्छ।

लागूऔषधको प्रयोगले निराशा, चिन्ता, पीडा र यस्तो चिज देखी डर पैदा हुन्छ जुन वास्तवमा डराउनु पर्ने कुराहरू हुदैनन्। यसले नैतिक मूल्यहरूलाई असर गर्छ र व्यक्तिलाई पागल बनाउँछ, किनभने अनुभव भन्छ कि ५०% भन्दा धेरै व्यक्तिहरू रक्सी र नशाको लतमा परेर पागल हुन्छन् ( सालेह बिन अब्दुल अजीज आल मन्सूर मौकुफ अल-इस्लाम मीन अल-खम्र ३५-३६)।

तपाई देख्न सक्नुहुन्छ कसरी झूट बोल्ने व्यक्ति सत्यबाट निराश भएर असत्यको सहारा लिन्छ र ईर्ष्यालु मानिस कसरी ईर्ष्यामा यति आशाहिन हुन्छ कि ऊ अरूको जुन उपकार माथी ईर्ष्या गरिरहेको छ त्यो उसले पनि प्राप्त गर्न सक्छ ।

इस्लामिक तालिमनै मानवलाई नैतिक पतनबाट हटाउने तत्व हो, जसले आफ्ना अनुयायीहरूको हृदयमा शान्ति , सन्तुष्टि र बहादुरीको शिक्षा दिन्छ, यसले उनीहरूलाई बहादुरी र प्रगति सिकाउँछ, यहीँ कारण तपाई मुमीनलाई झूट र ईर्ष्या गरेको देख्न सक्नुहुन्न । अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "ईर्ष्या र ईमान एउटा भक्तको हृदयमा जम्मा हुन सक्दैन" ( इब्न माजा २/९२७ हदीस नम्बर २७७४ नसई ४/ १३ हदीस नम्बर ३१०९ यो हदीसलाई इमाम हाकिमले सही भन्नुभएको छ २/७२ )।

**३- चिन्ता र बेचैनी:**

कलक भन्नाले बेचैनी, चिन्ता र असन्तुष्टि जनाउँछ ( लिसान अल-अरब इब्न मन्जूर १/३२३/३२४)।

चिन्ता र बेचैनी: यो एउटा मनोवैज्ञानिक अवस्था हो जसले चिन्ता र बेचैनी प्रकट गर्छ, व्यक्ति जब मानसिक रूपमा व्याकुल र चिन्तित हुन्छ, उसको शान्ति र सन्तुष्टि नष्ट हुन्छ।

इस्लामिक जीवन शैलीबाट टाढा रहनु चिन्ता र अशान्तिको मुल आधार हो, किनकि मानव आत्मालाई शान्ति र स्थिरता केवल अल्लाहको जपबाट प्राप्त हुन्छ । अल्लाह तआला सुरह रअदमा भन्नुहुन्छ:

{ أَلَا بِذِكْرِ اللهِ تَطْمَئِنُّ الْقُلُوب}[الرعد:28]

र, जानिराख अल्लाहको स्मरणबाट नै हृदयहरू सन्तुष्ट हुने गर्छन् ।

मानिसले जति आफूलाई शरियत र इस्लामिक विधिबाट टाढा राख्छ उसले त्यतिनै नैतिक दुराचार गर्छ, त्यतिनै चिन्ता र बेचैनीले उसको जीवनमा घर बनाउदै जान्छ, यसको सबैभन्दा ठुलो प्रमाण भनेको अनुसन्धानकर्ताका अनुसार स्वयम ईस्लामिक विधिबाट मुन्टो फेर्ने धर्मत्यागीहरुले यसलाई स्विकारेका छन र डाक्टरहरूले मानेका छन कि हरेक बीस अमेरिकी मध्य एक मानसिक अस्पतालमा उपचाररत छ। तथ्य यो पनि हो कि दोस्रो विश्वयुद्धमा सैन्य सेवामा आफूलाई पेस गर्ने युवा मध्य हरेक छ जना मध्ये एक जना मानसिक रूपमा कमजोर वा बिरामी भएको कारण नकारिएका थिए। अमेरिकामा बेचैनी र व्याकुलता मृत्युको दोस्रो अहम् कारण रहेको त्यहाँको तथ्यांकले बताउँछ । दोस्रो विश्वयुद्धको अन्तिम दुई वर्षहरूमा चिन्ता र बेचैनीको कारण दुई मिलियन मानिसहरूको मृत्यु भएको थियो। तिनिहरु मध्य एक मिलियन चिन्ता, बेचैनी र स्नायु तनावबाट ग्रसित भएर बिमार भएका थिए ( अब्दुर रहमान वासिल मुसकलात अस-सबाब अल-जिन्सी व अल-आतिफी ४३ )।

लागुऔषध र मादक पदार्थको प्रयोगले मानिसमा मनोवैज्ञानिक चिन्ता र डिप्रेसन निम्त्याउनमा ठूलो भूमिका खेल्छ, मदिरा सेवन गर्नेहरूमा गरिएको स्थलगत अनुसन्धानले कमसल कारणले प्रभावित हुनेमा ९६.९%, स्नायु तनावबाट र चिडचिडापन बाट प्रभावित हुनेहरूको दर ८६.८% ,चिन्ता र बेचैनीबाट प्रभावितहरू हुनेको दर ८८.६% छ, जबकि सुस्ती र आलस्यबाट प्रभावितहरूको दर ८६.५% ,अनिद्रा देखी प्रभावित हुनेको दर ८४.५% र हरेक समय डर देखी प्रभावितको दर ७०.१% रहेको छ ( अस-सैयद मुतवल्ला अल-इस्मावी अल-जवानिब अल-इज्तिमाइयत अज-जाहिरत अल-अदमान २/१२२ )।

मनोवैज्ञानिक अस्थिरताले व्यक्तिको जीवन र उसको चालचलनमा परेको प्रभावलाई प्रत्येक विचारशील व्यक्तिले बुझ्न सक्छ। त्यसैले पुर्ण आत्मविश्वासको साथ भन्न सकिन्छ कि शरणको एकमात्र बाटो भनेको इस्लामी शिक्षाहरूलाई दृढतापूर्वक समात्नु र अनैतिकता को सबै कारक देखि टाढा रहनु हो।

एकेश्वरवादी विश्वासी त्यो हो जसको हृदय हरेक परिस्थितिमा अमन शान्ति, यकिन र विश्वासले भरिएको हुन्छ। चाहे उसको जीवनमा समस्या र विपत्तिहरूको आधी तुफानले डेरै जमाएर किन नबसोस ( अक्रम अल-उमरी अत-तर्बियत अर-रोहियत ३५२)। किन भने ऊ यो तथ्यबाट अवगत छ कि यो संसार परीक्षा र कष्टको ठाउँ हो । जसतो कि अल्लाह तआला यसको व्याख्या गर्दै सुरह बकरामा भन्नुहुन्छ :

{وَلَنَبْلُوَنَّكُمْ بِشَيْءٍ مِّنَ الْخَوفْ وَالْجُوعِ وَنَقْصٍ مِّنَ الأَمَوَالِ وَالأنفُسِ وَالثَّمَرَاتِ وَبَشِّرِ الصَّابِرِين}[البقرة:155]
निश्चय नै त्रास, भोक, धनमाल, ज्यान र फलफूलको हानि—नोक्सानीद्वारा हामी तिमीहरूको जाँच लिनेछौं । अनि, धैर्यवानहरूलाई शुभ—सन्देश सुनाइदेऊ

**४-हृदय रोग :**

अल्लाह तआलाले आफ्नो किताबमा विभिन्न स्थानहरूमा हृदयका रोगहरू र त्यसको उपचार उल्लेख गरेका छन्।

अल्लाह तआला सुरह बकरा भन्नुहुन्छ:

{فِي قُلُوبِهِم مَّرَضٌ فَزَادَهُمُ اللّهُ مَرَضاً وَلَهُم عَذَابٌ أَلِيمٌ بِمَا كَانُوا يَكْذِبُون}[البقرة:10]
तिनीहरूको मन—मस्तिष्कमा एक (किसिमको) रोग लागेको छ जसलाई अल्लाहले अझ बढ़ाइदिए र तिनीहरूका लागि तिनीहरूले राखेको झुठोको बदला दुखद यातना रहेको छ ।

अर्को ठाउँ सुरह अहजाबमा भन्नुहुन्छ:

{يَانِسَاء النَّبِيِّ لَسْتُنَّ كَأَحَدٍ مِّنَ النِّسَاء إِنِ اتَّقَيْتُنَّ فَلَا تَخْضَعْنَ بِالْقَوْلِ فَيَطْمَعَ الَّذِي فِي قَلْبِهِ مَرَضٌ وَقُلْنَ قَوْلاً مَّعْرُوفًا}[الأحزاب:32]

हे नबीका पत्नीहरू हो ! तिमीहरू साधारण महिलाहरु जस्ता होइनौ । यदि तिमीहरूमा अल्लाहको भय छ भने मीठो स्वरमा कुरा नगर जसले गर्दा पापी मन भएको व्यक्ति कुनै लोभमा फसोस् बरु स्पष्ट कुरा गर ।

थप अर्को ठाउँ सुरह अहजाबमा भन्नुहुन्छ :

{لَئِن لَّمْ يَنتَهِ الْمُنَافِقُونَ وَالَّذِينَ فِي قُلُوبِهِم مَّرَضٌ وَالْمُرْجِفُونَ فِي الْمَدِينَةِ لَنُغْرِيَنَّكَ بِهِمْ ثُمَّ لَا يُجَاوِرُونَكَ فِيهَا إِلَّا قَلِيلاً}[الأحزاب:60]

यदि यी मुनाफिक तथा मन–पापीहरू र मदीनामा गलत प्रचार गर्ने व्यक्तिहरूले आफ्ना कार्य त्यागेनन् भने हामी तिमीलाई तिनीहरूविरूद्ध खडा गर्नेछौं । अनि तिनीहरू यस शहरमा तिमीसँग थोरैसमय मात्र बसोबास गर्न सक्नेछन् ।

हृदय रोग भन्नाले यो एउटा बिगार हो जो व्यक्तिमा लाग्छ, यो रोग लागी सकेपछि मानिस सत्यलाई बुझ्न र ग्रहण गर्न सक्दैन, सत्यलाई सत्यको रूपमा हेर्न सक्दैन, वा सत्यलाई वास्तविकताको विपरीत हेर्छ र हक सम्बन्धि उसको धारणा दोषपूर्ण हुन्छ। अन्तत ऊ लाभकारी सत्यलाई घृणा गर्न थाल्छ र हानिकारक असत्यलाई माया गर्न थाल्छ, वा यी दुई गुणहरू एक ठाउँमा जम्मा हुन्छन् र धेरैजसो यहीँ अवस्था हरेक मामिलामा हुन्छ( इब्न कैयीम अल-जौजी इगास १/२३ )।

यही कारण भ्रामक र विचलित मानिसहरू धर्मी र पुण्यात्मा मानिसहरूको बैठकमा बस्नबाट टाढा रहन्छन्, कहिलेकाहीं विचलितहरु उनीहरूलाई घृणा सम्म गर्छन्, किनभने उनीहरू तिनीहरूलाई निषेधित तरिकाले आफ्नो इच्छा पूरा गर्नबाट रोक्छन् र उनीहरूले आफ्नो जीवनशैलीलाई तिनीहरु भन्दा फरक राख्छन्। यस्ता भ्रामक र अल्लारे मानिसहरू कहिलेकाहीँ वास्तवमा यिनिहरुलाई कुनै प्रकारको समझबुझ छैन भनेर भ्रमित हुन्छन् जुन कुरा उपल्लो दर्जाको अज्ञानता र विचलनको स्तर हो जो अत्यन्तै निच कुरा हो।

जहाँसम्म उपचारको सवाल छ अल्लाह तआलाले आफ्नो यो भनाइमा यसलाई उल्लेख गरेका छन्:

{يَاأَيُّهَا النَّاسُ قَدْ جَاءَتْكُم مَّوْعِظَةٌ مِّن رَّبِّكُمْ وَشِفَاءٌ لِّمَا فِي الصُّدُورِ وَهُدًى وَرَحْمَةٌ لِّلْمُؤْمِنِينَ}[يونس:57]

हे मानव हो ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताकोतर्फबाट उपदेश, हृदयमा भएका रोगको उपचार र मान्नेहरूकालागि मार्गदर्शन तथा दया आइपुगेको छ । सुरह यूनुस

तसर्थ, जो कोहि भलाइ र हृदयको खुशीको खोजीमा छ, जसको खोजीमा धेरै मानिसहरू घुमिरहेका छन्, उसले अल्लाहको किताब र पैगम्बरको सुन्नतलाई दृढतापूर्वक समात्नु पर्छ , यस संसार र परलोकको सुख र सफलता यहीँ कुरआन र हदीसमा निहित छ।

## पाँचौं विषय:

## सामाजिक प्रभावहरू

प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नैतिक दुव्र्यवहारको प्रभाव समाज र वातावरणमा पनि पर्न जान्छ, नैतिक विचलनले समाजमा अराजकता र विभेद पैदा गर्छ, जसले आर्थिक तथा वित्तीय बाधाहरू उत्पन्न हुन्छन् र समुदायको सामान्य शान्ति पनि प्रभावित हुन्छ।

यस अघिका छलफलमा उल्लेख गरिएका प्रभावहरू नैतिक दुर्व्यवहारका कारणले समाजमा पर्ने धार्मिक, सुरक्षा, आर्थिक र स्वास्थ्यसँग सम्बन्धित प्रत्यक्ष प्रभावहर हुन्। यहाँ हामी अप्रत्यक्ष रुपमा समाजमा पार्ने नैतिक विचलनलाई उल्लेख गर्दैछौं।

### १- ईश्वरीय दण्ड:

जब कुनै समाजमा नैतिक खराबीहरू सामान्य हुन्छन्, तब त्यो समाजमा विपत्ति र संकट आइलाग्छ। अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले व्यभिचार बारेमा भन्नुभयो: "जब कुनै समुदायमा व्यभिचार र घूसखोरी सामान्य हुन्छ, तब उनीहरूले आफ्नो लागि अल्लाहको दण्ड निम्त्याउँछन" (अल-हाकिम अल-मुस्तद्रक अला सहिहीन २/२७ इमाम हाकिमले भन्नुभयो यस हदीसको इस्नाद सही छ र सहिहीनमा उल्लेख छैन )।

लूतको समुदायको विनाशमा पनि हाम्रो लागि पाठ र सबक छ। अल्लाह तआला सुरह हूदमा भन्नुहुन्छ:

{فَلَمَّا جَاء أَمْرُنَا جَعَلْنَا عَالِيَهَا سَافِلَهَا وَأَمْطَرْنَا عَلَيْهَا حِجَارَةً مِّن سِجِّيلٍ مَّنضُود} {مُّسَوَّمَةً عِندَ رَبِّكَ وَمَا هِيَ مِنَ الظَّالِمِينَ بِبَعِيد}[هود:83-82]

अनि जब हाम्रो आदेश आयो, हामीले त्यस (बस्ती)को माथिल्लो भागलाई तल्लो भागमा घोप्टाइदियौं र तिनीहरूमाथि लगातार ढुङ्गाको वर्षा गरायौं । ती सबै ढुँगाहरू तिम्रा पालनकर्ताको तर्फबाट अंकित थिए। र, त्यो अत्याचारीहरूबाट टाढा थिएन । [सूरह हुद: ८२-८३]

### २- आपसी घृणा र ईर्ष्या:

नैतिक दुष्टताको विनाश मध्य यो पनि हो कि उम्माका सदस्यहरू बीच सामाजिक स्तरमा द्वेष र घृणा उत्पन्न हुन्छ, उदाहरणका लागि ईर्ष्यालाई लिनुस, जसको नतिजामा ईर्ष्यालु व्यक्ति महसुदसँग घृणा गर्न थाल्छ, जसको प्रभाव उसको दुर्व्यवहार , खराव सम्बन्ध र महसुदको उपकार प्रति गलत धारणा राख्छ। कहिलेकाहीँ महसुदले पनि हसीदप्रति उस्तै प्रतिक्रिया देखाउँछ जस कारण ईर्ष्याको वातावरण सिर्जना हुन्छ जो ईर्ष्या गर्नेहरूको हृदयमा बस्न थाल्छ।

अभद्र व्यबहारले समाजमा पिशुनता,चुक्ली, कुटपिट र अन्य नैतिक विकृतिहरु जाहेर हुन्छन्, परिणाम स्वरूप समाजमा आपसी घृणा उत्पन्न हुन्छ ।

यसैगरी जो व्यक्ति ब्याज, व्यभिचार, लवातित र मदिरापन बाट नैतिक विचलन दर्शाउछन उनिहरुमा पनि सामाजिक स्तरमा घृणाको आगो सल्किन्छ, कहिलेकाहीँ धर्मी र भ्रष्ट जमात घृणाको आगोमा बराबर जलिरहेका हुन्छन् ।

**३- सामाजिक बहिष्कार:**

नैतिक दुर्गुणहरूनै सामाजिक बहिष्कारको स्रोत हुन्, प्रत्येक नैतिक दुर्गुणले समुदायका व्यक्तिहरू बीचको सामाजिक स्तरमा सम्बन्ध विच्छेद गर्नको लागि महत्त्वपूर्ण भूमिका खेल्छ। उदाहरणका लागि पिशुनतालाई लिनुस, समुदाय, आफन्तहरू र साथीहरु बीचको सामाजिक सम्बन्ध तोड्न र घृणा फैलाउन चुक्ली एउटा बलियो हतियार हो। चुक्ली गर्ने व्यक्तिको बारेमा रसूलुल्लाहले भन्नुभयो: चुक्ली गर्ने व्यक्ति स्वर्गमा जानेछैन ( सही मुस्लिम )।

झुट बोल्नु र धोखा दिनु सबै विकृतिको जड हो, झूट बोल्नेले जब कुनै समाचार ल्याउँछ त्यसलाई गलत मानिन्छ, झुट बोल्ने व्यक्तिले सामाजिक सम्बन्ध बिगार्छ र त्यसको जग हल्लाइदिन्छ, झूट बोल्दा पारिवारिक सम्बन्धमा दरार आउँछ, पेशागत समूह बीचमा भ्रम पैदा हुन्छ, साथीभाइबीचको सम्बन्ध कमजोर हुन्छ, झुट शब्द र कर्ममा शङ्का उत्पन्न हुन्छ।

सामाजिक बहिष्कारमा ईर्ष्याले धैरै महत्त्वपूर्ण भूमिका खेल्छ, ईर्ष्या सामाजिक उथलपुथलको मुख्य कारक नभएता पनि एउटा प्रमुख कारण भने हो, कहिलेकाहीँ ईर्ष्या, ईर्ष्यालुलाई पिशुनता,चुक्ली र महसूदको उपकार समाप्त गर्न पुरै समय व्यस्त बाध्य बनाउछ । यो उपकार पति पत्नी, इष्ट मित्र, परिवार, नातेदार, दुई वा बढी परिवारहरू, कुलहरू र जमात बीचको सम्बन्धमा पनि हुन सक्छ। ईर्ष्याको आगो जब सल्किन्छ ईर्ष्यालु सबैभन्दा पहिला सम्बन्धमा बिगार पैदा गर्छ जो एउटा ठूलो अपराध हो, अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो:

"तिमीहरूमा अगाडि समुदायको एउटा रोग सरेको छ र त्यो ईर्ष्या र द्वेषको रोग हो, यो एउटा खुइल्याउने रोग हो, म टाउकोको कपाल खुइल्याइदिन्छ भनेर भन्न सक्दिन, तर यसले धर्मलाई खुइल्याइदिन्छ। कसम त्यो जातको जसको हातमा मेरो प्राण छ, तिमीहरु तबसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ जब सम्म तिमीहरु ईमान कबोल गर्दैनौं र मुमीन तबसम्म हुन सक्दैनौं जबसम्म एकअर्कालाई माया गर्दैनौ र के म तिमीहरुलाई यस्तो कुरा नबताउ जसले तिमीहरु बिच प्रेम स्थापित गर्छ त्यो भनेको आपसमा सलामलाई फैलाउ " ( तिर्मिजी ४/५७३ हदीस नम्बर २५१० अहमद १/१६५ शब्द अहमदको हो इमाम अल-बानीले हदीस हसन भन्नुभएको छ)।

**४- सामाजिक छल कपट :**

सामाजिक छल कपटको दायरा धेरै फराकिलो छ र यसको प्रभाव विस्तृत छ, भाषा अभिव्यक्ति, मात्रा र मापन, अधिकार र दायित्वको साथसाथै धन र सम्बन्धहरूमा पनि छल कपट हुन्छ, यसको चोर ढोका भनेको अनैतिक क्रियाकलाप हो।

खराब चरित्रको परिणामले नापतौलमा कमि गराउँछ र अधिकार र दायित्व पूरा गर्नमा लापरवाही गराउँछ। अल्लाह तआला सुरह मतफ्फिफीनमा भन्नुहुन्छ:

{وَيۡلٞ لِّلۡمُطَفِّفِينَ}{ٱلَّذِينَ إِذَا ٱكۡتَالُواْ عَلَى ٱلنَّاسِ يَسۡتَوۡفُونَ}{وَإِذَا كَالُوهُمۡ أَو وَّزَنُوهُمۡ يُخۡسِرُونَ} {أَلَا يَظُنُّ أُوْلَٰٓئِكَ أَنَّهُم مَّبۡعُوثُونَ} {لِيَوۡمٍ عَظِيمٖ}[المطففين: 1-5]

सर्वनाश छ नापतौलमा घटाएर दिनेहरूको। जो मानिसहरूबाट लिंदा पूरापूरा नापेर लिन्छन र उनीहरूलाई नापेर वा तौलेर दिँदा कम दिन्छन्। के यिनीहरूले पुनः जीवित गरिनेछ भन्ने बुझेका छैनन्। एक महान् दिनमा

नैतिक दुष्टताको नतिजा यो हुन्छ कि समाजको मान मर्यादा छलबाट प्रभावित हुन्छ, कहिलेकाहीँ कसैको इज्जत, निन्दा र मानहानिले कलंकित हुन्छ र कहिलेकाहीँ व्यभिचार मार्फत कसैको निष्ठा लुटिन्छ। पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो:

"तिमीहरूको रगत, तिम्रो सम्पत्ति र तिम्रो इज्जत एकअर्काको लागि त्यसैगरी हराम छ जसरी आजको दिन यो शहर र यो महिनाको हुर्मत छ। उपस्थितले अनुपस्थित सम्म अल्लाहको सन्देश पुऱ्याउ ( बुखारी १/२१ हदीस नम्बर ६७ मुस्लिम ३/१३०६ हदीस नम्बर १६७९)।

**सामाजिक छलका बाटाहरु:**

अर्थात् कुनै खास कारणले वास्तविक परिस्थितिको विपरीत निश्चित धारणा अपनाउनु , जसद्वरा दोस्रो पक्ष धोकामा परोस्। वा पाखण्डी मनोवृत्ति अपनाएर दुई फरकफरक अनुहार लिएर दुई समुहमा आउनु हो, रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लमको भनाइ छ: “ तिमीहरु मध्य मानिसमा सबैभन्दा खराब दुइवटा मुख भएकाहरु हो, ऊ यिनीहरू माझ एउटा मुखले लिएर आउँछ र अर्को मुखले लिएर तिनीहरु माझ आउँछ।”( बुखारी १/२१ हदीस नम्बर ६७ मुस्लिम ३/१३०६ हदीस नम्बर १६७९)।

इमाम कुर्तुबी भन्छन्: "मानिसहरुमध्य दुई अनुहार भएको व्यक्तिलाई सबैभन्दा खराब किन भनिएको छ भने उसको अवस्था एउटा कपटीको जस्तो हुन्छ , किनभने ऊ मानिसहरूमा झूटो चापलूसी, झूटो चाटुकारिता र मानिस बीच उत्पात र उपद्रव फैलाउँछ। इमाम नव्वी भन्छन्: अर्थात् हरेक त्यो व्यक्ति जो प्रत्येक समूहसँग उनिहरुको भावना अनुसार कुरा गर्छ, जस कारण त्यो समूह उसलाई आफ्नो समूहको मित्र र आफ्नो शत्रुको प्रतिद्वन्दी ठान्छ, जबकि

ऊ कपटपूर्ण व्यवहार, छल कपट र झुट मार्फत केवल दुवै समुहको गोप्य राज देखी अवगत हुन षड्यन्त्र रच्छ ( इब्न हजर फतह अल-वारि १/४७५)।

**५- विवाहमा ढिलाइ :**

विवाहमा ढिलाइको प्रमुख कारण नैतिक विचलन पनि हो, विशेष गरेर तिनीहरु जो लागूपदार्थ दुर्व्यसनी र व्यभिचारमा लिप्त हुन्छन्,जस कारण सम्बन्ध विच्छेदको दर बढ्दै गएको छ, घरेलु जिम्मेवारीको भावना हराउँदै गएको छ, घर झगडाको दर बढेर गएको छ,साथै महिलाहरूको गैर-इस्लामी जीवन शैली र गैर-शरयी जीवन शैली ग्रहण गरेर अश्लील घुलमिल र पराय पुरुषसँग खुलेर कुराकानीको कारण पनि पुरुष भित्र महिला प्रति वितृष्णा उत्पन्न भएको छ, जस कारण विवाहमा ढिलाइ र महिलाको कुमारीत्वको अवस्थामानै वृद्ध उमेर पुग्न थालेको छ।

माथीको बहसले नैतिक विचलनले समाज र सोसाइटीमा गम्भीर असर पार्छ भन्ने थाहा हुन्छ, त्यसको सिधा असर समाज र सोसाइटीको व्यवहारमा पनि परेको हुन्छ,फलस्वरूप अपराध र अनैतिकतालाई सुसज्जित गरेर पेस गरिन्छ, जसमा लिप्त हुनु मानिस सामान्य बुझ्छ र समाजका सदस्यहरु नैतिक पतनमा अभ्यस्त हुन्छन् ।

## छैटौं विषय:

## घरेलु प्रभाव

जब परिवारका कुनै सदस्य नैतिक दुर्गुणहरूमा संलग्न हुन्छ, यसले परिवारलाई प्रत्यक्ष रुपमा असर गर्छ, किनभने परिवारका सदस्यहरूसँग लामो समयसम्म सँगै उठ्नुबस्नु र उनीहरूमाथि पारस्परिक जिम्मेवारीहरूको गम्भीरता हुनुले, जसलाई नबी सल्लल्लाहु अलैही वसल्लमले यस् हदीसमा भन्नुभएको छ: "तिमीहरू मध्ये प्रत्येक संरक्षक र आफू मातहतको जिम्मेवार हौं। इमाम संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो, व्यक्ति आफ्नो घरबारको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हो , महिला आफ्नो लोग्नेको घरको संरक्षक र आफ्नो प्रजाको जिम्मेवार हुन नोकर आफ्नो मालिकको सम्पत्तिको संरक्षक र उसको अधीनमा रहेका मानिसहरूको जिम्मेवार हो र रावी भन्छन् मलाई लाग्छ हुजूरले यो पनि भन्नुभयो : व्यक्ति आफ्नो बुबाको सम्पत्तिको निगरा र आफ्नो प्रजाको जिम्मेवार हो र तपाईंहरू प्रत्येक आफ्ना प्रजाहरूका लागि संरक्षक र जिम्मेवार हुनुहुन्छ (मुत्तफक अलैही  बुखारी १/२८४/२८५ हदीस नम्बर ६८९३ )।

परिवारमा नैतिक विकृतिको खराब प्रभावबारे तल उल्लेख गरिदैछ:

### १-जिम्मेवारीको भारी गाह्रो र बोझ हुनु:

परिवारमा नैतिक दुष्टताको सबैभन्दा पहिलो प्रभाव भनेको यसको जिम्मेवारीको भारी हुनु हो, त्यसपछि हुने शारीरिक र मनोवैज्ञानिक पीडालाई केवल भोग्नेले मात्र बुझ्न सक्छ। आमाबुबालाई विभिन्न प्रकारका पारिवारिक घटना र नैतिक विचलनको पीडालाई सहन गर्नुपर्छ। जस्तै चोरी, क्रूरता,दमन, अपहरण,बलात्कार, रक्सी, लागूपदार्थको सेवन, जालसाजी, व्यभिचार,लवातित, शत्रुता अवज्ञा, गलत बयानी, आपसी विरोध र झैझगडा यी सबै नैतिक दुष्टताको खराब प्रभाव परिवारलाई परिक्षणिक जिम्मेवारीको भारी देखी टाढा गरिदिन्छ।

### २-खराब आदर्श:

एउटा स्थापित तथ्य हो कि लामो समयको उठबस र धैरै समयसम्म एक रहनुले आपसी समस्याहरु निम्तिन्छन, यहीँ कारण परिवारका ती सदस्यहरू जसको स्वभाव उत्पति र उपद्रव फैलाउने हुन्छ, परिवारका अन्य सदस्यहरू यिनीहरुको अनुकरण र यिनीहरुलाई पछयाउँदा प्रभावित भएरै छाड्छन। जस कारण मुस्लिम परिवारको प्रशिक्षण प्रणाली नराम्रो सँग प्रभावित हुन्छ,फलस्वरूप यो खान्दानले आदर्शयुक्त महत्वपूर्ण तत्व गुमाउँछ र त्यो तत्व भनेको आदर्श नमुना हो।

इस्लामले आफ्नो उच्च प्रशिक्षण प्रणालीमा धर्म,नैतिकता र अन्य सबै कार्यहरूको सम्बन्धमा खराब आदर्श हुनु कति गम्भीर र खतरनाक छ भनेर व्याख्या गरेको छ: अल्लाह तआला सुरह लुक्मानमा भन्नुहुन्छ:

{وَإِذَا قِيلَ لَهُمُ اتَّبِعُوا مَا أَنزَلَ اللَّهُ قَالُوا بَلْ نَتَّبِعُ مَا وَجَدْنَا عَلَيْهِ آبَاءَنَا أَوَلَوْ كَانَ الشَّيْطَانُ يَدْعُوهُمْ إِلَىٰ عَذَابِ السَّعِيرِ}[لقمان:21]

अनि, जब तिनीहरूलाई अल्लाहले अवतरण गरेका कुराहरूको अनुसरण गर्न भनिन्छ तब तिनीहरू भन्छन्– होइन, हामी तिनै कुराको अनुसरण गर्छौं जुन कुरामा हामीले आफ्ना पूर्वजहरूलाई पाएका छौं । के शैतानले तिनीहरूलाई दन्कँदो आगोतर्फ आह्वान गरे पनि?

र नबी सल्लल्लाहु अलैही वसल्लमले खराब आदर्शको अनुकरणगर्नेहरुले कुन किसिमको हानि र नोक्सानी बेहोर्नुपर्छ भनेर वर्णन गर्नुभएको छ ।

"जसले खराब मार्गको आविष्कार गर्छ र मानिसहरूले त्यसलाई पछ्याउछन, त्यसको पाप उनिहरु माथि हुनेछ, त्यसलाई अनुकरण गर्नेको पाप उसमाथि (अस्तित्वमा ल्याउने) हुनेछ र तिनीहरूका (पछ्याउने) पापहरूमा कुनै कमी गरिने छैन (मुस्लिम २/७०५)।

माथिका अनुच्छेदले आइडलको मामिला कति गम्भीर छ र खराब तरिका अस्तित्वमा ल्याउनुको पाप कति ठूलो छ भन्ने कुरा स्पष्ट पार्छ। यी खराब प्रभावहरूको क्षतिपूर्तिको मार्गमा  परिवारको लागि सबैभन्दा ठूलो सहयोगी अल्लाह तआला सँग  मद्दत खोज्नु  र उहाँले आदेश गरे बमोजिम आफ्नो जीवन शैलीलाई व्यवहारमा लागू गर्नु हो।

**३- बदनामी र खराब लोकप्रियता:**

जब परिवारका सदस्यहरू नैतिक विचलनको शिकार हुन्छन्, परिवार कलंकित हुन्छ र यो कलंकको परिणाम स्वरूप, त्यहाँ धेरै सामाजिक र शैक्षिक प्रभावहरू पर्छन,जस मध्य  मानिसहरू कलंकित परिवारसँग सम्बन्ध राख्न र विवाहलाई दुर्गुण मान्छन र तिनीहरूबाट टाढा रहन सहज महसुस गर्छन्, यसको मनोवैज्ञानिक र नैतिक रूपमा गम्भीर परिणामहरू जाहेर हुन्छन् जसको सामना आमाबुबाले गर्छन् ।

तसर्थ, यी नराम्रा प्रभावहरूलाई हटाउन इस्लामले दिएको शिक्षा प्रणालीलाई व्यवहारिक रूपमा अपनाउन जरुरी छ, इस्लामी व्यवस्था जो खान्दान र समाजलाई नैतिक विचलन देखी सुरक्षाको ग्यारेन्टी गर्छ, अफवाहबाजहरुको अफवाह र हृदय रोगीको बदनियती देखी उनीहरुको ईज्जत् सुरक्षीत राख्छ ।  इस्लाम द्वारा प्रदान गरिएको सुरक्षात्मक प्रणाली यस् सिलसिलामा राम्रो मद्दतगारको हैसियत राख्छ, अल्लाहको यो भनाइ माथी चिन्तन गर्नुस्, अल्लाह तआला सुरह अहजाबमा भन्नुहुन्छ:

{يَانِسَاءَ النَّبِيِّ لَسْتُنَّ كَأَحَدٍ مِّنَ النِّسَاءِ إِنِ اتَّقَيْتُنَّ فَلَا تَخْضَعْنَ بِالْقَوْلِ فَيَطْمَعَ الَّذِي فِي قَلْبِهِ مَرَضٌ وَقُلْنَ قَوْلاً مَّعْرُوفًا}[الأحزاب:32]

हे नबीका पत्नीहरू हो ! तिमीहरू साधारण महिलाहरु जस्ता होइनौ । यदि तिमीहरूमा अल्लाहको भय छ भने मीठो स्वरमा कुरा नगर जसले गर्दा पापी मन भएको व्यक्ति कुनै लोभमा फसोस् बरु स्पष्ट कुरा गर ।

कुरआनको यस् आयतमा कामवासनाको रोगबाट पीडित हृदय भएकाहरूले नराम्रो कुरा नसोचुन भनेर सुरक्षात्मक तालिमको मार्गदर्शन प्रस्तुत गरिएको छ, यो सुरक्षात्मक तालिमभन्दा राम्रो र उत्तम तालिम के हुन सक्छ!

**४- वैमनस्य, अस्तव्यस्तता, वैर र घृणा:**

जब परिवारका सदस्यहरूमा चुक्ली,पिशुनता, द्वेष र ईर्ष्या सामान्य हुन थाल्छ, उनीहरूमा घृणा र वैरले जरा गाड्छ, वैमनस्य र असंगताको वातावरण सिर्जना हुन्छ र निकटता र आत्मीयताको सट्टा दूरी र विचलनको जन्म हुन्छ ।

नबी सल्लल्लाहु अलैही वसल्लमले नाता तोड्नुको गम्भीरतालाई रेखांकित गर्दै भन्नुभयो : "सम्बन्ध सिंहासनमा झुण्डिएको छ र भन्छ: जसले मलाई जोड्छ, अल्लाहले उसलाई आफूसँग जोड्नेछन र जसले मलाई काट्छ, अल्लाहले उसलाई आफूबाट काट्नेछन" (बुखारी ४/९५-९६ हदीस नम्बर ६०२४) ।

थप रूपमा सिलाह रहमी ( खाम्दानका सदस्यसँग राम्रो व्यबहार गर्नु ) जीविका र बरकतको कारक हो। हदीसमा आउँछ "जो कोही आफ्नो जीविका र लामो आयु होस भनेर चाहन्छ,उसले सिला रहमी गरोस् " (बुखारी ४/८९ हदीस नम्बर ५९८५) ।

नातेदारको ख्याल् नगर्ने व्यक्ति माथी यसको ठुलो प्रभाव पार्छ, यसले गुनाह सँगै सामाजिक, मनोवैज्ञानिक र भौतिक रूपमा पनि दुःख भोग्नु पर्ने हुन्छ, यी सबैको कारक आपसमा एक-अर्काको मद्दत र सहयोग नगर्नु हो। कहिलेकाहीँ धनी स्वयम आफू त शान्त र निद्रा सुतेको हुन्छ तर नजिकका आफन्त भने भोक प्यासले बेचैन भइरहेका हुन्छन् । त्यसैले इस्लामी परिवार माथी दायित्व छ उनिहरुले इस्लाममा उल्लेखित तालिमको तरिकाबाट नाता स्थापित र विस्थापित गर्ने प्रयास गरुन् ।

**५-विवाहमा ढिलाइ:**

केही नैतिक दुर्गुणहरू यस्ता पनि छन् जो परिवारको नौजवान वर्गमा विवाहमा ढिलाइको कारक बन्छ, यसको कारण लागूपदार्थको प्रयोगमा धन सम्पत्ति बर्बाद गर्नु, खेलकुद रमितामा पैसा खर्च गर्नु वा व्यभिचारमा संलग्न भएर हराम तरिकाले यौन इच्छालाई पूरा गर्नु अथवा रीतिरिवाज, परम्परा र फेसनको नाममा सम्पत्तिलाई पानीझै बगाउनु हो ।

**विवाहमा ढिला पनको परिणाम र गम्भीरताहरु तल उल्लेख गरिदै छ:**

१- पैगम्बर सल्लल्लाहु अलैही वसल्लमको त्यो वसीयतनामालाई कार्यान्वयनमा लापरवाही र बेवास्ताले काम लिइन्छ। "युवाहरूको समूह! तिमीहरू मध्ये जोसँग विवाह गर्ने आर्थिक शक्ति छ उसले विवाह गरोस् किनभने यो

नजरलाई तल राख्ने र गुप्ताङ्गको रक्षा गर्ने कार्य हो ।" र जो कोहि निकाह गर्ने ताकत राख्दैन उसले रोजा राखोस किनभने व्रतले उसको वासनालाई भत्काउँछ।" ( खालिद हाजमी अल-मुस्कलात अत-तर्बुयत अल-उसरत व असालिबीहा अल-इलजियात १०-११)।

२- हराम नजर र व्यभिचार जस्ता वर्जितहरूमा पर्नबाट जोगाउन शरियतले बन्द बाटोको रुपमा जुन कुरा देखि रोकेको छ, त्यसको लागी ढोका खुला रहन्छ।

३-जन्म दर कम र प्रजननमा ढिलाइ हुनु जबकि नबी सल्लल्लाही अलैही वसल्लम पुनरुत्थानको दिनमा आफ्नो समुदायको प्रशस्ततामा गर्व व्यक्त गर्नेछन्, उहाँले भन्नुभयो: " धेरै प्रेम गर्ने र धेरै सन्तान जन्माउने महिलासँग विवाह गर किनभने म आफ्नो अरु उम्मा माथी आफ्नो उम्माको प्रशस्तताको कारण न्यायको दिनमा गर्व गर्नेछु।"( बुखारी १/४१ हदीस नम्बर ६७)।

४- ढिलो विवाह गर्दा अविवाहित महिलाको दर बढ्छ।

**६- मानहानी:**

कतिपय नैतिक विकृतिहरू यति गम्भीर हुन्छन् कि तिनको कारणले इज्जत,मान,मर्यादा र पिँढीहरु सम्म तहसनहस हुन्छन। कुनै व्यक्ति तर्फ अरुको सन्तानको वंशावली जोडिन्छ, यी सबै विपत्ति र विनाशहरू यौन अनैतिकताको कारण निम्तिन्छन। हदीसमा भनिएको छ। : "तिमिहरुको रगत, तिम्रो धन र इज्जत एकअर्काको लागि वर्जित छ जसरी आजको दिन, यो शहर र यो महिनाको हुर्मत (पवित्रता) छ। उपस्थितले अनुपस्थित सम्म अल्लाहको सन्देश पुऱ्याओस" ( हावाला माथी आइसकेको छ)।

परिवार र खान्दानको भलाइ र सुरक्षा केवल इस्लामी व्यवस्थामा उप्द्रव देखी बच्न जुन कार्यविधि बताइएको छ त्यसैमा कटिबद्धता रहनुमा मात्र छ। इस्लामिक व्यवस्था प्रणालीको पालना गर्नुमा मात्र आनन्दित जिबनको ग्यारेन्टी रहेको छ।

ईस्लामिक व्यवस्था प्रणाली भनेको कुरआनको शिक्षा र हदीसलाई जीवनको हरेक क्षेत्रमा लागू गर्नु हो।

## सातौं विषय:

## आर्थिक प्रभावहरू

समाजको निर्माण र स्थायित्वमा अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेल्छ, जब यसमा झुकाव आउँछ अनि बेरोजगारी, दुष्टता, उत्पात,भ्रष्टाचार, विचलन र भ्रामकताको लागि मार्ग प्रशस्त हुन्छ, त्यसैले पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले गरिबी र निर्धनताबाट अल्लाहसँग शरण मागेका छन् । उहाँको भनाइ छ: "हे अल्लाह, म अविश्वास, गरिबी र चिहानको दण्डबाट तपाईंको शरण चाहन्छु" (नसई ३/७३-७४ हदीस नम्बर १३४७ अहमद ५/३६ यो हदीसलाई इमाम अल-बानीले सही भन्नुभएको छ)।

रसूलुल्लाहले यो पनि भन्नुभयो: "हे अल्लाह, म गरीबी र निर्धनता देखी तपाईंको शरण माग्छु, म कमी र अपमानबाट तपाईंको शरण माग्छु, म दमन शोषित हुन देखी तपाईंको शरण माग्छु" ( अबू दाऊद २/१९०-१९१ हदीस नम्बर ५४४ यो हदीसलाई इमाम अल-बानीले सही भन्नुभएको छ)।

उम्माको अर्थतन्त्र र जीविकोपार्जनलाई कमजोर पार्ने कारकहरूमध्ये एउटा प्रभावकारी कारण नैतिक दुष्टताको अभ्यास र अराजकता हो, किनभने नैतिक दुष्टताले आफू भित्र यस्ता दुष्टता र उपद्रवलाई लुकाएको हुन्छ, जो उम्माको उत्थान, विकास र साधनको सहि प्रयोगमा बाधा पुऱ्याउँछ । र प्राकृतिक स्रोतहरूको समुचित प्रयोगले उमाहको आर्थिक शक्तिलाई असर गर्ने अनैतिक प्रभावहरूलाई निम्न पंक्तिहरूमा उल्लेख गरिदै छ:

### १- अत्यधिक खर्च:

व्यक्ति र समाजको जीविकोपार्जन र आम्दानीलाई कमजोर बनाउन नैतिक दुर्गुणहरूको ठूलो भूमिका हुन्छ, किनभने अनैतिकताको शिकार भएका व्यक्तिहरू जब विभिन्न रोगबाट ग्रसित हुन्छन्, तब तिनीहरू आफ्नो काम, पेशा र मजदुरीबाट पछि हट्छन् र व्यर्थका कुराहरूमा आफ्नो समय बर्बाद गर्न थाल्छन्।

अर्कोतर्फ नैतिक पतनबाट ग्रसित व्यक्ति आफ्नो आम्दानीको एउटा राम्रो हिस्सा सङ्गीत सुन्न,खेलकुदका उपकरण किन्न, नाटक-सिनेमा जस्ता समय खेर फाल्ने वस्तुमा वा लागुऔषध प्रयोगमा खर्च गर्छ, जसको असर समुदायको आर्थिक संकट र घाटा को रूप मा देखापर्छ ।

केही अनुसन्धान अनुसार केहि इस्लामिक समाजहरू यस्ता छन्,जो पारिवारिक बजेटको १३%खेलकुदमा खर्चिन्छन र रक्सी सेवनको परिणाम स्वरूप समाजलाई ३१९१ मिलियन जिन्याको नोक्सानी रहेको देखाउँछ ।

कतिपय अनुसन्धानले लागुऔषध र नशालु पदार्थमा खर्च हुने रकम सामान्यतया आम्दानीको आधाभन्दा कम नहुने देखाएको छ, कहिलेकाहीँ नशाको प्यास मेटाउन ऋण लिनुपर्ने अवस्था समेत सिर्जना हुन्छ ।

**२- बेरोजगारी:**

नैतिक विचलनको नराम्रो प्रभाव मध्य यो पनि हो कि यसले आरामको बानी र आफ्नो आवस्यकता पूरा गर्न र विशेष गरी लागूपदार्थको तिर्खा मेटाउनको लागि अरुको सम्पत्ति हडप गर्ने लत लाग्छ , लागुपदार्थ दुर्व्यसनीहरूमा आरामको चाहत हावी रहन्छ , एउटा अनुसन्धानमा यस्ता व्यक्तिहरूको संख्या ११.२% सम्म फेला परेको छ।

**३ - उपचार खर्च:**

जब कुनै समुदायका व्यक्ति बिरामी हुन्छन्, त्यसले समुदायको अर्थतन्त्रमा गहिरो प्रभाव पार्छ, खासगरेर रोगबाट पीडित हुनेको सङ्ख्या बढी हुँदा अर्थतन्त्रको जग हल्लिन्छ, अर्थतन्त्रको यति धेरै प्रभाव हुनुको कारण मानिसले उसको लागि कामकाज छोडेर खर्च गर्छन र उनीहरूको स्वास्थ्य हेरचाह र गुणस्तरीय उपचारमा धेरै पैसा खर्च हुन्छ, जब कि यो पैसा आर्थिक विकासका लाभदायक तरिकामा खर्च गर्नु उत्तम थियो ।

नैतिक पतनका कारण मानिस रोगको शिकार हुन्छ र सोच्ने र बुझ्ने क्षमता गुमाउँछ, जस कारण ऊ कामकाज गर्न र कडा परिश्रम गर्न देखी असक्षम हुन्छ । उसको उपचार खर्चमा आउने रकमले राष्ट्रको आर्थिक बजेटमा समेत असर पर्छ ।

अर्कोतर्फ ईर्ष्या,डाह र द्वेषको कारणले जे जति पनि मानिसको धनसम्पत्ति गुम्छ त्यसले राष्ट्रको अर्थतन्त्रलाई प्रभावित पार्छ, अनैतिक व्यवहारको नतिजामा सम्पत्ति बर्बाद हुन्छ र परिश्रमको कदर हुँदैन ।

व्यभिचार र लवातितबाट पीडित व्यक्तिहरूलाई कहिलेकाहीँ यस्तो रोग संक्रमित हुन्छ, जसले उनीहरूलाई कमजोर र आफ्नो जिम्मेवारी पूरा गर्न देखी असमर्थ बनाउँछ। फलस्वरूप तन मन र शरीर प्रभावहीन हुन्छ, जबकि यहीँ मानसिक बुद्धि र शारीरिक शक्तिलाई समुदायको भलाइमा खर्च गर्न सकिन्थ्यो । तर नैतिक कुरीतिको लतले उसलाई यति प्रभावहीन बनाइदिन्छ कि ऊ समुदायको आर्थिक वृद्धि र विकासमा थोरै पनि योगदान दिन सक्दैन, उल्टै उसमाथि राष्ट्रको पूंजी, औषधि,बेड, अस्पताल र उपचारमा आर्थिक खर्च हुन्छ जसले राष्ट्रको अर्थतन्त्रमा असर गर्छ।

**४- घूस लागु गरेर आम्दानीका श्रोतहरूलाई नष्ट गर्नु:**

अल्लाह तआलाले अन्यायपूर्ण रुपले मानिसहरूको धनलाई खान हराम गर्नु भएको छ, अल्लाह तआला सुरह बकरामा भन्नुहुन्छ:

{وَلَا تَأْكُلُوٓاْ أَمْوَٰلَكُم بَيْنَكُم بِٱلْبَٰطِلِ وَتُدْلُواْ بِهَآ إِلَى ٱلْحُكَّامِ لِتَأْكُلُواْ فَرِيقًا مِّنْ أَمْوَٰلِ ٱلنَّاسِ بِٱلْإِثْمِ وَأَنتُمْ تَعْلَمُونَ}[البقرة:188]

र तिमीहरू एकअर्काका सम्पत्ति अनाहकमा नखाऊ र त्यसलाई न्यायकर्ताहरू समक्ष यस उद्देश्यले पेश नगर कि तिमीहरूलाई मानिसहरूको सम्पत्तिको कुनै अंश जानी–जानी अन्यायपूर्ण ढङ्गले खाने अवसर प्राप्त होस् ।

अब्दुल्लाह बिन उमर रजि वर्णन गर्नुहुन्छ, अल्लाहका रसूल सल्लल्लाहु अलैही वसल्लमले घुस लिने र दिने दुवैलाई उपेक्षित भन्नुभएको छ ( मुस्नद अहमफ२/१२६)।

घूसखोरीको दायरा धन र नाफामा मात्र सीमित छैन, घूसखोरीमा हकदार नभएको व्यक्तिले पद र प्रतिष्ठा प्राप्त गर्नु, अयोग्य व्यक्तिलाई काम दिनु, सीप र क्षमतालाई कम मूल्याङ्कन गर्नु र रचनात्मक कौशलतालाई कमजोर पार्नु पनि समावेश छ, जसले समुदायको अर्थतन्त्रलाई असर गर्छ।

अयोग्य व्यक्तिलाई पद प्रदान गर्नु कयामतको दिनको निशानी मध्य एक हो, पैगम्बर सल्लल्लाहु अलैही वसल्लमले भन्नुभयो: "जब विश्वबाट अमानत हट्छ अनि कयामतको प्रतीक्षा गर, सहाबीले अमानत उठ्नुको अर्थ के हो भनेर सोध्नुभयो।" उहाँले भन्नुभयो: सरकारको कामकाज अयोग्य मानिसहरूलाई सुम्पिनु हो भन्नुभयो ( बुखारी १/३८ हदीस नम्बर ५९) ।

घूसखोरीका कारण कहिलेकाहीँ उम्माहको अधिकार हनन हुन्छ, सम्पत्तिको विनाश भएर अर्थतन्त्र ध्वस्त हुन्छ, राष्ट्रमा कयौं यस्ता मानिसहरू छन जसले घुस दिएर पद प्राप्त गरेर आफ्नो अयोग्यताको कारण राष्ट्र र समुदायको अर्थतन्त्र र योजनालाई डुबाइदिन्छन। घुसखोरीको नतिजामा कतिपय प्रयोगहिन खाद्यवस्तु र म्याद नाघेका औषधिहरू समाजमा बाँडिन्छन जो जनताको मृत्युको स्रोत बन्छ, यसरी देशले व्यक्तिगत र आर्थिक सबै प्रकारको घाटा बेहोर्नुपर्छ ( इमाद्दुदिन सुल्तान मुख्तसर अद-दिरासात अल-अमनि१/७१-७२)।

**५- उत्पादकमा कमि र अनुशासनहीनता:**

अमानतमा विश्वसनीयताको कमि,काममा इमानदारी ( एख्लास ) नहुनुले गुणस्तरमा कमि र विकृति निम्त्याउँछ, किनभने जब अमानतको सम्मान हुन्छ पेशामा कडा परिश्रम गरिन्छ, हकदारले आफ्नो हक प्राप्त गर्छ, शरीयतले आफ्ना अनुयायीहरूका लागि तोकेको अधिकारमा कुनै कमी वा उपेक्षा हुदैन। अल्लाह तआला सुरह अन्फालमा भन्नुहुन्छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُواْ لاَ تَخُونُواْ اللهَ وَالرَّسُولَ وَتَخُونُواْ أَمَانَاتِكُمْ وَأَنتُمْ تَعْلَمُونَ}[الأنفال:27]

हे आस्थावानहरू हो ! जानी–जानी अल्लाह एवं रसूलसँग विश्वासघात नगर र न आफ्नो अमानत (नासो) हरूको खयानत (हिनामिना) नै गर।

रसूलुल्लाहको एउटा हदीस छ: "जो तिमिलाई आफ्नो अमानत दिन्छ, उसको अमानत फिर्ता गर र विश्वास घात गर्नेलाई पनि विश्वास घात नगर "  अबू दाऊद ३/८०४-८०५ हदीस नम्बर ३५३४ अहमद ३/ ४१५यो हदीसलाई इमाम अल-बानीले सही भन्नुभएको छ)।

जब समुदाय भित्र अमानत समाप्त हुन्छ, तब पेशा र मामिलामा धोका, झुट, छल कपट र धोका चल्न थाल्छ र व्यवसायमा मन्दी छाउँछ, जसको असर समुदायको आर्थिक कमजोरीको रूपमा देखापर्छ साथै इस्लामले विश्वासघातलाई कपटीको निशानीको रूपमा परिभाषित गरेको छ: “पाखण्डीका तीन निशानीहरु छन्: जब उसले बोल्छ, झूटो बोल्छ, जब उसले वाचा गर्छ तब ऊ वाचालाई तोडिदिन्छ र जब उसलाई अमानत सुम्पिइन्छ तब उसले धोका दिन्छ " ( पूर्व सन्दर्भ )।

**६- धन सम्पत्तिको विनाश:**

नैतिक दुराचारको नतिजामा जो परिणाम आउँछ त्यसमा  सम्पत्तिको खेर र धनको बर्बादी जस्तै विभिन्न किसिमहरु सामेल छन,जस्तै अपव्यय,फजुल खर्ची र कालोबजारी आदि।

नैतिक पतनका शिकार कयौं यस्ता व्यक्तिहरु छन जसको सम्पत्ति अनावश्यक रूपमा खर्च  र हराम कार्यमा प्रयोग हुन्छ , अल्लाह तआला सुरह आराफमा सुरह आराफमा भन्नुहुन्छ:

{ وكُلُواْ وَاشْرَبُواْ وَلاَ تُسْرِفُواْ إِنَّهُ لاَ يُحِبُّ الْمُسْرِفِينَ}[الأعراف:31]

र, खानपीन गर तर अपव्यय नगर, किनभने उनी अपव्ययीहरूलाई मन पराउँदैनन्

जबकि अर्कोतर्फ लागुऔषध कारोबारीले गैरकानुनी ढंगले एक देशबाट अर्को देशमा डलर पठाउन प्रभावकारी भूमिका खेलिरहेका छन् जसले गर्दा समुदायमा कालोबजारी हुने खतरा रहन्छ।

**७- उपचार र स्वास्थमा खर्च:**

व्यभिचार, चोरी, घुसखोरी, जालसाजी, लागूऔषध ओसारपसार जस्ता नैतिक पतन,लागुऔषधको प्रवर्द्धन र फैलावटको रोकथाममा देश र कानून प्रवर्तन गर्ने गृह प्रशासनलाई ठूलो आर्थिक क्षति पु¥याउँछ। अपराधीहरूलाई पक्राउ गरेर रकारबाही गर्न राष्ट्रको ढुकुटीबाट यति धेरै रकम  खर्च हुन्छ कि यदि यो रकमलाई विकास निर्माणमा खर्च गर्ने हो भने राष्ट्रको अर्थतन्त्रले ठुलो उचाई पाउन सक्छ, तर दुर्भाग्यवश नैतिक दुव्र्यवहार रोक्न, अपराधीलाई पक्राउ गर्दा देशले यति धेरै आर्थिक नोक्सान बेहोर्नु पर्छ कि देशले आर्थिक मन्दिको सामना गर्नुपर्छ।

## अन्त्य

यस पुस्तकमा इस्लामका महान नैतिकताहरू र यी नैतिकताका सिद्धान्त,विधी, हद,सीमाना र पारिवारिक र सामाजिक स्तरमा पारस्परिक सम्बन्ध निर्माण गर्ने र व्यक्तिको लोक तथा परलोकमा व्यक्तिको मान मर्यादा,प्रतिष्ठा र हैसियत बढाउने केही उच्च गुणहरू समावेश भएका छन्।

असल आचारणको विपरित खराब आचरण भएकाले यस पुस्तकमा तन मन, श्रवण, दृष्टि, चरित्र र कर्मसँग सम्बन्धित नैतिक दुष्टताहरूको चर्चा केही विषय अन्तर्गत रहेर गरिएको छ, साथै यी नैतिक विकृतिहरूको परिचय पनि प्रस्तुत गरिएको छ, यीनीहरुको प्रकोपलाई उजागर गरी उपचारको सहि विधी पनि बताइएको छ, साथै नैतिक पतनका सामान्य कारणहरु पनि उल्लेख गरिएको छ र व्यक्ति, परिवार, समाज र राष्ट्रको दायित्वलाई पनि लेखिएको छ।

यस पुस्तकको अध्ययनले यो प्रमाणित भैसकेको छ कि इस्लामले प्रस्तुत गरेको जीवन प्रणालीमा व्यक्तिगत र सामाजिक जीवनका सबै समस्याहरूको समाधान उपलब्ध रहेको छ। ईस्लामिक जीवन प्रणालीमा मात्र सौभाग्य, खुशी र नैतिकताको त्यो तरिका उपलब्ध छ जसले व्यक्तिलाई आफ्नो रबसँग नजिक गर्न सक्छ ।

इस्लामले सबै नैतिक सद्गुणहरू तर्फ प्रोत्साहित गरेको छ र सद्गुणहरुलाई आफ्नो जिवनमा कार्यनयन गरेर प्राप्त हुने पुरस्कार र इनामहरूको व्याख्या गरेको छ, साथै सबै प्रकारका नैतिक दुर्गुणहरूको पहिचान,व्याख्या र यसमा संलग्नताले प्राप्त हुने पाप र गम्भीरतालाई पनि वर्णन गरेको छ।

सबै प्रशंसा र तारिफ त्यो जातको लागि हो जसले हामीलाई इस्लाम जस्तो उत्कृष्ट जीवन प्रणाली प्रदान गर्नुभयो, उहाँले हामीलाई नैतिक खराबीहरू र दुर्गुणहरूबाट जोगिने तौफिक दिउन, हामीलाई आफ्नो आचरणलाई सद्गुणबाट सुसज्जित गर्ने र खराब आचरण देखी टाढा रहने तौफिक दिउन र हामीलाई आफ्नो मोक्ष, दया र उहाँका प्रिय कार्यहरु र मार्गदर्शन प्राप्त होस् आमीन।

والحمد لله رب العالمين والصلاة والسلام على نبينا محمد وعلى آله وصحبه أجمعين-


इस्लामीक नैतिकताका आधारभूत
सिद्धान्त र स्थापित मतहरु
أصول الأخلاق الإسلامية
النسخة النيبالية
लेखक:
डाक्टर खालिद बिन हामिद अल हाज़्मी
भू.पु. प्रोफेसर - इस्लामी विश्वविद्यालय मदिना मुनव्वरा
अनुवादक:
मुहम्मद अबु बकर नदवी
गोरखा, नेपाल